# विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
सावित्री सापकोटा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षकी विद्यार्थी **सावित्री सापकोटा**ले **विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८/०२/१५

.....................................

डा. खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ ।

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

# स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी विद्यार्थी सावित्री सापकोटाले स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि तयार पार्नुभएको **विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

प्रा. राजेन्द्र सुवेदी ...............................

(विभागीय प्रमुख)

डा. खगेन्द्रप्रसाद लुइटेल ..................................

(शोध निर्देशक)

उप.प्रा.कर्णाखर खतिवडा ...............................

(बाह्य परीक्षक)

मिति २०६८/०२/१८

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. खगेन्द्रप्रसाद लुइटेलको निर्देशनमा तयार पारेको हुँ । आफ्नो प्राज्ञिक समय दिई मलाई सल्लाह, समुचित सुझाव र मार्गनिर्देशन समेत दिएर यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नुहुने मेरा शोधनिर्देशक श्रद्धेय गुरुप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री एवम् जानकारी प्रदान गर्नुहुने आदरणीय शोधनायक विश्वविमोहन श्रेष्ठप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने कार्यमा समय समयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा निर्देशन सुझाव तथा हौसला दिई उत्प्रेरित गर्नुहुने आदरणीय विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी र सम्पूर्ण ने.के.वि.का गुरुहरूप्रति कृतज्ञ छु ।

मेरो समुज्वल शैक्षिक जीवनका लागि अहोरात्र मलाई हौसला एवम् माया प्रदान गर्नु हुने मेरा श्रद्धेय माता भागिरथी सापकोटा र पिता खडानन्द सापकोटा प्रति म सधै ऋणी रहन्छु र वहाँहरु प्रति सधै कृतज्ञता रहिरहन्छ । मलाई सुख दु:खमा साथ दिदै सधै असल काम गर्न अभिप्रेरित गर्नु हुने मेरा सहयात्री योगराज ढुङ्गानालाई पनि म विर्सन सक्दिन । यो शोधपत्र तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सघाउने मेरो परिवारजनप्रति पनि म आभारी छु । यसका साथै यो शोधपत्र तयार पार्ने क्रममा मलाई हरपल साथ दिइरहने मेरा आत्मीय साथीहरु पवित्रा शर्मा, सविता गैरे, शारदा अधिकारी प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी शैलेशकुमार, मोहनप्रसाद दाहाल, शान्तिराम गौतम, महेशकुमार, रोक्सिना अधिकारी लगायत साथीहरुलाई पनि सम्झन चाहन्छु । कम्प्युटर टाइप गरी सहयोग गर्ने भाइ विनोद गौतम र लक्ष्मी अधिकारी दिदीप्रति आभारी छु ।

अन्त्यमा म यस शोत्रपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र २०६३/६५

मिति: २०६८/०२/१५

शोधार्थी

सावित्री सापकोटा

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं ।

२०६८

# विषयसूची


**पहिलो परिच्छेद : शोध परिचय** **१-४**

१. शोधशीर्षक १

२. शोधप्रयोजन १

३.विषय परिचय १

४.समस्याकथन १

५.शोधको उद्देश्य २

६.पूर्वकार्यको विवरण २

७. शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ३

८.शोधकार्यको सीमाङ्कन ३

९.सामग्री सङ्कलन र शोधविधि ३

१०.शोधपत्रको रूपरेखा ४

**दोस्रो परिच्छेद : विश्वविमोहन श्रेष्ठको जीवनी** **५-१२**

२.१ जन्म र जन्मस्थान ५

२.२ बाल्यकाल ५

२.३ शिक्षादीक्षा ६

२.४ विवाह, दाम्पत्य जीवन र सन्तान ६

२.५ पारिवारिक स्थिति ७

२.६ कार्यक्षेत्रमा प्रवेश ७

  २.६.१ जागिरमा संलग्नता ७:

  २.६.२ संस्थागत संलग्नता ८

  २.६.३ भ्रमण ८

  २.६.४ व्यक्तिगत रूचि र स्वभाव ९

२.७ साहित्यिक क्षेत्रमा प्रवेश ९

  २.७.१ प्रेरणा र प्रभाव ९

  २.७.२ लेखन र प्रकाशनको थालनी १०

  २.७.३ प्रकाशित पुस्तकाकार कृतिहरू १०

२.७.४ प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण १०
२.८ जीवन दर्शन र साहित्यिक मान्यता १२
**तेस्रो परिच्छेद : विश्वविमोहन श्रेष्ठको व्यक्तित्व १३-१७**
३.१ पृष्ठभूमिः १३
३.२ शारीरिक व्यक्तित्वः १३
३.३ व्यक्तित्वका विभिन्न पाटाहरू १३
३.३.१ साहित्यिक व्यक्तित्व १४
३.३.१.१ कवि व्यक्तित्व १४
३.३.१.२ गीतकार व्यक्तित्व १५
३.३.१.३ जीवनीकार व्यक्तित्व १५
३.३.१.४ सम्पादक व्यक्तित्व १६४
३.३.२ साहित्येतर व्यक्तित्व १६
३.३.२.१ जागिरे व्यक्तित्व १६
३.३.३.२ पत्रकार व्यक्तित्व १६
३.४ सम्मान तथा पुरस्कार १७
३.५ जीवनी व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध १७
**चौँथो परिच्छेद : विश्वविमोहन श्रेष्ठको साहित्यिक यात्रा १८-२४**
४.१ परिचय १८
४.२ चरण विभाजनः १८
४.२.१ पहिलो चरण (२०२४-२०४४ सम्म) १८
४.२.२ दोस्रो चरण (२०४५-हालसम्म) २१
४.२.३ उपसंहार तथा निष्कर्ष २३
**पाँचौँ परिच्छेद : विश्वविमोहन श्रेष्ठका कृतिहरूको विश्लेषण २५-९०**
५.१ पृष्ठभूमि २५
५.२. विश्वविमोहनका केही कविताहरू कविता सङ्ग्रहको विश्लेषण २५
५.२.१ परिचय २५
५.२.२ वस्तु प्रमुख आधार सामग्री २६
५.२.३ सहभागी ३६

५.२.४ परिवेश ३८

५.२.५ उद्देश्य ४०

५.२.६ दृष्टिविन्दु ४२

५.२.७ भाषाशैलीय विन्यास ४३

५.२.८ व्याख्या तथा निष्कर्ष : उपसंहार ४५

५.३ अङ्गारका धमिला धर्साहरू कविता सङ्ग्रहको विश्लेषण ४७

५.३.१ परिचय ४७

५.३.२ वस्तुः आधार सामाग्री ४७

५.३.३ सहभागी ५७

५.३.४ परिवेश ६०

५.३.५ उद्देश्य ६३

५.३.६ दृष्टिबिन्दु ६३

५.३.७ भाषाशैलीय विन्यास ६५

५.३.८ उपसंहार : व्याख्या तथा निष्कर्ष ६७

५.४ एउटा गन्तव्यको खोजीमा कविता सङ्ग्रहको विश्लेषण ६९

५.४.१ परिचय ६९

५.४.२ वस्तु ६९

५.४.३ सहभागी ८०

५.४.४ परिवेश ८२

५.४.५ उद्देश्य ८४

५.४.६ दृष्टिबिन्दु ८५

५.४.७ भाषाशैलीय विन्यास ८७

५.४.८ उपसंहार : व्याख्या तथा निष्कर्ष ८८

**छैटौं परिच्छेद : उपसंहार** **९१-९४**

परिशिष्ट - विश्वविमोहन श्रेष्ठसँग लिइएको लिखित अन्तरवार्ता ९५-१००

सन्दर्भसामग्री सूची १०१

# सङ्क्षेपीकृत शब्दसूची

| **सङ्क्षिप्त रूप** | | **पूर्ण रूप** |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडिएट अफ आर्ट्स |
| एम्.ए. | - | मास्टर अफ आर्ट्स |
| एम्.वी.एस् | - | मास्टर इन विजनेश स्टडिज |
| एस.एल.सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र. | - | प्रकाशन |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| प्रा. | - | प्राध्यापक |
| पृ. | - | पृष्ठ |
| बी.एड्. | - | ब्याचलर इन एजुकेशन |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.स. | - | विक्रम सम्वत् |
| सं. | - | संस्करण |
| सम्पा | - | सम्पादन/सम्पादक |
| सा.प्र. | - | साझा प्रकाशन |
| स्व. | - | स्वर्गीय |

# पहिलो परिच्छेद

# शोध परिचय

## १. शोधशीर्षक

यस शोधको शीर्षक **विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## २. शोधप्रयोजन

यो शोध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि रहेको छ ।

## ३. विषय परिचय

विश्वविमोहन श्रेष्ठको जन्म तेरथुम जिल्लाको म्याङ्लुङ बजारमा वि.सं. २०१३ साल वैशाख १६ गते पिता चन्द्रमान श्रेष्ठ माता मङ्गलादेवी श्रेष्ठको कोखबाट भएको हो । उनी वि.सं. २०२४ सालदेखि लेखन कार्यमा सक्रिय बनेका छन् । उनको प्रथम प्रकाशित रचना 'दुई मुक्तक' हो जुन **तीनजुरे** पत्रिकामा २०२७ मा प्रकाशित भएको थियो । नेपाली कवितामा आधुनिककालको समसामायिक धाराका विशिष्ट कवि श्रेष्ठले **विश्वविमोहनका केही कविताहरू** (२०४४) **अङ्गारका धमिला धर्साहरू** (२०६२) र **एउटा गन्तव्यको खोजीमा** (२०६२) गरी तीनवटा कविता सङ्ग्रह प्रकाशित छन् । २०२० सालको दशकदेखि निरन्तर कविता साधनामा जुटेका श्रेष्ठ विभिन्न पत्रपत्रिकामा फुटकर लेख, कविता र विभिन्न लघुकथा प्रकाशित गर्दै **तीनजुरे, सोपान, स्पन्दन, नवरत्न, सिर्जना** जस्ता पत्रिकाको सम्पादक समेत बनेका छन् भने यिनले **केही नेपाली कविता क्यासेट**को स्वराङ्कन तथा संयोजन समेत गरेका छन् । विश्वविमोहन श्रेष्ठले गरेको साहित्यिक योगदानको कदर गर्दै उनलाई वासुशशि स्मृति पुरस्कार, रत्नश्री सुवर्णपदक, व्यथित काव्य पुरस्कार, युवावर्ष मोति पुरस्कार प्रदान गरिएको छ । भाषा साहित्य सेवामा संलग्न विश्वविमोहन श्रेष्ठ विभिन्न संङ्घसंस्था, प्रेस काउन्सिल नेपाल, साहित्यिक पत्रकार सङ्घ, एपेक नेपाल लगायतका सङ्घसंस्थासँग सम्बद्ध रहेका छन् ।

## ४. समस्याकथन

समसामायिक, नेपाली साहित्यका फाँटमा सशक्त कलम चलाउने श्रेष्ठका बारेमा सुव्यवस्थित र विस्तृत रूपमा कसैले पनि अध्ययन गरेको पाइँदैन । त्यसैले निम्नलिखित समस्याको समाधान खोज्ने कार्यतर्फ नै प्रस्तुत शोधपत्र उन्मुख रहेको छ :

१. विश्वविमोहन श्रेष्ठको जीवनीका पाटाहरू के-कस्ता रहेका छन् ?
२. उनको व्यक्तित्वको पक्षहरू के-कस्ता छन् ?
३. उनका हालसम्म प्रकाशित साहित्यिक कृति के-कस्ता रहेका छन् ?

## ५. शोधको उद्देश्य

यस शोधको उद्देश्य निम्नानुसार रहेको छः

१. साहित्यकार विश्वविमोहन श्रेष्ठको जीवनी प्रस्तुत गर्नु,

२. उनको व्यक्तित्वका विभिन्न पक्षको परिचय दिनु,

३. उनका कृतिहरूको अध्ययन विश्लेषण गर्नु,

## ६. पूर्वकार्यको विवरण

कवि विश्वविमोहन श्रेष्ठ कविताका अतिरिक्त लघुकथा र फुटकर लेखहरूमा कलम चलाएका व्यक्ति हुन् तर पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन एवम् चर्चा परिचर्चा अहिलेसम्म भएको पाइँदैन। पत्रपत्रिकामा पनि केवल सामान्य चर्चा मात्र पाइन्छ। उनका बारेमा आजसम्म भएका सामान्य चर्चाहरूलाई पूर्वकार्यको रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

भारतीय राजदूतावासले प्रकाशन गरेको पुस्तक **नेपाली कविता** (सन् १९८२) मा सम्पादक नरेन्द्र जैनले वर्तमानप्रति असन्तोष, परिवर्तनको आकाङ्क्षा र भविष्यको सुखद कल्पना गर्ने कविका रूपमा विश्वविमोहनको चिनारी दिएका छन्।

तारानाथ शर्माले सम्पादन गरेको **समसामयिक साझा कविता** (२०४०) मा सकारात्मक सोच र यथार्थको प्रभावकारी चित्रण गर्ने भावुक हृदय भएका कविका रूपमा चर्चा गरेका छन्।

विश्वविमोहनको **विश्वविमोहनका केही कविताहरू** (२०४४) को प्रकाशकीय भूमिकामा माधवप्रसाद घिमिरेले उनका कवितालाई सुकुमार कल्पना र कठोर सत्यका सम्मिश्रण हुन् भनेका छन्।

तारा कार्कीले **दायित्व** पत्रिकाको २०४६ पौष अङ्कको विश्वविमोहन श्रेष्ठसँगको अन्तरवार्तामा उनलाई काव्य क्षेत्रका प्रतिष्ठित कविको रूपमा परिचय गराएकी छिन्।

रविमान लमजेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५०) पुस्तकमा विश्वविमोहनलाई परिष्कृत कविका रूपमा चर्चा गरेका छन्।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोश** (२०५०) मा समाज सापेक्ष व्यक्तित्व भएका आधुनिक युगका जल्दाबल्दा कविका रूपमा चिनाएका छन्।

खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा समसामायिक धारा अन्तर्गत रहेर प्रगीतात्मक संरचनाका कविता सिर्जना गर्ने विश्वविमोहनका कवितामा स्थानीयतासँगै सामाजिक विसङ्गतिका विरूद्ध आवाज उठाउँदै मुक्तिको चाहना अभिव्यक्त गर्ने कविका रूपमा परिचय दिएका छन्।

विश्वविमोहन श्रेष्ठको **एउटा गन्तव्यको खोजीमा** (२०६२) को प्रकाशकीय भूमिकामा आजको यथार्थलाई स्वच्छन्दतावादी भावधारामा मुछेर आफ्ना रचनालाई नव यथार्थको धरातल प्रस्तुत गर्ने कविका रूपमा विश्वविमोहन श्रेष्ठको परिचय दिइएको छ।

धर्मराज गौतमले **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान** (२०६३) शीर्षक शोधपत्रमा तेरथुमे साहित्यकारहरूको चर्चा गर्ने क्रममा विश्वविमोहन श्रेष्ठलाई स्थानीयताको चित्रण गर्ने कविका रूपमा परिचय दिएका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **गरिमा** (साउन, २०६३) मा विश्वविमोहन श्रेष्ठको कवित्व शीर्षकको लेखमा उनको परिचय दिँदै मुक्तक आकारका भए पनि पूर्ण भावका कविता लेख्ने कविका रुपमा चर्चा गर्दै उनका प्रवृत्तिहरूको विश्लेषण गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) मा युगीन शासन व्यवस्थाबाट पीडित नेपालीहरूको भोगाइ सामूहिकताको अभिव्यक्ति दिन सफल कविका रुपमा चर्चा गर्दै उनको कवितांश उदाहरणार्थ प्रस्तुत गरेका छन् ।

यसरी विश्वविमोहन श्रेष्ठका बारेमा सामान्य चर्चा परिचर्चा भए पनि उनको पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, साहित्यमा प्रवेश, साहित्यका क्षेत्रमा दिएको योगदान, कृतिहरूको विश्लेषण जस्ता कुराहरूको अध्ययन भएको छैन । प्रस्तुत शोधपत्रमा श्रेष्ठका यिनै पक्षको अध्ययन र विश्लेषण गरिएको छ ।

## ७. शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

विश्वविमोहन श्रेष्ठले नेपाली कविताको फाँटमा कलम चलाएका छन् । उनी तीनवटा कविता सङ्ग्रह र पत्रपत्रिकामा थुप्रै फुटकर कविता, लघुकथा, लेख आदि लेखेर नेपाली साहित्यको समसामयिक कालमा निकै क्रियाशील देखिन्छन् । यति हुँदाहुँदै पनि श्रेष्ठका बारेमा अझै पनि व्यवस्थित अध्ययन भएको छैन । त्यसैले यो अध्ययन औचित्यपूर्ण देखिन्छ । नेपाली पाठकहरूका लागि श्रेष्ठका बारेमा आवश्यक जानकारी अनुसन्धानले दिने प्रयत्न गरेको छ । समवर्ती र उत्तरवर्ती साहित्यकारका लागि पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको प्रेरणादायी भूमिका खेल्ने भएकोले यसको महत्त्व स्पष्ट छ । यसका साथै नेपाली साहित्यिक अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग गर्ने हुनाले यसको उपयोगिता रहेको छ ।

## ८. शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षबारे अध्ययन गरिएको छ । यसमा विश्वविमोहन श्रेष्ठद्वारा नेपाली भाषामा रचित पुस्तकाकार कृतिको परिचय र विश्लेषण गरिएको छ । उनका प्रकाशित कविता, लेख, लघुकथाको सूची दिएको छ । समग्रमा यो अध्ययन विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वसँग नै सम्बन्धित रहेको छ ।

## ९. सामग्री सङ्कलन र शोधविधि

यो शोधपत्र मूलतः पुस्तकालयीय विधिलाई प्रयोग गरी तयार पारिएको छ । यसका अतिरिक्त कवि श्रेष्ठसँग गरिएको मौखिक एवम् लिखित अन्तर्वार्ताबाट प्राप्त उत्तरलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका साथै उनका बारेमा विभिन्न पत्रपत्रिकामा गरिएका समालोचना, कृति समीक्षा, उनका बारेमा लेखिएका लेखहरूलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित शीर्षकमा विभाजित गरिएको छ :

१. पहिलो परिच्छेद - शोधपरिचय
२. दोस्रो परिच्छेद - विश्वविमोहन श्रेष्ठको जीवनी
३. तेस्रो परिच्छेद - विश्वविमोहन श्रेष्ठको व्यक्तित्व
४. चौथो परिच्छेद - विश्वविमोहन श्रेठको कविता यात्रा
५. पाँचौ परिच्छेद - विश्वविमोहन श्रेष्ठका कविताको विश्लेषण
६. छैटौं परिच्छेद - उपसंहार

उपर्युक्त छ परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद
# विश्वविमोहन श्रेष्ठको जीवनी

## २.१ जन्म र जन्मस्थान

विश्वविमोहन श्रेष्ठको जन्म वि.सं. २०१३ बैशाख १६ गते शनिबार कोशी अञ्चल, तेरथुम जिल्ला, म्याङ्लुङ गा.वि.स. वडा नं. १ म्याङ्लुङ बजारमा भएको हो । यिनका पिता चन्द्रमान श्रेष्ठ र माता मङ्गलादेवी जोशी हुन् ।[१] यिनको न्वारनको नाम युगेन्द्रमान श्रेष्ठ हो तर यिनका माता-पिताले दुई छोराहरू भए पनि अर्को छोराको इच्छा राखी काशी बनारसका भगवान विश्वनाथको आराधना गरेपछि प्राप्त पुत्र भएकाले यिनको नाम विश्वनाथ श्रेष्ठ राखिदिएका थिए । पछि कक्षा ४ मा पुगेपछि स्कूलमा यिनका प्रधानाध्यापक टीकाराम जोशीले विश्वनाथ नाम परिवर्तन गरी विश्वविमोहन राखिदिएका हुन् ।[२] यिनको यही नाम नै अहिले सबैतिर परिचित छ ।

विश्वविमोहन श्रेष्ठकी माता कश्यप गोत्र भएकी धनकुटा हुलाक टोलकी हुन् भने पिता चन्द्रमान श्रेष्ठ पनि कश्यप गोत्र नै भएकाले यिनका माता पिताको एउटै गोत्र देखिन्छ । नेपाली समाजमा एउटै गोत्रबीच वैवाहिक सम्बन्ध कायम हुन सक्दैन भन्ने मान्यताका बीचमा पनि यिनीहरू बीच वैवाहिक सम्बन्ध कायम भएको छ । चन्द्रमान र मङ्गलादेवीका चार सन्तान छन् । यसमध्ये विश्वविमोहन कान्छा सन्तान हुन् । यिनकी जेठी दिदी ज्ञानकुमारी श्रेष्ठको निधन भइसकेको छ । जेठा दाइ भगवानमान श्रेष्ठ आफ्नै जन्मस्थान तेरथुमको म्याङ्लुङ बजारमा व्यापार सञ्चालन गर्दै आएका छन् । माइलादाइ जगन्नाथमान झापा भद्रपुरमा नेपाल बैंक लिमिटेडबाट सेवा निवृत जीवन बिताइरहेका छन् ।[३]

## २.२ बाल्यकाल

विश्वविमोहन श्रेष्ठको बाल्यकाल सुखपूर्वक बितेको थियो । यिनका पिता कपडा तथा खुद्रा व्यापार गर्ने भएकाले यिनको आर्थिक स्थिति राम्रो थियो । घरको कान्छो छोरो, मामा घरको कान्छो भान्जो भएकाले यिनलाई सबैले अधिक माया गर्थे । सानोमा कुनै ठूलो रोग नलागे पनि परीक्षाको बेलामा कान दुखिरहने र समय-समयमा पेट दुखिरहने हुनाले परीक्षाको राम्रो तयारी गर्न भने समस्या पर्दथ्यो ।[४] बाल्यकालमा पढाइका अतिरिक्त यिनी नाटक, हाजिरजवाफ र वादविवादमा भाग लिने र पुरस्कृत भैरहेने गर्दथे । जसले गर्दा शिक्षकहरू र अभिभावक यिनलाई प्रतिभाशाली छात्रको रूपमा लिन्थे । विश्वविमोहन श्रेष्ठको बाल्यप्रहर अन्य हिसाबले सुखद रहे पनि आठ वर्ष हुँदा पिता चन्द्रमानको निधन भएकाले पितृशोक भोग्नु पऱ्यो । पिताको निधन पछि उनको व्यापार सम्हाल्ने अर्को व्यक्ति नभएकाले व्यापार राम्रो हुन सकेन ।[५] आमाले खेतीपाती र पसलबाट आएको आम्दानीबाट नै घर चलाइन् । बाल्यकालमा खेल खेल्न भन्दा बौद्धिक कार्य गर्न मन पराउने विश्वविमोहन श्रेष्ठ हाल भने साहित्य लेखनमा नै क्रियाशील छन् ।

---

[१] विश्वविमोहन श्रेष्ठसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

## २.३ शिक्षादीक्षा

तेरथुम विकासका हिसाबबाट अगाडि आउन नसके पनि शैक्षिक हिसाबले अगाडि छ । २००४ साल तिर नै स्कुलहरू खुलिसकेका हुनाले त्यहाँ शैक्षिक चेतना पसिसकेको थियो । विश्वविमोहनका बाजेले अझ सदरमुकामको श्री सिंहबाहिनी मा.वि. स्थापना गरी सञ्चालन गरेकाले यिनको शिक्षाप्रतिको पारिवारिक मोहलाई स्पष्ट पार्दछ ।[६] श्रेष्ठले अध्ययन गरेको तह र शैक्षिक संस्थाको सूची  यसप्रकार छ :

| अध्ययनको तह | शैक्षिक संस्थान | उत्तीर्ण गरेको वर्ष |
|---|---|---|
| प्रारम्भिक तह | श्री सरस्वती प्रा.वि., तेरथुम | वि.सं. २०२३ |
| माध्यमिक तह | श्री सिंहबाहिनी मा.वि., तेरथुम | वि.सं. २०२८ |
| प्रविणता प्रमाणपत्र तह | श्री धनकुटा डिग्री कलेज, धनकुटा | वि.सं. २०३० |
| स्नातक | श्री महेन्द्र बहुमुखी क्याम्पस, धरान | वि.सं. २०३२ |
| स्नातकोत्तर तह | त्रिभुवन विश्वविद्यालय (प्राइभेट) | अधुरो |

विश्वविमोहन श्रेष्ठले नेपाल बाहेक अन्य देशमा पनि अध्ययनका लागि जाने अवसर प्राप्त गरेका छन् । वि.सं.२०२९ मा शिक्षा मन्त्रालयबाट कोलम्बो प्लान अन्तर्गत छात्रवृत्ति प्राप्त गरी भारतको उत्तरप्रदेश फैजाबाद स्थित इन्जिनियरिङ्ग कलेजमा अध्ययनका लागि जाने अवसर प्राप्त गरेका थिए तर स्वास्थ्यका कारण यिनले त्यहाँ बसेर पढाइ पूरा गर्न सकेनन् र बीचैमा नेपाल फर्किए । वि.सं. २०३४ मा फेरि विश्वविमोहनको कोलम्बो प्लान अन्तर्गत रूसमा पत्रकारिता अध्ययनको लागि गरिएको छनौटमा प्रथम स्थानमा नाम निस्कियो तर पछि शिक्षा मन्त्रालयले अर्कोपटक पठाउने भन्दै आलटाल गरेपछि यिनले रूसमा पत्रकारिता अध्ययनका लागि जाने अवसर पाएनन् ।[७] यिनले स्वाध्ययनमा र नेपालकै आफ्नो औपचारिक अध्ययनलाई निरन्तरता दिइरहे । हालसम्म यिनले आफ्नो औपचारिक अध्ययनलाई स्नातक उत्तीर्ण गरेपछि स्नातकोत्तर तह पूरा गर्न सकेका छैनन् । आफू स्वाध्ययनमै केन्द्रित देखिन्छन् ।

## २.४ विवाह, दाम्पत्य जीवन र सन्तान

विश्वविमोहन श्रेष्ठको शुभविवाह २०३४ साल वैशाख २१ गते सुनसरी जिल्ला धरान निवासी गोविन्दकृष्ण पालिखे तथा सुशीला पालिखेकी माइली छोरी ज्योत्सना पालिखेका साथ सम्पन्न भएको हो ।[८] विवाहपछि विश्वविमोहन श्रेष्ठ विभिन्न कार्यमा झन् सक्रियतापूर्वक संलग्न रहेका देखिन्छन् । यिनले आफ्नो जागिरे जीवन पत्रकारिता र साहित्यिक क्रियाशीलतालाई विवाहपछिको जीवनमा अझै अगाडि बढाएका छन् । यिनले आफ्नो कामहरूमा श्रीमतीको सहयोग र पारिवारिक समर्थनलाई पनि निकै महत्त्व दिन्छन्

विश्वविमोहन श्रेष्ठका २ सन्तान छन् । सन्तानमा दुवै जना छोरा भएकाले श्रेष्ठ छोरी प्रतिको चाहना भने अगाध रहेको बताउँछन् । उनका हाल दिदी बहिनी पनि नभएकाले उनमा छोरी प्रतिको झन् झुकाव बढेको छ । यिनका जेठा छोरा निर्झरविमोहन श्रेष्ठ हुन् । हाल यिनी त्रि.वि.वि.बाट एम.वि.एस्. उत्तीर्ण गरी आफ्नी श्रीमती मेरिना श्रेष्ठका साथ बेलायतमा रहेका

---

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

छन् । कान्छा छोरा बेलायतको रिडिङ युनिभर्सिटिमा अध्ययनरत छन् ।[९] श्रेष्ठ दम्पती भने अहिले काठमाडौँको कलङ्की स्थित संरचना मार्गमा आफ्नै निवासमा बस्दैछन् ।

विश्वविमोहन श्रेष्ठको दाम्पत्य जीवन सुखद तवरले नै अगाडि बढेको छ । यिनको जीवनमा विवाह अघि र पछि थुप्रै दुर्घटनाहरू पनि आएका छन् तर ती दुर्घटनाबाट आफू संयोगले बाँच्नुमा साईबाबाको कृपा रहेकाले सम्भव भएको यिनी विश्वास गर्दछन् । आफ्नो जीवनमा आएका विभिन्न दुर्घटनाहरूलाई जित्दै विश्वविमोहन श्रेष्ठ आफ्ना छोराहरूबाट हाल टाढा भए पनि भेटघाटमा भइरहने र श्रीमतीको साथ आफूसँग रहेकाले जीवनमा काम गर्न सहयोग मिलेको बताउँछन् ।[१०]

## २.५ पारिवारिक स्थिति

विश्वविमोहन श्रेष्ठ मध्यम आर्थिक स्थिति भएको परिवारमा जन्मेका हुन् । पिता व्यापार गर्ने, माताले व्यापारमा सघाउने भएकाले प्रारम्भमा घरको आर्थिक अवस्था राम्रो थियो ।[११] तसर्थ यिनले खासै आर्थिक कठिनाई भ्रेल्नु परेन । विश्वविमोहन ८ वर्षको हुँदा जब पिताको निधन भयो त्यसपछि भने तत्काल बावुको व्यवसाय सम्हाल्ने अर्को व्यक्ति नभएकाले आमाले घरव्यवहार चलाउन अलि बढी मिहिनेत गर्नुपर्‍यो । यिनले वाल्यकालमा पिताको र पिताको निधनपछि आमा र दाजुहरूको सहयोग पाइरहे जसले गर्दा विश्वविमोहनलाई जीवनमा धेरै आर्थिक कठिनाई भोग्नु परेन ।[१२] युवा अवस्थामा प्रवेश गरेपछि यिनी जागिरे भए । त्यसपछि भनै आत्मनिर्भर भएर बाँच्न पाए । तसर्थ श्रेष्ठको जीवन आर्थिक हिसाबले सरल तरिकाले नै बितेको देखिन्छ ।

## २.६ कार्यक्षेत्रमा प्रवेश

### २.६.१ जागिरमा संलग्नता

विश्वविमोहन श्रेष्ठले प्रथम पटक २०३१ सालमा नवीन शिक्षा सदन मा.वि. फाक्चामारा स्कुलमा अध्यापन कार्य सुरू गरेका हुन् । यिनले यसै वर्ष मोरङको हाइस्कुल र पिप्लेको कालिका नि.मा.वि.मा गरी १ वर्ष अध्यापन कार्य गरेको देखिन्छ ।[१३] यसपछि विश्वविमोहन श्रेष्ठले शिक्षण पेसालाई छोडेर पढाइलाई निरन्तरता दिए । वि.सं. २०३५ श्रावण महिनामा यिनी फेरि जागिरमा प्रवेश गरे । बालाजु औद्योगिक क्षेत्रमा रहेको नेबिको विस्कुट कम्पनीमा यिनले २२ वर्ष सेवा गरे । यसै कम्पनीबाट २०५७ सालमा बरिष्ठ प्रशासन प्रबन्धक हुँदै जागिरबाट स्वेच्छिक अवकाश लिए । जागिरबाट निवृत्त भएपछि २०५५ सालमा आफैँले स्थापना गरेको संस्था एपेक नेपालमा कार्यरत रहेका छन् । यिनले मेट्रो एफ.एम.मा प्राज्ञिक गतिविधि नामक रेडियो कार्यक्रम २०५७ सालदेखि नै सञ्चालन गर्दै आइरहेको देखिन्छ । आफ्नो कामप्रति कर्तव्यनिष्ठ, इमान्दार र सबैसँगको आत्मीय व्यवहारले गर्दा जागिर छोडेपछिको यिनको जीवन कर्मशील र भनै व्यस्त देखिन्छ ।[१४]

---

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन ।

### २.६.२ संस्थागत संलग्नता

विश्वविमोहन श्रेष्ठ विभिन्न सङ्घ संस्थाहरूमा संलग्न रहेका छन् । वि.सं.२०५५ देखि आफैँले स्थापना गरेको संस्था एपेक नेपालसँग प्रत्यक्ष रूपमा सम्बद्ध छन् ।[१५] २०३७ सालदेखि साहित्यिक पत्रकार सङ्घमा प्रत्यक्ष संलग्न भएर काम गरेका यिनले २०४४ देखि २०५७ सालसम्म साहित्यिक पत्रकार संघको अध्यक्ष भएर साहित्य संस्कृति र कलाको संरक्षण र उत्थानका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।[१६] विश्वविमोहनले यसका अतिरिक्त अन्य संङघसंस्थाहरूमा पनि सहभागिता जनाएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छः-

| क.सं. | संस्था | पद | वर्ष |
|---|---|---|---|
| १ | युवा साहित्य जमात, नेपालगञ्ज | संस्थापक तथा सभापति | वि.सं.२०३४-२०३५ |
| २ | साझा प्रकाशन तथा अन्य व्यवसायिक प्रतिष्ठान | अंशियार | वि.सं.२०४५ देखि |
| ३ | जनमत साहित्यिक मासिक | संरक्षक | वि.स.२०४५देखि हालसम्म |
| ४ | सिंहबाहिनी एल्मुनाई एसोसियसन, काठमाडौँ | संस्थापक एवं उपाध्यक्ष | वि.सं.२०५२ देखि |
| ५ | तेरथुम सम्पर्क समिति, काठमाडौँ | संस्थापक एवं सदस्य | वि.सं.२०५२ देखि |
| ६ | नेपाल रेडक्रस सोसाइटी, काठमाडौँ | आजीवन सदस्य | वि.सं.२०५५ देखि |
| ७ | कृष्णमोहन-नुडुप स्मृति प्रतिष्ठान, काठमाडौँ | संस्थापक सदस्य | वि.सं.२०६० देखि |
| ८ | प्रेस काउन्सिल नेपाल | सदस्य | २०६१देखि २०६५ सम्म |

विश्वविमोहन श्रेष्ठको विभिन्न संस्थासँगको संलग्नताकै कारण उनी काममा व्यस्त देखिन्छन् ।[१७] विशेषतः यिनी साहित्यिक संघ संस्थाका काममा अझै रमाएर लागेको देखिन्छ । यसर्थ यिनी साहित्य सेवीकै रूपमा परिचित हुन पुगेका छन् ।

### २.६.३ भ्रमण

विश्वविमोहन श्रेष्ठको सानैदेखि घुमफिरमा रूचि थियो । साहित्यिक क्षेत्रमा प्रवेश गरेपछि यिनले नेपालका ५५ जिल्लाको भ्रमण गरिसकेका छन् ।[१८] विश्वविमोहनले साहित्यिक तथा सांस्कृतिक कार्यक्रमको सिलसिलामा नेपालमा मात्र होइन विदेश भ्रमण गर्ने समेत अवसर प्राप्त गरेको देखिन्छ । यिनले विभिन्न समय नेपाली टोलीको प्रतिनिधित्व गर्दै विदेशका कार्यक्रममा सहभागिता जनाएका छन् । २०५१ सालमा चीनको ल्हासामा यिनकै नेतृत्वमा नेपाली साहित्यिक टोली त्यहाँको कार्यक्रममा भाग लिएको थियो । श्रेष्ठले अमेरिकाको एटलान्टाको अन्तर्राष्ट्रिय

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

साहित्यिक सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै सक्रिय सहभागिता जनाएका थिए ।[१९] यिनले भारत, नेदरल्यान्ड लगायतका देशहरूको समेत भ्रमण गरिसकेका छन् ।

### २.६.४ व्यक्तिगत रूचि र स्वभाव

विश्वविमोहन श्रेष्ठको प्रारम्भिक अवस्थादेखि नै खेल खेल्न भन्दा पढ्ने लेख्ने चिन्तन-मनन गर्ने कुरामा नै रूचि थियो । अहिले यिनको प्रमुख साधनाको क्षेत्र नेपाली साहित्य नै हो । तसर्थ यिनी विशेषतः सिर्जना अनि घुमफिर गर्न मन पराउँछन् । फुर्सद भए आक्कल-झुक्कल फुटबल, भलिबल र ब्याटमिन्टन खेले पनि यिनी साहित्यकला प्रति नै बढी सिर्जनशील भएर लागेको देखिन्छ । भावुक व्यक्तित्व भएका कारणले यिनलाई मानवीय संवेदनासँग जोडिएका कुराले सहज रूपमा छुने गर्दछ ।[२०] नम्र र भलाद्मी स्वभाव भएका विश्वविमोहन कसैसँग झगडा नगर्ने, शान्त स्वरले बोल्ने र अर्काको कुराको उत्तर सोचेर धैर्यपूर्वक दिने गर्दछन् । हिन्दू धर्मप्रति आस्था राख्ने साईभक्त भएकाले दैनिक नित्य कर्म र पूजापाठ पनि यिनको जीवनको यथार्थ बनिसकेको छ । बिहान बेलुका साइकेन्द्रमा जान र आरतिमा सरिक हुन यिनी विशेष रूचि राख्दछन् ।[२१] नम्र स्वभावका श्रेष्ठले अर्काको आदर गर्ने र पाहुनाको सत्कारमा विशेष रूपले चासो राखेको देखिन्छ । आफ्नो कोठा चिटिक्क पारेर राख्न रूचि राख्ने यिनी कसैसँग झै-झगडा गर्नबाट टाढै बस्न रूचाउँछन् । समग्रमा विश्वविमोहन मिजासिलो व्यवहार भएका सरल व्यक्ति हुन् ।

## २.७ साहित्यिक क्षेत्रमा प्रवेश

### २.७.१ प्रेरणा र प्रभाव

विश्वविमोहन श्रेष्ठ सानैदेखि सिर्जनशील थिए । विद्यार्थी जीवनमा नाटकहरू लेख्ने नाटकमा भाग लिने, वादविवाद, वक्तृत्वकलामा भाग लिएर पुरस्कृत हुने गर्दथे । विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिने र पुरस्कृत हुने भएकाले शिक्षक अभिभावकहरूले प्रतिभाशाली छात्रको रूपमा लिन्थे । यसका लागि प्रेरणा यिनको घरायसी वातावरण थियो किनभने घरपरिवारमा आमाबुवाको साङ्गीतिक झुकाव नै यिनको प्रतिभा प्रस्फुटनमा एउटा कारक बनेर देखिएको छ । श्रेष्ठका अभिभावकहरू यिनलाई प्रोफेसर वा इन्जिनियर बनोस् भन्ने चाहन्थे तर यिनी प्रतिभाशाली कविका रूपमा देखिए । साहित्यिक क्षेत्रमा लाग्न यिनलाई विशेषतः मामाघरका साहिला मामा लक्ष्मण जोशी र कान्छा मामा हरिहरराज जोशीबाट प्रेरणा प्राप्त भयो ।[२२] उनीहरूले साहित्य लेखनमा देखाएको क्रियाशीलताबाट विश्वविमोहन श्रेष्ठलाई सिर्जनशील भएर लाग्न प्रेरणा प्राप्त भैरहन्थ्यो । तसर्थ श्रेष्ठ आफू साहित्य सिर्जनामा लाग्न प्रेरणाको स्रोत आमाबुवा र विशेष गरी मामाहरूलाई नै मान्दछन् ।

---

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

### २.७.२ लेखन र प्रकाशनको थालनी

विश्वविमोहन श्रेष्ठले कविता, गीत, लघुकथा र फुटकर लेखहरू लेखेका छन् । यिनले लेखेको पहिलो रचना **कविता** शीर्षकको कविता हो जुन २०२४ सालमा लेखेर सोही सालको भाद्र महिना बालदिवसका दिन आयोजित कविता प्रतियोगितामा प्रथम भएको थियो ।[२३] यिनको पहिलो प्रकाशित रचना 'दुई मुक्तक' हो जुन २०२७ सालमा **तीनजुरे** त्रैमासिक साहित्यिक पत्रिकामा प्रकाशित भएको थियो । यिनका फुटकर कविता, लघुकथा, गीत र जीवनी **तीनजुरे, सोपान, स्पन्दन, नवरत्न, गरिमा, मधुपर्क, अभिव्यक्ति, मिर्मिरे, सञ्यच, संरचना, भानु, रूपरेखा, गोरखापत्र** लगायतका पत्रिकाहरूमा प्रकाशित छन् ।[२४] यिनका पुस्तकाकार कृतिका रूपमा तीन कविता सङ्ग्रह प्रकाशित छन् । अहिले पनि लेखनमा सक्रिय विश्वविमोहनका फुटकर रचनाहरू निरन्तर विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन् ।

### २.७.३ प्रकाशित पुस्तकाकार कृतिहरू

विश्वविमोहन श्रेष्ठले नेपाली साहित्यमा कविता, लघुकथा, गीत, जीवनी लेखेर योगदान दिएका छन् ।[२५] यिनका पुस्तकाकार कृतिका रूपमा भने तीन कविता सङ्ग्रह प्रकाशित छन् जसलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | कृतिहरू | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | विश्वविमोहनका केही कविताहरू | कविता | वि.सं.२०४४ |
| २ | अङ्गारका धमिला धर्साहरू | कविता | वि.सं.२०६२ |
| ३ | एउटा गन्तव्यको खोजीमा | कविता | वि.सं.२०६२ |

### २.७.४ प्रकाशित फुटकर रचनाहरुको कालक्रमिक विवरण

**प्रकाशित फुटकर कविताहरूको कालक्रमिक विवरण**

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत/ प्रकाशन वर्ष |
|---|---|---|
| १ | म नेपाली हुँ | २०२६/३/१७ |
| २ | आऊ यहाँ विद्रोह गरौँ | २०२८/१/१ |
| ३ | अन्तरद्वन्द्व | २०२८/१/२ |
| ४ | साक्षरता मेरो आत्मबोध | २०२८/५/२४ |
| ५ | यस्तो पनि हुनेछ | २०२८/१२/१३ |
| ६ | यहाँका मान्छे | २०२९/९/१४ |
| ७ | भोलिका कवि | सोपान, २०३१ वर्ष १, अंक १ |
| ८ | रातको क्यानभास सम्झनाको स्केच | २०३१ |
| ९ | हाम्रो देश | माधुर्य, ने.रा.प्र.प्र. सातौवर्ष, अंक८ २०३१ |
| १० | रच्छौँ हामी सबै जुटेर विपना नेपालीको सुन्दर | प्रज्ञा, २०३२ |
| ११ | मलाई बचाऊ | २०३६ पौष |

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

| | | |
|---|---|---|
| १२ | देश बचाऊ | रत्नश्री |
| १३ | बनाऔं कर्म भूमि यो शान्ति क्षेत्र नेपाल | श्रीपेच, वर्ष ७, अंक ६ |
| १४ | निर्माणको गीत गाऔं | श्रीनगर २०३५ |
| १५ | चिरायूको कामना | गोरखापत्र १४ पौष, २०३५ |
| १६ | तीन टुक्रा | मधुपर्क, २०३९ माघ |
| १७ | प्रभात | गोरखापत्र, २०४४ चैत्र |
| १८ | परिवर्तन | मधुपर्क, २०६४ अशोज |
| १९ | राष्ट्रिय गीत | गरिमा, २०६४ कार्तिक |
| २० | तिमी गएपछिको कविता | मधुपर्क, २०६६ पौष |

**गीतहरूको कालक्रमिक विवरण**

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत/ प्रकाशन वर्ष |
|---|---|---|
| १ | सिमल जस्तै उड्दै जाने<br>मनहरूलाई बाध्नु पर्ला । | गोरखापत्र, ३ श्रावण २०३२ |
| २ | बग्ने खोला म हैन माया फर्कि<br>आउँछु रोएर नबस । | जनहित, २०३४ |
| ३ | थुनीराख भावनालाई<br>चरी जस्तै उडिदेला । | अभिव्यक्ति, वर्ष ८, अंक २, आषाढ २०३४, गोरखापत्र, ३ आषाढ २०३५ |
| ४ | बालि राखें मनको दीयो<br>आँधि आई मारी दियो । | अभिव्यक्ति, वर्ष ८, अंक ६, फागुन २०३४ |
| ५ | फुल्दै जाने फूलको जोवन | शिलन्यास, वर्ष ६, अङ्क ३, २०३४ |
| ६ | फुल्न पनि नपाइकन कोपिला त्यो मर्‍यो । | २०३५/४/६ |
| ७ | हिँड्दा हिँड्दै थाकि सकें | रुपरेखा, वर्ष १९, पूर्णाङ्क २१०, कात्तिक, २०३५ |
| ८ | आँखामा तिम्रो तस्बिर राखी जाँदैछु परदेश । | गोरखापत्र, २०३९ वैशाख |
| ९ | नभएर तिमी मनमा खाली खाली भए हुन्थ्यो | गोरखापत्र, २०४८/४/१८. |
| १० | कोही थियो आफ्नो भन्ने त्यो पनि त बिरानो भो | गोरखापत्र, २०५६ भदौ ५. |
| ११ | जब तिमी सामु हुन्छौं लाग्छ मलाई कस्तो राम्रो | गोरखापत्र, २०५९/९/२०<br>(शक्ति बल्लभ/ललिता मल्ल) |
| १२ | यस्तोबेला हामीले तिनलाई पाएका छौं | श्रीआस्था २०५९/३/२३ |
| १३ | बिरह | गोरखापत्र, २०५९/६/१२ शनिबार |
| १४ | मङ्गलाचरण | आस्था, २०६०/३/२३ |
| १३ | के के गर्ने भन्ने थियो आफैँसँग हरियो<br>मृत्युलाई पर्खिएर बाँकी जीवन काटियो | गोरखापत्र, २०६० भाद्र २० |
| १४ | जनजन मिलेर शान्ति गर्दै अघि बढेको | गरिमा, २०६४ कात्तिक |

**सम्पादित पत्रपत्रिकाहरूको कालक्रमिक विवरण यसप्रकार छ :**

| क्र.सं. | पत्रिका |
|---|---|
| १ | तीनजुरे, (हस्तलिखित साहित्यिक पत्रिका (२०२६) |
| २ | सोपान, समसामायिक सङ्कलन |
| ३ | स्पन्दन, (२०३२) |
| ४ | नवरत्न, (२०३५) |
| ५ | सिर्जना, (२०४०) |

**जीवनीहरूको कालक्रमिक विवरण यसप्रकार छ :**
**१. चाँदनी शाह** (२०४९)
**२. छिन्नलता** (२०५८)
**३. म.वि.वि. शाह** (२०५९)
**४. कल्याण रिमाल** (२०६०)
यसरी श्रेष्ठले लेखेका कविता कृतिहरूको कालक्रमिक विवरण प्रस्तुत गरिए पनि कतिपय अवस्थामा सर्जकले नै आफ्ना रचना सुरक्षित नराखेको र पाण्डुलिपि समेत नभेटिएकोले उनलाई आफूले सिर्जना गरेको रचनाका बारेमा जानकारी भए पनि प्रस्तुत गर्न सकिएको छैन ।[२६]

## २.८ जीवन दर्शन र साहित्यिक मान्यता

कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन, रचनात्मक कार्य, सामाजिक सङ्घ संस्थाप्रतिको आबद्धता, दृष्ट र मुक्त जीवन जगतबाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएका हुन्छन् । विश्वविमोहन श्रेष्ठ पनि लगनशील, निःस्वार्थ, मिलनसार व्यक्तिका रूपमा परिचित छन् । उनलाई आफ्नो काममा विश्वास छ । नित्य प्रातः तथा सन्ध्यामा पूजापाठ तथा आरती, फुर्सदमा नित्य साई भजन एवम् प्रजापिता ब्रम्हकुमारीको शान्ति मुरली श्रवण तथा योगध्यान गर्ने यिनी आत्मशान्ति र सत्चिन्तनको लागि ईश्वरीय चिन्तनमा आस्था राख्दछन् ।[२७] आफ्नो काम सकेसम्म आफैँ गर्ने, अरूलाई दुःख कष्ट नदिने, सबैलाई आत्मीय व्यवहार गर्ने प्रवृत्ति यिनमा छ । परम्परागत चिन्तनलाई वैज्ञानिक दृष्टिले हेर्दै अन्धपरम्परालाई आत्मसात नगर्ने, असल संस्कारको आत्मसात गर्नुपर्ने धारणा यिनी राख्दछन् । सकेसम्म असल कार्य सामूहिक भलाइका लागि गर्ने नसके खराब काम चाहिँ गर्दै नगर्ने धारणाबाट अभिप्रेरित यिनी आफ्नो जीवनमा सदा साहित्य, समाज र भाषालाई राष्ट्रको गहना मान्दै यसको संरक्षण र प्रबर्द्धनका लागि लागिपरेका देखिन्छन् । जीवनप्रतिको सकारात्मक धारणा नै विश्वविमोहनको जीवन दृष्टिका रूपमा रहेको छ ।

साहित्य समाजको दर्पण हो । साहित्य स्रष्टाले आफ्नो अन्तर चक्षुले देखेका, भोगेका, सुनेका कुरालाई साहित्यमा परिणत गर्दछ । विश्वविमोहनले आफ्नो **विश्वविमोहनका केही कविताहरू** (२०४४) कविता सङ्ग्रहमा वास्तवमा जीवन र जीवन भन्दा ठूलो केही छैन । प्रकृति र प्रकृति भन्दा ठूलो केही छैन भनेर जीवनमुखी र सिर्जनामुखी धारणा व्यक्त गरेका छन् । **अङ्गारका धमिला धर्साहरू** (२०६२) कविता सङ्ग्रहमा वर्तमान युगीन परिस्थिति र भविष्य प्रतिको आशा व्यक्त गरिएको छ । **'एउटा गन्तव्यको खोजीमा'** (२०६२) कविता सङ्ग्रहमा आजको यथार्थलाई स्वच्छन्दतावादी भावधारामा राष्ट्रिय भावना, सामाजिक विकृति विसङ्ति, समाजमा व्याप्त महङ्गी, अभाव सङ्कट र अन्यायलाई चित्रण गरेका छन् । विश्वविमोहन आफ्ना रचनामा वर्तमान युगीन परिस्थिति भित्रै सुनौलो भविष्यको कामना गर्न पुग्दछन् । यिनी आफ्ना कवितामा यथार्थ कल्पना र चिन्तनको सुन्दर सम्मिश्रण गर्दछन् । जीवनका सबल तथा दुर्बल पक्षलाई साहित्यमा उतार्न सक्नु यिनको महत्वपूर्ण विशेषता हो । कल्पना र चिन्तनको सम्मिश्रण पाइने विश्वविमोहन श्रेष्ठका कवितामा निराशावादी स्वर भन्दा आशावादी एवम् जीवनवादी स्वर मुखरित भएको छ । यिनले प्रेमलाई राष्ट्रप्रेम, प्रकृतिप्रेम तथा मानवीय प्रेममा रूपान्तरित गरी त्रिकोणात्मक रूपमा अभिव्यक्त गरेका छन् ।[२८] यिनले समाजमा व्याप्त राजनैतिक, सामाजिक, आर्थिक विसङ्गति र विकृतिको चित्रण कतै स्वच्छन्दतावादी रूपमा त कतै यथार्थवादी ढङ्गले व्यक्त गरेको देखिन्छ । देश र जनताप्रति सामाजिक आर्थिक शोषण अन्याय अत्याचार गर्नेहरूलाई प्रहार गर्दै स्वच्छ समाज निर्माणको चाहना नै विश्वविमोहन श्रेष्ठको उद्देश्य मान्न सकिन्छ ।

---

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

# तेस्रो परिच्छेद

# विश्वविमोहन श्रेष्ठको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिमा हुने विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । कुनै पनि व्यक्तिको व्यक्तित्व उसले आफ्नो जीवन अवधिमा गरेका विभिन्न कार्यहरू तथा जीवनका आरोह अवरोह र जीवन भोगाइका आधारमा निरूपण गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रूचि, पेशा, साथी सङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तिको बाह्य व्यक्तित्व उसको रूप रङ्ग, शारीरिक बनोटसँग सम्बन्धित हुन्छ । आन्तरिक व्यक्तित्व भने उसमा अन्तर्निहित गुण स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छन् ।

विश्वविमोहन श्रेष्ठले आफ्नो जीवनमा नेपाली साहित्यको प्रबर्द्धनका लागि निकै महत्त्वपूर्ण कार्य गरेका छन् । उनले गरेका विभिन्न कार्य उनको बाह्य शारीरिक बनोटका आधारमा यिनको व्यक्तित्वको बहुआयामिक पाटाको चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

विश्वविमोहन श्रेष्ठ शारीरिक दृष्टिले अग्लोकद, गहुँगोरो वर्ण, हँसिलो अनुहार, न दुब्लो न मोटो ठिक्कको शरीर भएको, मिलेका दाँत, हँसिलो मुद्रामा देखिन्छन् । सधैं चिटिक्क मिलेको पोशाकमा रहने श्रेष्ठ पचास वर्ष नाघिसक्दा पनि हेर्दा तन्नेरी जस्तो लाग्छ । मिठो बोली, शान्त स्वभावका यिनी सबैसँग आत्मीय व्यवहार गर्दछन् । छड्के सिउँदो, हल्का जुङ्गा र चम्किला आँखाले यिनको व्यक्तित्वमा झनै निखार थपेको छ ।[२९] मिजासिलो व्यवहार भएका श्रेष्ठ अनावश्यक कृत्रिमता भने पटक्कै मन पराउँदैनन् । विश्वविमोहन झट्ट हेर्दा सरल र सामान्य लाग्छन् तर उनीसँगको निकटता पछि मात्रै उनको प्रतिभावान् व्यक्तित्वको पहिचान हुन्छ । यिनीसँग नबोलेसम्म अन्तर्मुखी स्वभाव भएका जस्तो देखिन्छन् तर कुराकानी थालेपछि मात्रै श्रेष्ठको बोलक्कड स्वभाव झल्कन्छ ।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

विश्वविमोहन श्रेष्ठ बहुआयामिक व्यक्तित्व भएका व्यक्ति हुन् । साहित्य सिर्जनादेखि पत्रकारितासम्म यिनको व्यक्तित्व छरिएको छ । यिनले साहित्यको कविता विधालाई मुख्य साधनाको क्षेत्र बनाए पनि लघुकथा, जीवनी र गीत लेखनमा पनि सक्रियता जनाएका छन् ।[३०] यिनको व्यक्तित्वको बहुआयामिक पाटाहरूको विभाजन गरी अध्ययन गर्न सकिन्छ -

---

[२९] ऐजन ।

[३०] ऐजन ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

विश्वविमोहन श्रेष्ठको प्रमुख साधनाको क्षेत्र नेपाली साहित्यको कविता विधा नै हो । यिनले कविताको अतिरिक्त कथा, गीत, जीवनी समेत लेखेका छन् । सानैदेखि साहित्य लेखन र सिर्जनात्मक क्रियाकलापमा रूचि राख्ने विश्वविमोहनको व्यक्तित्वको प्रमुख पहिचान दिने क्षेत्र साहित्य नै हो । यिनको बहुआयामिक साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

#### ३.३.१.१. कवि व्यक्तित्व

विश्वविमोहन श्रेष्ठ मूलतः कवि हुन् । यिनले वि.सं. २०२४ सालदेखि लेखन सुरू गरेको देखिन्छ । २०२४ सालमा यिनले **कविता** शीर्षकको कविता लेखेर सोही साल भाद्र महिना बाल दिवसका दिन आयोजित कविता प्रतियोगितामा प्रथम समेत भएका थिए । यिनको पहिलो प्रकाशित कविता 'दुईमुक्तक' (२०२७) हो ।[३१] जुन **तीनजुरे** त्रैमासिक पत्रिकामा प्रकाशित भएको थियो । श्रेष्ठका विभिन्न कविताहरू **नवरत्न, तीनजुरे, मधुपर्क, गरिमा, सोपान, गोरखापत्र, अभिव्यक्ति, भानु रूपरेखा, संरचना, सञ्चय नेपाल** जस्ता पत्रिकाहरूमा प्रकाशित छन् भने तीनवटा कविता सङ्ग्रह पनि यिनले प्रकाशन गरेको देखिन्छ ।[३२] यिनका तीन कविता सङ्ग्रह **विश्वविमोहनका केही कविताहरू** (२०४४), **अङ्गारका धमिला धर्साहरू** (२०६२) र **एउटा गन्तव्यको खोजीमा** (२०६२) हुन् ।[३३] यिनका कवितामा समसामयिक युगीन परिवेशको चित्रण र परिवर्तनको आकाङक्षा व्यक्त भएको पाइन्छ ।

---

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

### ३.३.१.२. गीतकार व्यक्तित्व

विश्वविमोहन श्रेष्ठले जीवनमा केही गीतहरू लेखेका छन् । यिनले लेखेका ८ वटा गीतहरू सङ्गीतबद्ध पनि भैसकेका छन् ।[३४] विश्वविमोहन आफैँ पनि कविताहरूमा स्वराङ्कन गर्दछन् । यिनले रत्न रेकर्डिङ संस्थानबाट उत्पादित भानुभक्त मोतिराम लेखनाथ आदिका केही नेपाली कविता क्यासेटको स्वराङ्कन गरेको देखिन्छ । त्यतिमात्र होइन साहित्यिक पत्रकार सङ्घबाट उत्पादित केही नेपाली कविता क्यासेटको संयोजन गरेका छन् ।[३५] तर यिनले लेखेका अधिकांश गीतहरू भने नातिकाजीको संङ्गीत सुन्न पाइन्छ । यिनले लेखेर सङ्गीतबद्ध गरिएका गीतहरूको सूची यसप्रकार छ :-

| क्र.सं. | शीर्षक | स्वर | संङ्गीत |
|---|---|---|---|
| १. | सिमल जस्तै उड्दै जाने | सुसिला कङ्साकार | नातिकाजी |
| २ | बग्नेखोला | पुष्प नेपाली | नातिकाजी |
| ३ | बालीराखे | रचना के.सी. | नातिकाजी |
| ४ | जब तिमी हुन्छ्यौं | ललिता मल्ल | शक्तिबल्लभ |
| ५ | बाँधीराख | रचना के.सी. | नातिकाजी |

विश्वविमोहनका यी गीतहरूमा यिनी प्रेममय भएर प्रस्तुत भएका छन् । यिनी सरल र भावुक भएर रसमय कुरा गर्न गीतमा रमाइला देखिन्छन् । भर्खरै तन्नेरी अवस्था र जीवनको फुर्सदिलो समयमा लेखिएका गीतहरू भएकाले यिनका गीत लहडी र भावुक पाराका देखिन्छन् ।

### ३.३.१.३. जीवनीकार व्यक्तित्व

विश्वविमोहन श्रेष्ठको अर्को पाटो जीवनीकार व्यक्तित्व हो । यिनले विभिन्न व्यक्तित्वको जीवनीलाई प्रकाश पार्ने काम गरेका छन् । यिनले **छिन्नलता** (वि.सं.२०५८), **चाँदनी शाह** (२०४९), **म.वि.वि. शाह** (२०५९), **कल्याण रिमाल** (२०६०), लगायतका व्यक्तित्वको जीवनी लेखेका छन् । **भरतराज पन्त** (२०५९), **पुष्प नेपाली** (२०५९), **टीकाराज जोशी** (२०६२) र **नारायणमान श्रेष्ठ** (२०६४) को स्मृति ग्रन्थ पनि यिनले सम्पादन गरेको देखिन्छ ।[३६] विश्वविमोहनले स्वयं सिर्जनामा लाग्नुका अतिरिक्त सिर्जनामा समर्पित व्यक्तित्वको जीवनीलाई प्रकाश पर्ने कार्यमा पनि अग्रसरता देखाएका छन् । यस हिसाबले हेर्दा सिर्जना गर्ने हरेक स्रष्टाको व्यक्तित्वको खोजी र मूल्याङ्कन हुनु पर्ने मान्यतामा उनी रहेको पनि देखिन्छ ।[३७] श्रेष्ठको जीवनी लेखन कार्यले स्रष्टाहरूप्रतिको सम्मानको भावलाई पनि सङ्केत गरेको छ ।

विश्वविमोहन श्रेष्ठले पत्रिका बाहेक विभिन्न ग्रन्थहरूको पनि सम्पादन गरेका छन् । यिनले सम्पादन गरेका ग्रन्थहरू **भरतराज पन्त स्मृति ग्रन्थ** (२०५९), **पुष्प नेपाली स्मृति ग्रन्थ** (२०५९), **टीकाराज जोशी स्मृति ग्रन्थ** (२०६२) र **नारायणमान श्रेष्ठ स्मृति ग्रन्थ** (२०६४) हुन् ।[३८] यिनले यसका अतिरिक्त केही नेपाली कविता क्यासेटको स्वराङ्कन तथा संयोजन पनि गरेको देखिन्छ । विश्वविमोहन श्रेष्ठले लेखन मात्र होइन साहित्यिक पत्रिकाको सम्पादन तथा विभिन्न ग्रन्थहरूको सम्पादन गरी साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

---

[३४] ऐजन ।

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] ऐजन ।

### ३.३.१.४. सम्पादक व्यक्तित्व

विश्वविमोहन श्रेष्ठले विभिन्न पत्रपत्रिका तथा ग्रन्थहरूको सम्पादन गरेका छन् । यिनले **तीनजुरे**, (हस्तलिखित साहित्यिक पत्रिका, २०२६), **सोपान** समसामायिक सङ्कलन, **स्पन्दन** (२०३२), **नवरत्न**, (२०३५), **सिर्जना**, (२०४०) आदि पत्रपत्रिकाको सम्पादन गरेका छन् । श्रेष्ठले आफू लेख्ने मात्र नभएर अन्य सिर्जना गर्ने व्यक्तिहरूका रचना सार्वजनिक गर्नका लागि सम्पादकको रुपमा पनि उल्लेख्य भूमिका खेलेका छन् । भाषा, साहित्य, कला, संस्कृतिलाई माया गर्ने श्रेष्ठले विभिन्न ग्रन्थ तथा पत्रपत्रिकाको सम्पादन गरेर यसको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

विश्वविमोहन श्रेष्ठ साहित्य बाहेक अन्य क्षेत्रमा पनि सम्बद्ध रहेका छन् । यिनको व्यक्तित्व निर्माणमा पनि यिनको पेसा, रूचि र विभिन्न क्षेत्रसँगको सहभागिता खुबी आदिको महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । श्रेष्ठको व्यक्तित्वको चर्चा गर्दा यिनको सबै पक्षको चर्चा गर्नुपर्ने हुन्छ । यिनको अन्य क्षेत्रसँगको सम्बद्धताको आधारमा यिनको व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गर्न सकिन्छ :

### ३.३.२.१ जागिरे व्यक्तित्व

विश्वविमोहन श्रेष्ठले वि.सं.२०३१ मा आमाको निधनपछि फाक्चामारा मा.वि. फाक्चामारा तेरथुम मै शिक्षण कार्यको सुरू गरेको देखिन्छ ।[३९] यो स्कुलमा ३ महिना शिक्षण गरेपछि यिनले अर्को स्कूल गौखुरी मोरहाङ् मा.वि. तेरथुममा पढाउने काम गुरू गरे ।[४०] मोरहाङ् मा.वि.मा पनि पढाउन छोडेर ३१ सालमा यिनले कालिका नि.मा.वि. पिप्लेमा केही समय शिक्षण कार्य गरेर फेरि जागिर छाडेर पढ्नतर्फ लागेको देखिन्छ ।[४१] वि.सं.२०३५ बाट श्रेष्ठले बालाजु औद्योगिक क्षेत्रमा रहेको नेविको विस्कुट कम्पनीमा जागिरेको रूपमा प्रवेश गरे । यसै कम्पनीबाट २०५७ मा बरिष्ठ प्रशासन प्रबन्धक हुँदै स्वेच्छिक अवकाश लिए ।[४२] जागिरबाट निवृत्त भएपछि यिनी आफ्नै संस्था एपेक नेपाल र अन्य संङ्संस्थामा संलग्न हुँदै साहित्य लेखन र यसको प्रबर्द्धनमा लागिरहेका छन् ।

### ३.३.३.२ पत्रकार व्यक्तित्व

विश्वविमोहन श्रेष्ठको अर्को व्यक्तित्व पत्रकार व्यक्तित्व हो । यिनले वि.सं. २०४४ देखि २०५६ सम्म साहित्यिक पत्रकार सङ्घमा अध्यक्ष भएर काम गरेका छन् ।[४३] हाल पनि यिनी साहित्यिक पत्रकार संङ्का कार्यक्रममा सक्रियता जनाइरहेको पाइन्छ । श्रेष्ठ प्रेस काउन्सिल नेपालका सदस्य पनि हुन् । यिनले अहिले इन्टरनेट मार्फत पढ्न सकिने पत्रिका साहित्यिक पत्रिका डट कम पनि सञ्चालन गरिरहेका छन् । विश्वविमोहन श्रेष्ठ पत्रकारका रूपमा पनि साहित्यिकै उत्थनमा लागी परेको देखिन्छ ।

---

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] ऐजन ।

## ३.४ सम्मान तथा पुरस्कार

विश्वविमोहन श्रेष्ठले विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । नेपाली भाषा साहित्यको सेवा गरे वापत यिनलाई प्रदान गरिएका पुरस्कार तथा सम्मानको सूची यसप्रकार छ :[४४]

| | |
|---|---|
| १. | कविता महोत्सव पदक तथा नगद पुरस्कार (२०३२) |
| २. | रत्नश्री स्वर्ण पदक (२०४४) |
| ३. | युवावर्ष मोती पुरस्कार (२०४४) |
| ४. | इलाम नगरपालिका, नगरप्रतिमा विकास समितिबाट सम्मान पत्र (२०४४) |
| ५. | सुनसरी साहित्य प्रतिष्ठान, सुनसरी धरानबाट सम्मान पत्र (२०४४) |
| ६. | जिल्ला विकास समिति, तेरथुमबाट सम्मान पत्र (२०४४) |
| ७. | गद्दी आरोहण रजत महोत्सव पदक (२०५३) |
| ८. | श्री सिंहवाहिनी मा.वि. तेरथुमबाट कदर पत्र (२०५४) |
| ९. | व्यथित काव्य पुरस्कार (२०५६) |
| १०. | वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८) |
| ११. | बासुशशी स्मृति पुरस्कार (२०६२) |

यिनले माथि उल्लेखित पुरस्कारबाहेक विभिन्न साहित्यिक प्रतियोगितामा भाग लिएर पुरस्कार प्राप्त गरेका छन् । यिनी विद्यार्थी जीवनमा कविता प्रतियोगिता, वक्तृत्वकला, वादविवाद प्रतियोगितामा भाग लिएर प्रायः पुरस्कृत भइरहन्थे । यिनले प्राप्त गरेको पुरस्कार तथा सम्मानले यिनलाई हौसला प्राप्त भैरहेको देखिन्छ ।

## ३.५ जीवनी व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध

विश्वविमोहन श्रेष्ठले आफ्नो जीवनमा विभिन्न विषय तथा क्षेत्रमा संलग्न भई काम गरेका छन् । तिनै कार्यहरूले श्रेष्ठको व्यक्तित्व एक सामान्य व्यक्तित्व भन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित बन्न पुग्यो । यिनको व्यक्तित्व र यिनीद्वारा लिखित कृतिहरू बीच परस्पर अन्तर सम्बन्ध भेटिन्छ । यिनको जागिरे व्यक्तित्व भने साहित्य भन्दा निकै भिन्न छ । तर पनि यिनले आफ्नो साधनाको क्षेत्र नेपाली साहित्यलाई नै बनाएका छन् ।

विश्वविमोहन श्रेष्ठको घरायसी वातावरण व्यापारिक खालको थियो तर पनि यिनका बुवा-आमाको सङ्गीत, कलाप्रतिको रूचि, मावलीका साहित्य सर्जक मामाहरू र अग्रज साहित्यकारसँगको सम्पर्क नै यिनको साहित्यिक व्यक्तित्व निर्माणका कारक हुन् । यिनले आफ्नो जीवनमा भोगेका, सुनेका र देखेका कुरालाई नै साहित्य लेखनको विषय बनाएका छन् । यिनले आफ्ना सिर्जनाको विषय व्यक्ति र समाज भित्रै खोजेका छन् । तसर्थ यिनको जीवनी व्यक्तित्व र कृतित्व बीच अन्तरसम्बन्ध देखिन्छ । व्यक्तिले अनुभव नगरेका वा आफ्नो ज्ञानभित्र नपरेका कुराहरू सिर्जनाका विषय हुन सक्दैनन् । यिनले देश विदेश घुम्दा र आफूले जीवनमा अनुभव सङ्गालेका विषयलाई नै रचनाको केन्द्र बनाएका छन् । समग्रमा पारिवारिक अवस्था, अग्रजको साहित्यिक प्रभाव, सामाजिक परिवेश नै श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वलाई अन्तर सम्बन्धित तुल्याउने मूलभूत पाटाहरू हुन् ।

---

[४४] ऐजन ।

# चौँथो परिच्छेद

# विश्वविमोहन श्रेष्ठको साहित्यिक यात्रा

## ४.१ परिचय

विश्वविमोहन श्रेष्ठ नेपाली समसामयिक कविता धाराका उल्लेखनीय प्रतिभा हुन् । यिनीले २०२४ सालबाट लेखन सुरू गरेर हालसम्म पनि साहित्यिक लेखनमा क्रियाशील छन् । विद्यार्थी जीवनदेखि नै खेल खेल्न भन्दा सिर्जना र चिन्तन मनन गर्न रूचाउने यिनी हाल पनि आफ्नो समय सिर्जनशील भएर नै बिताउने गर्दछन् । यिनका रचनाहरूमा विशेषतः समाज बोल्छ, समाजभित्र रहेका विकृति विसङ्गतिहरू बोल्छन् । यिनी प्रकृति र जीवनलाई ठूलो महत्त्व दिन्छन् । व्यक्तिको जीवन परिस्थितिले दुखमय बनाएको छ । यिनी रात परेपछि जसरी दिन आउँछ त्यसैगरी जीवनमा पनि दुःख सुख आइरहन्छन् भन्ने कुरामा विश्वास गर्दछन् । यिनै विश्वविमोहनले व्यक्तिगत तथा सामूहिक रूपमा नेपाली साहित्यको विकास र संबर्द्धनका लागि योगदान दिएका छन् । यिनको २०२४ सालदेखि हालसम्मको साहित्य लेखनलाई कृतिहरूको विश्लेषण गर्नुभन्दा अघि चरणहरूमा विभाजन गरेर अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## ४.२ चरण विभाजन

विश्वविमोहन श्रेष्ठको कविता लेखनको थालनी 'कविता' शीर्षकको कविताबाट भएको हो । यिनका विभिन्न कविता, गीत, लघुकथा छापिने कामको सुरूवात भने वि.सं.२०२७ बाट भएको देखिन्छ । यिनको पहिलो प्रकाशित रचना **दुईमुक्तक** (२०२७) **तीनजुरे** त्रैमासिक पत्रिकामा छापिएको थियो । २०२४ सालबाट लेखन सुरू गरेका श्रेष्ठले हालसम्म पनि साहित्य सिर्जना गरिरहेका छन् । ४३ वर्ष लामो यिनको साहित्य यात्रामा यिनी एकै रफ्तारमा अगाडि बढ्न सकेका छैनन् । यिनी जागिरबाट अवकाश लिएपछि लेखनलाई अलि बढी समय दिएको देखिन्छ । कृति प्रकाशनका हिसाबले पनि यिनले २०४४ सालमा पहिलो कृति प्रकाशित भएपछि त्यसको १८ वर्षपछि दुईवटा कविता सङ्ग्रह छापिएका देखिन्छन् । यिनको साहित्य लेखनको यो यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

(क) पहिलो चरण (२०२४-२०४४ सम्म)

(ख) दोस्रो चरण (२०४५-हालसम्म)

### ४.२.१ पहिलो चरण (२०२४-२०४४ सम्म)

विश्वविमोहन श्रेष्ठको साहित्य लेखनको पहिलो चरण २० वर्ष लामो छ । यो अवधि यिनको आभ्यासिक लेखनको चरण पनि हो । यो चरणमा यिनीभित्र रहेको कवित्व प्रतिभाले प्रस्फुटनको मौका पाएको देखिन्छ । जसले आजको समसामयिक कविता धाराको उल्लेखनीय प्रतिभाको रूपमा स्थापित गराउन आधारशीला निर्माण गरेको देखिन्छ । यो चरणमा विश्वविमोहन श्रेष्ठको एक कविता सङ्ग्रह र केही फुटकर गीत र कविताहरू प्रकाशित भएका छन् । यो अवधिमा यिनले लेखेका रचना यथार्थ र भावनाको सम्मिश्रणबाट जन्मिएको देखिन्छ । कवितामा केही सचेत र जोसिला देखिएका कवि गीतमा भने यस समयमा प्रेममय भएर प्रस्तुत भएका छन् । यो अवधिका यिनका रचनाहरूमा प्रकृति र समाज मुख्य विषय बनेका छन् । यिनले समाजमा देखिएका थुप्रै विसङ्गतिहरूलाई टपक्क टिपेर कविताको रचना गरेका छन् । यो २० वर्षको अवधिमा श्रेष्ठले जम्मा एक वटा कविता सङ्ग्रह, केही फुटकर कविता र लघुकथा लेखेका छन् ।

मात्रात्मक हिसाबले पनि यो समयमा यिनका रचना कम देखिन्छन् । पहिलो कृति **विश्वविमोहन श्रेष्ठका केही कविताहरू** कविता सङ्ग्रह हो । जसका आधारमा उनको प्रवृत्तिगत मूल्याङ्कन गर्न सकिन्छ । पहिलो चरणका कविताका आधारमा श्रेष्ठका निम्न प्रवृत्तिहरू देखिन्छन् :

## १. विद्रोहात्मकता तथा क्रान्तिधर्मी चेत

विश्वविमोहन श्रेष्ठका यस सङ्ग्रहका कविताहरूमा विद्रोहात्मक र क्रान्तिधर्मी चेत पाइन्छ । २०४४ सालमा प्रकाशित **विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा यिनको २०४४ अघि लेखिएर विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा छापिएका कविताहरूलाई पनि सङ्कलन गरेका छन् । खासगरी पञ्चायती शासनकाल र जनतामा बिस्तार-बिस्तार प्रजातन्त्रप्रतिको मोह बढिरहेको यो समयमा कविभित्र पनि तीव्र परिवर्तनको आकाङ्क्षा पलाएको छ । समय आफैँ परिवर्तनको सूचक भएकाले यसको निरन्तर प्रवाहसँगै परिवर्तन हुने कुरामा विश्वास गर्ने कवि युग जागेको देख्दछन् । यिनका ‘म जिन्दावाद गाइरहेछु’, ‘नानीहरू आकाशको निर्माणमा लाग्नेछन्’, ‘पानी’, ‘नयाँ नेपालको चित्र लेख’, ‘मुक्ति’, ‘सडक बोल्छ’ जस्ता कविताहरूमा परिवर्तनको स्वर देख्न पाइन्छ । विश्वविमोहनका कवितामा क्रान्तिधर्मीचेत भए पनि कविताहरू नारावादी छैनन् ती शालिन छन् अनि पाठकका मनमा परिवर्तनको आकाङ्क्षा गहिरो रूपमा पार्ने खालका छन् ।

## २. समसामयिक परिवेशको चित्रण

विश्वविमोहन श्रेष्ठको साहित्यलेखनको पूर्वाद्ध चरणमा नेपालमा राजनैतिक थुप्रै जटिल मोडहरू आएका छन् तर कविले शासन भन्दा जनताका कुरालाई आफ्ना कवितामा उतारेका छन् । यात्रा निस्केपछि गन्तव्यमा पक्कै पुगिन्छ भन्ने कवि जन आकाङ्क्षा अनुरूप परिवर्तन नआएकाले जनतामा छाएको निराशाजन्य भाव पनि कवितामा व्यक्त गर्दछन् । अभाव, महङ्गी बढ्दो छ, सङ्कट थपिएको छ । जागिरेले महिनाभरि काम गरेर परिवार चलाउन सक्ने अवस्था छैन । फेरि एक र अर्को बीच मानवीयताको दुरी पढ्दैछ, मान्छे एक्लँदै गएको छ । यस्तो बेलामा मानिसले बिताइरहको कठिन जीवन र युगले भोगिरहेको पीडालाई कविले रचनामा उतारेका छन् । परिवर्तनका स्वर गुञ्जिएको बेलामा कवि युगले नै प्रसव वेदना भोगिरहेको मान्दछन् । समाजमा थुप्रै व्यक्तिगत वा सामाजिक बेमेल र विकृति छन् त्यो सिङ्गो युगले भोगिरहेको तत्कालीन पीडा कवितामा पाइन्छ ।

## ३. विषयगत विविधता

विश्वविमोहन श्रेष्ठका यस समयका कविताहरूमा विषयगत विविधता पाइन्छ । उनी जीवन, समाज र प्रकृतिको त्रिपक्षीय चित्रण गर्दछन् । देशमा अशान्ति भएको कुरादेखि लिएर उनी एक युगपुरूषको परिकल्पना समेत गर्न पुग्दछन् । समाज, प्रकृति र जीवनसँग जोडिएका विविध पक्षको चित्रण भएकाले हरेक कवितामा नितान्त नयाँपन भेट्न पाइन्छ । यिनले कविताको विषय आफ्नै परिवेशबाट लिएका छन् त्यसैले ती प्रभावकारी छन् र त्यसमा कविले अनुभूति र जीवन दिएका छन् जसरी समाजमा धेरै थरी मानिस र धेरै भिन्नता छन् । त्यस्तै कविका कवितामा विषयगत भिन्न - भिन्न रूप पाइन्छ ।

## ४. जटिलता

विश्वविमोहन श्रेष्ठका यस समयका कविता केही क्लिष्ट छन् तर ती दुर्बोध्य वा दुरूह छैनन् । भावगत गहिराई बुझ्नका लागि कवितामा लक्षणा र व्यञ्जनाको अर्थ बुझ्नु पर्छ ।

विषयलाई ठाडो प्रहार गर्नुभन्दा घुमाइ फिराइ कविले आफ्नो विचार र भावलाई व्यक्त गरेका छन् । यसका लागि कविताहरूमा प्रशस्त विम्ब प्रतीकहरूको प्रयोग गरिएको छ । 'को हाँकेर हिँडिरहेको छ', 'एकबैंस गजबले नाचूँ लाग्छ', 'पानी गल्दैन', 'भैगो मलाई जान देऊ', 'फर्काएर ल्याऊ' जस्ता कविताहरू बुझ्न भावको समग्रताको अध्ययनसँगै कविताको आधार समेत खोजी गर्नु पर्दछ । यिनका पछिल्ला समयका कवितामा भने भावगत सरलता पाइन्छ । यो समयमा विश्वविमोहन प्रयोगवादी कविताबाट प्रभावित देखिन्छन् ।

## ५. जीवनवादी दृष्टि

विश्वविमोहन श्रेष्ठ यस चरणका कवितामा जीवनभन्दा ठूलो केही छैन, प्रकृति भन्दा ठूलो केही छैन भन्ने धारणा व्यक्त गर्दछन् । उनी जीवनको विसङ्गतिका विभिन्न पाटाहरू देख्दछन् तर पनि निकै आशावादी देखिन्छन् । संसारमा हरेक प्राणीले बाँच्न पाउनु पर्छ र त्यसका लागि प्राणी स्वयम् पनि क्रियाशील हुनु पर्छ भन्ने उनको तर्क छ । यहाँ थुप्रै विकृतिहरू छन् ती विकृतिहरूले जीवनलाई कुरूप बनाउन खोजेका छन् । अभाव, महङ्गीको सङ्कटबाट बाँच्न त्यति सजिलो छैन तर जीवन नै अन्तिम लक्ष्य उद्देश्य हो त्यसैले सङ्घर्ष गर्नुपर्छ । जीवनको प्रतिकूलतामा अनुकूलता सिर्जना गर्दै बाँच्न परे पनि आखिर उनी जीवनको सुन्दरता बाँच्नुमा नै देख्दछन् ।

## ६. विकृति र विसङ्गतिको चित्रण

कवि समाजमा भएका विकृतिको चित्रण गर्दछन् तर आरोप प्रत्यारोप गर्दैनन् । समय आफैँ बन्दी बनेको बेलामा नेतृत्व गर्नेहरू नैतिक इमान्दार छैनन् । सबैतिर झुट, लोभ, भ्रष्टाचार मौलाइरहको छ । यहाँ देशका लागि ज्यान आहुति गर्नेहरूप्रति पनि सच्चा सम्मान हुन सकेको छैन । साँच्चै बाँच्न सङ्घर्ष गर्नेहरूलाई पनि बाँच्न सक्ने वातावरण छैन । आफ्नाहरू टाढा बन्दैछन् । व्यक्ति भित्र व्यक्तिवादी प्रवृत्ति बढेको छ । समाजमा थुप्रै विसङ्गतिहरू छन् जसले मानिसलाई कमजोर बनाइरहेको छ भन्ने धारणा विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूमा व्यक्त गर्दछन् । विशेषतः यिनका 'म जिन्दावाद गाइरहेछु', 'को हाँकेर हिँडिरहेछ', 'नयाँ नेपालको चित्र लेख', 'जिन्दगीको परिवेश', 'आफ्ना भन्नलाई कोही छैन' जस्ता कविताहरूमा विभिन्न क्षेत्रका विकृति, विसङ्गतिको चित्रण गरिएको छ ।

## ७. युद्धको वितृष्णा, शान्तिप्रेम र मानवीयताको चित्रण

जीवनवादी धारणा राख्ने कवि शान्ति र मानवीय मूल्य सधैँ उच्च हुनुपर्ने ठान्दछन् । युद्धले कसैलाई हित गर्दैन र यसबाट कसैको जीत हुँदैन त्यसैले शान्तिको पथमा हिँड्न सकियो भने मानवीयताको रक्षा हुन्छ । उनका 'गोर्खा पल्टनको सिपाही', 'विश्वशान्ति', 'जिन्दगीको परिवेश', 'पानी' जस्ता कविताहरूमा युद्धको पीडा र शान्तिप्रेम मानवतावादी चित्रण पाइन्छ । विश्वले भोगेका दुई ठूला विश्वयुद्धको पीडा जताततै छ । त्यसैले अझै आफ्नो छाप छाडेका छन् । मानिसलाई आतङ्कित बनाएर युद्धले खाली निश्चित वर्गको स्वार्थका लागि फुटको स्थिति सिर्जना गरेको छ । त्यसैले अब युद्धमा होइन शान्तिमा विश्वास गर्नुपर्छ ।

यसरी कवि श्रेष्ठ आफ्नो कविता यात्राको प्रथम चरणमा समाजप्रति निकै सचेत परिवर्तनमा विश्वास राख्ने स्वच्छन्दभावमा विचारको लेपन गरेर कविता लेख्ने कविका रूपमा देखिन्छन् । यिनको यो आभ्यासिक चरण भए पनि यिनका कवितामा प्रशस्त सम्भाव्यता देखिन्छ । भाव र विचारको सुन्दर संयोजनको कविताहरू बौद्धिक बनेका छन् । यिनी प्रथम चरणमा केही जोसिला र केही क्रान्तिकारी देखिएका छन् ।

### ४.२.१. दोस्रो चरण (२०४५-हालसम्म)

विश्वविमोहन श्रेष्ठको कविता लेखनको द्वितीय चरण उनको **विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहको प्रकाशनपछि सुरू हुन्छ । २०४६ सालको जनआन्दोलनको पूर्वसंघारमा प्रकाशित भएको उक्त सङ्ग्रहपछि १८ वर्षसम्म यिनका कुनै पनि पुस्तकाकार कृतिहरू प्रकाशित भएका छैनन् । यो बीचमा श्रेष्ठका विभिन्न रचनाहरू फुटकर कविताका रूपमा पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखिन्छ । लगभग दुई दशकको समयावधिमा श्रेष्ठ साहित्यिक संघ संस्था, जागिर र साहित्यलेखनमा संलग्न रहेका छन् । यिनले २०६२ सालमा **अङ्गारका धमिला धर्साहरू** र **एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रह प्रकाशन गरेका छन् । **अङ्गारका धमिला धर्साहरू** छोटा आकारका कविताहरूको सङ्गालो हो भने यसलाई अङ्ग्रेजीमा अनुवाद गरेर समेत एउटै कृतिमा राखिएको छ । विश्वविमोहन श्रेष्ठ कविता लेखनको दोस्रो चरणमा निकै गम्भीर र शालीन भएर प्रस्तुत भएका छन् । यो समयमा यिनका कवितामा परिष्कार छ अनि विचार र भावको सन्तुलित प्रयोग देख्न पाइन्छ । विश्वविमोहन श्रेष्ठका यस चरणमा देखिएका प्रवृत्तिहरूको तल चर्चा गरिएको छ :

### १. देशप्रेम

विश्वविमोहन श्रेष्ठका यस चरणका कवितामा देशप्रेमको भावना प्रशस्त देख्न पाइन्छ । यथास्थितिमा समाज निकै जकडिएको छ । प्रजातन्त्र प्राप्ति पश्चात् पनि नेताहरूको मनपरीतन्त्र कायमै रहेको छ । केवल नेताहरू कुर्सीको तानातानमा लागेका छन् । देशमा अभाव, महङ्गी, भ्रष्टाचार, कमिसन बढ्दैछ अब यही स्थिति रहे देशको के अवस्था होला कवि चिन्ता व्यक्त गर्दछन् । सगरमाथा र बुद्धको देश भनेर चिनिएको नेपालको अब परिचय नै गुम्ने अवस्था आइसकेको छ । कवि देशको अवस्था देखेर एकातर्फ चिन्तित छन् भने अर्कोतर्फ यहाँको प्राकृतिक स्रोतको, यहाँका विभिन्न भू-भाग र आफ्नो जन्मथलोको प्रशंसा समेत गर्दछन् । देशमा हत्या हिंसाको बादल मडारिएको छ यस बेलामा कवि नव नेपालको निर्माण गर्न सबैलाई आग्रह गर्दछन् । यसरी कवि यस चरणमा आफ्नो देशप्रतिको भावनालाई राम्रैसँग उजागर गर्न पुगेका छन् ।

### २. सामाजिक तथा राजनैतिक क्षेत्रमा देखिएका विकृतिको चित्रण

विश्वविमोहन श्रेष्ठ आफ्ना सिर्जनामा वाद वा सिद्धान्त भन्दा पनि समाजको तस्विर दिन चाहन्छन् । विशेषतः समाजमा रहेको उँच निँच को भावना तथा आधुनिकताका नाउँमा भित्रिएका विकृति, धर्मका नाममा हुने गरेका खराब प्रचलन अन्धमान्यतालाई कवि मन पराउँदैनन् । उनी अझ राजनैतिक रूपमा देखिएको बेइमानीको अझ खुलेर विरोध गर्दछन् । जनतालाई मागीखाने भाँडो बनाएर उनीहरू माथि राजनीति गर्नेहरूले झन् समाजलाई फरक-फरक झण्डामुनि राखेर विखण्डित बनाइरहेका छन् । मानिस खान नपाएर भोकै मर्नुपर्ने बेला आउँदा सत्तामोह र कुर्चीकै खेलमा नेताहरू लागेर आफ्नै दुनो सोझ्याउन व्यस्त छन् । यसले समाजलाई झन ठूलो भड्खालोमा पार्दैछ । यहाँ प्रशस्त विकृतिहरू जन्मिएका छन् । जसले समाजलाई पतन बनाउन लाग्दैछ । तिनै समाज अझै विशेष गरी राजनैतिक क्षेत्रमा भएका घुसखोरी, कमिसनतन्त्र, सत्तामाथिको लुछाचुँडी, नातावाद, कृपावादलाई कविले यस चरणमा राम्रैसँग उतारेका छन् । तर अघिल्लो चरणमा जस्तो कवि विद्रोही भएर देखिएका भने छैनन् ।

### ३. प्रणयजन्य स्वर

विश्वविमोहन श्रेष्ठका यो चरणका कवितामा प्रणयचेत पनि पाइन्छ । उनी जीवनबारे धेरै चिन्तनशील छन् । जीवनको परिभाषा खोज्छन् अनि बाँच्नुको अर्थ खोज्दछन् । उनको जीवनको अर्थ घाम छाया, दुःख सुख जस्तै छ । उनी कतै जीवन निरस देख्दछन् त कतै उत्साहजनक र निराशमा कसैलाई गुमाएको याद हुन्छ । उत्साहमा उनी प्रेमले संसार आफ्नो भएको ठान्दछन् । कवि प्रेमका कुरा गर्दा भक्त प्रेमी जस्ता लाग्छन् । उनी दुःख भुल्न प्रेमिकाको आखाँको गहिराइमा डुब्न चाहन्छन् । उनको प्रेम निकै शास्वत छ । प्रेम स्वतः हुन्छ, प्रेम भएको थाहा नै हुँदैन त्यसैले प्रेमीहरू आफ्नो प्रेमीको प्रेममा संसार छोड्न तयार हुन्छन् । प्रणयका कुरामा पनि निकै शालीन देखिएका कवि हार्दिक प्रेमको पक्षमा नै देखिन्छन् । आफ्नो विचार भावनाको अनन्त गहिराइमा पुगेर समर्पण गरिएका प्रेममय कविता आफ्नो जीवनका अनन्त अनुभूतिसँग जोडिएका जस्ता लाग्छन् । प्रणयका कविता कम लेख्ने कवि प्रेमका कुरा गर्दा निकै रसिक देखिन्छन् ।

### ४. हिंसात्मक परिवेशको चित्रण

विश्वविमोहन श्रेष्ठका यो चरणका कवितामा देशभित्र चलिरहेको हिंसात्मक द्वन्द्वको प्रस्तुति छ । माओवादी जनयुद्ध सुरू भैसकेपछि देशभित्र युद्धरत पक्ष र सरकार तथा द्वन्द्वरत पक्ष र अन्य बीच वैचारिक मात्र नभएर सशस्त्र सङ्घर्ष पनि चर्कियो । जसले गर्दा नेपाली जनताले निकै ठूलो शास्ती भोग्नु पऱ्यो । आफ्नै देशभित्र चलिरहेको हिंसात्मक क्रियाकलापले समाजलाई विखण्डित पार्दै निकै सन्त्रस्त परिवेशको सिर्जना गऱ्यो । समाजमा नागरिकहरू त्राहीमाम् त्राहीमाम् भएर रहनु पर्ने स्थितिमा युद्ध जसले जितेपनि आखिर हार नेपाली कै हुन्छ । यस्तो हुँदा हुँदै पनि किन युद्ध गरिरहेछन् विश्वविमोहन प्रश्न गर्दछन् । द्वन्द्व चर्काउनेहरूले गर्दा गरिखाने मानिसहरू समेत काम गरेर खान पाएका छैनन् । विद्यालय, अस्पताल, बाटो, सहर, गाउँ जताततै त्रास छ । कतिखेर कस्को ज्यान जान्छ भविष्य अनिश्चित छ । यो हिंसाले नेपालीलाई कमजोर बनाएको छ भन्दै कवि शान्तिको आव्हान गर्दछन् ।

### ५. शान्तिप्रतिको प्रेम

विश्वविमोहन श्रेष्ठ यो चरणमा शान्तिका पक्षपोषक भएर देखिएका छन् । देशमा चलिरहेको हिंसात्मक वातावरणबाट वाक्क भएर कवि शान्तिद्वारा नै सबैको जीत हुन सक्ने तर्क राख्दछन् । युद्धले कसैलाई सुख दिएको छैन । यसले सन्त्रास, पीडा, अनि मारामार मात्रै बनाएको छ । सीमित व्यक्तिको स्वार्थका लागि युद्ध हुनु हुँदैन यसले कतिका परिवार भताभुङ्ग पारेको छ । नेपाल शान्ति भूमि हो । यो भूमिलाई सुन्दर पार्न शान्तिको बाटो नै रोज्नु पर्दछ जसमा सबैको कल्याण हुन्छ । अहिले युद्धमा परेर मर्नेहरू अधिकांश गरिब जनताहरू छन् । उनीहरू अनाहकमा मारिएका छन् । यसरी जनता मार्ने हतियार किन्नु भन्दा अभावपूर्ति गर्न खाद्यान्न र लत्ताकपडा ल्याए बरू जनताले केही दिन सास फेर्छन् भन्ने कवि शान्तिका पक्षपोषक भएर रहेका छन् ।

### ६. छोटा कविता लेखन

विश्वविमोहन श्रेष्ठले यो समयमा मुक्तक जस्तो लाग्ने छोटा कविताहरू लेखेका छन् । उनका छोटा कविताहरू **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा सङ्कलन गरिएको छ । छोटो संरचनाका यिनका साना कविताहरू निकै पेचिलो अभिव्यक्ति दिन सफल छन् । समाज, जीवन र प्रकृतिका विषय टपक्क टिपेर झ्वाट्ट आफ्ना बिचार र भाव सम्प्रेषण हुने कविता लेख्ने कविको साहित्यिक कलाकारिता छोटा कविताहरूमा राम्रैसँग झल्कन्छ । यी छोटा कविताहरू

कविको नयाँ प्रयोग पनि हो । जसमा विविध विषयलाई समेटेर कुनै वाद वा सिद्धान्तभन्दा पर आफ्ना भाव र चिन्तन अघिसारेका छन् ।

### ७. प्रकृति चित्रण

विश्वविमोहन श्रेष्ठ प्रकृतिलाई महान् मान्दछन् । उनी प्रकृतिबाट धेरै कुरा टिप्छन् र त्यसलाई जीवनसँग तुलना गर्छन् या जीवनलाई प्रकृतिसँग तुलना गर्दछन् । उनी कुनै पनि कुरा सोझो नभई घुमाउरो पाराले व्यक्त गर्दछन् । जसका लागि प्रकृतिबाट शब्द टिप्दछन् प्रतीक विम्व टिप्छन् अनि आकार दिन्छन् । कविलाई आफ्नो देश अनि आफ्नो जन्मभूमिप्रति अगाध आस्था छ । उनी त्यहीँको प्रकृतिलाई विश्वप्रकृति मान्दछन् । आफ्नो मनमा गहिरो प्रभाव पारेका प्राकृतिक विम्बहरूलाई उनी चुन्छन् सोझै प्रकृति वर्णन भन्दा जीवन र समाजसँग जोडेर त्यसलाई व्यक्त गर्दछन् । यसैमा विश्वविमोहन श्रेष्ठको विशिष्टता रहेको छ । प्रकृति आफैँमा कोरा छ, यसलाई मानिसले अनुभव गरेर पूर्णता दिन्छ । कवि पनि प्रकृतिलाई अनुभूत गर्छन् त्यसको माया पाउँछन् र माया गर्न पुग्दछन् ।

यसरी विश्वविमोहन श्रेष्ठका यो चरणका कवितामा पनि भिन्न-भिन्न प्रवृत्ति देख्न सकिन्छ । विषयगत हिसाबले खासै फरक नदेखिए पनि यो चरणका कविता लेखनको शैलीमा भने भिन्नता पाइन्छ । यिनका यस चरणका कविता केही माझिएका छन् र उनी सरलतातिर भने उन्मुख देखिन्छन् । श्रेष्ठको गुणात्मक तथा मात्रात्मक दुबै हिसावले यो समय निकै उर्वर काल हो ।

## ४.३ उपसंहार तथा निष्कर्ष

विश्वविमोहन श्रेष्ठ नेपाली कविता साहित्यको समसामयिक धाराका उल्लेख्य प्रतिभा हुन् । यिनले २०२७ सालमा **तीनजुरे** पत्रिकामा 'दुईमुक्तक' प्रकाशित गरी आफ्नो साहित्य यात्रा सुरू गरेका थिए । यिनका साहित्य यात्रामा दुई फरक मोडहरू देखिन्छन् । पहिलो मोडमा यिनका रचनामा तीव्र परिवर्तनको अपेक्षा र क्रान्तिको शङ्खनाद पाइन्छ । यिनी जीवनवादी छन् तर पनि विभिन्न परिस्थितिले गर्दा जीवन दुःखदायी भएकोमा दुःखी छन् । पहिलो चरणका गीतहरूमा प्रेममय भएर देखिने कवि जब रोग, भोग, शोक, अभाव, महङ्गी चुलिँदै जान्छ तब क्रान्ति आफैँ हुन्छ, सडक जुर्मुराउन थाल्छ मानिसहरू जाग्न थाल्दछन् भन्ने ठान्दछन् । यथास्थितिको विसङ्गत परिवेश मन नपराउने कवि परिवर्तनको सत्यतामा विश्वास गर्दछन् । प्रशस्त विम्ब प्रतीकको संयोजन गरेर लेखिएका श्रेष्ठका प्रथम चरणका रचनामा स्वतन्त्रताप्रतिको मोह देख्न सकिन्छ । कवि श्रेष्ठका रचना यथार्थ कल्पना र बिचारका सम्मिश्रण हुन् । जीवन र प्रकृति भन्दा ठूलो अर्को कुरा नठान्ने कवि यो चरणमा मझौला आकारका कविताहरू लेख्दछन् । समाजबाट विषय लिएर समाजकै लागि लेख्ने कविले विभिन्न क्षेत्रका विकृतिहरूको चित्रण गरेका छन् । यस चरणका कवितामा पनि विश्वविमोहन शान्तिप्रति अगाध आस्था राख्दछन् र हिंसाको विपक्षमा देखिन्छन् । राजनैतिक बेइमानी, सत्तामोह र जनतामाथि भएको अन्यायले गर्दा समाज झन् भड्खारोमा परेको छ । त्यसबाट मुक्तिका लागि युगपुरूषको खाँचो समेत कवि महसुस गर्दछन् । प्रारम्भिक चरणका यिनका केही कवितामा प्रयोगवादको प्रभाव देखिन्छ । पछिल्लो चरण भन्दा अघिल्ला चरणका कवितामा केही जटिलता भेटिन्छ । मानिसले मानिसलाई मानवीयताको दृष्टिले हेर्नुपर्छ किनभने समाजमा एकले अर्काको अस्तित्व स्विकारियो भने जीवन जीवन जस्तो हुन्छ । जीवनवादी यसलाई सङ्गति र विसङ्गति दुबै रूपले हेर्दछन् । भाषिक हिसाबले सरल भाषिक संयोजन रहेतापनि कतै-कतै प्राविधिक, पारिभाषिक तथा अङ्ग्रेजीको समेत स्वभाविक प्रयोग पाइन्छ तर घुमाइ फिराइ भावलाई गहिराई दिन खोज्नाले विषय बुझ्न भने भावको गहिराइमा पुग्नु नै पर्दछ ।

विश्वविमोहन श्रेष्ठका कविता यात्राको दोस्रो चरण (२०४४-हालसम्म) साहित्य लेखनको उर्वर काल हो । यो समयमा यिनका **अङ्गारका धमिला धर्साहरू** (२०६२) र एउटा **गन्तव्यको**

**खोजीमा** (२०६२) दुई कविता सङ्ग्रह प्रकाशित भएका छन् । आभ्यासिक चरण पार गरी परिष्कृत सिर्जनालेखन समय पनि यसलाई मान्न सकिन्छ । श्रेष्ठका कविताको विषय यो चरणमा पनि समाज, प्रकृति र जीवन नै छ । २०५२ सालपछिको हिंसात्मक द्वन्द्व नै उनको कविताको मुख्य विषय बनेका छन् । आफ्नो देशलाई औधी माया गर्ने कवि निकै राष्ट्रभक्त भएर देखिएका छन् । देशमा भएका बेथितिहरूबाट चिन्तित हुँदै परिवर्तनप्रतिको आशा, स्वदेश प्रेम यिनका कवितामा देख्न पाइन्छ । माओवादी जनयुद्ध सुरू भैसकेको समय भएकाले काटाकाट र मारामारबाट समाजमा फैलिएको सन्त्रास विखण्डनको चित्रण गर्दै शान्ति नै अन्तिम आवश्यकता हो भन्ने यिनी ठान्दछन् । नेताहरू कुर्सी मोहमा छन् शक्तिमा बसेका छन् देशमा भ्रष्टाचार, कमिसन मौलाएको छ । ओखती र खाद्यान्न किन्ने पैसाले हतियार आयात गरिएको छ । गरिब दुःखीको अवस्था जहाँको त्यही छ । द्वन्द्वमा मारिने र मर्नेहरू सबै निमुखा गरिब अनि नुनको सोझो गर्न जागिरे बनेर सिपाही वा कार्यकर्ता छन् । यसले समाजमा झन् गरिबी, विपन्नता र त्रासदी थपेको तीतो यथार्थ श्रेष्ठका कवितामा पाइन्छ । यो समयमा श्रेष्ठ अघिल्लो चरणमा जस्ता विद्रोही छैनन् । आफ्ना असहमतीहरू शालिन तरिकाले व्यक्त गर्दछन् ।

विश्वविमोहन श्रेष्ठ कविता यात्राको दोस्रो चरणमा यिनी छोटा कविताहरू लेख्न पुग्दछन् । तीन हरफदेखि १८-२० हरफसम्म लामा यिनका कविता मुक्तक जस्ता देखिन्छन् । ती कविताको छोटो संरचनामा यिनले विचार र भावको खँदिलो प्रस्तुति गरेका छन् । विषय र सन्दर्भको गतिलो उठान गरेर पाठकको मनमा गहिरो प्रभाव पार्न सफल दोस्रो चरणका कविताका सन्दर्भमा छोटा कविता लेखन पनि यिनको अर्को विशेषता हो । युगको पीडा र समसामयिक परिवेशले दुख्ने कवि कतै-कतै अल्लारे प्रेमी भएर देखिन्छन् र कवितामा प्रणयको कुरा गर्दछन् । पीडाले छट्पटाउँदा होस् या खुसीले रमाउँदा यिनी दुबै प्रहरमा प्रेमको मूल्य देख्दछन् र प्रेमको गहिराइमा पुगेर पनि डुब्दैनन् । प्रकृतिलाई आफ्नो परिवेशलाई माया गर्ने श्रेष्ठ आफूले देखेको भोगेको प्रकृतिको चित्रण गर्न रूचाउँदछन् । विशेषतः यिनका कवितामा आफू खाइखेली हुर्केको तेरथुम तथा पूर्वको विभिन्न प्राकृतिक परिवेशको सुन्दर चित्रण पाइन्छ । श्रेष्ठ कवितामा प्रकृतिलाई मानिस जस्तै प्राण भर्छन् र उसका क्रियाकलापको वर्णन गर्दछन् । प्रकृतिसँग आफूले साइनो गाँस्दै त्यो प्रकृतिले आफूलाई गरेको प्रेम सजीव तवरले व्यक्त गर्दछन् ।

विश्वविमोहन श्रेष्ठको कविता यात्राको दुई चरण हामी विषयबोध र कविको लेखन शैलीमा परिवर्तन देख्न सक्छौं । अन्यथा कवि समाजको, जीवन र प्रकृतिकै कुरा गर्दछन् । पूर्वार्द्ध चरणमा आन्दोलित बनेका कवि २०४४ सालपछि अलि शालीन देखिन्छन् । समाजलाई जाग्न आह्वान गर्दै कवितामा क्रान्तिका कुरा गर्ने कवि परिवर्तनको स्वभाविकतालाई स्वीकार गर्दै दोस्रो चरणमा हिंसाको तस्बिर उतार्छन् । नेतृत्व गर्नेहरूको बेइमानीपनको अप्रत्यक्ष रूपमा विरोध गर्छन् । पहिलो चरण भन्दा दोस्रो चरणका लेखनमा परिपक्वता र भावमा गहनता भेट्न सकिन्छ । अझैं छोटा कविता लेखेर पछिल्लो समयमा आफ्नो कवित्वको राम्रो पहिचान पनि बनाएका छन् । मात्रात्मक भन्दा गुणात्मक कविता लेख्ने कवि विश्वविमोहन विकृति, विसङ्गतिबाट वाक्क छन् त्यसलाई दुबै चरणमा उतारेका छन् तर दुई काल खण्डमा फरक-फरक पृष्ठभूमि भएकाले कविले विषयगत रूपमा आफ्नो प्रस्तुति फरक बनाएको देखिन्छ । विशेषतः दोस्रो चरणमा कवि अलि निराश छन् । किनकि राजनैतिक बेइमानीले गर्दा जनतामा निराशा छाएको छ तर पनि उनी एकदिन पक्कै परिवर्तन हुने कुरामा विश्वास गर्दछन् । मात्रात्मक हिसाबले पनि दोस्रो चरणमा यिनले केही बढी सिर्जना गरेका छन् । पहिलो चरणमा फाट्टफुट्ट गीत लेख्ने गरे तापनि यिनी दोस्रो चरणमा गीत भन्दा कवितामा रमाएका छन् । पहिलो चरणमा प्रयोगवादबाट प्रभावित कवि दोस्रो चरणमा स्वच्छन्दतावादबाट पनि प्रभावित छन् तर विषयका हिसावले भने खासै फरक देखिदैँन ।

समग्रमा कवि श्रेष्ठको कविता यात्रामा तीन कविता सङ्ग्रह प्रकाशित भएका छन् । प्रथम चरणमा एक र दोस्रो चरणमा दुई कविता सङ्ग्रहहरू छन् । तिनका केही प्रवृत्तिगत भिन्नताका आधारमा यिनका कविता यात्राको वर्गीकरण गरिएको छ तर उनको रचनाको विषय भने जीवन, समाज र प्रकृति नै हो ।

# पाँचौं परिच्छेद

# विश्वविमोहन श्रेष्ठका कृतिहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

वि.सं. २०२४ देखि कविता लेख्न थालेका विश्वविमोहन श्रेष्ठले हालसम्म करिब चार दशक लामो साहित्ययात्रा पार गरेका छन् । यिनले आफ्नो साधनाको क्षेत्र नेपाली साहित्यका विभिन्न विधालाई बनाए पनि मूलरूपमा भने कविकै रूपमा प्रसिद्धि पाएका छन् । श्रेष्ठका हालसम्म तीनवटा कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । ती निम्नानुसार छन् :

१. **विश्वविमोहनका केही कविताहरू** (२०४४)

२. **अङ्गारका धमिला धर्साहरू** (२०६२)

३. **एउटा गन्तव्यको खोजीमा** (२०६२)

माथि उल्लिखित कविता सङ्ग्रहका कविताहरुको यस परिच्छेदमा विश्लेषण गरिएको छ । उपर्युक्त कविता सङ्ग्रहरूको विश्लेषण डा. खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** पुस्तकमा चर्चा गरिएको कविताको तत्वको आधारमा कविता विश्लेषण गरिएको छ । कविता विश्लेषणको यस संरचनात्मक प्रारूपका आधारमा कृति विश्लेषण प्रारम्भ गर्नुपूर्व परिचय, विषय प्रवेश, पृष्ठभूमि आदिको कुनै पनि उपशीर्षकमा सम्बद्ध कृतिहरू र कृतिकारको बारेमा सङ्क्षिप्त परिचय दिइन्छ । सम्बन्धित विषयको महत्वपूर्ण सूचना भएमा यसअन्तर्गत उल्लेख गरिन्छ ।[४५]

## ५.२. विश्वविमोहनका केही कविताहरू कविता सङ्ग्रहका कविताहरूको विश्लेषण

### ५.२.१ परिचय

विश्वविमोहन श्रेष्ठको कविता यात्राको प्रथम प्रकाशित कृति **विश्वविमोहनका केही कविताहरू** (२०४४) कविता सङ्ग्रह, तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो । यस कृतिमा गातासहित जम्मा १३० पृष्ठ सङ्ख्या रहेको छ । यस सङ्ग्रहमा जम्मा ३५वटा कविताहरू समाविष्ट छन् । यस संङ्ग्रहमा कविका विभिन्न पत्र-पत्रिकामा फुटकर रूपमा प्रकाशित भएका कविताहरूलाई पनि समेटेर राखिएको छ ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहभित्र सङ्गृहीत सबै कविताहरू प्रगीतात्मक संरचना भएका कविता हुन् । एउटै केन्द्रीय कथ्य (भाव वा विचार) को वर्तुलित विस्तार भएको कविताको बनोटलाई प्रगीतात्मक संरचना भनिन्छ । यस्ता कवितामा व्यक्ति विशेषको भावना र विचारलाई विषयपरक रूपमा अभिव्यक्त गरिन्छ । वैयक्तिक भाव वा विचारलाई वृत्तात्मक रूपमा अभिव्यञ्जित गरिएको विशिष्ट लयात्मक संरचना नै प्रगीतात्मक अभिव्यक्ति हो, यस सङ्ग्रहका अधिकांश कविताहरूमा लेखकका निजी भावना र विचार तथा समाजका तिता मिठा अनुभवलाई व्यक्त गर्ने प्रयास गरिएको छ । यसमा सङ्गृहित कविताहरू गद्यलयका कविताहरू हुन् र यसमा सामाजिक, आर्थिक, प्राकृतिक, राजनीतिक तथा समसामयिक विषयवस्तुमा केन्द्रित भएकाले विषयगत विविधता बोकेका कविताहरू छन् ।

---

[४५] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौं : ने.रा.प्र.प्र., २०६०) ।

### ५.२.२ वस्तु : प्रमुख आधार सामग्री

वस्तुले कृतिको प्रमुख सारभूत अंश वा सारतत्त्वलाई जनाउँछ । वस्तु सवै खाले कृतिमा हुन्छ । विना वस्तु कुनै पनि कृतिको संरचना हुदैन । वस्तु मूलत भाव वा विचारका रूपमा अभिव्यक्ति भए पनि यसको प्रयोग कृतिको प्रकृति अनुसार फरक-फरक ढङ्गले गरिन्छ । त्यसैले वस्तुलाई प्रमुख आधार सामग्री मानिन्छ जसले कृति अर्थ र भाव प्रदान गर्ने काम गर्दछ ।[४६]

विश्वविमोहन श्रेष्ठको **विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा कविले प्रस्तुत गरेको वस्तु सङ्क्षिप्त रूपमा यसप्रकार छन् -

| कविता | मूलभाव/वस्तु |
|---|---|
| यात्रा | मानिसले उद्देश्य पूर्ण यात्रा तय गर्नै पर्छ । हिँडेपछि पक्कै गन्तव्यमा पुगिन्छ । उद्देश्य प्राप्तिका लागि थालिएको यात्रा सजिलो हुँदैन तर निरन्तर अगाडि बढ्नु पर्छ । प्रकृति त आफ्नो पथमा हिँड्दा विभिन्न मोडमा ठक्कर खानु पर्छ झन् मानिसले त आफ्नो सफलता प्राप्तिका लागि घर परिवार प्रेमको बन्धनवाट माथि उठ्न सक्नुपर्छ । सपना देखेर वा चाहना राखेर मात्र केही हुँदैन । प्राप्तिका लागि कर्म गर्नुपर्दा यात्रामा हण्डर खान परेपनि विचलित हुनुहुँदैन भोलिको सुखद् भविष्यका लागि यात्रा जारी राख्नु पर्छ । जो मानिस कठिन भन्दा कठिन चुनौतिसँग डराउन्न त्यो मानिस गन्तव्यमा पुग्न सक्छ अन्यथा काम नगर्ने तर सपना मात्रै देख्ने हो भने त्यो दिवा स्वप्न मात्रै हुन्छ । |
| तिमी आउँदै छौ भन्ने सुनेर | कवितामा परिवर्तनको तीव्र आकाङ्क्षा छ । २०४६ को सेरोफेरोमा लेखिएको यस कवितामा गरिबी, रोग र भोकका विरूद्ध लडेर विजय प्राप्त गर्न सक्ने युगपुरूषको आमन्त्रण गरिएको छ । गरिबी, अभाव र निराशाले खान थालेको बेला अव परिवर्तन हुनै पर्छ । जनताले युगपुरूषको स्वागतका लागि बाटो हेर्दै छन् । त्यो क्रान्तिकारी भएर आउनुपर्छ । वर्तमानले धेरैलाई दुःख दिएको छ । त्यस दुःखवाट मुक्ति दिनका लागि परिवर्तनको ढोका खुलिसकेको छ । केवल अब प्रतीक्षा मात्र वाँकी छ । त्यो अधैर्य प्रतीक्षा जनतामा छ, अब परिवर्तनको अनुभूति जनताले पाउनु पर्दछ । अब यथास्थितिबाट परिवर्तन हुँदै छ, भन्ने कुराले जुन खुशी ल्याएको छ, अझ त्यो रोग, भोक, अशिक्षा र गरिबीका विरूद्ध भएर आए जनताको हर्ष सार्थकतामा परिवर्तन हुनेछ |
| सूर्य जो सधैं यस बस्तीमा आउँछ | सूर्यको आगमन संगै बस्तीमा नयाँ उमङ्ग छाएको छ । सूर्य उदाउनु र अस्ताउनु नियमितता हो । जीवन पनि दिन र रात जस्तै सुख, दुःखको नियमिततामा अगाडि बढ्दछ । हरेक बिहान सूर्यले रातसँग सङ्घर्ष गरेर धरतीमा उदाउँछ र त्यसको प्रत्येक झुल्काले सम्पूर्णलाई दुःखको विरूद्ध निरन्तर सङ्घर्ष गर्न आह्वान गर्दछ । मानिस सधैं न्यानो र प्यारो घामको प्रतीक्षामा हुन्छ किनकि दिनले मानिसमा केही गर्ने उत्साह दिन्छ, रात मस्तसँग निष्क्रियतामा निदाउँछ, सूर्य बस्तीमा हरेक बिहान उदाउने गर्दछ । उसको आगमन एकनास छ तर मानिसको जीवन भने सधैं सङ्घर्ष गर्दा-गर्दै पनि कता - कता भिन्न छ । किनकि एकनाश छैन, मानिसको जीवन विभिन्न मोडहरूमा भिन्न अनुभूति गर्दै अगाडि बढ्छ । |
| खै त्यस्तो छ केही देखिएन | केही विगतका सम्झनाहरू छन् । आशा लाग्दो र रमाइलो विगत काटेर आएका कवि वर्तमानमा निराशा देखिन्छन् । समयले विगतलाई ईश्वरको मिठो बरदान बनाएको थियो तर समयले नै जीवनलाई क्याक्टस जस्तो बनाइदियो । विगतमा प्रकृतिले जीवनलाई प्रकृतिले सिङ्गारेको हुन्थ्यो । आरुबखडा फूलहरू, धान, चामल र आँपका फूलहरूले सबैलाई एउटा मिठो मुस्कान बाडेका हुन्थे तर यसपालि कहीँकतै प्रकृति हाँसेको देखिएन । सगरमाथाको शिर सदा दन्तलहर देखाएर हाँसेको हुन्थ्यो । तर यसपालि हिमाल हाँसेको छैन । लालुपाते र लालीगुराँसको जङ्गलमा डढेलो लाग्दै गएको छ । प्रकृतिको सुन्दरताको नाससँगै मानिसभित्रको उत्साह समेत घट्दै गएको |

[४६] ऐजन । पृ. ६७

| | |
|---|---|
| | छ । समयले निकै ठूलो परिवर्तन ल्याएको बेला आफू खाइखेली हुर्केको परिवेश हिजो जस्तो थियो, आज त्यस्तो छैन । तर यही परिवर्तनसँगै जीवनमा पनि निराशाका रङ्गहरू देखिएका छन् । |
| रमेशमान, विज्ञान र जीवन | वास्तमा जीवन र जीवन भन्दा ठूलो केही छैन । प्रकृति र प्रकृति भन्दा ठूलो केही छैन तर रमेशमान केमेस्ट्रीका पुस्तकहरू पल्टाएर जगत दृष्टि अनि सत्यलाई खोज्दछ । रमेशमान भौतिकतामा संसार खोज्दछ । यहाँ विज्ञानको फर्मुला आफैँ मा अपूर्ण छ । किनकि प्रकृति र जीवन आफैंमा सत्य छ । संसारमा शक्तिको खोजीमा अणु परमाणुको केस्रा केस्रा छुट्याए पनि मानवीय शक्ति भौतिक शक्ति भन्दा माथि हुन्छ भौतिकतामा संसार खोज्न मानिसहरू किताबमा ठेलीहरूमा संसार खोजिरहन्छन् तर वास्तवमा ब्रह्माण्डको असली रूपमा प्रकृतिमा नै देख्न पढ्न र बुझ्न पाइन्छ । खुल्ला प्रकृति र जीवनको अनन्त गहिराइमा पुग्न केमेट्रिका ठेलीहरूका सूत्रहरू अपूर्ण छन् । यी सूत्रहरूले त केवल समग्रलाई खण्डित गरिरहेका छन् । |
| पानी | पानीको शक्ति अनन्त छ । यो आफ्नै गतिमा हिँड्छ । यसलाई सीमित गरेर बन्धनमा राख्न सकिन्न । पानीको स्वतन्त्र बग्ने अधिकारको उ जसरी पनि उपयोग गर्छ उसको कानुन, संविधान उसको स्वतन्त्रतामा नै भेटिन्छ । खेतका गऱ्हाहरूमा सीमित भएर बग्ने पानी बेश्याको आँखामा बग्ने आँशुमा पनि भेटिन्छ । पानी शक्ति हो । यसले आफ्नो स्वरूप बदल्दै जान्छ । यो जङ्गेको तरवारदेखि हिटलरको आदेशमा पनि भेटिन्छ । पानी आफ्नो अस्तित्व कायम गर्दै आफ्नो बाटोमा हिँड्छ । यसको यात्रा जसले रोक्न खोज्छ तब यो आगो ओकल्न थाल्छ । सृष्टि मासिन थाल्छ । वास्तवमा पानी स्वतन्त्रताको प्रतीक हो यसको विरूद्ध हिँड्नेहरूलाई यसले नाश पारेर अघि बढ्छ । तसर्थ स्वतन्त्रताको विरोधहरू खबरदार पानीको निरन्तरता जस्तै स्वतन्त्रता रोक्न नखोज, विस्फोट हुन्छ । |
| म जिन्दावाद गाइरहेछु | निकै ठूलो त्याग र तपस्याबाट निर्माण भएको आधार भत्कदै गइरहेको छ । हामीले टेक्ने धरातल, हामीले फेर्ने सास सबैमा हाम्रो मुक्तिका निम्ति लड्ने वीरहरूको बलिदानी छ । अन्याय, अत्याचार थिचो-मिचोको अनन्त पीडाबाट मुक्ति पाउन नसकेका जनतालाई मुक्तिको सास फेर्ने अवसर दिएर आज अनन्त शक्तिको केन्द्र भएर उठिरहेछन् । जनतालाई शक्तिको भरमा दमनमा दमनकारी शासक वा शासनव्यवस्था विरूद्ध आवाज उठाएर ती निरङ्कुश शासन व्यवस्था जगैबाट भत्काउने हाम्रा वीर सपुतहरू नै हुन् । कविको तिनै सपुतहरूप्रतिको श्रद्धा भाव व्यक्त गरेका छन् र देशलाई स्वतन्त्रता दिनमा लागि लडेर पुरानो व्यवस्था भत्काउने जनताको लागि हलाहल विष पिउन सक्ने ती सपुतहरूलाई सधैं जिन्दावाद गाइरहनु पर्दछ । भन्ने भाव समेत व्यक्त गरिएको छ । |
| नानीहरूको आकाशको निर्माणमा लाग्नेछन् | सुनौलो भविष्यको आशा व्यक्त गरिएको कविता छ । आजका नानीहरू परम्परागत मूल्य मान्यतालाई चिर्दै अभाव र समस्याका विरूद्ध सिर्जनात्मक एउटा दरिलो भविष्य तयार पार्ने छन् । उनीहरूको यात्रामा बाधा दिनु हुन्न । यही प्रकृतिबाट उनीहरूले शिक्षा प्राप्त गर्नेछन् । यहाँका प्रत्येक अवस्थिति हेर्न दिनुपर्छ । जसले उनीहरू स्वयम् आफ्नो सुनौलो भविष्यका लागि सङ्घर्ष गरून् । आजका नानीहरू भोलिका देश निर्माता हुन् । त्यसैले यिनीहरूको हातमा औजारका थमाउनु पर्छ । सीप थमाउनु पर्छ जसको उनीहरू आफ्नो आधार निर्माणमा आफैँ लाग्न सकुन् । |
| को हाँकेर हिडिरहेछ | समयको नेतृत्व गर्ने व्यक्तिहरूले समग्र मानिसहरूको प्रतिनिधित्व गर्न सकि रहेका छैनन् । पुरानै चाल चलन र पद्धतिबाट मानिसहरू आजित भएर थाकेका छन् र पनि उनीहरूलाई हिँड्न लगाइदै छ । परिवर्तनको आभास गर्न खोजेका मानिसहरूलाई परिवर्तनको आभास हुन नदिइ पुरानै ढर्रामा अघि बढ्न लगाउदा कतै संरचना नै भत्किने त होइन ? यहाँ न्याय माग्न मासिनहरू दिउँसो बत्ती बालेर हिँड्नु पर्ने अवस्था भैसकेको छ । पीडा र वेदनाले छटपटाएकाहरू राहतको खोजी गर्दै छन् । अब आफ्नो |

| | |
|---|---|
| | अधिकारका लागि मानिसहरू सचेत भएका छन् । |
| म एउटा बाटो खोजिरहेछु | आफ्नो देशभित्र शरणार्थी जस्तो जिन्दगी बाँच्नु पर्ने पीडा यहाँ व्यक्त गरिएको छ । जुन देशको माटोको लागि आफ्ना पिताहरूले दिलोज्यान अर्पण गरे । त्यो भूमि जो आफ्नो शिरमा छ त्यहीँ बन्दीजस्तो जीवन भोग्नु पर्दा कष्टप्रद हुन्छ । त्यसैले अब एउटा सुन्दर, स्वतन्त्र आकाशको आवश्यकता छ । यसमा विशेषतः शरणार्थीको पीडा व्यक्त गरिएको छ भने जुन धरतीमा माता पिता पुर्खाले कर्म गरे त्यहीँ आफ्नो स्वतन्त्रता हरण भएर अनागरिक जस्तो हुनु पर्ने दुःखद् परिवेश र त्यस्तो परिवेश निम्त्याउने शासकहरूको यहाँ चित्रण गरिएको छ । |
| नयाँ नेपालको चित्र लेख | समाज धेरै समय अन्धाकार र अन्योलमा बित्यो अब परिवर्तनका लागि जुर्मुराउनु पर्दछ । त्यसैले हे ! नानीहरू हो । अब जुट्नु पर्छ, धेरै समय यो अँध्यारोमा बस्नु हुन्न एउटा सिङ्गो युग नै हामीले अन्धकारमा बिताइ सकेका छौं । अब अज्ञान र अशिक्षाको पहाडलाई छिचोल्दै एउटा सुनौलो भविष्यका लागि मोर्चा बन्द हुनुछ । हामीले अन्धकार, अशिक्षा, अन्धपरम्परा र कु-संस्कारमा जकडिएर निकै कष्टप्रद समय बिताएर आएका छौँ । अब सुनौलो भविष्यका लागि यो भोक, रोग र अशिक्षा विरूद्ध उत्रिएर एउटा सुन्दर नेपालको निर्माण गर्नुपर्छ । |
| तिम्रो अस्तित्व पाइरहेछौँ | कवितामा भाषा, साहित्यका साधक भानुभक्तको सम्झना गरिएको छ । हामीले जुन भाषामा आफ्ना भावनाका सञ्चार गरिरहेका छौँ । त्यस भाषाको बीजाधान गर्ने र लोकलाई भाषाको माध्यमद्वारा सरल साहित्य दिने व्यक्तिको अस्तित्व नै भाषामा छ । व्यक्ति नरहे पनि उसले गरेको कामहरू जीवन्त हुन्छन् । त्यसैले कविको मस्तिष्कमा तिनै सर्जकप्रतिको अगाध आस्था छ । कविलाई लागेको छ, सूर्यको प्रथम किरण पनि भानु कै प्रेम बोकेर आउँछ । वर्षौंदेखि उजाड, मरूभूमि जस्तै निकम्मा बनेका मान्छेका मस्तिष्कहरूमा भाषाको बीउ रोपेर निष्प्राण भाषालाई जीवन दिने व्यक्तिलाई कविले उनैले रोपेको भाषामा उनैको आकृति देखिरहेछन् । |
| मृगतृष्णा | जागिर मात्रै मृगतृष्णा जस्तो छ । यो न घट्छ न बढ्छ । केवल महँङ्गी वढ्छ । जागिर केवल आफ्नै खर्चलाई ठिक्क छ । सधैं घर र अड्डाको रूटिङ्गमा चल्ने जिन्दगी परिवारका सदस्यसँगैको कुनै रमाइलो क्षण बिताउन पनि पाइन्न । परिवारसँगैको रमाइलो र बन्ध्याकरण जस्तो यसरी काम गर्दा पनि न त जिन्दगीको कुनै रङ्ग फेर्न सकिएको छ । न त अभावकै गर्जो टार्न सकिएको छ । जागिर त केवल अड्डा जाने आउने खर्च मै ठिक्क छ । जागिर खानु र नखानुमा फरक जिन्दगीको रूटिङ्ग परिवर्तन र कार्यव्यस्तता बाहेक अरू केहीमा छैन । तर पनि मानिसहरू अभाव पूर्ति नगर्ने भएपनि त्यही जागिर मै हिरिक्क हुन्छन् र जागिरेहरू पनि त्यसैको पछि दौडन्छन् । |
| दिदी ! मलाई आशिष देउ | कविताले समय परिस्थिति तथा परिबन्धले टाढा भएका दिदी भाइको तिहारको कथा बोकेको छ । तिहारको बेलामा अभाव र विपन्नताले घरदेखि टाढा भएको भाइ भाइटिकामा दिदीको हातको टिका थाप्न आउन नसक्दा उ आफ्नी दिदी र घर सम्झिरहेको छ । धरै समयपछि तिहारको दिन दिदी जस्तै आइमाई मन्दिर जाँदै गरेको देख्दा उभित्र दिदीको सम्झना गाढा भएर आएको छ । त्यसैले तिहारमा आफ्नो दिदीसँग भेट हुन नसकेपछि अर्को वर्ष भेट हुनेछ । बरू टाढै भए पनि मलाई तिम्रो आशीर्वाद उपहार स्वरूप पठाई देऊ भन्ने भाव कवितामा व्यक्त गरिएको छ । उता दिदीले पनि मलाई निकै सम्झेकी होली तर तिमीबाट टाढा भएको यो समय म रोडा वालुवा अनि माटो ओसार्दै छु र आत्माग्लानीले आहत भएर तिमीलाई सम्झिएको छु । |
| एक बैंस गजवले मातूँ लाग्छ | जिन्दगीको कुनै निश्चित अर्थ र भरोसा छैन । घरी घरी मृत्युले चिमोटी रहेको हुन्छ । यो विसङ्गत छ । खाली जीवन निरर्थक मृगतृष्णा भै दिन्छ । उकुस-मुकुस छटपटी र कोलाहल बीच पूरा हुन नसकेका सपनाहरूको थुप्रो बनाएर जीवन हुत्तिइ - रहेको छ । यहाँ थुप्रै वाधा बन्धन र निराशाहरू छन् । यसै बीचमा सबै बन्धनहरू फुकाएर यो बैंसमा गजबले हाँस्न पाए हुन्थ्यो । किनकि जीवनको केही भर छैन् । त्यस्तै छोराछोरी |

| | |
|---|---|
| | श्रीमती र आफ्नो यथार्थ पनि बिर्सिएर रमाईलोमा केही प्रहर बिताउन मन लागेको छ । के भर यो व्यर्थको जिन्दगीमा कति बेला दुःख आइपर्ने हो । |
| एकटुक्रा | मनिसको जीवनको अर्थ उसको उपयोगितामा छ । जसरी पुलको अर्थ जोडिनु र फूलको अर्थ फुल्नुमा हुन्छ । कवि अरूण नदीको सेरोफेरोमा आफ्ना जीवनमा थुप्रै प्रहरहरू बिताएका छन् । त्यहाँ आफू कर्म गर्दा गर्दै कतै कर्मपथ बिराएको ठानी आफूलाई अरूण नदीकै सेरोफेरोमा रोपि दिन आग्रह गर्दछन् । समग्रमा कविले आफ्नो जीवनको विगतलाई सम्झदै यो कविता सिर्जना गरेका छन् । |
| जिन्दगीको परिवेश | आणविक शस्त्रअस्त्रले निसासिने अवस्था छ । मानिस बाँच्नका लागि थुप्रै सङ्घर्ष गर्छ तर ऊबाट नै आफैं बाँच्ने धरातल नै युद्धमय भएकोले बाँच्ने बाटाहरू साँघुरिएका छन् । जीवनमा नदीको गति र हिमालको दृढता दिन चाहे पनि अभाव सङ्कट महङ्गीले जीवन झन् युद्धको पीडा सँगै पराजय तर्फ उन्मुख भएको छ । थुप्रै सङ्घर्ष गर्दा पनि उपलब्धिहरू पनि शून्य  छन् । जति फैलन खोज्यो उति साँघुरिन परेको छ । आफूले फैलन खोजेका बाटाहरू पर्खाल लागेका छन् । यही सीमिततामा बाँच्नका लागि साहरा दिने कुनै हातहरू छैनन् । जीवन झन् निस्सार बन्दै छ । जीवनको परिवेश विसङ्गत छ । चुनौती नै चुनौतीहरू छन् । |
| आफ्ना भन्नलाई छैनन् । | आफ्ना गाउँ-ठाउँ छोडेर आफ्ना भन्ने कोही नभएको सहरमा कवि आइपुगेका छन् । आफ्नो परिवेश, धुपी, सल्ला सुनगाभा र सुनाखरी देख्न नपाइने सहरमा हरेकको अनुहारमा केवल उदासीनता मात्रै देखिन्छ । नदीको कलकल, चराहरूको चिरबिर सुनिने एकान्त नभेटिने सहरका मानिसहरू आँखो खोसिएका जस्ता छन् । त्यहाँ कोही पनि सुखी देखिन्नन् कविलाई आफू पुगेको सहरमा अनौठो लागेको छ । |
| मैले मन पराएकी केटी | कवितामा आफूले मन पराएकी केटीको वर्णन गरिएको कविता छ। स-साना लाम्चिला आँखा नमिलेका सेता दाँत  भएकी केटीको केशमा कालीमा र गलामा लालीमा छ । कर्मनशा तमोर भएर बगेको छ । जिन्दगीमा आफूले मन पराएकी केटीलाई कहाँ र कहिले भेट हुन्छ, पत्तो छैन । ऊ मनभित्र ठूला-ठूला आकाक्षांहरू सङ्गालेर अभाव र सङ्कटमा पनि योग्य पति र कर्तव्य निष्ठ पत्नीको दायित्व निर्वाह गरिरहेको अवस्थामा खै भविष्य कस्तो हुने हो । अनिश्चित छ, यो अनौपचारिकता जिन्दगीमा के-के हुन्छ कुन्नि थाहा छैन । आँशु पिएर उनलाई हसाउने छु वा ऊ हाँस्ने प्रयत्न गर्ने छे केही थाहा छैन । |
| उचालेर समयलाई आफ्नो काँधसम्म | विश्वासले समयलाई नियाल्दा कविको मनमा मिठो ध्वनी गुञ्जित भइ रहेको छ । कलम र विचारका माध्यमबाट समस्त अँध्यारोलाई चिर्दै समस्त शङ्कालाई उदाङ्ग पार्दै ध्वंसका विरूद्ध अक्षरहरूले परास्त पार्दै निरन्तर नयाँ खोजमा कवि तल्लीन छन् । समयलाई आफ्नो काँधमा बोक्ने साहस जुटाएर छलकपट, प्रपञ्चलाई हटाएर एक हृदय र अर्को हृदय बीच विश्वासको स्थिति पैदा गर्दै समस्त मानवका बीचमा प्रेमको सञ्चार गर्न सकियोस् । त्यसका लागि विचार र अक्षर माथि विश्वास हुनु पर्दछ । तब बल्ल समयलाई अझ भनुँ युगलाई आफ्नो काँधमा बोकेर हिँड्न सकिन्छ । |
| अङ्गारक धमिला धर्साहरू | आफ्ना भनेकाहरू कहिले पराइ भईदिन्छन्, भने कहिले पराइ आफ्ना  हुन्छन् । त्यसैले देखेको जे छ त्यो नभएर भोगेपछिको यथार्थ मात्रै साँचो हुन्छ । हामीले जीवनमा धेरै थरी मानिसहरू भेट्छौं । उनीहरूको आफ्नै भोगाई र आफ्नै बिलौनाहरू छन् । समयको यो प्रवाहमा कसैमाथि पनि हामीले आँखा चिम्लेर विश्वास गर्न हुँदैन सर्वत्र विचार पुऱ्याउनु पर्दछ । हामीलाई जहाँ कही पनि दृष्टि भम्र हुन सक्छ । विचार गरिएन भने ठक्कर खाइन्छ । यहाँ धेरै भ्रमहरू छन् । त्यसलाई हामीले चिन्न सक्नु पर्छ । जीवनमा तिनै भ्रमहरूबाट प्राप्त ठक्करबाट एउटा नयाँ जीवनको बाँच्ने सिकाई हुनुपर्छ । |
| पानी गल्दैन | जीवनको विसङ्गतिको चित्रण छ । धेरै कुराहरूवाट जेलिएको जीवन अनेक प्रकारको देखिन्छ । सवैलाई एकै तवरले बाँच्नु र हिँड्नुमा रमाइलो छैन । सवैका आ-आफ्नै बिलौनाहरू छन् तर पनि मृत्यु सत्य छ । त्यही मृत्युदेखि भाग्ने मानिस कहिलेकाँही |

| | |
|---|---|
| | त्यही मृत्युको नमुनाले पनि रमाउन पुग्छ । यो प्रयोगधर्मी कविता छ । एउटा विसङ्गत जीवनको मृत्युबोध गरिएको कविता छ । |
| एउटा बस्तीको कथा | पूर्वको आफू खेली हुर्की बढेको बस्तीको सम्झना गरेर लेखिएको कविता छ । सानो आफ्नो विश्वासमा संसार बनेर बसेको गाउँका आफ्नै कथा व्यथाहरू छन् । वर्षामा बाढी पहिरो प्राकृतिक प्रकोप आदिले सारै दुःख दिने गर्दछ । हिँउदमा हिउँ पर्छ, सारा वस्ती नै कठ्याङ्ग्रिने गरी, यो सब सहेर एउटा सुनौलो भविष्यको आशामा बस्तीका मान्छेहरू बसेका छन् । प्रदेश गएर दुःख नगरी त्यहाँका मासिनहरूको जीवन चल्दैन एउटा अत्यास लाग्दो दुःखको बीचमा पनि गाउँ शान्त छ र त्यसको सुन्दरता कामय छ । |
| मुक्ति | सङ्घर्षको मैदानमा उत्रेपछि कि हार हुन्छ कि जीत हुन्छ । जताततै अन्याय फैलिएको र अन्याय गर्नेहरूले नै दमन गरिरहेको बेलामा कविले न्यायकै साथ दिनु पर्छ । साथै यो बेलामा सेवा सुबिधा र मान - सम्मान होइन केवल मुक्तिका लागि लेख्नु पर्छ । सबैतिर त्राही त्राही चलेको बेला एउटा कवि कसरी त्यसबाट अछुतो हुनसक्छ र ? त्यस परिवर्तनका लागि भएको सङ्घर्षमा उसको पनि साथ हुनु पर्छ । चाहे त्यो हार वा जीत जे सुकै होस्। |
| विश्वासका दुई पोका | विश्वासले संसार जित्न सकिन्छ । तर शङ्काले हार निम्त्याउँछ भने झै कविताको युगमा पूर्ण विश्वास छ । ऊभित्र इच्छा आकाङ्क्षा जीवित छन् । ऊ त्यसलाई फल्न फुल्न दिन चाहन्छ । त्यसका लागि ऊभित्र दृढता छ, उजीर्ण बनेको युगलाई अन्त्य गरेर एउटा नयाँ युगको सुरूवात गर्न चाहन्छ । जुन युगले सबैलाई नयाँ उज्यालो दिन सकोस् । देशमा २०४६ अघिको पञ्चायती शासनकाल चलिरहेको बेलामा परिवर्तन गर्न युगपुरूषले खोजिरहेको बेलामा त्यसमा सफलता मिलेरै छोड्ने विश्वास कवितामा छ । |
| जिन्दगी | जिन्दगी अनौठो छ, जे जस्तो छ त्यस्तै गर्दै भोग्दै जानुपर्छ । केही पीडा छन् । त्यसमा केही रमाइला पक्ष छन् । हार छ जीत छ । त्यसैले यसमा हिँड्न छोड्नु हुदैन । भेटेकाहरू छोड्नु पर्छ नयाँसँग सम्बन्ध गास्नु पर्छ । आँसु जिन्दगी हो तर अरूलाई नरोउ भन्दै अगाडि बढ्नु पर्छ । जिन्दगीको अर्को अर्थ गतिशीलता हो समयक्रम सँगै जिन्दगीको गतिलाई अगाडि बढाउँदै लाग्नु पर्छ । दुःख पीडा बिर्सेर नयाँ गोरेटो खोज्दै अगाडि बढ्नु नै जीवन हो । |
| सडक बोल्छ | सडक हरेक कुराको साँक्षी छ । हरेक परिवर्तनका लागि सडक बोल्नु पर्छ । यो मौन छ तर हृदयमा कान हुनेहरूले सुन्न सक्छन् । यो हरेक कुराको साक्षी भएर गाइनेको धुन भएर बोलिरहेको छ । हरेक सामाजिक तथा राजनैतिक विकृतिका बिरूद्ध सडक पोल खोलेर बोल्छ । अन्याय अत्याचार भ्रष्टचार र व्यभिचारको बिरूद्ध सडक बोल्छ । यो कुनै बम बारूददेखि डराउदैन अभाव महङ्गी र सङ्कटमा पनि यो प्रत्यक्ष द्रष्टा बनेर सहिदहरूको सपनामा पनि बोलिरहेको हुन्छ । त्यसैले सडक सबैको साक्षी हो । यसले हरेक युगको कथा सुनेर देखेर र पढेर आएको छ । |
| ऊ मेरो छोरो हो | छोरो सपनाको धरोहर हो । आफूले खाई नखाई माया गरेर हुर्काएको छोरोमाथि थुप्रै सपनाहरू छन् । जिन्दगीको एक मात्र सहारा मानिएको छोरो कविको हाँसोको केन्द्र बिन्दु पनि उही भएको छ । प्रभातमा खुल्ने किरण र लालीगुराँस तथा सूर्यमूखी फूल नै उनी आफ्नो छोरा भएकोले ऊ नै आफ्नो सुखद् भविष्य हो भन्ने ठानेका छन् । आफ्नो आशाको केन्द्रबिन्दु रहेको छोरो सधै जिन्दगीमा एउटा मिठो लालीमा बनेर आउने र आफूलाई जगाई राख्ने विश्वास राख्दछन् । समग्रमा कविले कहिले ननासिने सूर्य चन्द्र र पृथ्वी आफ्नो पुत्र मान्दै आफूलाई प्राण दिने रक्त बिन्दु नै उसैलाई मानेका छन् । |
| भैगो मलाई जान देऊ | रात सिकुवामा बास माग्न आएको छ । रातको कथा र मानिसको जीवनको कथा एउटै छ, रात आफ्नी प्रेयसीलाई भेट्न आउँछ धर्तीमा अनि बिहानी भालेको बसाइ सँगै बिदा हुनु पर्छ । मान्छेको जीवनमा पनि सुख दुःख घाम छायाँ जस्तै छ । यहाँ प्रेम गर्नेलाई |

| | |
|---|---|
| | पनि बिछोडको पीडाले झक्झक्याएको छ । प्रेम र सुख्खा बगरमा मरूभूमि ओठ बोकेर हिँड्नु जत्तिकै कठिन भएको छ । प्रेम र प्रेयसी नदीका दुई किनार जस्तै छन् । जसले घरी मुटु चोइटाएर लैजान्छ । तर पनि हिम्मतले यात्रा गर्नुपर्छ भोलि कलिलो दिन उदाउन सक्छ । आशा मार्नु हुन्न । यात्रामा निरन्तर अगाडि बढ्नु पर्छ । यही जीवनको विसङ्गतिको माझबाट जीवनलाई अगाडि बढाउन सकिएको खण्डमा पक्कै कुनै गन्तव्यमा पुग्न सकिन्छ । |
| फर्काएर ल्याउ | 'क' र 'ख' दुई पात्रलाई कविले यहाँ उल्लेख गर्दै चकनाचुर भएर पाइलाको डोबमात्रै छोडेर गएको 'क' लाई फर्काएर ल्याउन 'ख' लाई आग्रह गरेका छन् । 'क' ले कहिले नफर्कने भन्दै गएको छ । यदि उ साँच्चै फर्किएन भने तिम्रो लागि साँचै खतरनाक भएर उभिन सक्छ । त्यसैले 'ख' तिमी 'क' लाई रोक्ने पर्दछ । बरू उसलाई हिमालको उचाइ दिनुपर्छ । तिमी सडक भएर रहन सक्नु पर्छ । किनकि ऊ हुनु नै तिम्रो लागि निकै उचित छ । यहाँ 'क' लाई युग पुरूषको रूपमा र 'ख' उसको पद पछ्याउने व्यक्तिको रूपमा चित्रण गरिएको छ । |
| मलाई बचाऊ | जतातत‍ै सङ्कट नै सङ्कटहरू छन् । तर पनि सङ्कटका बीचमा पनि बाँच्ने जिजीविषा छ । जीवनले गति लिन सकेको छैन । जताततै हाहाकार मात्रै सुनिन्छ । यो गतिरोधले जीवन फैलन र फुल्न सकेको छैन । मनभित्र रङ्गीन सपनाहरू छन् । तर ती सपना दमन र कुचक्रको भुइँचालोमा परेर मौन छन् । आफू बाँचौ र अरूलाई बचाऊँ भन्ने चाहाना सबैको सपनामा परिणत भएको अवस्था छ, आफैं ले रचेको भू-स्वर्ग बालुवाको थुप्रो जस्तो भयो । आफूले रचेको चक्रव्यूह भत्किएर आफ्ना कलिला रहर मृगतृष्णा जस्तै बन्दै गइरहेको छन् । जता जतै आतङ्क मच्चिएको छ । हाहाकार छ, डढेलो र हिमपातहरू छन् । लौन मलाई यसबाट बचाउ भन्ने भाव व्यक्त गरिएको छ । यो पृथ्वीले आफ्ना सन्ततिमाथि गरेको आग्रह हो । |
| गोर्खा पल्टनको सिपाही | दोस्रो विश्व युद्ध लडेर घर फर्किएको गोर्खा पल्टनको सिपाहीको अनुभवहरू यस कवितामा छन् । समय नियमित आफ्नो रफ्तारमा अघि बढिरहेको छ । महत्वाकांक्षा धेरै राख्ने गोर्खा पल्टनको सिपाहीको लडाइँमा दायाँ खुट्टा काटिएको छ । शरीरबाट निकाल्न नसकिएका केही बुलेटका छर्राहरू छन् । तिनले धेरै सताउने गर्छन् । आफ्नो देश फर्कदा लुलो शरीर र पैसाको बिटो साथमा तक्मा लिएर फर्किएको सिपाही अब ऊसँग बचेको ऊर्जा केही छैन् । मात्र लडाइका अत्यास लाग्दा सम्झनाहरू छन् । अब ऊ त आफ्नो देशमा केही गर्न नसक्ने छ र सम्झँदै छ आफूलाई भाग्यद्वारा नै निर्वासित भएको गोर्खा पल्टनको सिपाही हो । |
| केही फूल र कोपिलाहरू | यहाँ धेरै कुरा छन् । मन नै उजाड पार्ने जङ्गल र बाढीले उजाड पारेर बगरदेखि सुकेका झरना र भत्किएका चौतारोहरू छन् । जिन्दगीका उकाली ओरालीहरूमा केही सहज त धेरै कहाली लाग्दा अप्ठ्यारा बाटाहरू छन् । त्यसमा पनि निरन्तर चुशिरहने र घुमिरहने भवँराहरू छन् । यहाँ छट्पटी उकुसमुकुस वितृष्णा, कोलाहल, अभाव, सङ्कट र अनन्त वेदनाहरू छन् । यसै वेदनाको बीचमा पनि घरी घरी गिज्याई रहने भवँरा रूपी मानिसहरू पनि छन् । एकातिर दयाको भिख भागिरहेको बेलामा अर्को तर्फ निरीह माथि लुछाचुँडी नै रहने अवस्था पनि छ । त्यसैले यहाँ धेरै भिन्नताहरू छन् । |
| विश्व शान्ति | चारैतिर युद्ध नै युद्ध छ, यो युद्ध फेरि कसैको पक्षमा छैन । यो युद्धले सबैलाई दुःख दिएको छ । गास, बास खोसेर त्यसलाई बम बारुदमा खर्च गरिएको छ । जतासुकै त्रास नै त्रास छ । पानीको सतह तथा अन्तरिक्षमा पनि मिसाइल बिछ्याइएको छ । अझै पनि हिरोसिमा नागासाकी युद्धको पीडाले तर्सिएर रोइरहेको छ । युद्ध कसैको हितमा छैन र पनि मानिसहरू शक्तिको होड बाजीमा बिनास तर्फ उद्धत छन् । जतासुकै फैलिएको युद्धको हुँङ्कारले सारा सृष्टि नै रक्ताम्य भई सकेको छ । यो बेलामा विश्व शान्तिका लागि आवाज उठाउँदा कसले सुन्ने ? आवाज उठाउने मानिस नै असुरक्षित छ । चारैतिर युद्ध पिपासुहरू अशान्ति मच्चाउन गोमन साँप झैं फणा |

| | |
|---|---|
| | फैलाएर बसेका छन् । विश्व शान्ति केवल एउटा मृगतृष्णा जस्तै भएको छ । यो युद्धमा शान्तिको लागि उठेको आवज कस्ले सुन्ने ? |
| म भात जोरूँ कि कविता लेखूँ ? | एउटा कविको दर्दनाक अवस्थाको चित्रण गरिएको कविता छ । यहाँ सिर्जनामा लाग्नेहरूको भविष्य सुरक्षित छैन । उनीहरूलाई बाँच्नका लागि धौ-धौ छ । एउटा गरिब कवि कविता लेख्छ, उसले जहान परिवार उसकै कमाइमा आशा गर्छन् । तर सधैं आकाश धर्ति जोड्ने कविता लेख्ने कवि परिवारमा एक पेट टन्न खान सक्ने र एकसरो लुगा साथमा छोराछोरीलाई उचित शिक्षाको व्यवस्था गर्न सक्दैन उसले लेखेर केही पाउने अवस्था  छैन । त्यसैले ऊ लेख्ने वा परिवारको आवश्यकता पूरा गर्ने अझै असमञ्जस्यता छ । गरिबी र विपन्नताबाट मुक्ति पाउन नसकेको उसको परिवारको धमिलो आशाले कविलाई चसक्क बनाएको छ । कविता लेख्ने समग्र कविहरूको कथा व्यथा उल्लेख गरिएको कविता छ । सर्जकको सिर्जनाको मूल्य नदिँदा वा नहुँदा ऊ सधैं अभाव छटपटीमा बाँच्नु पर्ने बाध्यात्मक अवस्थाको चित्रण कवितामा गरिएको छ । |

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा परिवर्तनको तीव्र आकाङ्क्षा देखिन्छ । समयको निरन्तर प्रवाह जस्तै रोग भोक अशिक्षा विरूद्ध परिवर्तन भएर नै छोड्छ । यदि त्यसलाई कसैले रोक्न खोज्यो भने ऊ आफैं  सखाप भएर जानेछ । जसरी नदी वा पानीको प्रवाहलाई रोक्न खोजियो भने उसले सबै भत्काएर आफू हिँड्ने बाटो बनाउँछ । त्यसैगरी परिवर्तनका लागि सबै जागिसकेको अवस्थामा अब यो आवाजलाई दबाउन खोज्नु हुन्न । यो समय भिखमङ्गा फकिर सँग सडक जुर्मुराएको अवस्था हो भन्दै कवि कवितामा आफ्नो आक्रोश यसरी व्यक्त गर्दछन् ।

पानी रूष्ट हुन्छ
पानी दुष्ट हुन्छ
रोकेर समयको पाइलालाई
जहाँको तहीँ
बजाउँदै घोडाको टाप
पानी
पानी कै विरूद्ध
आगो ओकल्छ ।          (पृ. २६)

एउटा युग हामी
अन्धकारमा पट्टी बाँधेर बस्यौं
अर्को युग हामी
के हो ? के हो भन्दै
अलमल्लमा पर्‍यौं
अब हामी तेस्रो युगमा
पदापर्ण गरिरहेछौं
ब्युँभ मेरा शिशुहरू हो
हाम्रो सिंहनादले ब्युँभ
आजको यो जुलुसको आवाजले
ब्युँभ ।                    (पृ. ४०)

हेर जताततै अचेल
अन्यायले टाउको उठाइरहेछ
हामी न्यायको भोकाहरू बिरूद्ध
यसबेला मुलुकमा

सङ्घर्ष चलिरहेछ (पृ. ७८)
घुम्ने मेचको अन्धो हाकिम
निन्द्राले उँघिरहँदा
घुसको पोल खोलेर सडक बोल्छ
थाकेर सूर्य पश्चिममा ढल्दा
फैलदैं गएको साँझ सँगै
भोकाहरूको पेट भएर सडक बोल्छ । (पृ. ८५)

यसरी विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूमा कान्तिधर्मी चेत र तीव्र परिवर्तनको अपेक्षालाई व्यक्त गर्न पुग्दछन् ।

कवि विश्वविमोहन आफ्ना कविताहरूमा समसामयिक परिवेशको चित्रण गर्दछन् । यिनीका कविताहरूमा विशेषतः सामाजिक दुर्नियतीपूर्ण अवस्था अनि त्यसले समाजमा पारेको नकारात्मक असरको चित्रण गर्दछन् । यिनी युद्ध होइन शान्तिमा विश्वास गर्दछन् । त्यसैले युद्धमच्याएर मानिस-मानिस जुधाउने काम उनलाई राम्रो लाग्दैन । उनी अभाव विसङ्गति र विकृति विरूद्ध लडाइँ हुनुपर्ने मान्यता राख्दछन् । आणविक शास्त्रअस्त्रले विश्वमा आतङ्क मच्चाइरहेछ । यो बेला यहाँ थुप्रै अभावहरू छन् । जागिरेले महिनाभरि काम गर्दा खान पुग्दैन । आफ्नो ठाउँमा, काम गर्नेलाई अवसरहरू पनि छैनन् जसले जीवन निकै कष्टप्रद हुँदैछ ।

त्यसैले कविले वर्तमान युगले भोगिरहेको पीडालाई कवितामा यसरी व्यक्त गर्दछन्,

आज त्यो अतीतको
सम्पन्न पुर्ख्यौली घर
जगैबाट भत्किरहेछ
त्यसको अस्तित्व कुल्चन
यी छोराहरू उत्पात मचाइरहेछन् । (पृ.२८)

किन गिद्ध मडारिरहन्छ
आकाशमा
बेला-कुबेला यसै पनि
किन कराइरहन्छ
काग
काठमा बसेर
मध्यान्हमा त्यसै पनि
एकहूल मानिसहरू
दिउँसै बत्ती बालेर
उज्यालो खोज्न लागिरहेछन् । (पृ.३३)

आज एक पटक
मेरो देश ब्युँझेको छ
चिरनिन्द्रबाट
र व्युँझेको छ
नयाँ घामसँगै
आजको यो बिहानी भएर (पृ.३९)

यसरी कवि विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूमा तत्कालीन परिवेश अर्थात् समसामयिक परिवेशको चित्रण गर्दछन् । यिनी आफ्ना रचना काम परिवर्तनको सङ्घारमा रहेका र भोलिको सुखद भविष्यका लागि सिङ्गो समय नै जुर्मुराएको देख्दछन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा कविले जीवनको अस्तित्ववादी विसङ्गतिवादी पक्षको चित्रण गरेका छन् । मानिस जस्तोसुकै अवस्थामा पनि आफू बाँच्न चाहन्छ

र त्यसका लागि सङ्घर्ष गरिहन्छ तर पनि उसका सङ्घर्षहरू निरर्थक छन् । उसले सोचे जस्तो जीवन छैन यो त केवल भोगेजस्तो छ । जीवन भोगाइका क्रममा थुप्रै हण्डरहरू खानु पर्छ । यी ठक्करहरूले मानिसलाई निराश बनाउँछन् । तर यात्रामा हिँड्नु पर्छ एकदिन गन्तव्यमा अवश्य पुगिन्छ भन्ने कवि जीवन आशा र निराशा दुबै रहेकोले कविता कतै जीवनवादी त कतै शून्यवादी भएर देखिन्छन् :

म हताश - निराश
टोलाएर हेरिरहेछु
पोहोर हामी जिन्दगीलाई
ईश्वरको वरदान भन्ने गर्थ्यौं
अहिले त क्याक्टसलाई पो
जिन्दगी भन्न लागिरहेछ । (पृ.१७)

वास्तवमा जीवन र
जीवन भन्दा ठूलो
केही छैन भन्ने सत्य
वास्तवमा प्रकृति र
प्रकृति भन्दा ठूलो
केही छैन भन्ने सत्य
सम्भवतः था छैन उसलाई । (पृ.२१)

लाग्छ जिन्दगी
खेर गएको वीर्यपात जस्तो
खालि स्वप्नदोष भइरहेछ । (पृ.५४)

कवि विश्वविमोहन श्रेष्ठ घरि जीवनलाई अगाध प्रेम पर्छन् त घरि जीवनको जटिलताबाट दिक्क बन्दछन् । त्यसै उनी जीवनको मूल्य ठूलो ठान्दछन् तर यसका थुप्रै जटिलताले कोट्याएर निराशा पनि व्यक्त गर्दछन् ।

**विश्वविमोहन श्रेष्ठका केही कविताहरू** सङ्ग्रहका कविताहरुमा विभिन्न विकृति विसङ्गतिहरूको चित्रण गरिएको छ । समाजमा, जीवनमा अर्थात विश्वमा नै थुप्रै विसङ्गतिहरू छन् । अभाव, रोग, अशिक्षा अनि  सन्त्रासहरू छन् । यसले जीवनलाई निकै जटिल बनाइरहेको छ । मानिसको भाग्य कमजोर छ । ऊ सामाजिक परिवेशले जेलिएको छ । ऊ आफैँले चाहेर पनि आफ्नो जीवन आफ्नै तवरले बाँच्न पाउँदैन किनकि विकृति विसङ्गतिहरूले समाजलाई डरलाग्दो बनाएका छन् । विश्वासको कतै वातावरण छैन । शक्तिशालीहरू शक्तिमा छन् कमजोर कोही पनि त्यसका हिस्सेदार छैनन् । यहाँ तर गरिखाने वातावरण पनि छैन । यसले सबैलाई दुःख दिएको छ । नेतृत्व गर्नेहरूले जनताको भावना बुझ्न सकेका छैनन् । समाज असल नेतविहीन जस्तो भएको छ । कविको आफ्नो त्यो भावलाई यसरी व्यक्त गर्दछन् ।

तिमी जो कतै काखीमा लुकाएर
त्यो जो कतै निर्यात गर्न लागिरहेछौं
तिमी जो कतै प्रलोभनमा फँसेर
त्यो जो कतै लिलाम गर्न लागिरहेछौं
त्यो माटो
जहाँ सगरमाथा उभिएको छ
त्यसलाई मेरा पिताहरूले
आफ्नो रगतले नपुगेर
जीवन दिएर ल्याएका थिए । (पृ. ३६)

म सधैँ आकाङ्क्षा बुन्छु
तर प्रत्येक चोटि
मलाई पराजयको माला
पहिरेर जान्छ
यो सङ्कट
यो अभाव र
यो महङ्गी (पृ.६०)

ए सुन्यौ के ?
यो दमन र कुचक्रमा पनि
हाँस्दै छ एउटा अनुहार
म भित्र एउटा भीषण
भुइँचालो जाँदै छ
आऊ
कोही छौ ?
मलाई बचाऊ । (पृ.९७)

कवि समाजमा रहेका महङ्गी सङ्कट र सन्त्रस्त परिवेशबाट दिक्क छन् । त्यसैले उनी विसङ्गतिहरूको चित्रण गर्दै परिवर्तनको अपेक्षा पनि राख्दछन् ।

यस कविता सङ्ग्रहका कविताहरुमा कविले युद्धमय परिवेशको चित्रण गर्दै शान्तिप्रतिको अगाध आस्था व्यक्त गरेका छन् । सिङ्गो युगयुद्धबाट गुज्रिएर आयो । त्यो युद्धको पीडा अहिलेसम्म पनि मानिससँग छ । त्यसैले मानिसलाई सिध्याउने युद्धको कुनै अर्थ छैन । हिरोसिमा नागासाकीको पुरानो इतिहास सम्फदै कवि अहिले अन्तरिक्षमा समेत आफ्नो पकड कामय गर्न आणविक शस्त्रअस्त्रको होडमा विश्व लागेको छ । यो युद्धले खाली समाजलाई खण्डित बनाएको छ । श्री युद्धको अनन्त पीडाबाट मुक्ति पाउनको लागि अब शान्तिको बाटो खोज्नु पर्छ । शक्तिको होडबाजी मानव संरचना ध्वस्त पार्न हुँदैन । यसलाई जोगाएर विश्व मानवीयताको पक्षमा अगाडि बढ्नु पर्दछ भन्ने धारणा राख्दछन् । यसमा कवि भित्रको शान्ति प्रेम र मानवतावादी धारणा युद्धमय परिवेशको चित्रण पनि कवितामा देख्न पाइन्छ ।

प्रत्येक क्षण देखापर्छ
मिसाइल्स र बम
बम र मिसाइल्स
यी आँखामा । (पृ.६०)

रक्ताम्मे क्षितिजबाट सूर्य उदाइरहेछ
सधैं जस्तै बेखबर छ यो गाउँ
कतै भोट हुँदैछ, कतै धावा चल्दै छ । (पृ.७५)

नाना चोरेर कसैको
खाना खोसेर कसैको
कतै बम बनिरहेछन् ।
कतै ट्रेन्च खनिरहेछन् (पृ.१०५)

विश्वले थुप्रै युद्धमय सङ्ग्रामहरू पार गऱ्यो । त्यसबाट कोही अछुतो हुन सकेन । युद्धले प्रत्येकलाई दुःख दिएको छ । त्यसैले शान्तिको पथमा लागे मात्रै मानव समाजको कल्याण हुन्छ भन्ने धारणा विश्वविमोहन श्रेष्ठको पाइन्छ ।

यसरी समग्रमा यस कविता सङ्ग्रहका कविताहरुमा परिवर्तनको तीव्र आकाङ्क्षा समसामयिक परिवेशको चित्रण, क्रन्तिधर्मी चेत, विकृति विसङ्गतिको चित्रण, शान्ति प्रेम र

हिंसात्मक स्थितिको चित्रण अनि जीवनको अस्तित्ववादी विसङ्गतिवादी प्रवृत्तिको चित्रण गर्दै जीवनका विभिन्न आयामहरू प्रस्तुत गरिएको छ । साथै कवितामा प्रकृति, जीवन र समाजको त्रिपक्षीय चित्रण पाइन्छ ।

### ५.२.३ सहभागी

सहभागीले कृतिमा प्रयुक्त व्यक्ति पात्र वा चरित्रलाई जनाउँछ । हरेक कृतिमा सहभागीको सङ्ख्या समान हुँदैन तर कृतिमा सहभागीको अनिवार्य उपस्थिति हुनु पर्छ । कृतिमा सहभागीको भूमिका वक्ता (प्रेषक) श्रोता (प्रापक) अथवा सम्बोधक आदिका रूपमा रहन्छ । सहभागीहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव र जीवनचेनता आदिका आधारमा फरक-फरक वैशिष्ठ्यका हुन्छन् र सहभागी कथानकमा आबद्ध हुन्छन् र तिनैले कथालाई गतिशील तुल्याउँछन् ।[४७] सहभागीहरू अनुकूल प्रतिकूल प्रमुख सहायक गौण, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध मुक्त आदि अनेक प्रकारका हुन्छन् । यिनै पात्रहरूले कथानकमा जीवन्तता प्रदान गर्दछन् । जसको लागि स्वभाविक पात्र चयनलाई महत्त्वपूर्ण मानिन्छ ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा विभिन्न प्रकारका सहभागीहरूको प्रयोग गरिएको छ । जस्तै : छेपारो, भुत, ढुकुर, तिमी, रोगी, सुकुमारी, दाजु, दिदी रमेशमान, आमा, म, नानीहरू, गिद्ध, काग, सिपाही, पत्नी, ज्यापू, क, ख आदि पात्रहरू छन् । यस सङ्ग्रहका कवितामा मानवीय र मानवेतर दुवै खाले पात्रको प्रयोग छ । कविताहरूमा प्रयोग भएका विभिन्न सहभागीहरूको माध्यमद्वारा सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक, प्राकृतिक आदि क्षेत्रलाई विषयवस्तु बनाउँदै उक्त क्षेत्रका विभिन्न विसङ्गतिहरूको चित्रण गरिएको छ । त्यसैगरी यस सङ्ग्रहका कवितामा जीवन बोध, युगबोध र संमसामयिक परिवेशको चित्रण गर्दै समाजलाई विश्वबन्धुत्व र मानवीयता तर्फ उन्मुख हुन आग्रह छ । विशेषत : कविलाई आजको परिवेश र परिस्थितिले दिक्क बनाएको छ । बेथिति मौलाइरहेको र गरिबीले सताइरहेकोले कविले अब यसवाट तीव्र परिवर्तनको अपेक्षा पनि राखेका छन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा प्रयुक्त सहभागीहरू यस प्रकार छन् -

| क.सं. | कविता | सहभागी |
|---|---|---|
| १ | यात्रा | छेपारो, ढुकुर, प्रेयसी |
| २. | तिमी आउँदै छौ भन्ने सुनेर | तिमी, हामी |
| ३. | सूर्य जो सँधै जो यस बस्तीमा आउँछ | गाई, भैसी, गोरू, बहिनी, भाउजु |
| ४ | खै त्यस्तो त केही देखिएन | दिदीहरू, हामी, लालुपाते, लालीगुराँस |
| ५ | रमेशमान विज्ञान र जीवन | रमेशमान, सुकुमारी |
| ६ | पानी | पानी, हिटलर, खुमेनी |
| ७ | म जिन्दावाद गाइरहेछु | दाजु, छोराहरू, म |
| ८. | नानीहरूको आकाशको निर्माणमा लाग्नेछन् | तिमी, नानीहरू, बाजेहरू |
| ९ | को हाँकेर हिडिरहेछ | गिद्ध, काग, घोडा |
| १० | म एउटा बाटो खोजिरहेछु | तिमी, पिता, माता, म |
| ११ | नयाँ नेपालको चित्र लेख | नानीहरू, तिमी |
| १२. | तिम्रो अस्तित्व पाइरहेछौं | हामी, तिमी, म |
| १३. | मृगतृष्णा | हामी, तिमी, म, स्वास्नी, छोरा, छोरी |
| १४. | दिदी मलाई आशिष देऊ | म, तिमी, दिदी |
| १५. | म एक बैंस गजबले मातूँ लाग्छ | स्वास्नी, छोराछोरी र आफू |

[४७] ऐजन पृ. ८६।

| | | |
|---|---|---|
| १६. | एक टुक्रा | म, तिमी |
| १७. | जिन्दगीको परिवेश | म |
| १८. | आफ्ना भन्नलाई केही छैनन् | म |
| १९. | मैले मन पराएकी केटी | म, उनी |
| २०. | उचालेर समयलाई आफ्नो काँध सम्म | सिपाही, सेतोघोडा, समय |
| २१. | अंङ्गारका धमिला धर्साहरू | पराई, आफन्त, अल्लारेठिटा, भन्द्र, सञ्जन, तरूनीछोरी |
| २२. | पानी गल्दैन | छिमेकी, पत्नी, सासू |
| २३. | एउटा बस्तीको कथा | बस्तीका बुढाहरू, तीजुरे |
| २४. | मुक्ति | कवि, हामी, फासिष्ट नेता |
| २५. | विश्वासका दुई पोका | म |
| २६. | जिन्दगी | नदी, झरना |
| २७. | सडक बोल्छ | सडक, ज्यापू, गाइने कामी, तरूनी, छोरी, अन्धो, हाकिम |
| २८. | ऊ मेरो छोरो हो | ऊ, म |
| २९. | भै गो मलाई जानदेऊ | म, तिमी |
| ३०. | फर्काएर ल्याऊ | क, ख |
| ३१. | मलाई बचाऊ | म |
| ३२. | गोर्खा पल्टनको सिपाही | म, तिमी, कान्छी |
| ३३. | केही फूल र कोपिलाहरू | फूल, कोपिला, भमरा, बालक, विधवा, गिद्ध |
| ३४. | विश्व शान्ति | म, नानीहरू, गिद्धहरू, परेवा, छोरी, आमा, छोरा |
| ३५. | म भात जोरूँ कि कविता लेखूँ | म, बुढीआमा, स्वास्नी, छोरी, छोरो, कान्छो छोरो, भाई बहिनी |

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा फरक-फरक वैशिष्ट्य बोकेका विभिन्न सहभागीहरू रहेका छन् । 'म' यस कविता सङ्ग्रहको कविताहरुमा प्रमुख सहभागी वक्ता, प्रेषक वा सम्बोधक हो भने तिमी 'म' द्वारा सम्बोधित श्रोता वा प्रेषित हो । यस सङ्ग्रहमा प्रयोग भएका अन्य मानवीय तथा मानवेतर सहभागीहरू सक्रिय सहभागी नभएर कविद्वारा प्रयोगमा आएका छन् । समग्रमा यस सङ्ग्रहका कवितामा 'म' केन्द्रीय भूमिकामा देखिन्छ । 'म' ले भोगेका देखेका, सुनेका र अनुभव गरेका घटनाहरू कविताहरूमा प्रशस्त देखिन्छ । कविले आफ्ना अनुभवहरू व्यक्त गर्दा कतै आफ्नो सोझो भूमिकामा देखाएका छन् भने कतै आफू कुनामा बसेर विभिन्न पात्रहरूको माध्यमद्वारा आफ्नो भाव, विचार वा चिन्तनलाई प्रस्तुत गरेका छन् । कवितामा प्रयोग भएका सहभागीहरू जीवन्त र प्रभावकारीहरू छन् । तीनले कवितालाई स्वभाविक अनुभूतिजन्य बनाउन सघाएको देखिन्छ । यहाँ प्रयुक्त मानवेतर पात्रहरूले पनि मानिसकै जस्तो अनुभव गरेको देखिन्छ भने अन्य सहभागीहरूले आजका मानव र मानव समाजले भोगिरहेको पीडालाई व्यक्त गरेका छन् । कविले मानवसमाजका विभिन्न विकृति विसङ्गति प्रस्तुत गर्न विभिन्न प्रतिनिधि पात्रहरूको छनौट गरेका छन् । यसबाट पाठकलाई आफैँले भोगिरहेको पीडाको अनुभव गराएको छ भने जीवन्त र मार्मिक प्रस्तुतिले कवितामा थप प्राण थपेको छ ।

## ५.२.४ परिवेश

कुनै पनि कृतिमा समाविष्ट स्थान, समय र वातावरण नै परिवेश हो ।[४८] कृतिभित्र प्रस्तुत घटना घट्ने परिवेश सूचक स्थान, समय र वातावरण मध्येसबै वा कुनैको अभिव्यक्ति गरिन्छ । यिनमा कुनै अभिव्यक्ति वर्णनात्मक कुनै सङ्केतात्मक त कुनै विवरणात्मक हुन्छन् । वातावरण हरेक कृतिमा स्पष्ट रूपमा आउँछ । तर स्थान र समय भने स्पष्ट रूपमा उल्लेख नहुन पनि सक्छ । यसरी कृतिमा स्पष्ट रूपमा उल्लेख नभएको भएपनि त्यसले सर्वभौमिकता, सार्वकालिकता तथा स्थान र समयको महत्वहीनतालाई जनाउँछ । कृतिभित्र परिवेश बाह्य र आन्तरिक दुबै हुन सक्छन् । बाह्य परिवेशलाई भौतिक परिवेश र आन्तरिक परिवेशलाई मानसिक परिवेश भन्ने गरिन्छ । परिवेशले नै रचनाका सहभागीहरूको सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, साँस्कृतिक परिवारिक आदि कुराहरू निर्धारण गर्दछन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा परिवेशलाई जनाउने स्थान, समय र वातावरणसँग सम्बद्ध विभिन्न तथ्याङ्कहरू भेटिन्छन् । यस संङ्ग्रहका कवितामा सामाजिक, आर्थिक, क्रममा समय र स्थानगत, सार्वभौमिकता तथा सार्वकालिकता जनाउने सन्दर्भसँगै नेपाल तथा नेपाल बाहिरका विभिन्न स्थानगत परिवेश तथा विभिन्न समयको समेत चित्रण गरिएको पाइन्छ । विश्वविमोहन श्रेष्ठको यस सङ्ग्रहमा स्थानगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा नदी, करेसाबारी, मचान, दोबाटो, डाडाँ, गल्ली, तराई, बस्ती, खेत, सगरमाथा, पहाड, घर जङ्गल, देश, माछापुच्छे, अड्डा, घर, डेरा, सहर, टुकुचो, वगर, तुलसी आदि विभिन्न तथ्याङ्कहरूको प्रयोगबाट स्थानगत परिवेश प्रस्तुत गरिएको देखिन्छ । यस सम्वन्धी केही उदाहरणहरू निम्नलिखित छन् ।

वर्षामा बाढी आएर
नदीनालाहरू बढ्न सक्छन्
हिउँदमा तुसारोले
नागी र फाँटहरू
ढाक्न सक्छन् । (पृ.१)

दोबाटो, चोरबाटो, चौबाटो भन्दा
पनि अझै पर,
पर देखिने डाँडामा टोलाएर
हेरिरह्यौ, हेरिरह्यौं
बाटोभरि आँखा ओछ्याएर । (पृ.६)
तिमी यो बाटो छोडेर यसो किनार लागेर हिँड
नानीहरूको एउटा लामो ताँती
यही गोरेटो भएर आउँदैछ
बाटाका यी भीर पाखामा र पर्वतहरू
ती नदी, नाला र जंङ्गलहरू
उनीहरू आफ्नै कलिला पाइलाहरूले नाप्न चाहन्छन् । (पृ.३१)

बिसौनीमा मन रोए
मन भित्रै रूनु पर्छ
घर-आँगन माया मारी
साथी-सँगी छोड्नु पर्छ

---

[४८] ऐजन ।

नयाँ गाउँ, नयाँ बस्ती
नयाँसाथी जोड्नु पर्छ । (पृ.८२)

यी विविध तथ्याङ्कहरूले स्थानगत परिवेशको सार्वभौमिकताको सबल भूमिका निर्वाह गरेको देखिन्छ । यहाँ आएका विभिन्न तथ्याङ्कहरू ग्रामीण सहरिया स्वदेशी, धार्मिक, ऐतिहासिक, प्राकृतिको आदि परिवेशको पनि चित्रण गरेका छन् । यी परिवेश सूचक स्थलहरू सहभागीको कार्य स्थलका रूपमा रहेका छन् । यसमा हिमाल, पहाड, तराई, डाँडा, जंङ्गल, पाखा आदि स्वदेशमा उपलब्ध हुने स्थलहरू हुन् भने चौतारी, बाटो, घर करेसा, मचान, खेतबारी, फाँट, लेक आदि स्थलहरू घरेलु तथा ग्रामीण परिवशेलाई झल्काउने स्थलहरू छन् । अड्डा, घर, गल्ली, सहर, डेरा, बाटो, प्रयोगशाला आदि सहरिया परिवेशका स्थलहरू हुनभने वनजङगल, खोलानाला, भन्ज्याङ, सगरमाथा, आदिले प्राकृतिक परिवेशलाई झल्काउँछन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा प्रयोग भएमा समयगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा वर्षा, तुषारो, चिसो, अँध्यारो, घाम, सूर्य, रात, दिन, उज्यालो, पोहोर, आज, सूर्योदय, शताब्दीयौं, बिहानी, भोलि, बर्ष, पहिलो, बेला, वर्ष, यसपालि, पुरानो आधारात आदि समय सूचक तथ्याङ्कहरूको प्रयोग भएको पाइन्छ । यस सम्बन्धी केही उदाहरण तल प्रस्तुत गरिएको छ -

घाम सुस्तरी यस बस्तीमा
उज्यालो लिएर आइरहेछ
घामको उज्यालो स्पर्श पाएर
तराईका ती विशाल फाँटहरू
र त्यसैको विशालता लिएर
अग्लिएका ती अग्ला पहाडहरू
मन्दमन्द मुस्काइ रहेछ । (पृ.१०)

किन कराई रहन्छ
काग
काठमा बसेर
मध्यान्हमा त्यसै पनि
एकहुल मानिसहरू
दिउँसै बत्ती बालेर
उज्यालो खोज्न लागिरहेछन् । (पृ.३३)

गएसाल तीनजुरेको
पुछार-पुछार तिर पनि
हिउँ परेर सल्लाका बोटहरू
सेताम्मे भएका थिए रे । (पृ.७६)

रातको मध्य पहरा
जेलको घडीले बाह्र हान्दा
चिर्दै सन्नाटालाई सडक बोल्छ । (पृ.८४)

यी तथ्याङ्कलाई हेर्दा सामान्य र विशेष दुवै खालको समयलाई सङ्केत गरेको देखिन्छ तर पनि प्राय: कवितामा प्रयोग भएका समयगत परिवेशले कुनै ठोस सन्दर्भ मात्रै नजनाएर जुन सुकै बेलाको समयवधिलाई जनाएको पाइन्छ । यस सङ्ग्रहका कवितामा आएका दिन, रात, वर्षा, उज्यालो, अँध्यारो, सूर्योदय, बिहान, घाम, चिसो, आधारात जस्ता तथ्याङ्कहरूले विशेष समयलाई नभएर सामान्य समयलाई सङ्केत गरेतापनि कुनै कुनै कविताहरूमा प्रतीकात्मक रूपमा खास घटनालाई संङ्केत गर्न समेत प्रयोग भएको पाइन्छ । विशेषत: यस सङ्ग्रहका कविताहरू २०४४

भन्दा अगाडि लेखिए पनि कविताहरूले भने तात्कालिकतालाई मात्र नभएर सार्वकालिकतालाई पनि अभिव्यञ्जित गरेका छन् । खासगरी दोस्रो विश्वयुद्धको पीडा, साथमा युद्धमय परिवेश अनि जनताले चाहेको शासन नभएको बेलामा जनातामा देखिएको निराशा र परिवर्तनको तत्कालीन आकाङ्क्षालाई पनि कविले प्रस्तुत गरेका छन् तर आज पनि यी कविताहरू पढ्दा आजकै परिवेशलाई समेटेर लेखिएको आभास हुन्छ ।

**विश्वविमोहनको केही कविताहरू** कविता संङ्ग्रहका कविताहरुमा प्रयुक्त वातावरणगत परिवेशलाई हेर्दा शान्त, उखर्माउलो, हर्ष, अल्छी, वेदना, हतास, व्यग्रता, विध्वंस, निश्चल, सुनसान, हाहाकार, शून्यता, उत्सुकता, नि:सार आदि तथ्याङ्कहरूको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका कवितामा सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक, प्राकृतिक, अस्तित्ववादी, विसङ्गतिवादी, वातावरणको पनि प्रयोग भएको पाइन्छ । यसमा प्रयोग भएको केही वातावरणगत परिवेशको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

अनुहारमा केही व्यग्रता र अधीरता
चुरोटका लामा कसहरू सितै
केही खोज्न व्यस्त छ
रमेशमान (पृ.२०)

त्यसको अस्तित्वलाई कुल्चन
यी छोराहरू उत्पात मच्चाईरहेछन्
म निर्माण र विध्वंसको
दोसाँधमा उभिएर
हतास् अवाक्, टोलाईरहेछु । (पृ.२८)

तृष्णा-वितृष्णा
यो उकुसमुकुस छट्पटी र कोलाहल
बटुलेर छताछुल्ल वर्तमानलाई
अञ्जुलीमा । (पृ.५५)

यसरी यस सङ्ग्रहका कविताको परिवेशले तत्कालीन नेपालको सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक, प्राकृतिक, मनोवैज्ञानिक, परिवेशको चित्रण गरेको पाइन्छ । यसमा पनि परिवेशले सार्वभौमिकता र सर्वकालिकतालाई समेटेकाले आज कविता पढ्दा पनि नेपालको वर्तमान परिवेशको नै चित्रण गरेको भान हुन्छ । यसैगरी ग्रामीण, सहरिया, घरेलु, गरिब, धनी, दु:खी, सुखी सबैको अवस्था समेटेर परिवेशगत वातावरणको प्रयोग भएकाले कविता सबैका लागि उतिकै महत्व राख्ने भएका छन् । अझ कवितामा रोग, भोग, अशिक्षाबाट तीव्र परिवर्तनको अपेक्षा राखिएकाले त झन् आम जनमानसमा प्रिय कविता बन्न पुगेका छन् ।

## ५.२.५ उद्देश्य

कुनै पनि कृतिमा भन्न खोजिएको कृतिको प्रयोजन उद्देश्य हो । हरेक कृति रचनाका पछाडि कुनै न कुनै प्रयोजन राखिएको हुन्छ । मनोरञ्जन शिक्षा आनन्द, लोककल्याण यथार्थको प्रकटीकरण आदिलाई कृति लेखनको प्रमुख उद्देश्य मानिन्छ । यस अन्तर्गत कृतिमा अन्तर्निहित उद्देश्यलाई पनि केलाइन्छ । निरूद्देश्य कुनै पनि कृतिको रचना हुँदैन यदि यस्तो कृतिको रचना भएको खण्डमा कृति निरर्थक सावित हुन्छ । त्यसैले कविता सिर्जनाका पछाडि कुनै न कुनै सार्थक उद्देश्य रहेको हुन्छ ।[४९]

[४९] ऐजन, पृ. ९४ ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा कवितामा प्रमुख उद्देश्य तत्कालीन परिवेशको चित्रण र परिवर्तनको आकाङ्क्षा व्यक्त गर्नु नै रहेको देखिन्छ । समाज परिवर्तनका लागि जुर्मुराई रहेको बेला समाजमा विद्यमान रोग, भोग, अशिक्षारूपी अन्धकार हटाएर समाज सुनौलो भविष्य स्थापनाको महायज्ञ सफल होस् भन्ने कविको कामना छ 'जीवन र जीवनभन्दा ठूलो केही छैन, प्रकृति र प्रकृतिभन्दा ठूलो केही छैन' भन्ने जीवनवादी धारणा व्यक्त गर्ने कविताहरू कतै प्रकृतिको विद्रूप रूप र जीवनको विसङ्गतिको चित्रण गर्न पुग्छन् । जीवन यात्रा हो यसमा थुप्रै चुनौती छन् तर हिँड्नु पर्छ गन्तव्यमा अवश्य पुगिन्छ भन्ने कवि समाजमा फैलिरहेको व्यक्तिवादी प्रवृति र आणविक शस्त्र र अस्त्र अनि युद्धको पीडाले मानवसमाज र सम्पूर्ण मानव जातिलाई सन्त्रस्त पारेको भाव व्यक्त गर्दछन् । विज्ञानले थुप्रै चमत्कार गरेको छ तर विज्ञानको सूत्र जस्तो जीवन छैन । युद्धको घाउ बोकेर घर फर्किएको गोर्खा पल्टनको सिपाही जस्तो घरि-घरि दुखिरहने घाउ जस्तै छ जीवन तर पनि यो मृगतृष्णा जस्तो तृष्णा लिएर मानिस बाँच्नै पर्छ । त्यसैले जीवनमा अभाव विसङ्गति र अप्ठेराहरू भएपनि बाँच्नु पर्छ । परिवर्तनका लागि लड्नुपर्छ एकदिन परिवर्तन हुन्छ भन्ने आशावादी दृष्टिकोण राख्नु पनि कवि आफ्नो उद्देश्य ठान्दछन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा देशमा विद्यमान अनियमितता, विकृति, विसङ्गतिको चित्रण गरिएको छ । परिवर्तनको नारा बोकेर हिँड्नेहरूले साँच्चै जनताको गरिबी अशिक्षा र रोगबाट मुक्तिका लागि सत्तामोहमा डुबेर जनतालाई धोका दिएका छन् । जनता सधैँ भोलिको मिठो आशामा डुबेको बेला अब परिवर्तन हुनै पर्दछ । परिवर्तनका लागि अब सडक आफैँ बोल्छ । जब अन्याय बढ्दै जान्छ । जनताका चेतना हुँदै जान्छ तब परिवर्तनका लागि सिङ्गो देश जुर्मुराउन थाल्दछ । त्यसैले अब परिवर्तनको विकल्प छैन । आजको पट्यार लाग्दो समयबाट भोलिको सुनौलो दिनको खोजी गर्नै पर्छ । अहिले सिङ्गो बस्ती भोलिको सुन्दर भविष्यका लागि प्रतीक्षारत छ । यो बेला आफ्नो भाग्य आफैँ निर्माण गर्ने समय हो । त्यसैले आजका नानीहरू पनि भविष्यको निर्माण प्रक्रियामा जुट्नु पर्दछ । शक्तिशालीहरू मस्तको जीवन बिताइरहेको बेला खान नपाएर मर्नुपर्ने बाध्यता रहेको छ । अब आफ्नो रोग, भोक र अशिक्षाबाट मुक्तिका लागि लड्नुपर्दछ भन्ने आफ्नो धारणालाई कविले यस सङ्ग्रहमा व्यक्त गरेका छन् ।

गरिबीले मानिसलाई खाँदै छ । जागिरेको 'जा' अनि 'गिर' को तितो यथार्थ एकातिर छ । किनभने महिनाभरि काम गर्दा परिबार पाल्न नसकिने अवस्था छ भने अर्कोतिर कवि स्रष्टाहरूको बाँच्न सक्ने अवस्था छैन । सिर्जनाबाट संसार परिवर्तनको कुरा गर्ने स्रष्टा परिवारलाई एक पेट खुवाउन नसक्ने अवस्थामा छ । गरिबीले परदेश लागेका भाइ, दिदीलाई तिहारमा भेट्न पाउँदैन सहर झन् भन्दा झन् गरिबलाई निल्ने ठाउँ जस्तो भएको छ । यो बेलामा अब एक नयाँ युगपुरूषको जरूरत परेको छ । जसले समाजलाई नयाँ गति दिन सकोस् । जीवन छोटो छ । समय मूल्यवान् छ । यसलाई बेकारमा फाल्नुहुन्न । त्यसैले अशान्तिका विरूद्ध शान्तिको, अभावको विरूद्ध भावको लडाइँ लड्नु पर्छ । यहाँ यथास्थितिबाट अव समाज अगाडि बढ्नुपर्छन । त्यसैले एउटा औचित्यपूर्ण समयको खोजी गर्नुपर्छ । मुक्ति नै प्रमुख मन्त्र बनाएर समाज जुर्मुराए उठ्न थालेको छ । अब उठ्नुपर्छ, जुट्नुपर्दछ र यथास्थितिका विरूद्ध आवाज उठाउनु पर्छ र सबैको हितको शासन खडागरी एउटा नयाँ नेपालको चित्र लेख्नु पर्छ भन्ने परिवर्तनकारी उद्देश्य कविले आफ्ना कवितामा राखेको देखिन्छ ।

यसरी समग्रमा यस सङ्ग्रहका कविताहरुमा सम्पूर्ण नेपाल, नेपाली समाज, स्वतन्त्रता, शान्ति र सम्पन्नता सहित रहनु पर्दछ । समाजमा भेदभाव भन्दा पनि आपसी प्रेम र मित्रताको सञ्चार हुनुपर्दछ । जीवनका थुप्रै विसङ्गतिहरू छन् तर ती विसङ्गति भत्र नै सङ्गतिको खोजी गर्नुपर्दछ । त्यसबाट नै एउटा आशालाग्दो भविष्यको उदय हुनसक्छ । त्यसैले जीवनवादी र आशावादी भएर समाज निर्माणमा सबै जुट्न सक्ने परिवर्तन हुनसक्छ । त्यसैबाट एउटा सुन्दर देश प्राप्त गर्न सकिन्छ भन्ने उद्देश्य कविले कवितामा राखेको देखिन्छ ।

### ५.२.६ दृष्टिविन्दु

लेखकले कुनै पनि कृतिलाई आफू कहाँ रहेर भन्छ भन्ने कुरा दृष्टिविन्दु अन्तर्गत पर्दछ । यो कृतिलाई पाठक समक्ष उपस्थित गर्ने पद्धति हो । समाख्याता र समाख्यानको निर्धारण पछि ज्ञान हुने दृष्टिविन्दु तृतीय पुरूष र प्रथम पुरूष गरी मुख्यतया दुई प्रकारको हुन्छ । तर नाटकमा भन्ने द्वितीय पुरूषको प्रयोग पाइन्छ । दृष्टिविन्दु सहभागीको मानसिकता भावना, अनुभूति, संवेदना, चिन्तन जस्ता आन्तरिक (मानसिक) प्रक्रियासँग पनि सम्वद्ध हुन्छ ।[५०]

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहका कविताहरू प्रगीतात्मक संरचना भएका कविता हुनाले कविको निजी भाव, चिन्तन र विचारको प्रस्तुति पाइन्छ । समसामयिक तत्कालीन परिवेशबाट आहत भएर लेखिएका कविताहरूमा परिवर्तनको आकाङ्क्षा, देशप्रेम सामाजिक राजनैतिक तथा आर्थिक विकृति विसङ्गतिको चित्रण गरिएको छ । धेरै कवितामा कवि आफैँ केन्द्रीय वा परिधीय भूमिका बनाएर उपस्थित भएको देखिन्छ । त्यसैले धेरै कविताहरूमा 'म' पात्र समाख्याताको रूपमा प्रस्तुत भएको छ । यस भित्रको कवितामा 'म' पात्र समाख्याताको रूपमा प्रस्तुत भएको छ । यस भित्रका कवितामा 'म' पात्र (समाख्याता) वक्ता, प्रेषक, सम्बोधन वा वर्णनकर्ता हो भन्ने पाठकहरू श्रोता, प्रापक वा सम्बोधितको भूमिकामा आएका छन् । आफ्नो चिन्तन, भाव र अनुभवलाई कतै कविले परिधीय रूपमा उपस्थित भएर व्यक्त गरेका छन् । त्यस्तै आफू हुर्के, बढेको गाउँ समाज र विश्व परिवेशलाई नै आफ्नो कविताको विषय बनाइएको छ । कविको मनमा परेका अन्तर्पीडा र समाजको अन्तर्पीडा नै कविको रचनाको केन्द्र छ । त्यसैले कवितालाई जीवन्त स्वरूप दिन कतै कवि केन्द्रीय भूमिकामा त कतै परिधीय भूमिकामा देखिएका छन् ।

यस सङ्ग्रहमा प्रयुक्त केही प्रथम पुरूष दृष्टिबिन्दुका उदाहरण यस प्रकार छन् ।

इतिहासमा पुनजार्गरण लेखिने
यस घडीमा उभिएर
म निर्विकार आफ्नो पुर्खाको घर
भत्केको हेरिरहेछु (पृ.२९)

म निरूत्तर
तिनकै अभियोग र तिनकै न्यायमा
गुमाएर आफ्ना समस्त आफ्नाहरू
एउटा कैदी जिन्दगी गुजारिहरेछु (पृ.३६)

एउटा सिङ्गै युग हामी
अन्धकारमा पट्टी बाँधेर बस्यौँ
अर्को सिङ्गै युग हामी
के हो ? के हो ? भन्दै
अलमल्लमा पऱ्यौँ (पृ.४०)

यस कविता सङ्ग्रहमा सङ्गृहीत धेरै कविताहरूमा प्रथमपुरूष दृष्टिबिन्दुको प्रयोग पाइन्छ । कविले आफ्ना अनुभव भोगाई र चिन्तलाई आफ्नो मात्र नबनाएर सार्वजनिक महत्वको बनाएका छन् । त्यसैले कविको अनुभव ने सबैलाई आफ्नो अनुभव जस्तो लाग्ने गर्छ ।

यस सङ्ग्रहमा सङ्गृहीत केही तृतीय पुरूष दृष्टिबिन्दुका कविताहरूको उदाहरण यस प्रकार छ ।

---

[५०] ऐजन, पृ. ९७ ।

अँध्यारोमा धुपीहरू
भूत जस्ता देखिन्छन्
माथिबाट गुडुल्किँदै आउने
रोडाले मात्र होइन
ओरालीको चिप्लेटीले पनि
आँटहरू धर्मराउँछन् । (पृ.२)

ती यो बाटो छाडेर
यसो किनार लागेर हिँड
नानीहरूको एउटा लामो ताँती
यही गोरेटो भएर आउँदै छ । (पृ.३१)

घुम्ने मेचको अन्धो हाकिम
निन्द्राले उधिँरहँदा
थाकेर सूर्य पश्चिम ढल्दा
फैलँदै गएको साँझसँगै
भोकाहरूको पेट भएर सडक बोल्छ । (पृ.८५)

यसरी **विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा प्रथम पुरूष र तृतीय पुरूष दुबै प्रकारको दृष्टिबिन्दुको प्रयोग गरिएको छ । दुबै प्रकारको दुष्टिबिन्दु प्रयोग योजनाबद्ध नभएर स्वभाविक छन् । जसले कवितालाई स्वभाविक र विश्वसनीय बनाएको छ ।

## ५.२.७ भाषाशैलीय विन्यास

बनोटको निर्माण गर्ने साना घटनहरू (बनोट)को व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । बनोट भित्र खासगरी भाषा (सङ्केतक सङ्केतिक) र शैलीसँग सम्बद्ध घटक वा एकाइहरू बिम्ब, प्रतीक, अलङ्कार, छन्द, लय, अग्रभूमीकरण (समानान्तर, विचलन) प्रयुक्ति र विविधता आदि पर्दछन् । भाषाशैलीय विन्यासले कविता लगायत सम्पूर्ण साहित्यिक कृतिहरूलाई विशिष्ठता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषा भाव अभिव्यक्तिको माध्यम हो तर भाषा कोरा अभिव्यक्ति मात्र भएमा त्यो सुन्दर हुँदैन त्यसैले साहित्यमा कलात्मक अभिव्यक्ति नै हुनुपर्दछ जसले पाठकलाई आर्कर्षित गर्न सकोस् । भाषाको कलात्मक प्रस्तुतिका लागि सुन्दर शैली जरूरी मानिन्छ ।[५१]

विश्वविमोहन श्रेष्ठको यस कविता सङ्ग्रहमा जम्मा ३५ वटा कविता समावेश गरिएको छ । ती मध्ये सबैजसो कविताहरू मुक्तछन्दमा लेखिएका छन् । मझौला आकारमा लेखिएका अधिकांश कवितामा छन्द भन्दा पनि भावगत प्रवाह देखिन्छ । कविले आफ्ना भाव, विचार र चिन्तनलाई स्वभाविक रूपमा कवितामा अभिव्यक्त गरेका छन् । जसका केही उदाहरण तल प्रस्तुत गरिएको छ -

हो कुनै दिन
फोडेर निस्कछन् - पानीहरू
बाँधलाई पनि
पानीको आफ्नै बहाव हुन्छ । (पृ.२३)

[५१] ऐजन, पृ. १०६ ।

यस्तो निष्पट्ट अँध्यारोमा
शान्तिको बाजा बजाएर
म कसरी आफूलाई
सुरक्षित ठान्न सक्छु ? (पृ.१०७)

यस सङ्ग्रहका कवितामा अनुप्रासको संयोजन पनि स्वाभाविक छ कविले अनुप्रास संयोजनका लागि नै आफ्नो शब्द खर्चेको देखिदैन तर भावाविव्यक्तिका क्रममा स्वाभाविक रूपमा अनुप्रास संयोजन भएर आएको देखिन्छ । अनुप्रासले कवितामा लयात्मकता र श्रुतिमधुरताका लागि पनि सघाएको छ । त्यसैगरी अनुप्रास संयोजनका साथै प्रयुक्त कविताहरूका वाक्यात्मक पुनरावृत्ति र समानन्तरता पनि देखिन्छ तर ती स्वभाविक रूपमा आएका छन् । यसका केही उदाहरणहरू निम्नानुसार छन् :

समानन्तरता
एक बैंस गजबले हासूँ लाग्छ
एक बैंस गजबले नाचूँ लाग्छ । (पृ.५६)

पुनरावृत्ति
सडक जुलुसको भाकामा बोल्छ
सडक मान्छेको पदचापमा बोल्छ
सडक नसाको रगतमा बोल्छ
सडक प्लेकार्डमा अक्षरहरू भएर बोल्छ (पृ.८४)

अनुप्रास
नाना चोरेर कसैको
खाना खोसेर कसैको
कतै बम बनिरहेछन्
कतै ट्रेन्च खनिहेछन् । (पृ.१५)

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा शब्दालङ्कार र अर्थलङ्कार दुवैको प्रयोग पाइन्छ । शब्दालङ्कारका सन्दर्भमा अनुप्रास, यमक आदि अलङ्कारको प्रयोग भएको देखिन्छ भने अनुप्रासका सन्दर्भमा अन्त्यानुप्रास र मध्यानुप्रासको बढी प्रयोग पाइन्छ, यसै गरी यस सङ्ग्रहका कवितालाई हेर्दा अर्थालङ्कारको सन्दर्भमा उपमा, अपह्नुति, अतिशयोक्ति, दृष्टान्त जस्ता अलङ्कारको प्रयोग बढी देखिन्छ । यस सङ्ग्रहमा प्रयुक्त अलङ्कारको केही उदाहरण तल प्रस्तुत गरिएको छ :

उपमा
अँध्यारोमा धुपीहरू
भूत जस्ता देखिन्छन् (पृ.२)

दृष्टान्त
प्रेम गर्नु भनेको आगो सहनुरहेछ
बोझ माथि अर्को बोझ थप्नु रहेछ (पृ.८९)

तुल्ययोगिता
सबेरै तुलसीको मठमा
जल चढाइरहँदा
क्लान्त जूनलाई झल्याँस्स देखेर
उदास रचनाको याद हुन्छ । (पृ.७३)

रूपक
ऊ मेरो चन्द्र सूर्य हो । (पृ.८७)

अनुप्रास
पहिरोले बाटो उत्तिकै लान्छ
बाढीले मान्छे त्यत्तिकै खान्छ (पृ.७६)

**विश्वविमोहनका केही कविताहरू** कविता संङ्ग्रहमा सरल स्वभाविक भाषाको प्रयोग गरिएको छ । कविले भावाव्यक्तिका क्रममा केही पारिभाषिक शब्दहरू र प्राविधिक शब्दहरूको पनि प्रयोग गरेका छन् । कतै कतै कविताको भावमा यथार्थ रङ्ग दिनका लागि अनादरार्थी भाषाको पनि प्रयोग भएकाले शब्ददोष पनि देखिन्छ । यस सङ्ग्रहका सबै कविताहरू सामान्य भाषिक अभिव्यक्ति रहेपनि 'मृगतृष्णा' कवितामा बिजगणित तथा ज्यामितीय केही रेखा चित्रको समेत प्रयोग गरिएको देखिन्छ । कविले हरेक कविताको अन्त्यमा पूर्णविराम चिन्ह दिएका छन् । भाव वा प्रसङ्ग बदल्दा अनुच्छेद परिवर्तन भएको देखिन्छ शब्द चयनका सन्दर्भमा कवि उदार छन् । भाव वा प्रसङ्ग बदल्दा अनुच्छेद परिवर्तन भएको देखिन्छ शब्द चयनका सन्दर्भमा कवि उदार छन् । यसका तत्सम तद्भव, आगन्तुक तथा मौलिक सबै प्रकारको भाषिक प्रयोग छ । कुनै कुनै ठाउँमा त अङ्ग्रेजी चलनचल्तिका शब्दहरू कविले खुलेर प्रयोग गरेका छन् जसले कवितालाई स्वभाविक बनाएको छ । बिम्ब प्रतीकको पनि यस सङ्ग्रहमा राम्रोसँग प्रयोग भएको पाइन्छ । कविले प्राकृतिक बिम्ब प्रतीक नै बेसी प्रयोग गरेको छन् । कुनै कुरालाई जे छ त्यस्तै व्याख्या भन्दा प्रतीकहरूको माध्यमद्वारा भन्न खोजेको कुरालाई खुलाएका छन् । त्यसैले यिनका कविता भाव र भाषाका कोमल मिश्रण हुन् ।

## ५.२.८ व्याख्या तथा निष्कर्ष : उपसंहार

माथि प्रस्तुत गरिएका कविता विश्लेषणको संरचनात्मक प्रारूपको आधारमा कृतिको विश्लेषण गरिसकेपछि कृतिमा अभिव्यञ्जित अभिधेयार्थका अतिरिक्त व्याङ्त्मक, प्रतीकात्मकता, शीर्षक, सन्देश आदिबारे व्याख्या गरिन्छ । यसरी गरिएको छुट्टा छुट्टै व्याख्या विश्लेषणको निष्कर्ष तथा समग्र व्याख्याबाट प्राप्त निष्कर्षलाई सिङ्गो कृतिको निष्कर्षको रूपमा प्रस्तुत गर्नुपर्दछ । यसरी अन्त्यमा गरिने व्याख्या तथा निष्कर्षः उपसंहार खण्ड अर्न्तगत राख्ने गरिन्छ ।[५२]

**विश्वविमोहनका केही कविताहरू** (२०४४) कवितासङ्ग्रहमा विश्वविमोहन श्रेष्ठको साहित्यिक यात्राको पहिलो चरणमा प्रकाशित कृति हो । यस सङ्ग्रहमा जम्मा ३५ वटा कविताहरू समावेश गरिएको छ । उक्त कविताहरूमा कविको चिन्तन, विचार र भाव साथै जीवनका आफ्ना अनुभवहरू व्यक्त गर्ने प्रयास गरिएकाले यी कविताहरू सबै प्रगीतात्मक संरचना भएका कविताहरू हुन् । यस सङ्ग्रहका कवितामा सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक तथा समसामयिक युगबोध, जीवनको अस्तित्व र विसङ्गति साथै प्रकृति प्रेम र मानवतावादी दृष्टिकोण आदि विषय बोकेका कविताहरू पाइन्छन् ।

यस कविता सङ्ग्रहका कविताहरुमा विभिन्न विषयसँग सान्दर्भिक कविताहरू समावेश गरिएको छ । यथास्थितिबाट दिक्क बनेका कवि कविताहरूमा तीव्र परिवर्तनको आव्हान गर्दछन् , समाजमा भोक, रोग अशिक्षाले जरो गाडेर बसेको छ । अब परिवर्तन केवल यिनै कुराहरूको परिवर्तनवाट हुनुपर्छ । जीवन आफैं मा विसङगत छ तर यसो भनेर निराशा हुनुहुन्न । निरन्तर लागेपछि सफल भइन्छ । विश्वमा नै परिवेश युद्धमय छ तर युद्धले कसैलाई सुख दिएको छैन । मानिस भित्र युद्धका अनन्त पीडाहरू छन् । त्यसैले शान्तिको मार्गमा हिंड्नु आजको आवश्यकता हो । यहाँ अब अभावबाट मुक्तिका लागि एउटा युगपुरूषको खाँचो छ भन्दै कवि आफ्ना सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक विकृतिहरूको चिरफार गर्दै भोलिको नौलो भविष्यका लागि सबैलाई सचेत रहन आग्रह समेत गर्दछन् । अब सीमित स्वार्थको दायरा भित्र रहँदा सिङ्गै युग अँध्यारोमा बित्यो अवको युग हामीले निर्माण गर्नुपर्छ । थुप्रै विसङ्गतिका बीचमा सङ्गतिको खोजी गर्नुपर्छ । त्यसैले कवि अनन्त वेदनावाट मुक्ति पाउन आजका नानीहरू आफैं जाग्ने विश्वास व्यक्त गर्दछन् ।

---

[५२] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण** (विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि.वि., २०५८) पृ.२३२ ।

यस सङ्ग्रहमा मानवीय तथा मानवेतर दुबै खालका सहभागीको प्रयोग गरिएको छ । प्रायः जसो कवितामा कवि आफैँ सहभागीका रूपमा पनि देखिन्छन् । यस सङ्ग्रहका कवितामा कविले म, तिमी, उ, उनी छोरो, छोरी, स्वास्नी, पहाड, सडक, आकाश, नानीहरू, गोर्खापल्टनको सिपाही, रमेशमान, आमा, दिदी, तीनजुरे, सगरमाथा, पानी, आदि सहभागीहरूको प्रयोग गरेका छन् । यिनै सहभागीको माध्यमवाट कविले समाजका थुप्रै विकृति विसङ्गतहरूको चित्रण गरेका छन् । यी कविताहरूमा प्रमुख सहभागी वक्ता वा प्रेषक हो भने तिमी सम्बोधितको भूमिकामा आएको देखिन्छ । यस सङ्ग्रहका धेरै कविताहरूमा कविको केन्द्रीय वा परिधीय दुवै मध्ये कुनै एक भूमिका देखिन्छ । आफ्नो जीवन पद्धति समाज र आजको यथार्थको सहभागीको माध्यमवाट राम्रैसँग तस्विर उतारिएको छ । सहभागीहरू पनि स्वभाविक र प्रभावकारी भूमिकामा प्रस्तुत गरिएको छ ।

**विश्व विमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा तत्कालीन समसामयिक परिस्थितिमा सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, प्रशासनिक आदि परिवेशको चित्रण गरिएको छ । त्यसैगरी यस सङ्ग्रहका कविताहरुमा ग्रामीण, सहर, तथा अन्य घरेलु परिवेशको पनि राम्रोसँग चित्रण गरिएको छ । यस सङ्ग्रहका कविताहरूमा स्थानगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा नदी, करेसाबारी, मचान, दोबाटो, डाँडा, गल्ली, सहर, बस्ती, अड्डाघर, डेरा, टुकुचा, बगर, पहाड, सगरमाथा, आदि पाइन्छन् । त्यसैगरी समयगत र वातावरणगत परिवेश जनाउने तथ्याङ्कहरूलाई हेर्दा क्रमशः वर्षा, तुसारो, चिसो, घाम, सूर्य, रात, दिन, पोहोर, आज बिहान, यसपालि, आधारात, भोलि आदि त्यस्तै शान्त, उखर्माउलो, हर्ष, अल्छी, हतास, व्यग्रता, निश्चल, आदि पाइन्छन् । यसरी विश्वविमोहन श्रेष्ठको पहिलो कविता सङ्ग्रहमा परिवेश संयोजक प्रभावकारी देखिन्छ ।

कविले यस सङ्ग्रहका कविताहरुमा मार्फत् तत्कालीन नेपालको आर्थिक, सामाजिक, राजनैतिक परिवेशको यथार्थ चित्रण गर्दै त्यसमा परिवर्तन गर्न सबै जुट्न आह्वान गर्ने नै उद्देश्य राखेको देखिन्छ । यस सङ्ग्रहमा कविले जीवन, समाज र प्रकृतिको त्रिपक्षीय चित्रण गरेका छन् । प्रकृतिको पनि शान्त तथा विद्रोही स्वरूपको चित्रण गर्दै जीवनको विसङ्गति बोध गर्दै समाजमा भोक, रोग, अशिक्षा रूपी अन्धकार हटाउन सबैलाई लाग्न आग्रह गर्दछन् । जीवन आर्दश जस्तो छैन । यो जे भोगिन्छ त्यही नै हुन्छ । त्यसैले जीवन भोगाइका क्रममा आएका बेस्वादिला पक्षहरूलाई पनि आत्मसाथ गर्दै अगाडि बढ्नु पर्छ एक दिन अवश्य सफल भइन्छ भन्ने कवि युद्ध हिंसा र अशान्तिले पीडा दिइरहने भएकाले यसको अन्त्यको उद्देश्य राख्दछन् । समाज सचेत भै सकेको छ अब भोलिको कलिलो घाम उदाउन थोरै समय बाँकी छ । अब आफ्नो भाग्य निर्माण गर्न समाज जुर्रमुराएको छ । यसमा सबैको साथको आवश्यकता छ । त्यसैले कवि यथार्थको प्रस्तुति गर्दै परिवर्तनका लागि समेत एकजुट हुन सबैलाई आग्रह गर्ने उद्देश्य कवितामा राख्दछन् ।

प्रगीतात्मक संरचना भएका कविताहरू भएकाले कविले निजी चिन्तन भावना र विचारको प्रकटीकरण भएको पाइन्छ । यस सङ्ग्रहका धेरै कविताहरूमा 'म' नै समाख्याताको रूपमा आएको छ तर कतिपय कवितामा भने तृतीय पुरूष दृष्टिविन्दुको समेत कविले प्रयोग गरेका छन् । ती कविताहरूमा विषयको शसक्त पुष्टिका लागि विभिन्न पात्रहरूको प्रयोग गरेको देखिन्छ । कविताहरूमा कवि जुनसुकै कोणमा रहेर बोले पनि अधिकांश कवितामा कवि आफ्नो विचार, चिन्तन, र भावलाई शसक्त र प्रभावकारी रूपमा व्यक्त गर्दछन् । दृष्टिविन्दु प्रयोगका सन्दर्भमा पनि कवि निकै उदार देखिएका छन् । प्रशस्त पात्रहरूको समेत प्रयोग गरेका छन् ।

**विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहका कविताहरुमा मुक्त छन्दका कविताहरू समावेश गरिएको छ । तिनमा शब्दालङ्कार र अर्थालङ्कारको पनि उत्तिकै राम्रो संयोजन देखिन्छ । शब्दालङ्कारमा अनुप्रास यमक जस्ता अलङ्कार उपमा रूपक, दृष्टान्त, अपह्नुति, अतिशयोक्ति आदि अलङ्कारको सशक्त प्रयोग देखिन्छ । त्यस्तै समानन्तरता र पुनरावृत्तिको पनि प्रयोग भएको छ भने भाषिक हिसावले सरल सुबोध्य भाषाको प्रयोग भएपनि कतै कतै प्रशस्त, पारिभाषिक र प्राविधिक शब्दको प्रयोग गरेका छन् । बिम्ब प्रतीकका सन्दमा कवितामा प्रशस्त बिम्ब विधान

तथा प्रतीक योजना पाइन्छ भर ती प्राकृतिक किसिमका छन् भने भाषिक हिसाबले कतै कतै शब्ददोष पाइए पनि तत्सम भद्भव आगन्तुक मौलिक सबै प्रकारका भाषिक प्रयोग देखिन्छ ।

## ५.३ अङ्गारका धमिला धर्साहरू कविता सङ्ग्रहका कविताहरूको विश्लेषण

### ५.३.१ परिचय

विश्वविमोहन श्रेष्ठको दोस्रो कविता सङ्ग्रह **अङ्गारका धमिला धर्साहरू** २०६२ सालमा प्रकाशित भएको हो । यसमा श्रेष्ठका मुक्तक आकारका छोटा कविताहरू समावेश छन् । जसलाई यिनले साना कविताको नाम दिएका छन् । जम्मा १५० पृष्ठको यस सङ्ग्रहमा ७५ पृष्ठमा नेपालीमा लेखिएको मूल कविताहरू छन् भने बाँकी ७५ पृष्ठमा तिनै कविताको अङ्ग्रेजी अनुवाद समावेश गरिएको छ । यस सङ्ग्रहका कुनै पनि कवितामा कविले कविताको खास शीर्षक दिएका छैनन् । हरेक कवितामा एक देखि पचहत्तरसम्म अङ्क नै क्रमशः शीर्षकको रूपमा राखिएको छ । यसमा जम्मा ७५ कविताहरू समावेश गरिएको छ र हेर्दा मुक्तक लाग्ने कविता संरचनागत र भावगत दुबै हिसावले पूर्ण कविताहरू नै हुन् । **अङ्गारका धमिला धर्साहरू** सङ्ग्रहको अंङ्ग्रेजी अनुवादमा सिङ्गो सङ्ग्रहको नाम अङ्ग्रेजीमा **द ह्याजी लाइन्स अफ द कोल** (The Hazy lines of the Coal) राखिएको छ । श्रेष्ठको यस संङ्ग्रहका कविताको अङ्ग्रेजी अनुवाद हरिहरराज जोशी र इन्दु जोशीले गर्नुभएको छ । यस सङ्ग्रहका लागि आकर्षक गाता स्तरीय कागज र छोटा तीन हरफको रचनाका लागि पनि सिङ्गो पृष्ठ खर्च गरिएको छ । समग्रमा **अङ्गारका धमिला धर्साहरू** विश्वविमोहन श्रेष्ठको साना कविताहरूको सङ्गालो हो ।

### ५.३.२ वस्तुः प्रमुख आधार सामग्री

विश्वविमोहन श्रेठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा समाविष्ट कविताहरूको मूलभाव तल प्रस्तुत गरिएको छ -

| कविता क्रम | मूलभाव |
|---|---|
| एक | जे देखिन्छ फगत जीवन त्यो होइन जे भोगिन्छ, त्यो जीवन हो । यही यथार्थसंग गाँसिएर सुकुमारहरूको आनन्दमा मात्र नभएर गरिब दुःखीहरूको आँसुमा पनि कवि हाँसोको आकांङ्क्षा देख्दछन् । स्वतन्त्रता नारा जुलुस भाषणमा मात्र होइन प्रत्येक भीख-मङ्गा गरिबहरूको रूवाइमा पनि देख्छन् । तिनै गरिबको अभावग्रस्त जिन्दगी र उनीहरूले देख्ने सपना सहिदका सपनाहरू हुन् । तसर्थ हरेक मानिस खुसी र सुखले स्वतन्त्रपूर्वक बाँच्न चाहन्छ । |
| दुई | बालकहरू सत्य बोल्छन् । उनीहरू भित्र जालझेल षडयन्त्र केही हुँदैन । त्यसैले उनीहरू महान् हुन्छन् तर तन्नेरी जो भित्रको मान्छे मरेको हुन्छ । तुहिएको हुन्छ, ऊ बाँचे पनि मरेतुल्य हुन्छ ।जसभित्र ऊर्जा छैन, जो साँचोलाई सत्य र गलतलाई झुट भन्न सक्दैन त्यो तन्नेरी केबल मान्छे भएर पनि ऊ मान्छे होइन । मान्छे हुनलाई त बालक जस्तो निष्कपट र सत्यवादिता हुनु पर्दछ । |
| तीन | वर्तमानमा आफ्नो स्वार्थ सिद्ध गर्न जनताहरू माथि बर्वरता थोपर्नेहरू प्रति लक्षित कविता छ । वर्तमानमा आफ्नो निहीत स्वार्थ सिद्ध गर्न जति सुकै प्रयास गरेपनि भोलिको दिन जनताहरू सङ्गठित हुँदैछन् । तसर्थ यो अत्याचार कति दिन पो कायम रहला र ? परिवर्तनका लागि अन्याय र अत्याचारको विरूद्ध जनता र्जुमुराए पछि क्रान्ति सफल हुनेछ । हामी एक साथ उनीहरू माथि जाइलाग्दैछौं । अव जनताहरू हरेक बस्ती, टोल र गल्लीबाट एकगठ्ठा भई मसालसँगै निस्किरहेछौं । अव यो वर्वरता पूर्ण शासन सत्ता पक्कै फेरिन्छ । |

| | |
|---|---|
| चार | शङ्काले लङ्का जलाउँछ भन्ने नेपाली उखान छ । यसै अनुरूप शङ्काले विषलाई अमृत र अमृतलाई विष बनाउन सक्छ त्यसैले हामी शंङ्काले गर्दा नै अमृतलाई विष भनेर फ्याँक्न सक्छौं । राम्रो कार्यलाई नराम्रो देख्न सक्छौ । यहाँ विश्वासको ठूलो महत्व छ । हामी नेपाली विश्वास गर्छौं । र ढुङ्गालाई देवता भनेर ढोग्दछौँ । हाम्रो विश्वासले ढुङ्गालाई देवता बनाइदिएको छ । तर शङ्काले देवतालाई ढुङ्गा बनाउन पनि सक्दछ । तसर्थ हामी शङ्कामा जे पनि सोच्न र जे पनि निर्णय गर्न सक्दछौं । |
| पाँच | यहाँ प्रेमका तीनवटा अनुभूति व्यक्त भएका छन् । पहिलो अनुभूति शोक, दोस्रो अनुभूति फ्रस्टेशन (निराशा), तेस्रो मिलन । प्रेमलाई जुन अर्थले पनि बोध गर्न सकिएला तर प्रेम जीवनको एउटा घुम्ती, मोड वा बिसौनी हो । जहाँ मानिसले विभिन्न अनुभूति गर्न सक्छ । प्रेम मिलन भए त्यसले जीवन दिन सक्छ यदि त्यसो नभए केवल शोक र निराशा दिन पुग्छ । तसर्थ यस कवितामा प्रेमका तीन अनुभूतिहरूलाई व्यक्त गरिएको छ । |
| छ | रारा सुन्दरताको निर्विकल्प गन्तव्य हो । यो शान्त र मौन छ । यसमा सानो धक्का लाग्ना साथ यसको लहरहरू टाढा टाढा फैलन थाल्दछन् । यो रारा जस्तै छ मानिसको जीवन यहाँ सानो धक्काले पनि ठूलो हलचल ल्याइदिन सक्दछ । |
| सात | जीवन त्रासै त्रासको बीचमा छ । मानिस कहीं सुरक्षित छैन । उसको यात्रामा अनेक व्यवधानहरू छन् । हरेक क्षण जही-कहीं दुघर्टना हुनसक्छ । डरमा बाँचेको जीवन डरमै भत्कन सक्छ । यहाँ प्रत्येक हिंडाइहरू असुरक्षित छन् । जहाँ कोही त्यो असुरक्षाको फन्दामा पर्न सक्छ । भूकम्प जान सक्छ जीवनमा । समय संवेदनशील छ । |
| आठ | प्रेम प्रतिको समर्पण भाव व्यक्त गरिएको छ । मानिसहरू आफ्नो प्रेमका खातिर मर्न तयार हुन्छन् । अझ स्त्री आफ्नो प्रेमका लागि बारम्वार अग्निपरीक्षा दिन पनि तयार हुन्छन् । यो कवितामा पनि युवती आफ्नो प्रेम सार्वजनिक गर्दै हाँसी-हाँसी आगोमा हाम फालेर मर्न तयार भएकी छ । प्रेमलाई कविले आगोको लप्कासँगै तुलना गर्दै त्यस आगोमा समेत मानिस प्रेम पाउन हामफाल्न तयार हुने कुरालाई उल्लेख गरेका छन् । |
| नौ | फूलको अर्थ फूल्नुमा हुन्छ । पुलको अर्थ जोड्नुमा हुन्छ । तसर्थ यहाँ अरूणको पुल भएर जोडिएको महसुस गर्ने कवि, फूल भएर फुलेको महसुस गर्ने कवि, कतै पुल भाँचिएर वा फूल झरेमा पुललाई कोशीमा लगेर टाँगिदिन र फूल बगरमा छरिदिन आग्रह गर्दछन् । आफ्नो जीवनको सार्थकता अरूको लागि केही गरिदिनुमा हुन्छ । जसरी पुलले जोड्ने काम गर्छ, फूलले सुवास र मोहकता छर्ने काम गर्छ त्यसैगरी मानव जीवन पनि अरूका लागि केही सत्कर्म गर्न सके सार्थक हुन्छ । यसरी जीवन बाँच्न अभिलाषा व्यक्त गरिएको छ । |
| दश | नयाँ नेपाल निर्माणको चाहना व्यक्त गरिएका छ । देशको शासन व्यवस्था परिवर्तन गर्न सजिलो छैन । यसका लागि आगोसँग खेल्नु पर्छ । सङ्कटहरू झेल्नु पर्छ । तर जस्तै अवरोध र चुनौती भएपनि अब सुन्दर रङ्गीन नयाँ नेपालको तस्बिर आँखामा बसिसकेको छ । साँच्चै अहिलेको देशको आकृति फेरेर आँखामा सजाएको आकृति बनाउन अब हरेकको आगोको लप्कासँग खेल्न तयार हुनु पर्छ । |
| एघार | जाडोमा न्यायो नपाएर ठिहीमा कठ्याङ्ग्रिएर बाँच्नेहरू समाजमा थुप्रै छन् । तर यहाँ उनीहरूका लागि सोचिदिने ताता मगजहरू छैनन् । उनीहरू चिसोमा पत्थर जलोस् र चिसा मान्छे जो ठिहीले कठ्याङ्ग्रिनेहरूको दुःख बुझ्दैनन् उनीहरू बलिदिए हुन्थ्यो भन्ने चाहना राख्दछन् । गरिबीले पिल्सिएका उनीहरूमा सधैं एउटा न्यानो घामको आशा छ। उनीहरू पत्थरसरी मुटु भएका चिसा मान्छेहरूमा अब बद्लिए हुन्छ भन्दछन् । किनकि ती गरिबीहरूमा अब केवल अरूले आफ्ना लागि |

| | |
|---|---|
| | केही गरिदिने कुरामा निराशा छ । |
| बाह्र | अन्याय अत्याचार गर्ने मिचाहाहरूलाई खबरदारी गरिएको कविता छ । अन्याय गर्नेहरूले अन्यायको सीमा नाघे पछि सहनेहरूले सहनशीलताको सीमा पनि समाप्त हुन्छ । त्यो बेला सहनेहरू आगो बनेर बन्दुकको गोली झै पड्कन्छन् । अन्यायमा पर्नेहरू भागेर जाने ठाउँ हुदैन । अन्याय सहेर बसेकाहरू एकजुट भएपछि अब त केवल अन्यायीहरू आत्मसमर्पण गरे हुन्छ । |
| तेह्र | यहाँ नुनको साटो खुन दिन परिरहेको छ । धेरै अभाव ग्रस्त जिन्दगी बाँचेर रोइरहेका छन् । उनीहरूको दुःख आवाज सुनिदिने कोही छैन । उनीहरूको दुःख व्यथा बुझेर त्यसमा मलम पट्टी लगाउनुको सट्टा उनीहरूकै जीवन दाउमा लगाएर अगाडि बढ्नेहरू धेरै छन् । अब यो दुःखद जीवनबाट मुक्ति पाउन कोही यस्तो नेतृत्वको जरूरी छ । जसले गरिबको व्याथा बुझेर उनीहरूलाई सङ्गठित गराई अधिकारका लागि अघि बढ्न सिकाओस् । |
| चौध | भावना जोड्का लागि कुनै भावनाको पुल हुनुपर्छ, जसले एउटा हृदयले अर्को हृदयलाई छुन सकोस्, प्रीतिहरू एक आपसमा बाँड्नका लागि पनि कुनै एउटा प्रीतिहरूको सङ्गम स्थल हुनुपर्छ, जसले मन र मनलाई सजिलै जोडन् सकोस् । तसर्थ एक अर्का बीच प्रेम र भावना साट्न एउटा यस्तो बिन्दु हुनुपर्छ जसले एक अर्का वीच पुलको काम गर्न सकोस् । |
| पन्ध्र | व्यक्ति जीवनमा आशावादी हुनुपर्छ । भोलि आज जस्तो दुःखदायी नहुन सक्छ । जीवनमा सुख दुःख घाम छाया जस्तै छ । त्यसैले आजका कष्टहरूलाई सहँदै सुनौलो भविष्य आशा मार्नु हुँदैन । समयले विषलाई पनि अमृत बनाउन सक्दछ । तसर्थ आशाले जीवनलाई अग्रगति दिन्छ धैर्य गर्न छाड्नु हुँदैन । |
| सोह्र | आखाँले हाउभावले व्यक्त गर्ने माया भन्दा दिलको अनुभूति जन्य माया मिठो हुन्छ । रगतले जोडिएको नाता भन्दा साँच्चै भावनाको नाता गाढा हुन्छ । त्यसैले माया मुटुमा हुन्छ, नाता भावनामा हुन्छ । |
| सत्र | आफ्नी प्रियसीलाई प्रेमका बदलामा प्रेम पठाएको प्रसङ्ग छ । अफूलाई सधैं आहुति दिन तत्पर प्रेमिकालाई उसले केही छैन आफूसँग भन्दा सब कुरा प्रेम हो जो तिमीसँग छ । त्यो प्रेमपूर्ण दिल मलाई दिनु त्यो नै संसारको सबै भन्दा ठूलो उपहार हो । तिमीले दिएको उपहार बदलामा तिमीलाई दिन उपहार पठाउँदैछु । यहाँ प्रेमलाई नै सर्वस्व मानिएको छ र सृष्टिको सुन्दर उपहार ठानिएको छ । |
| अठार | पिउनुको नाममा जहर पिऊँ वा जिउनुको नाममा मुर्दा जिऊँ भन्ने प्रश्न गरिएको छ । मानिस आफू भएर आफ्नो अस्तित्वसहित बाँच्न चाहन्छ । मानिस जब आफ्ना चाहना रहर भावना अनि आफ्नो स्वभिमान गुमाएर बाँच्दछ त्यो बेला केवल श्वास प्रश्वास चले पनि ऊ मरेतुल्य हुन्छ । यसरी केवल मदहोस भएर जहर पिउनु जति घातक त त्यसै गरी मरेतुल्य भएर बाँच्नुको कुनै अर्थ छैन । |
| उन्नाइस | विछोडको पीडा सबैलाई हुन्छ । जानेहरू छोडेर गए पनि सम्झना भने साथमै रहन्छ । कसैले आफ्नो साथ छोडेर गएपनि जानेलाई फूलदानमा बसी फूल पठाएर स्वागत गरूकि वा हत्केलामा तातो ओठ राखेर रोएर भनूँ तिम्रो सम्झनाले सताउने गर्छ । के गरूँ भन्ने कविको असमञ्जस्यता व्यक्त छ । |
| वीस | जानेले छोडेर गएपछि म तिम्रो लागि किन रोऊँ ? आखिर मेरो चोखो माया तिम्रो लागि झुटो भएको छ । तिमी त भौतिक सुख खोज्दै मलाई लत्याएर सहरतिर लाग्यौ । सोचेको थिएँ माया चोखो हुन्छ तर तिमीले झुटो साबित गऱ्यौ । तिम्रो लागि प्रेम केवल रात परेपछि बिहान झर्ने र बिलाइ जाने शीतको थोपा जस्तै भयो । |
| एक्काइस | कुनै किशोरी कविको निकट आएकी छ । ऊ कविलाई अटो लेखिदिन आग्रह गर्दछे र दिन बित्दा नबित्दै आँखाभरी मायाको विस्कुन लाएर फर्कन्छे । जसले कविको |

| | |
|---|---|
| | हृदयमा भुइँचालो गएको छ । कवि नानीहरूसित कायल छन् र संभिरहन्छ । |
| बाइस | घाम केवल सतहमा लागेको छ । यहाँ त सूर्यले पनि आगो ओकलिरहेको छ । हजार हजार युद्धहरू भएका छन् । युद्धको पीडाले आहत भएर गौतम बुद्ध पनि शिर भुकाएका छन् । फक्रदै गरेको गुलाफ पनि पत्रै पत्र भएर फाटेको छ । गुलाफलाई पनि अहिले बम बारूद बनाउने अभ्यास गरिदैछ । परिस्थिति यस्तो बनेको छ कि कहीँ कतै बम पड्कन सक्छ । गुलाफलाई कोमल र सुन्दर मान्छौ तर आज गुलाफजस्तो सुन्दर र कोमल वस्तुहरूमा पनि बारूद भरिएका छन् । परिस्थिति अशान्तमय र युद्धमय छ । |
| तेईस | संवादात्मक शैलीमा लेखिएको कविता छ । 'क' 'ख' दुईपात्रहरू निर्माण गरिएका छन् । मूल प्रसङ्ग भने बराहक्षेत्र सँग सम्बन्धित छ । बराह क्षेत्रमा प्रत्येक वर्ष धार्मिक मेला लाग्दछ । त्यहाँ विभिन्न व्यक्तिहरूले आफ्नो मनोकाङ्क्षा पूरा गरिदिन भगवानसँग प्रार्थना गर्दछन् । तर उनीहरूका प्रार्थना निरर्थक सावित भएका छन् । धर्म र ढुङ्गामाथिको विश्वास केवल भ्रम सिद्ध भएको छ । विस्तार विस्तार ईश्वर प्रतिको मानिसहरूको आस्था धर्मराउँदो छ । |
| चौबीस | कविको मायाप्रतिको आस्था र परिभाषा फेरिएको छ । सुरूमा माया भनेको धरतीमा फूलहरू फुलाएर आकाशमा नौ लाख तारा सजाउनु जस्तो लाग्थ्यो । जीवन गुजार्न जीवनको यात्रामा असल साथी भेट्टाउनु जस्तो लाग्थ्यो तर उनलाई अहिले ती सबै व्यर्थ सपना जस्तै लागेको छ । केवल वर्षाको खहरे जस्तो केही समयमै सुक्ने मृगतृष्णा जस्तै धेरै प्यासी हुनु पर्ने यथार्थ जस्तो लाग्दैछ । यदि यी दुवै नभए माया चखेवाको प्रलाप हो कि जस्तो लाग्न थालेको छ । कविको प्रेमप्रतिको धारणा व्यक्त गरिएको छ । |
| पच्चीस | मुखमा राम राम बगलीमा छुरा हुनेहरूप्रति लक्षित कविता छ । यहाँ मानिस धर्मको नाउँमा निर्धाहरूको गला रेटिरहेछन् । न्वारनको नाउँमा मृत्युलाई निम्तो दिँदै चिहान खनिरहेको छ । यो यथार्थको वीचमा समाजमा उज्यालो घाम ल्याउँछु भन्नेहरू स्वयम्ले रात निम्त्याउँदै आफू विहानसँगै हराएका छन् । तसर्थ कविलाई लागेको छ समाजमा परिवर्तन ल्याउनेहरू आफैँ पानीको फोका हुन् जो बहाबसँग सँगै बिलाई रहेछन् । |
| छब्बीस | यथास्थितिवाट परिवर्तनको आशा गरिएको कविता छ । वर्तमानमा मिचाहाको राज छ । तर भोलिको बिहान सुनौलो हुनेछ । सबैले राखेको आशाको प्रतीक एक युगपुरूष जन्मने छ । उसैले पक्कै क्रान्ति ल्याउन सफल हुन्छ । त्यसका लागि मैले गास र बास खोजिएकाहरूको पुनः स्थापना गर्न सक्ने युगपुरूष जन्माउन गर्भाधान गरेको छु । हामी आशा मार्नु हुँदैन भोलि सबैको व्यथा बुझ्ने युगपुरूष क्रान्तिको शङ्खनाद सँगै जन्मने छ । |
| सत्ताइस | एउटा कवितामा विभिन्न फरक प्रसङ्गको प्रस्तुति छ । वास्तवमा प्रीत जीत भन्दा ठूलो हुन्छ । जसले मानिसलाई सुख दिन्छ । जिन्दगी अनौठो छ । यसका थुप्रै हिँड्ने बाटाहरूछन् । त्यसमा सबैले आ-आफ्नो बाटो रोज्दछन् । आखिर यहाँ जान पनि विश्वास चाहिन्छ युद्धमा माहिर सिपाहीदेखि जीवन यात्राका मोडहरू राम्ररी पार गर्न विश्वास हुनु जरूरी हुन्छ । |
| अट्ठाइस | जीवनप्रतिको निराशावादी कविता छ । जीवनको मोडमा आफ्नी प्रेमिकालाई गुमाएपछि रात नै मन पर्न थालेको छ। दिनको उज्यालोमा आफ्नी प्रेमिकालाई राम्ररी सम्झन नपाएको र रातको अँध्यारोको एकान्त चाहिएकाले आफूसँग भएको उज्यालो पनि कसैले हरेर लगिदिए हुन्थ्यो भन्ने चाहना कविले व्यक्त गरेका छन् । |
| उनन्तीस | अहिले सहिदलाई वर्तमानले निल्दै गइरहेको छ । इतिहासको गर्भभित्र सहिदका सपनाहरू कैद छन् । अहिले त सहिद केवल दन्त्य कथाको पात्र जस्तै भएका छन् । उनीहरूको त्याग तपस्या युगले बिर्सेको छ । |

| | |
|---|---|
| तीस | हरेक कुरामा विवेकको प्रयोग हुनुपर्छ । यदि नबुझी केही कुरामा हाम फालियो भने डुबिन्छ । त्यसबाट उम्कन सकिँदैन । समस्याबाट पार पाउन त हाम फाल्नु अघि आधारको खोजी गर्नुपर्छ । जसरी नदी तर्दा पुल भए नदी पार गर्न सकिन्छ अन्यथा नदीमा डुब्न सकिन्छ । त्यसै जिन्दगीमा पनि यो नियम लागु हुन्छ । |
| एक्तीस | हिँड्नु पर्छ नभए गन्तव्यमा पुग्न सकिँदैन तर हिँड्नका लागि पनि उद्देश्य हुनुपर्छ । निरूद्देश्य जति नै सबेरै हिँडे पनि हिँड्नुको अर्थ छैन् । अर्थपूर्ण यात्रा तय गर्न त लक्ष्य राख्नु पर्छ जसले जीवन र यात्रा सार्थक बनाउँदछ । |
| बत्तीस | सबै कुरा सहज रूपमा नपाइन सक्छ । मागेर नपाइने आफ्ना अधिकारका कुरा खोसेर लिनुपर्छ । तर हरेक काम गर्न दक्षता चाहिन्छ । अरूसँगबाट आफ्नो अधिकार खोसेर लिन पनि जान्नु पर्दछ । त्यसका लागि आफू ज्ञान सम्पन्न हुन जरूरी छ । |
| तेत्तीस | जीवनको यात्रा अनवरत चल्छ । यात्रामा अघि बढ्दै जाँदा कसैलाई कुर्नुमा पनि मजा हुन्छ । तर जसलाई कुरिन्छ ऊ माथि पूर्ण विश्वास हुनुपर्छ । अनि उसलाई कुर्नुको पनि अर्थ हुन्छ नभए प्रतीक्षा खेर जान सक्छ । |
| चौंतीस | हामी साँघुरो घेरामा बाँचिरहेका छौं । हामी फैलन पनि मनग्य धरातल छैन । त्यसैले फैलँदा पनि कति अरूको सीमाना मिचिने हो कि हेर्नु पर्छ । कवि जीवनको साँघुरो घेरामा फैलँदा पनि विचार गर्न आग्रह गर्दछन् । |
| पैत्तीस | जीवन बहुमूल्य छ । यसलाई केवल हीरा मोती र जुहारत जस्तो बनाउनु  हुदैन । यसलाई त हर रात परेपछि बिहानीमा पोखिने र बिहानी घामसँगै टल्किने शीतको थोपा जस्तो बनाउनु पर्छ, जो हेर्दा निकै सुन्दर देखिन्छ र घाम सँगै बिलाएर जान्छ तर हर रात पछि झर्छ र बिहानी घामलाई स्वागत गर्दै आफू भने हराउँछ । |
| छत्तीस | हामी सन्त्रस्त परिवेशमा बाँचेका छौं । कहाँ कतिवेला के हुन्छ भन्न सकिदैन त्यसैले हर पाइला-पाइलामा होसियार हुनुपर्छ । हामीले कुनै कामको सुरू गर्दा पनि विचार पुऱ्याउनु पर्छ । असल कार्य तुहाउन थुप्रै विषाक्त मन भएर मानिसहरू सर्प झैं फँणा फैलाएर डस्न खोजिरहेका हुन सक्छन् । तसर्थ सावधान रहनु पर्छ आफ्नो आत्मरक्षाका लागि । |
| सैतीस | मानिस-मानिस बीच थुप्रै विमतिहरू हुन्छन् । अझ आफ्नै प्रेमी र प्रेमिका पनि विभिन्न कारणले नदीका दुई किनार भएर बाँच्नु पर्ने हुन्छ । मनभरि पीडा बोकेर नदीको दुई किनार जस्तो भएर बाँच्नुको पीडा झनै कष्टप्रद हुन्छ । त्यसैले केही त भावनाको यस्तो सङ्गम विन्दु हुन सक्छ जसले दुवैलाई मिलाउन सकोस् । विछोडिएका प्रेमीहरूलाई जोड्न अब भावनाको साङ्लाले नै सक्छ जुन मिलन बिन्दु मानिसहरूले निर्माण गरिदिनु पर्छ नभए सधैं बिछोडिनु पर्दछ । |
| अठ्तीस | आकाश खुला छ । उसमा घरि घरि बादलहरू देखिन्छन् तर ऊ कुनै पनि बेला सर्वाङ्ग नाङ्गिन सक्छ । किनकि उसलाई लाज लाग्दैन । हामी चेतना भएका मानिसहरू भने हामी सँग केही त लाज हुनुपर्छ । यदि कोही नाङ्गियो भने ऊ भित्र केही न केही क्लेषहरू छन् आकाश सफा हुँदा नाङ्गिन्छ तर मानिस कुर्कमवाट नाङ्गिन सक्छ । |
| उनन्चालीस | सहर भौतिकताले अगाडि छ । त्यहाँ मौसमको कुनै अर्थ छैन । त्यहाँ फागुन चैतमा पनि गुराँस फुल्दैन । केवल मान्छेहरूको आवाद वस्ती मात्रै भैरहेछ  सहर । जहाँ केवल मौसम छ त्यसको प्राकृतिक स्वरूप छैन । भौतिकताले सहरलाई निलेको छ । ऊ प्राकृतिक हिसाबले खोको छ । यही सहरको खोक्रोपन भित्र मौसम जस्तै मानिसको मन पनि शून्य छ । |
| चालीस | गरिवीको रेखामुनि रहेका मानिसहरू जो महङ्गो होस् वा सस्तो, पेटभरि खान पाउँदैनन् । उनीहरूलाई मुल्य वृद्धिको कुनै अर्थ छैन किनकि उनीहरूसँग सामान किनेर खाने पैसा छैन । त्यसैले महङ्गी केवल पैसा हुनेहरूका लागि दुःखद र |

| | |
|---|---|
| | बोझको कुरा भएको छ । पैसा नहुनेहरूलाई कागलाई बेल पाक्यो हर्ष न विस्मात जस्तै छ । |
| एक्चालीस | हरेक मानिसको जीवन आफ्नै प्रकारको छ । तर फुटपातमा बसेर बुट पालिस गर्दै जीविका चलाउने व्यक्तिको जीवन भने बुट र पालिसको यथार्थ जस्तै बनेको छ । ऊ जीवन फुटपातबाट सुरू गर्छ र रातको मध्यप्रहरमा पनि उसको घर फुटपात नै बन्छ, उसलाई कहिल्यै फुटपातले छुट्टी दिँदैन । |
| बयालीस | मानिस हरक्षण सन्त्रासमा बाँचिरहेको छ । उसलाई आफू र आफ्नै सिर्जना माथि पनि विश्वास छैन । झन् आणविक शस्त्रहरूले त मानिसलाई विचल्लीमा पारेको छ । यही युद्धमय परिवेशबाट आत्तिएर निसास्सिएर बाँचेको छ । अहिले उसलाई सिर्जनाले पोल्न थालेको छ । |
| त्रिचालीस | हाम्रो संस्कार यति पुरानो भै सकेको छ कि कुनै व्यक्तिले धेरै समय प्रयोग गरिसकेपछि तलुवा समेत जाने गरेर फाटेको जुत्ता झई भएको छ । जसलाई हामीहरूले आफ्नो परम्परा सम्झेर आफ्नै खुट्टा नै खियाउँदै तलुवा नभएको जुत्ता जस्तो संस्कार पहिरेर हिँडेका छौं । हाम्रो मानसिकता संस्कार जस्तै पुरानो छ । जसलाई काखी च्यापेर हिँडेका छौं । |
| चौवालीस | समय निर्जन चकमन्न र सुनसान छ ।यसले युगलाई बोकेर हिँडेको छ । हामी समयसँगै आफ्नै मृत्युको विषाक्त प्रतीक्षा गरिरहेका छौं । समय निरन्तर आफ्नै प्रवाहमा बग्छ । यसको गतिले हाम्रो मृत्युलाई नजिक आउन दिम्ता दिनेगर्छ । |
| पैतालीस | योजना केवल भाषण र बजेटमा सीमित छ । यसको कार्यन्वयन सधैं निराशाजनक छ । केवल योजना मन्त्रीहरूको बोलीमा सीमित छन् । प्रत्येक वर्ष आषाढ मसान्तमा ल्याइने सरकारी बजेट मोटो रकम नै सीमित छन् । त्यसैले योजना कागजमा छ बोलीमा छ तर व्यवहारमा प्रयोग छैन । |
| छयालीस | भनिन्छ सपना रातभरिलाई हो । सपना हरेक मानिसका हुन्छन् । ती सुन्दर र लहलाउँदा हुन्छन् । तर मानिसका सपना केवल मिठो कल्पना मात्रै हो । कुन बेला जीवनमा कस्तो आँधी बेहरी आउँछ र उडाउँछ भन्न सकिदैंन त्यसैले निरीह मानिसका संम्झना केवल बालुवाको सुन्दर बाटिका हो जुन हावाको एकै झोक्काले उडाउन सक्छ । |
| सतचालीस | अतीत सिन्दुर मेटिए पछि पण्डितले घोषणा गरेको सुहागको ग्यारेन्टी जस्तै निरर्थक छ । जसले केवल वर्तमानमा पीडा दिन्छ तर त्यो पीडाको कुनै अर्थ छैन । जसलाई फेरि बदल्न सकिदैन । केवल भोगिसके पछि मात्रै त्यो थाहा हुन्छ जसलाई सुधार गरेर वर्तमानमा राम्रो बनाउन सकिन्छ । |
| अठचालीस | युग आणविक शस्त्र अस्त्रले सन्त्रस्त छ । यहाँ कुनै पनि बेला बम बारूद बिस्फोट हुन सक्दछन् । मानिस अहिले उन्मुक्त भएर सास लिन पनि सकेको छैन । सर्वत्र बारूदको धुवाँले वायु धमिलिएको छ । शक्तिको होडबाजीमा हिंसा भड्किएको छ । मानवीयता सखाप पार्न यसै बेलामा मानव रूपधारी ब्वाँसाहरू सल्बलाएका छन् । हामी कुनै पनि बेला शिकार हुन सक्छौं । यो युद्धमय परिवेशले हरेक मानिस आफ्नै धरातलमा डराइ-डराइ बाँच्दैछ । |
| उनन्पचास | शक्तिशाली हुने होडबाजीमा अहिले विश्व अगाडि बढिरहेको छ । विकसित देशहरू त झन् आफ्नो शक्ति प्रदर्शन गर्न आफ्नो सारा राष्ट्रिय स्रोत युद्धमा खर्च गर्न तयार छन् तर हामी जस्तो गरिब देशका जनताहरू आफ्नो सम्पूर्ण आयु डलरमा बेचेर उनीहरूका लागि मरिदिन तयार छौं । हामीले रगत बगाएर उनीहरूलाई शक्तिशाली बनाउँछौं उनीहरू हाम्रो बलिदानी सम्झन पनि चाहन्नन् । |
| पचास | विकास र उन्नतिका यो अवस्थमा पनि अझै गरिब दुःखीको अवस्था ज्यूँ को त्युँ छ । उनीहरू दिर रात मिहिनेत गरेर पसिना बगाए पनि उनीहरूको पसिनाको उचित मुल्य निर्धारण गर्न सकिएको छैन । अहिले पनि एक पेट भर्न, आङ ढाक्न र |

| | |
|---|---|
| | बस्ने बासको लागि रगत पसिनाले मुल्य चुकाउनु परको छ । अब त साँच्चै उनीहरूको अभावबाट मुक्ति र श्रमको उचित मुल्य निर्धारणको लागि ठूलो हलचल आउनु पर्दछ । |
| एकाउन्न | समाज हिंसा आज भन्दा भोलि बढ्दै छ । यो हिंसाले हतियार जागेको छ । यस्तै हिंसाले हिंसा बढ्दै गयो भने यस धरतीमा एक दिन यस्तो नरसंहार हुनेछ जहाँ मानिसको आवाज सुनिने छैन । केवल हतियार पड्केको सुनिने छ । मानिस हतियारको दम्भले अर्काको अस्तित्व स्विकार्न तयार हुने छैन । |
| बाउन्न | हामी ठूला-ठूला सपना देख्छौँ । असाध्यै महत्वकांङ्क्षा राखेर आकाश नै छुने प्रण गर्दछौं तर हामी यति निरीह छौँ कि हामीलाई सपना देख्न उभिने पहिलो धरती पनि हामी सँग छैन । आफ्नै उभिने धरातल नभएर हामी झुक्नु परेको छ तर पनि ठूला-ठूला सपना देख्न छाड्दैनौं । |
| त्रिपन्न | जीवनको एक शाश्वत् पक्षको उल्लेख्य गरिएको छ । वास्तवमा मानव जीवन अभाव नै अभाव बित्छ । मानिस आफ्नो अभाव पूर्ति गर्न अनेक प्रयत्न गर्छ तर उसका आवश्यकता धेरै छन् । साधन स्रोत सीमित छन् तसर्थ उसले एउटा आवश्यकता पूरा गर्न अर्को आवश्यकताको बली दिनुपर्छ । मानिस आफू जति नै सुख र खुसीका लागि मरिहत्ते गरे पनि उसले सन्ताप बाहेक केही पाउँदैन । |
| चौवन्न | रगतको नाता भन्दा भावनाको नाता ठूलो हुन्छ । यदि मानिसले मानिसलाई मानवीय व्यवहार गर्न सके सबैको मुहारमा खुसी छर्न सकिन्छ । त्यसैले आफू खुसी हुनु छ भने अरूलाई खुसी बाँड्न सक्नु पर्छ । |
| पचपन्न | क, ख, ग र घ व्यक्ति बीचको संवाद प्रकट गरिएको कविता छ । ‘क’ अमर छु नाश हुन्नँ भन्छ ‘ख’ विजयी छु पराजित हुन्नँ छ । ‘ग’ ले म हर्ष हुँ म नभए उन्माद हुन्नँ भन्छ ‘घ’ आफू नभए कसैको अस्तित्व नरहने ठान्छ । यसर्थ यी चार पात्र जस्तै मानवहरू आ-आफ्नै कुरामा मै ठूलो भन्ने ठान्दछन् । जुन मानिसहरूको भ्रम हो । जो जसले आफ्नो महत्व ठाने पनि आखिर जो पनि दुःख परे पनि रूनै पर्छ । हरेक सँग आ-आफ्नै विशेषता होलान् तर ती विशेषताको आफ्नै महत्व हुँदा हुँदै पनि जीवन पूर्ण छैन । |
| छपन्न | भौतिक साधानहरू बढेका छन् । मान्छेको चेतनाको स्तर बढ्यो बढेन यसै भन्न सक्ने अवस्था छैन । धरानमा भने सिनेमाको फेसनले राम्रैसँग छोएको छ । अहिले धरान जस्तै अन्य ठाउँमा भौतिक सुविधाको विकाससँगै फेसन बढ्दो छ। |
| सन्ताउन्न | सपनाहरू सुन्दर हुन्छन् । जसरी केटाकेटीहरू भाँडाकुटीको खेलमा रमाएर एउटा घर बनाउँछन् । तर नियति यस्तो छ कुनै पनि बेला त्यो घर भत्किन सक्छ र कोशीको बगर जस्तो बन्न सक्छ । तसर्थ हामी मानिसहरू आफ्नो अनिश्चित भविष्यलाई काँधमा बोकेर हिंडिरहेका छौं । कुनै पनि बेला हाम्रा सपनाहरू हावामा उड्न सक्छन् । |
| अन्ठाउन्न | ‘खाने मुखलाई जुङ्गाले छेक्दैन’ भन्ने नेपाली उखानलाई कविले यसमा सार्थक पार्न खोजेका छन् । साँच्चै काम गर्नेहरू हर हमेशा जस्तो सुकै परिस्थितिमा पनि काम डटेर गर्दछन् । जो काम गर्न देखि अल्छी मान्दछन् उनीहरू अनेक बाहना पारेर कामवाट पन्छिन खोज्दछन् । चुनौतिसँग जुध्नेहरू आँधीमा पनि बल्छन् र ठिहीमा पनि बल्छन् तर पानी मरुवाहरू भने पहिल्यै चुनौति देखि भाग्छन् । |
| उनन्साठी | सधैं आफैँले साचे जस्तो सबै कुरा नहुन सक्छन् । आज किनार ठानेर भोलि नदीको मझधार हुन सक्छ । आज आफ्नो जीवनको साथी ठानेको व्यक्ति ऊ जीवनकै अवरोध हुन सक्छ । तसर्थ हाम्रो दृष्टिभ्रम जहाँ पनि हुन सक्छ परिस्थिति बदलिन सक्छ, यथार्थ फेरिन सक्छ । |
| साठी | यथास्थिति प्रति व्यङ्ग्य गरिएको कविता छ । शान्ति कायम गर्ने बाहनामा समाजमा झन् अशान्ति फैलिदैछ । शान्ति सुरक्षाका जिम्मा लिएर बसेका प्रहरी |

| | |
|---|---|
| | उल्टो शान्ति क्षेत्र भित्र प्रवेश गरेर अशान्ति भित्र्याउदै छन् । बालवालिका जो कुनै पनि द्वन्द्वमा आफ्नो सहभागिता जनाउँदैनन् उनीहरू माथि पनि प्रहरीले अशान्ति मच्चाएको भन्दै कुटपिट गरेका छन् । निमुखा जनताहरूलाई हाँस्ने त के रून सक्ने अवस्था पनि छैन । विद्यालय शान्ति क्षेत्र हो तर त्यहाँ प्रहरी पसेर बालबालिका माथि नै कुटपिट गरिरहेका छन् । |
| एकसट्ठी | नेपालमा १२ वर्ष सशस्त्र सङ्घर्ष चल्यो । त्यो बेलामा थुप्रैले द्वन्द्वको पीडा भोग्न पर्‍यो । सशस्त्र सङ्घर्ष रोक्न सरकारले थुप्रै सुरक्षामा कडाकासाथ केही कठोर नियम पनि बनायो । यस परिस्थितिमा धेरै निर्दोषहरूले पनि केवल शङ्काकै भरमा सजाय भोग्न पर्‍यो । बालबालिकाहरू पनि द्वन्द्वको शिकार भए क्रान्ति भित्र्याएको अरोपमा जेल सम्म पनि पुर्‍याएर आजीवन कारावासको सजाय दिइयो । पत्रपत्रिकाहरूले पनि द्वन्द्वकालमा शङ्काकै भरमा धेरै कुरा लेखे । |
| बैसट्ठी | कवि द्विविधामा परेका छन् । यहाँ जनता सधैँ नाराबाजी हुलदङ्गा जिन्दावाद र मुर्दावादमा देखिन्छ । यिनीहरू खै कस्तो सरकार चाहन्छन् कसैलाई थाहा छैन । फेरि नेताहरू जो उनीहरूलाई सधै सडकमा उतार्छन् । तिनीहरू कस्ता जनता चाहन्छन् त्यो पनि कसैलाई थाहा छैन । यसरी सधै विरोधको राजनीति गरेर अस्थिरता निम्त्याउन जनतालाई उतार्ने नेताहरू गोरू मान्दै कविले उनीहरू जनतालाई गोरू नै बनुन् भन्ने चाहन्छन् भन्ने धारणा राख्दछन् । |
| त्रिसट्ठी | अहिले समाजमा झमक्क साँझ परेको छ । एकै छिन पछि रात पर्नेछ । तर यो रात देखि आत्तिएर रूनु हुँदैन । रात परेपछि कलिलो बिहानी लाली जन्मन्छ । त्यसैले भविष्य प्रति आशावादी हुनुपर्छ । एकदिन परिस्थिति सुखद हुन सक्छ । |
| चौसट्ठी | कवि आफ्नै जवानी प्रति निराशावादी छन् । प्राकृतिक सुन्दरताले पनि उनलाई तान्न सकेको छैन । संसारसँग कुनै लेनदेन नभएजस्तो गरेर विरक्तिएका कवि आफ्नै बैंसलाई बोझ ठान्दछन् र यबै निरर्थक लाग्न थालेको छ । उनलाई पूर्णिमाको जून पनि फिक्का लाग्दैछ । केही गर्ने जोश जाँगर छैन । |
| पैसट्ठी | बुद्ध सधै शान्तिको सन्देश छरिरहेका छन् । उनको आँखामा केवल शान्तिको कामना छ । देश बनाउँदा बनाउँदै प्राण त्याग गर्ने सहिदहरूमा पनि देश निर्माणको चाहना छ र उनीहरूको चाहाना पूरा गर्ने देशवासी भएको देश उनीहरूलाई चाहिएको छ । जहाँ सहिदको भावनाको सम्मान होस् । |
| छैसट्ठी | देश शिरमा सगरमाथा छातिमा महाभारतको अनन्त कथा र पुछारमा कोशीको लहर लिएको बसेको छ । गौतम बुद्ध धड्कनमा अट्न नसकेर भित्तामा टाँसिएका छन् । यो नेपालको यथार्थ हो । यहाँ विभिन्न अनेकताहरू छन् । यही अनेकता भित्र एक हो नेपाल । यहाँ देश दुखेको पीडा पनि छ अनि सगरमाथा र गौतम बुद्ध हुनुको गर्व पनि छ । |
| सतसट्ठी | नेपालमा थुप्रै युद्धहरू भए । युद्धबाटै आफ्नै स्वतन्त्र अस्तित्व नेपालले कायम गर्न सफल भयो । यो देशमा अझै पनि क्रान्तिको अनन्त पीडाहरू छन् ।युद्धको डरलाग्दो यथार्थ छ । तर जे जस्तो इतिहास र वर्तमान भए पनि यहाँ शान्ति प्रिय नेपालीहरू बस्दछन् । त्यसैले बुद्ध शान्तिको सन्देश लिएर हरेकको घर टोल देखि मनमा समेत प्रवेश गरेका छन् । शान्तिप्रतिको मोहले गर्दा देशको गौरव बढेको छ। |
| अठसट्ठी | मान्छेको आफ्नै मन पनि आफ्नो काबुमा छैन । आफ्नो दुःखबाट भागेर मान्छे टाढा कहीँ जान सक्दैन । मानिसभित्र भएको लोलुपले मान्छेलाई छोड्दैन । मानिस सुखको खोजी गर्दछ तर सारा संसार छोडेर गरिएको एकान्त सुखको खोजी कहिल्यै पूरा हुँदैन । बर्मा गए कर्मसँगै भने झैँ सन्ताप पनि ऊसँगै जान्छ । जति कोशिस गरे पनि आफूबाट हटाउन सक्दैन । |
| उन्नासत्तरी | जीवनलाई एक प्रकारले बनाउन खोज्यो तर जीवन अर्कै मोडमा पुगेको कुरा |

| | |
|---|---|
| | उल्लेख छ । जीवनमा गतिशीलता खोज्दा झन् गतिहीन भएको र यसलाई पूरै अस्तित्व नै सकिने गरी सिध्याउन खोज्दा झनै आफ्नो चिनो बनाएर बसिरहेको छ । जीवनलाई सोचे जस्तो बनाउन नसकिने रहेछ यो त भोगे जस्तै मात्र बनाउन सकिन्छ । त्यस्तै हामी निरीह छौँ आफ्नो जीवन कस्तो बनाउने त्यो पनि हामीले निर्धारण गर्न सक्दैनौं । हामी आफ्नो जीवनलाई सारा दु:खहरू नष्ट गर्न चाहन्छौं तर जति नै कोशिस गरे पनि त्यसले हामीलाई छोड्दैन । |
| सत्तरी | जीवनलाई धेरै मानिसले आ-आफ्नो तवरले परिभाषित गरेका छन् । कसैलाई यो फूल जस्तो सुन्दर जून जस्तो उज्यालो लागेको छ । कसैलाई सधैं दु:ख भइरहने सृष्टिको भूल जस्तो लागेको छ । त्यसैले यो जीवनलाई के भन्ने ठोस अर्थ छैन जसले पनि आ-आफ्नै परिभाषा गरिहेछन् । |
| एकहत्तर | जीवन घाम पानी जस्तो छ । या भनौं घाम पानी जीवन जस्तो छ । यो जीवन यति कमजोर छ कि पानीको थोपा जस्तो एक सानो झोक्काले पनि यो समाप्त हुन सक्दछ । हामी मानवहरूको जीवन कतै घाम, कतै पानी, जुन मौसमको जसतो खण्डितपन छ र यहीं विविधतामा निरन्तरता छ । तर मान्छेको भाग्य निकै कमजोर छ । यसलाई सानो झोक्काले पनि बगाउन सक्छ । |
| बहत्तर | जीवन कहाँ के हुन्छ भन्ने सकिन्न । यो अनिश्चित भविष्य बोकेर हिँडेको छ । क्षण भरमा नै यो रूप फेरिन सक्दछ । अतीतका पीर व्यथा मान्छेले चाहँदैमा भुल्न सक्दैन । किनकि प्रत्येक मान्छेले जीवनमा दु:ख भोगेको छ । ती वर्तमान र अतीत दुबैमा छन् तसर्थ कुनै पनि बेला विरहमा फँस्न सक्दछ । |
| त्रिहत्तर | जीवनमा केही आशाहरू छन् । आकाङ्क्षा छन् तर यसमा कुनै उन्माद छैन । हतास र निराशामा त यसभित्र अझै दु:खबाट मुक्तिको कुनै निकास देखिदैन । यो पानीको थोपा जस्तो छ । यसको आफ्नै आकार छ तर गति छैन । पानीको थोपा जस्तो कमजोर अस्तित्व बोकेर हिंडेको मानव जाति नै गतिशीलता खोजे पनि यहाँ दु:ख र पीडाबाट मुक्ति छैन । त्यसैले जीवन गतिहीन छ र समग्रमा विसङ्गति बोध गरिएको कविता छ |
| चौहत्तर | मन परेको र माया गरेको मान्छेसँगै भए जीवन सार्थक र सुखद हुन्छ भन्ने कविको सोच छ । त्यसैले कवि आफ्नी प्रियसीलाई आफ्नै समीप आइदिन र उनी आए जीवन धन्य हुने थियो यसमा खुसीका रङ्गहरू भरिने थिए भन्ने धारणा व्यक्त गर्दछन् । |
| पचहत्तर | जति दु:ख गरे पनि सुखका दिनहरू जीवनमा आउन सक्दैनन् । आफ्नो जीवन सुखी पार्न खेतका गरा र आली जति ताछे पनि जीवनका दु:ख भने ताछिएका छैनन् । सुख त कल्पना जस्तो छ । आफ्नो भाग्य कर्मले लेख्न नसकिदो रहेछ । हत्केलामा रेखाहरू कर्मले मेटे पनि दु:ख भाग्यमा भएपछि भोग्नै पर्छ । त्यसै सुख क्षणभर हो दु:ख जीवन हो । |

विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा छोटा आकारका कविताहरू छन् । भावगत हिसावले ती कविताहरूमा विविध खालको विषयवस्तु पाइन्छ । कविले आफूले सिर्जना गर्दाको परिवेशलाई टपक्क टिपेर कवितामा समाज जीवन, प्रकृति र वातावरणको सन्दु प्रस्तुति दिएका छन् । यिनले आफ्ना कवितामा युद्धले सन्त्रस्त परिवेशमा सशङ्कित भएर बाँच्नुको पीडालाई राम्रैसँग प्रस्तुत गरेका छन् । देशमा युद्ध छ । युद्धले सबैलाई दु:ख दिएको छ। यस्तो परिवेशमा दीगो शान्तिको कामना सर्वत्र छ । तसर्थ कवि आफ्नो शान्ति प्रेमलाई व्यक्त गर्दछन् -

क्रान्तिको अनन्त पीडामा दुख्ने
छातिको घाउमा होस् ।

विजयको शङ्खनादले खिल्ने
ओठको आँसोमा होस्
सर्वत्र बुद्ध पाइन्छ
बुद्ध मेरो घरको चोटामा छ
बुद्ध मेरो टोलको चोकमा छ
बुद्ध ती सबभन्दा माथि
मेरो देशको गौरव
सगरमाथाको शिरमा छ । (पृ. ६७ )

यसरी कविले आफ्ना कविताहरूमा बुद्धले जतातर्तै शान्तिको सन्देश छरेको सन्देश दिएका छन् । जति नै महाभारत रचिए पनि अन्ततः शान्तिप्रतिको प्रेम र शान्ति सन्देशले सबैमा शान्तिको भावना जागृत गर्ने विश्वास कवि व्यक्त गरिरहेका छन् ।

विश्वविमोहन श्रेष्ठका कवितामा आफूले रचना गर्दाको परिवेशको चित्रण पाइन्छ । विशेषतः २०५२ साल पछिको हिंसात्मक परिवेश र विभिन्न राजनैतिक बेथितिको चित्रण गरेका छन् । हिंसाले गर्दा जताततै डरै डरमा बाँच्नु पर्ने स्थिति छ र यिनी कवितामा लेख्छन् :-

आहो !
कस्तरी छोडेको यो वायुलाई
बारूदको गन्धले
उन्मुक्त भएर श्वास लिन पनि
कसैको अडिलो भर चाहिन्छ ।
साँच्चै कति त्रस्त छ वातावरण
कुनै पनि क्षण न्युटन पड्कन सक्ने
सर्वत्र ब्वाँसोको चाल देखिन्छ (पृ. ४८)

भोलि कतै जीवन देखिने छैन
सर्वत्र सुनसान चकमन्न
पेस्तोलको आवाज मात्र सुनिने छ
ड्याङ् .......... ड्याङ् .............. ड्याङ् (पृ. ५१)

युद्धले सबैलाई दुःख दिएको छ । मानिसहरू आफू खुसी हिंड्डुल गर्न पाएका छैनन् । खुकुरीको धारमा जीवन राखेर बाँचेका छन् ।

विश्वविमोहन श्रेष्ठका कवितामा क्रान्तिधर्मी चेत पनि पाइन्छ । यिनी यथास्थितिबाट माथि उठ्न चाहन्छन् र जटिल राजनैतिक तथा परिवेश सामाजिक विकृति विसङ्गतिबाट परिवर्तनको श्वास फेर्न पाउनुपर्ने तर्क राख्छन् -

फेर्न चाहन्छौँ हामी
तिम्रो आकृति
था' छ
यसको लागि
आगोसँग खेल्नुपर्छ
नपत्याए यी आखाँमा हेर
जसभित्र भोलिको
रङ्गीन नेपालको चित्र हुन्छ (पृ. १०)

पर्ख
थात र बास खोसिएकाहरू हो
पर्ख

मैले भर्खरै श्रीमतीलाई गर्भाधान गरेको छु
पर्ख
भोलिको नयाँ घाम सँग सँगै
मेरो छोरो जन्मने छ क्रान्ति (पृ. २६)

देशमा धेरै विसङ्गतिहरू छन् । जता सुकै डर र त्रास बाहेक केही छैन । विकास भन्दा विनाशतर्फ मुलुक अगाडि बढ्दै छ । यस्तो परिवेश अब रहनु हुन्न र छिट्टै केही अग्रगामी परिवर्तन हुनुपर्छ । जसले सुनौलो नेपलाको सङकेत गर्नेछ भन्ने कविको धारणा कविताहरूमा व्यक्त भएका छन् । उनले सबैलाई परिवर्तनका लागि जाग्न र एकजुट हुन समेत आग्रह गरेका छन् ।

विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूमा सामाजिक विकृति र विसङ्गतिलाई पनि प्रस्ट्याएर त्यसमा परिवर्तनको अपेक्षा राख्दछन् । समाज धेरै परिवर्तन भएको छ । त्यो परिवर्तनलाई कतै कतै विकृतिको रूप पनि लिएको छ -

गाडीको चहल पहल निकै बढेछ
मान्छेले भोग्नुपर्ने हरक्षणको त्रासदी घटेछ
चेतनाको स्तर त खै कुन्नि उठ्यो वा उठेन
सिनेमाको फेसनले भने धरानलाई खर्लप्पै निलेछ (पृ. ५६)

कतै संस्कार र संस्कृतिका नाउँमा विकृति छन् त कतै परिवर्तनका नाउँका विकृति आएको छ । अझ नातावाद, कृपावाद र अन्य राजनैतिक विकृति मौलाई रहेको छ जसलाई कविले व्यक्त गरेका छन् ।

विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूमा जीवनलाई परिभाषित गर्न यसका विभिन्न पाटाहरूको व्याख्या गर्न रूचाउँछन् । जीवनमा थुप्रै सङ्गति र असङ्गतिहरू छन् त्यसैले यिनी विसंगतिवादी अस्तित्ववादी दुवै कोणवाट जीवनलाई हेर्न पुग्दछन् । जीवनमा शाश्वत् पक्षलाई स्विकार्दै अगाडि बढ्नुमा नै यिनी जीवनको सार्थकता देख्दछन् र आफ्ना कवितामा यसरी भन्छन् ।

पिउनुको नाममा मदहोस भएर
के म 'जहर' पिऊँ ?
तिमी आफैं भन
जिउनुको नाममा निर्लिप्त भएर
के म 'मुर्दा' जिऊँ ? (पृ. १८)

समय
निर्जन, चकमन्न र सुनसान
आफ्नै मृत्युको विषाक्त प्रतीक्षा । (पृ. ४४)

जीवनलाई कतै विष भरिएको घडा देख्ने श्रेष्ठ यसको विषाक्त पक्षलाई हटाएर अमृतपान गर्न सक्नुपर्छ तब बल्ल जीवन सार्थक हुन सक्ने धारणा राख्दछन् ।

विश्वविमोहन श्रेष्ठ **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा आफ्नो प्रणजन्य भावलाई मुखरित गर्दछन् । प्रेमप्रति उदार देखिने श्रेष्ठ छाडा प्रवृत्तिको प्रेम भने रूचाउँदैनन् । त्यसलाई उनी विकृति भन्छन् । दिल-दिल जोडेर मनबाटै स्वस्फूर्त लाएको माया पो माया अरू माया के माया भन्दछन् । उनी यस्तै मन-मन साटेर लाएको माया मिठो मान्छन् ।

आँखाको माया त के हो र
दिलको माया पो मिठो हुन्छ ।
रगतको नाता त के हो र
भावनाको नाता पो गाढा हुन्छ । (पृ.१६)

सधैं भन्छेउ तिमी
के दिन सक्छु र म हजुरलाई
तर म भन्छु

जे पनि दिन सक्छ्यौ तिमी मलाई
यसैले आज पहिलोचोटि म माग्दैछु
तिमीसँगै तिम्रै दिल
र बदलामा पठाउँदैछु तिमीलाई
नासो भनेर आफ्नै दिल । (पृ. १७)

यसरी श्रेष्ठले आफ्नो प्रेमजन्य भावना उजागर गरेका छन् । यिनी सच्चा प्रेमलाई पवित्रताको सङ्ज्ञा दिन्छन् र प्रेमलाई जीवनको सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा लिन्छन् ।

विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा यिनले समाज र जीवनबाट विषय टिपेर कविताको सिर्जना गरेका छन् । यिनका कविताहरू यथार्थ र कल्पनाका सम्मिश्रण हुन् । समसामयिक परिवेशको चित्रण राम्रैसँग गरिएका कविताहरूमा प्रकृति चित्रण, सामाजिक विकृति विसंङ्गतिहरूको चित्रण, क्रान्तिधर्मी चेतना, जीवनप्रतिको हेर्ने दृष्टिकोण, स्वदेश प्रेम, युद्धमय परिवेशको चित्रण गर्दै शान्तिप्रतिको आस्था व्यक्त गरिएको छ । छोटा कविताहरू समावेश गरिएको यो सङ्ग्रहमा कविको कवित्व कलाकारिता राम्रैसँग झल्किएको छ ।

## ५.३.३ सहभागी

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा सुकुमार, मगन्ते, फकिर, बालक, तिमी ईश्वर रारा, युवती, मान्छे, म, उनी, दाजु, सगरमाथा, बुद्ध, आकाश, धरती, ब्वाँसो, रूपी पुर्खा, जनता जस्ता मानवीय तथा मानवेत्तर सहभागीहरूको प्रयोग भएको पाइन्छ । यी विभिन्न सहभागीहरूको माध्यमद्धारा सामाजिक, प्राकृतिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, प्रशासनिक, धार्मिक आदि विकृति विसङ्गतिहरूको चित्रण गरिएको छ । त्यसैगरी यस सङ्ग्रहमा सहभागीका माध्यमद्वारा कविले मानवीयता र शान्तिको पक्षमा जोड दिएका छन् । यस सङ्ग्रहमा प्रयुक्त सहभागीहरू स्वतन्त्र छन् । विषय वा भाव प्रकट गर्ने क्रममा स्वभाविक रूपमा प्रयोग भएकाले सहभागीले समाज र यसको परिवेशलाई राम्रैसँग चित्रण गरेका छन् ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा प्रयुक्त सहभागीहरू यस प्रकार छन् -

| कविता क्रम | सहभागी |
|---|---|
| एक | सुकुमार, मगन्ते, म, सहिद, फकिर, भीखमङ्गा |
| दुई | बालक, ऊ, तन्नेरी, मान्छे |
| तीन | तिमी, हामी |
| चार | तिमी, ईश्वर, देश |
| पाँच | प्रेम, जीवन |
| छ | रारा |
| सात | युवती, ऊ |
| आठ | ऊ |
| नौ | अरूण, म, कोशी, तिमी |
| दश | तिमी |
| एघार | मान्छे, तिमी, हामी |
| बाह्र | तिमी, म |
| तेह्र | ऊ, तिमी |
| चौध | अतृप्तआत्मा, भावना |
| पन्ध्र | नयाँघाम |
| सोह्र | माया, माता |
| सत्र | तिमी, म |
| अठार | म |

| | |
|---|---|
| उन्नाइस | म, कोही |
| वीस | म, तिमी |
| एक्काइस | उनी, दाजु, म, नानीहरू |
| बाइस | ऊ, सूर्य, गौतम बुद्ध, कोशी |
| तेईस | क, ख, रामे, मान्छे |
| चौबीस | म, चखेवा |
| पच्चीस | मान्छे, तिमी |
| छब्बीस | श्रीमती, छोरो, म |
| सत्ताइस | तिमी |
| अट्ठाइस | म, उनी |
| उनन्तीस | सहिद, नायक |
| तीस | पुल, कवि |
| एक्तीस | कवि, पाठक |
| बत्तीस | कवि, पाठक |
| तेत्तीस | कवि, पाठक |
| चौंतीस | ऊ |
| पैत्तीस | मोती, शीतको थोपा |
| छत्तीस | सर्प, हात |
| सैतीस | हामी, मानिस |
| अठ्तीस | आकाश, ऊ |
| उनन्चालीस | सहर, गुराँस |
| चालीस | ऊ |
| एक्चालीस | जिन्दगी, ऊ |
| बयालीस | मानिस |
| त्रिचालीस | संस्कार |
| चौवालीस | समय |
| पैतालीस | मन्त्री |
| छयालीस | सपना, बाटिका |
| सत्तचालीस | पण्डित, अतीत |
| अठचालीस | कोही, न्युटन, ब्वाँसो |
| उनन्पचास | तिमी, हामी |
| पचास | तिमी, ऊ |
| एकाउन्न | जीवन, पेस्तोल |
| बाउन्न | हामी, आकाश, धरती |
| त्रिपन्न | कवि हृदय |
| चौवन्न | ऊ |
| पचपन्न | क, ख, ग, घ, ज्योति |
| छपन्न | मान्छे, धरान |
| सन्ताउन्न | नानीहरू, आँधी |
| अन्ठाउन्न | पानीमोरूवा, बल्नेहरू, जल्नेहरू |
| उनन्साठी | म |
| साठी | म, छोरो, साथी, पुलिस, गुरूबा, बच्चा |
| एकसट्ठी | नाबालक |
| बैसट्ठी | सरकार, जनता, यिनीहरू, गोरू |
| त्रिसट्ठी | रूपी, रात, साँझ |

| | |
|---|---|
| चौसट्ठी | उनी, म |
| पैसट्ठी | तिमी, बुद्ध, सहिद |
| छैसट्ठी | देश, सगरमाथा, बुद्ध, कोशी |
| सतसट्ठी | पुर्खा, बुद्ध, नेपाल |
| अठसट्ठी | उर्वशी, म, जिन्दगी |
| उन्नासत्तरी | जिन्दगी |
| सत्तरी | जिन्दगी |
| एकहत्तर | जिन्दगी |
| बहत्तर | जिन्दगी |
| त्रिहत्तर | जिन्दगी |
| चौहत्तर | तिमी |
| पचहत्तर | जिन्दगी, खेतका आली, हत्केलाका रेखा, खेतका गऱ्हा |

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा आ-आफ्नै वैशिष्ट्य बोकेका पात्रहरू छन् । यसमा 'म' सम्बोधक र 'तिमी' सम्बोधितका रूपमा आएका छन् । प्रत्येक कवितामा कविका निजी विचार भावहरू प्रस्तुत भएकाले त्यसलाई प्रष्ट पार्ने माध्यमका रूपमा सहभागीहरू आएका छन् । कतै कतै त कवि आफू बोल्छन् तर आफ्नो प्रत्यक्ष उपस्थिति देखाउँदैनन् र किटान गरिएका पात्रको पनि प्रयोग गर्दैनन् । बरू पाठकतिर फर्किएर खुरूखुरू आफ्नो भाव र चिन्तनलाई व्यक्त गरेको पाइन्छ । छोटा कविताहरूको सङ्गालो भएकाले पनि तीन हरफसम्म छोटा आकारका कविता भएकाले कविले विषयको उद्घाटन गरेर मात्रै पनि पाठको मनमा उत्सुकता पैदा गरेका छन् । पात्रहरू सबै कविताहरू स्वतन्त्र रूपमा दृष्टान्त वा विचारलाई सघाउन आ-आफ्नो भूमिकामा भएका छन् । यस सङ्ग्रहका कवितामा 'म' मा भोगाइहरू नै प्रस्तुत भएको पाइन्छ । त्यसैले 'म' को केन्द्रीय वा परिधीय भूमिका प्रायः कविता पाइन्छ । आजको समाजका विभिन्न विकृति, विसङ्गति र आफ्ना असन्तुष्टिहरूलाई कविले सहभागीको माध्यमद्वारा व्यक्त गरेका छन् । कुनै पनि कवितामा दोहोरो संवाद छैन । एकालापीय ढङ्गले कथानक वा घटनावली अगाडि बढेको छ । यस सङ्ग्रहमा प्रयुक्त पात्रहरू विविन्न क्षेत्रका छन् जसले आजको समाजको विभिन्न पक्षको प्रतिनिधित्व गरेका छन् ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा मानवीय मानवेतर दवै पात्रको प्रयोग भएको पाइन्छ । आफ्ना विचारलाई सजीव तरिकाले प्रस्तुत गर्ने क्रममा कविले पात्रहरूको प्रयोग गरेका छन् । प्रायः कवितामा 'म' के प्रत्यक्ष वा परोक्ष भूमिका देखिन्छ । अन्य सहभागीहरू स्वतन्त्र रूपमा आएका छन्  र प्रत्येकले छुट्टाछुट्टै वैशिष्ठ्य बोकेका छन् । केही कविताहरूमा भने कवि पर्दापछाडि बसेर बोल्छन् । पर्दामा कुनै पात्र देखिँदैनन् तर घटनावली भने अगाडि बढ्छ । यसमा कविले नै आफ्नो भूमिका अप्रत्यक्ष रूपमा देखाएका छन् ।

## ५.३.४ परिवेश

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा परिवेशलाई जनाउने विभिन्न तथ्याङ्कहरूको प्रयोग भएको छ । यस सङ्ग्रहका कवितामा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक तथा समसामयिक परिवेशको चित्रण पाइन्छ । यसक्रममा समयगत र स्थानगन सार्वभौमिकता र सार्वकालिकता पनि प्रकट भएको पाइन्छ । यस सङ्ग्रहका कवितामा आकारगत (संरचनागत) हिसाबले छोटा कविताहरू समावेश गरिए पनि यस भित्रका कविताहरूमा अत्यन्त सहज स्वभाविक जीवन्त र प्रभावकारी किसिमले परिवेशको चित्रण गरिएको छ । विशेषतः कविले आफूले भोगेको र अनुभव गरेकै परिवेशलाई यहाँ चित्रित गरेका छन् । त्यसमा कविको निजी अनुभव, विचार र चिन्तन प्रभावकारी भएको आएको छ ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा स्थानगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा गल्ली, बस्ती, देश, चोक, स्टेसन, रारा, सडक, बगर, नदी, पुल, आकाश, बराहक्षेत्र, सहर, फूलबारी, धरान, धरती सगरमाथा आदि विभिन्न, तथ्याङ्कहरूको प्रयोगबाट स्थानगत परिवेशलाई प्रस्तुत गरिएको देखिन्छ । यस सम्बन्धी केही उदाहरणहरू निम्नलिखित छन्-

कति वर्ष बाँच्लाऊ र तिमी अब
हामी आफ्नो गल्ली र बस्तीबाट
लाखौं मसालसँग निस्किरहेछौँ । (पृ. ३)

निर्विकल्प, निर्लिप्त रारामा
ढुङ्गाको सानो चोइटो बज्र्यो भने
लहरहरू देखा पर्छन् । (पृ. ६)

सतह सतहमा फैलेको छ
कोशीको सतह सतहमा घाम
ऊ पल्लो किनारमा बाटुलो सूर्य छ
आगो ओकलिरहेको (पृ. २२)

हामी
आकाश छुने सङ्कल्प गर्छौं
तर नपाएर उभिने धरती
निरन्तर झुकिरहेछौँ (पृ. ५२)

यी विविध उदाहरणहरूले स्थानगत परिवेशलाई प्रस्तुत गरेको देखिन्छ । यस सङ्ग्रहका कविताहरुमा आएका स्थानगत परिवेशले ग्रामीण, सहर, धार्मिक, प्राकृतिक विभिन्न स्थानहरूको झाँकी प्रस्तुत गरेका छन् । कतै कतै त स्थान नै मुख्य केन्द्रीयतामा रहेर स्थानकै परिवेशको व्याख्या समेत कवितामा गरिएको छ । यस सङ्ग्रहका परिवेश सूचक स्थलहरू सहभागीको कार्यस्थल एवम् कविका आफ्नो अनुभूति व्याख्याका क्रममा आएका छन् । स्थलहरूले नेपालकै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न क्षेहरूको झलक प्रस्तुत गरेका छन् । यसमा प्रस्तुत घरेलु स्थानहरूले नेपालकै क्षेत्रगत एवम् भौगोलिक विविधताको संङ्केत गरेको देखिन्छ भने अर्को तर्फ बस्ती, गल्ली, स्टेशन, चोक, सडक, धरान, जस्ता स्थानहरूले यहाँका नागरिकको जीवनशैलीलाई संङ्केत गरेका छन् । समग्रमा यस सङ्ग्रहका कवितामा स्थानगत परिवेशलाई जनाउने तथ्याङ्कको जीवन्त एवं प्रभावकारी प्रस्तुति छ ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा समयगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा भोलि, घाम, आज, प्रभात, बिहान, रात, उज्यालो, घाम, फागुन, चैत्र, मध्यप्रहर, जाडो जून, मध्यान्ह आदि समय सूचक तथ्याङ्कको रूपमा प्रयोग भएको छ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन् :-

यो तस्बिरलाई हेर
यसमा भोलि झुल्कने
एउटा नयाँ घामको दर्शन मिल्छ । (पृ. १५)

जाडोको एक बिहान
उसलाई मैले बोकेर ल्याएँ
आगोको रापले सेकाएँ
बाक्लो र न्यानो लुगाहरू ओड्न दिएँ ।
तातो रक्सी र पिरो खोर्सानी खान दिएँ

राती अबेरसम्म उसको
अङ्ग प्रत्यङ्गहरू मिचिदिई रहें ।          (पृ. ५४)

कतै घाम कतै पानी
मौसम पनि जीवन जस्तो छ
चट्ट छोयो कि खलास          (पृ. ७१)

यी तथ्याङ्कहरू मध्ये घाम, पानी, रातले प्रतीकात्मक अर्थ प्रदान गर्ने सन्दर्भमा आएका छन् । यसमा प्रस्तुत सामान्य र विशेष दुवैखालको समयले यस सङ्ग्रहका कविताका घटनावली घटित भएको खास समयावधिलाई मात्र नजनाएर जुनसुकै बेलाको समयावधिलाई पनि जनाएका छन् । यो सङ्ग्रह २०६२ सालमा प्रकाशित भए पनि यसका रचना केही अगावै लेखिएका हुन् तर यी रचनाहरूले सार्वकालिकता दर्शाएका छन् ।

यस सङ्ग्रहमा प्रयुक्त वातावरणगत परिवेशलाई हेर्दा विविधता पाइन्छ । जस्तै : उत्तेजना, फ्रस्टेशन, दुःख, सुख, मदहोस, सन्त्रास, उन्मुक्त, सन्ताप, उदासी आदि । यसैगरी यस सङ्ग्रहका कवितामा विसङ्गतिवादी, अस्तित्ववादी, सामाजिक, राजनैतिक, प्रेमप्रणयजन्य वातावरणको समेत प्रयोग भएको छ । यसमा विशेष २०५२ सालपछिको राजनैतिक परिवेशलाई समेटिएको छ भने विशेषतः कविको जीवन, समाज, प्रेम र प्रकृतिलाई हेर्ने आफ्नो निजी भाव र चिन्तन पनि समाविष्ट गरिएको छ । समाजका बेथिति, विसङ्गतिसँगै श्रेष्ठको मन पनि असन्तुष्ट बनेका छ भने प्रेमको मामलामा उदार भावका साथ कवि उपस्थित भएका छन् । कवितामा प्रस्तुत केही वातावरणगत परिवेशको उदाहरण तल प्रस्तुत गरिएको छ -

प्रेम !
एउटा चोक
'शोक' पहिलो अनुभूति
प्रेम
एउटा स्टेशन
'फ्रस्टेशन' अर्को अनुभूति ।          (पृ. ५)

जीवन पथमा
घाम-छायाँ हो
सुख, दुःख
धैर्य गर ।          (पृ. १५)

यता टाल्यो उता छैन
उता टाल्यो यता छैन
छामी हेर्दा हृदयमा
सन्ताप बाहेक केही छैन          (पृ. ५३)

हताश, निराश, निकास छैन जिन्दगी
आशा, आकाङ्क्षा, उन्माद छैन जिन्दगी    (पृ.७३)

यसरी यस सङ्ग्रहमा कविताको परिवेश तत्कालीन नेपालको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, प्राकृतिक, प्रशासनिक आदि अवस्थासँग मेलखाने देखिन्छ । यसका ग्रामीण, सहर, सम्पन्न, विपन्नदेखि प्रणयजन्य परिवेशको समेत चित्रण गरिएको छ । संरचनागत हिसाबले कविताहरू छोटा देखिएता पनि यी कविताले समेटेको परिवेश भने निकै फराकिलो देखिन्छ । विशेषतः कवितामा नेपालभित्रका विभिन्न परिवेशहरू आएका छन् । ती परिवेश कतै व्याख्या कै

रूपमा त कतै कुनै विषय प्रस्तुतिका क्रममा आएका छन् । समग्रमा यस सङ्ग्रहका कवितामा प्रस्तुत परिवेशले कविता जीवन्त र प्रभावकारी बनाएका छन् र परिवेश स्वभाविक छन् ।

## ५.३.५ उद्देश्य

**अंङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा तत्कालीन समाज र जीवनको झाँकी प्रस्तुत गर्ने उद्देश्य राखेको देखिन्छ । समाजमा भएका विकृति विसङ्गति हत्या, हिंसा, गरिबी, विपन्नता अनि जीवनका प्रणयात्मक अनुभूति, बिछोडको दुःख मर्म अनि राजनैतिक वातावरणलाई पनि कवितामा उल्लेख गरिएको छ । मानिसको जीवन निरीह छ, थुप्रै बाधाहरूको बीचमा ऊ बाँच्नको लागि सङ्घर्ष गर्दछ । तर पनि विभिन्न परिस्थितिले ऊ आफ्नो जीवनमा कुनै न कुनै एक्लोपन वा अभावको महसुस गरेर बाँच्दछ । प्रेमले जीवनमा केही सुखी तुल्याउँछ तर विछोडले त्यसलाई फेरि दुःखमा परिणत गरिदिन्छ । त्यसैले मानिस थुप्रै बाध्यताहरू बीचमा बाँचिराखेको छ ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा देशको द्वन्द्वात्मक परिवेशको चित्र देख्न सकिन्छ । राजनैतिक खिचातानी दलीय असहमतिले गर्दा जताततै हिंसा भड्किएको छ । मानिस आफ्नै समाजमा पनि ढुक्क भएर हिँड्न सक्ने अवस्था छैन । द्वन्द्वले प्रत्येकलाई छोएको छ । यस्तो बेलामा शान्ति, सुरक्षाको अनुभव जनताले गर्न पाएका छैनन् । सरकारको निरीहता बढ्दै छ । हिंसा रोक्ने नाउँमा विद्यालय र साना विद्यार्थीहरूलाई पनि कारबाही गरिएको छ । यो देश बुद्ध जन्मिएको देश हो, यहाँ बुद्धले दिएको शान्ति सन्देश विश्वभरि फैलिएको छ । तर यही देशभित्र हिंसा भड्किनु साँच्चै लाजमर्दो कुरा पनि हो । तर नेताहरू यसलाई रोक्न सफल छैनन् । मानवीयता धरापमा परेको छ । शक्तिको खेलमा केही शक्तिशालीहरू लागेका छन् तर जे जस्तो परिवेश रहे पनि आशावादी हुनुपर्दछ । भोलि पक्कै शान्ति कायम हुन्छ र शान्त तथा समृद्ध समाज निर्माण हुनेछ ।

विश्वविमोहन श्रेष्ठ यस कविता सङ्ग्रहमा निकै आशावादी भएर देखिएका छन् । यिनी परिस्थिति जे जस्तो अत्यास लाग्दो भएपनि भोलि सुनौलो घाम झुल्कने कुरामा आशा राख्न अरूलाई पनि आग्रह गर्दछन् । यिनले आफ्ना कवितामा जीवन कतै रङ्गीन छ, कतै दुःख प्रकृति कतै शालीन छ, कतै विद्रुप समाजमा, कतै सुकर्म छन् तर कतै विकृति त्यसैले आशा राख्नु पर्छ जसले निरन्तरको साधनाबाट एउटा स्वच्छ देश निर्माण हुन सक्छ । अहिले हिंसात्मक द्वन्द्वले चारैतिर सन्त्रास फैलिएको छ । यो सन्त्रासले बालकदेखि बृद्ध कसैलाई छोडेको छैन । यो परिस्थिति साँच्चै दिक्क लाग्दो छ । यो सन्त्रास परिवेशको चित्रण गर्ने उद्देश्य पनि श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा देखिन्छ ।

यस सङ्ग्रह समसामयिक परिवेशको चित्रण गरिएको छोटो कविताहरूको सङ्गालो हो । यो कविता सङ्ग्रहमा कविले समाज जीवन र प्रकृतिको त्रिपक्षीय चित्रण गरेका छन् । कवितामा विशेषतः यथार्थ तात्कालीन परिवेशको चित्रण गर्दै आशावादी भएर उभिन समेत सबैलाई आग्रह गरिएको छ । समग्रमा विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा समाज जीवन प्रकृति र राजनीति आदिलाई समसामयिक परिवेशको यथार्थको रूपमा प्रकट गर्नु नै मूल उद्देश्य देखिन्छ ।

## ५.३.६ दृष्टिबिन्दु

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा विषयगत विविधता भेटिन्छ । यस सङ्ग्रहका कवितामा कविले आफ्नो निजी अनुभव भोगाइ र आफू रहेको वातावरणगत स्थलगत र समयगत परिवेशलाई चित्रण गरेका छन् । जीवन समाज र प्रकृतिको चित्रण गर्ने क्रममा कविले सामाजिक धरातलीय यथार्थ, राजनैतिक वेथिति, नेताहरूको सत्ता लिप्सा र गरिब जनताको दुःखदायी अवस्थालाई देखाएका छन् । प्रत्येक कवितामा कवि आफैँ

परिस्थितिको भोक्ता र द्रष्टा पात्रको रूपमा उभिएको देखिन्छ । तसर्थ अधिकांश कवितामा 'म' पात्र समाख्याताको रूपमा प्रस्तुत भएको छ । यस भित्रका कवितामा 'म' पात्र वक्ता प्रेषक सम्बोधक वा वर्णन कर्ताको भूमिकामा आएको स्पष्ट हुन्छ भने पाठकहरू श्रोता प्रापक वा सम्बोधिताको भूमिकामा आएका छन् । 'म' पात्र वर्णनकर्ता भएकाले म नै यस सङ्ग्रहका धेरै कवितामा समाख्याताको रूपमा आएको छ । कविले कवितामा कतै-कतै आफ्ना निजी दर्शन चिन्तन र परिभाषालाई पनि प्रस्तुत गरेका छन् । तयसमा कवि तृतीय पुरूष, दृष्टिबिन्दुको प्रयोग गर्दै आफ्नो धारणा राख्दछन् । समग्रमा कवितामा कविका चिन्तन भावना र त्यससँग जोडिएको समसामयिक परिवेश प्रस्तुत भएकाले कवितामा विश्वसनीयता पाइन्छ । यस सङ्ग्रहका कवितामा सामाजिक आर्थिक राजनैतिक सांस्कृतिक प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति, कुरीति, सुसंस्कार तथा विसङ्गतिहरूको चित्रण गर्दै भोलिको समुन्नत समाज र राष्ट्रको अपेक्षा गरिएको छ । कविले देखेका, भोगेका घटनाहरू यसै देशका मानिसहरूले भोगेका घटनाको रूपमा कविताहरू प्रस्तुत भएका छन् । 'म' पात्र अर्थात् प्रथम पुरूष, दृष्टिबिन्दुको प्रयोगका केही उदाहरणहरू यस प्रकार छन् ।

पिउनुको नाममा मदहोस भएर
के म 'जहर' पिऊँ ?
तिमी आफैं भन
जिउनुको नाममा निर्लिप्त भएर
के म 'मूर्दा' जिऊँ ?
तिमी आफैं भन । (पृ. १८)

म किन रोऊँ ?
आखिर तिमी गै गयौ
सहरतिर हानिएर (पृ. २०)

पर्ख
थात र बास खोसिएकाहरू हो ।
पर्ख
मैले भर्खरै श्रीमतीलाई गर्भादान दिएको छु
भोलिका नयाँ घाम सँग-सँगै
मेरो छोरो जन्मने छ क्रान्ति (पृ. २६)

विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा तृतीय पुरूष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । तृतीय पुरूष दृष्टिबिन्दु प्रयोग भएका कतिपय कवितामा प्रथम पुरूष परिधीय दृष्टिबिन्दुको प्रयोग देखिन्छ । श्रेष्ठका कवितामा प्रयोग तृतीय पुरूष दृष्टिबिन्दुको उदाहरण तल प्रस्तुत गरिएको छ :-

सहिद
इतिहासको पचाइसकेको
वर्तमान दन्त्य कथाको नायक । (पृ. २९)

सहरका मौसमको अर्थ हुँदैन
त्यहाँ फागुन र चैतमा पनि
एक थुँगा गुराँस फुल्दैन । (पृ.३९)

तिमी यो पसिनाको मोल पाउन
दिनरात हाडलाई ढुङ्गामा घोट्छौ
थाहा छ के ?

त्यसका निम्ति त ठूलो भूकम्प आउनुपर्छ (पृ. ५०)

तिमी
बुद्धको स्वप्निल आँखालाई नियाल
त्यहाँ शान्तिको दिव्य सान्देश पाइन्छ
देश बनाउँदा बनाउँदै वा
देश बचाउँदै बचाउँदै
ती जो मरेर अमर बने ।          (पृ. ६६)

यसरी विश्वविमोहन श्रेष्ठ आफ्ना कविताहरूका कतै आफू केन्द्रीय भूमिकामा त कतै परिधीय भूमिकामा देखिएका छन् भने कतै उनी आफ्नै उपस्थिति देखाउँदैनन् । यी कविताहरूमा 'म'अर्थात कवि नै प्रमुख भूमिकामा छन् । धेरै कवितामा प्रथम पुरूष परिधीय दृष्टिबिन्दुको प्रयोग देखिन्छ । कवि जुन कोणमा बसेर कविता सिर्जना गरे पनि त्यसमा प्रयोग भएको विषय र पात्र स्वभाविक र जीवन्त छन् ।

समग्रमा विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा कविले विभिन्न कोणमा बसेर भाव र चिन्तन प्रस्तुत गरेका छन् र अधिकांश कवितामा केन्द्रीय वा परिधीय दुबै रूपमा प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग छ ।

## ५.३.७ भाषाशैलीय विन्यास

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रह गद्यलयका छोटो कविताहरूको सङ्गालो हो । यस सङ्ग्रहका कविता स्वभाविक भावानुभूतिका रूपमा आएका छन् । छोटो संरचनामा भएको कारण कविले यसमा लय भन्दा पनि भावनालाई महत्व दिएका छन् । कविताहरूमा कुनैमा स्वभाविक रूपमा समानन्तरता अग्रभूमिकरण पुनरावृत्ति आदिले लयलाई तीव्र शसक्त बनाउन सघाएका छन् भने कतै आन्तरिक लयको मात्र संयोजना देखिन्छ । यस सङ्ग्रहका कविता घटीमा तीन हरफ देखि बढीमा अठार हरफसम्म फैलिएका छन् । झट्ट हेर्दा विश्वविमोहन श्रेष्ठको **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरू मुक्तक जस्तो लाग्छ तर मुक्तक आकारका यस सङ्ग्रहका कविता पूर्णतः कविता नै हुन् । भाव वा चिन्तनको रहस्योद्घाटन गरेर बाँकी कुरा आफैँ बुझ्न पाठकलाई हौस्याउने यी कविताहरूमा अनुप्रास संयोजनमा ध्यान दिएको छैन । जसका केही उदाहरण तल प्रस्तुत गरिएको छ :-

निर्विकल्प, निर्लिप्त रारामा
ढुङ्गाको सानो चोइटो बज्रो भने
लहरहरू देखा पर्दछन् ।          (पृ. ६)

फेर्न चाहान्छौं हामी
तिम्रो आकृति
था छ
यसका लागि
आगोसँग खेल्नु पर्छ ।          (पृ. १०)

यी गद्य लयात्मक कविताको अतिरिक्त समान अन्तरालमा आउने अनुप्रासगत संयोजनले कवितामा छुट्टै लयको सिर्जना गरेको छ । जस्तै :

एउटा पुल हुनपर्छ भावनको
ता कि एउटा हृदयले अर्को हृदयलाई
सधैं छुन सकोस् ।
एउटा दोभान हुनपर्छ प्रीतिहरूको
ता कि दुईटा अृतप्त आत्माहरूको

सधै मिलन हुन सकोस् ।          (पृ. १४)

आँखाको माया त के हो हेर
दिलको माया पो मिठो हुन्छ
रगतको नाता त के हो हेर
भावनाको नाता पो गाढा हुन्छ । (पृ. १६)

कवितामा शब्दको पुनरावृत्ति र समान अन्तरमा अन्त्यानुप्रासको संयोजनले मिठास थपेको छ । त्यसैले कवितामा आएको सामानान्तरताले लयलाई झन् तेजिलो पारेको पनि देखिन्छ । जस्तै :-

तिमी आए - अलिकति चम्किन्थ्यो जिन्दगी
तिमी बसे - अतिकति बहकिन्थ्यो जिन्दगी
तिमी पाए - अतिकति छछल्किन्थ्यो जिन्दगी
तिमी गयौ - त्यसैले उदासियो जिन्दगी । (पृ. ७४)

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोग भएको देखिन्छ । शब्दालङ्कारको सर्न्दभमा अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास जस्ता अलङ्कारको प्रयोग गरिएको छ । जसको केही उदाहरण निम्नानुसार प्रस्तुत छ :-

यता टाल्यो उता छैन
उता टाल्यो यता छैन । (पृ. ५३)

बल्नेहरू आँधीमा पनि बलिरहन्छन्
जल्नेहरू ठिहीमा पनि जलिरहन्छन् ।      (पृ. ५८)

हतास निराश निकास छैन जिन्दगी
आशा, आकाङ्क्षा, उन्माद छैन जिन्दगी   (पृ. ७३)

यसरी विश्वविमोहन श्रेष्ठको यस कविता संङ्ग्रहमा सुन्दर शब्दालङ्कारको प्रयोग देख्न सकिन्छ तर उनले भाषाद्वारा भावलाई मिलाउन भन्दा भाव र चिन्तनको सम्मिश्रणद्वारा आफ्नो विचार व्यक्त गर्न खोजेका छन् । शब्दालङ्कार प्रयोगका लागि प्रयोग नभएर अभिव्यक्तिका क्रममा आएकाले ती स्वभाविक छन् । यिनले विशेषत : उपमा, रूपक, उपमेह, दृष्टान्त, अपह्नुति जस्ता अलङ्कारको विशेष प्रयोग गरेका छन् । अलङ्कारको प्रयोगका सर्न्दभमा पनि कविले धेरै मिहिनेत गरेका छैनन् । जति पनि अलङ्कारको प्रयोग छ ती सवै स्वभाविक रूपमा आएका छन् । **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा प्रयुक्त अर्थालङ्कारको केही उदाहरणहरू निम्नानुसार छन् :-

उपमा-      पल-पल पानीको फोका जस्तै
           आकार छ गति छैन जीन्दगी      (पृ. ७३)

           त्यो मात्रै एउटा भ्रम
रूपक-      सत्य त ढुङ्गा न हो
           विज्ञानले निर्णय गरेछ          (पृ. २३)

अतिशयोक्ति   उसको सुकुमार ओठमा मैले
           मधुमासमा खिलेको एक थुँगा गुलाफ देखेँ  (पृ. ५४)

           कुनै बेला
अपह्नुति -   म जसलाई जीवन साथी मान्थेँ
           के थाहा
           त्यो नै जीवनको अवरोध रहेछ ।        (पृ. ५९)

यसरी कवि श्रेष्ठ शब्दालङ्कारको स्वभाविक प्रयोग आफ्ना कविताहरूमा गर्दछन् र भावलाई जीवन्तता दिन विभिन्न अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गर्दछन् ।

(सुँक्क ................ सुँक्क अझै रूदै छ गौतम बुद्ध)
पेस्तोलको आवाजमा मात्र सुनिने छ
ड्याङ.............. ड्याङ.............. ड्याङ (पृ ५१)

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा प्रशस्त बिम्ब प्रतीक विधान देख्न पाइन्छ । छोटा संरचना भएका कविता भएकाले भावगत परिपोषणका लागि पनि बिम्ब प्रतीक विधान शसक्त देखिन्छ । जसको केही उदाहरण निम्नानुसार छन् :-

उ पल्लो किनारमा बाटुलो सूर्य छ,
आगो ओकलिरहेको
हजार-हजार युद्ध हारेर (पृ. २२)

संस्कार
तलुवा फाटेको जुत्ता
जसभित्र पाइताला खिंइदै गैरहेछ । (पृ. ४३)

गौतम बुद्ध
ड्राइङ्ग रूमका भित्ताहरूमा
अचेल
प्रोट्रेट भएर सजिँदै गैरहेछ । (पृ. ६६)

यस कविता सङ्ग्रहमा सरल सहज स्वाभाविक भाषिक विधान पाइन्छ । कतै - कतै अनादरार्थी शब्द (सुँक्क ................ सुँक्क अझै रूदै छ गौतम बुद्ध) को प्रयोगले वाक्यदोष पनि देखिएको छ । तर समग्रमा यसमा तत्सम, तद्भव, आगन्तुक र मौलिक सबै प्रकारको भाषिक प्रयोग भएको छ । कतै - कतै त कविले स्वभाविकता लागि अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेका छन् ।

## ५.३.८ उपसंहार : व्याख्या तथा निष्कर्ष

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रह विश्वविमोहन श्रेष्ठको दोस्रो प्रकाशित कृति हो । वि.सं. २०६२ मा प्रकाशित यस सङ्ग्रहमा जम्मा ७५ वटा छोटा संरचनाका कविताहरू समावेश गरिएको छ । यसमा समाविष्ट सबै कविताहरू गद्य लयमा लेखिएका छन् । उक्त कविताहरूमा कविका निजी भाव, अनुभूति, विचार र चिन्तनलाई व्यक्त गर्ने प्रयास गरिएकोले यस सङ्ग्रहका कविताहरू प्रतीकात्मक संरचना भएका कविताहरू हुन् । सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक, प्रेमप्रणयन्य आदि विषयवस्तुमा संरचित भएकाले यस सङ्ग्रहका कवितामा विषयगत विविधता भेटिन्छ ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कवितामा संरचनात्मक विविधता भेटिन्छ । कविता भित्र पङ्क्ति पुन्जहरू छुट्याइएको छैन । छोटो संरचनाका कविता भएकाले ३ हरफदेखि १८ हरफसम्ममा कविता फैलिएको देखिन्छ । प्रायः कविताको अन्त्यमा पूर्णविराम दिइको छ भने (५५) (७०), कवितामा प्रश्नवाचक चिन्ह (?) दिइएको छ, त्यस्तै (६०) मा प्रश्नवाचक (?) र उद्दरण चिन्ह (") राखिएको छ । (७५) कवितामा आश्चर्यबोधक (!) चिन्ह र (५०) कविताको अन्त्यमा कुनै चिन्ह राखिएको छैन । प्रत्येक कविताको शीर्षक पनि कविता अनुसार नराखिएर एक, दुई, तीन ............ क्रमश : शीर्षकको रूपमा लेखिएको भावलाई प्रष्ट पार्न आन्तरिक रूपमा चिन्ह तथा संङ्केतहरूको प्रशस्त प्रयोग गरिएको छ । यसरी हेर्दा यस सङ्ग्रहका कवितामा विभाजनगत विविधता देख्न सकिन्छ ।

प्रायः कविता भित्र समसामयिक, युगबोध, अस्तित्वबोध, जीवनबोध, झल्काउन र समाजमा घट्ने विभिन्न घटना सामाजिक, राजनैतिक तथा सांस्कृतिक प्रवृतिको प्रतिबिम्वन गर्न

सफल छन् । समाजमा रहेको राजनैतिक खिचातानी हिंसात्मक द्वन्द्व, गरिबी, सामाजिक तथा सांस्कृतिक विकृति आदि प्रतिखेद प्रकट गरिएका उक्त कविताहरूमा परिवर्तनको तिव्र आकांङ्क्षा राख्दै आक्रोश समेत व्यक्त गरिएको पाइन्छ । परिवर्तन दिन - दिनै हुँदैन, परिवर्तनको नाउँमा सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, धार्मिक, प्रशासनिक आदि पक्षमा देखिएका विकृति प्रस्तुत गर्दै समाजसुधार तथा मानवीय कल्याण उन्नति, प्रगतिमा जोड दिइएको छ । विभिन्न क्षेत्रमा प्रशस्त विकृतिहरू छन् । मान्छेको जीवन आफैँ मा पनि विकृति छ । त्यसैले यो विकृतिको बीचमा हिंसा मौलाइरहँदा व्यक्तिको बाँच्न पाउने हकको समेत उपहास भएको छ, त्यसैले कवि आफ्ना जीवनको भोगाइ र समाजको यथार्थलाई टिप्दै समाज सुधार र मानवीयताको पक्षमा वकालत गर्दछन् ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा म, सुकुमार, ऊ, तिमी, हामी, रारा, युवती, अरूण, बुद्ध, आकाश, मन्त्री, पण्डित, नानीहरू, बालक, आदि मानवीय तथा मानवेतर सहभागीहरूको प्रयोग भएको देखिन्छ । विकृति एवम् भ्रष्ट्र पक्षहरूको प्रस्तुति गर्दै सुधारको समेत अपेक्षा गरिएको पाइन्छ । यी कवितामा प्रयुक्त 'म' प्रमुख तथा वक्ता वा प्रेषक सहभागी हो भने तिमी श्रोता वा सम्बोधितको भूमिकामा आएका छन् । अन्य मानवीय तथा मानवेत्तर पात्र कतै वर्णन को क्रममा त कतै केन्द्रीय भूमिका नै आएका छन् । उपयुक्त पात्रहरूले भोगिरहेको वा पात्रहरूको माध्यमद्वारा प्रस्तुत गरिएका घटनाहरू आजका सबै मानवहरूले भोगिरहेका वा अनुभव गरेका घटनाहरू नै हुन् । यसरी हेर्दा अहिलेको अवस्थामा नेपालीहरूले भोग्न परेको पीडा र समस्यालाई मार्मिक र जीवन्त एवम् प्रभावकारी रूपमा उपयुर्क्त सहभागीहरूको प्रयोगद्वारा व्यक्त गरिएको छ ।

यसमा विभिन्न सामाजिक, राजनैतिक, धार्मिक, साँस्कृतिक, आर्थिक तथा समसामयिक परिवेशको चित्रण भएको पाइन्छ । त्यसैगरी प्राकृतिक, ग्रामीण सहरिया तथा घरेलु परिवेशको पनि अत्यन्त सहज स्वभाविक जीवन्न र प्रभावकारी किसिमले चित्रण गरेको पाइन्छ । यस सङ्ग्रहका कवितामा स्थानगत, समयगत तथा वातावरणगत परिवेशलाई जनाउने तथ्याङ्कहरूमा क्रमशः देश, चोक, स्टेशन, रारा, बगर, अरूण, घाम, सुख, दुःख, उत्तेजना, सहर, शीत, प्रभात, आकाश, रात, भोलि, चैत, फागुन, बाटिका, उन्मुक्त, सन्त्रास आदि । वि.सं. २०४६ पछिको राजनैतिक वातावरणलाई समेटिएका कविताहरू विशेषतः २०५२ साल पछि सुरू भएको सशस्त्र द्वन्द्व पछिको परिवेशलाई विशेष रूपले उतारिएको देखिन्छ ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कविताहरुमा मुख्य उद्देश्य सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, समसायियक, आर्थिक र प्रशासनिक आदि विविध क्षेत्रमा देखिएको विकृति, विसङ्गति, कुरीति र कुसंस्कार प्रति व्यङ्ग्य गर्दै तत्कालीन नेपालको युगीन यथार्थ प्रकटीकरण गर्नु नै रहेको देखिन्छ । यसैगरी मानिसको निरिहता, विवशता, बाध्यता, अभावग्रस्तता, प्रेम प्रणजन्य, अनुभूति, त्यसको मीठो र नमिठो दुबै अनुभूति र यी सबै कुराको माझबाट सङ्गत जीवनको खोजी गर्ने प्रयास कवितामा देखिन्छ । समाजका विभिन्न क्षेत्रमा विकृति मौलाइरहेको छ । हत्या, हिंसा बढ्दै छ, यसको दीर्घकालीन, निकासका लागि सरकार उदासिन छ । हिंसा रोक्न अनाहकमा जनतालाई दुःख दिइरहको छ । गरिबी दिन-दिनै बढिरहेको बेलामा महङ्गीले आकाश छुन थालेको छ । समाज झन्-झन् जटिल बनिरहेको बेलामा अब समाजमा क्रान्ति भएर दीर्घकालीन समस्याको निकास हुनुपर्छ भन्ने धारणा व्यक्त गर्ने पनि कविले उद्देश्य राखेका छन् । देश सबैको साझा हो, यहाँ सबैले शान्तिको श्वास फेर्न पाउनुपर्छ । जीवन विसङ्गत छ तर सङ्गतिको खोजी गरिनुपर्छ, जसका लागि भोलिको प्रतीक्षा गर्दै आजबाट सुधारको थालनी हुनपर्छ भन्ने धारणा कवितामा पाइन्छ ।

श्रेष्ठका यस कविता सङ्ग्रहका अधिकांश कवितामा कविको निजी भावना र विचारको प्रकटीकरण भएको पाइन्छ । यहाँ 'म' पात्र नै समख्यतामा रूपमा प्रस्तुत भएकोले 'म' नै वक्ता, प्रेशक, सम्बोधक वा वर्णनकर्ताको रूपमा आएको छ । पाठकहरू श्रोता, प्रापक वा सम्बोधितको भूमिकामा आएका छन् । यसरी हेर्दा यस सङ्ग्रहका धेरै कविता प्रथम पुरूष र केही कवितामा तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग देखिए पनि प्रथम पुरूष दृष्टिबिन्दुको कतै केन्द्रीय त कतै

परिधीय रूपमा उपस्थिति धेरै देखिन्छ । समग्रमा यस सङ्ग्रहका कवितामा कविले आफूले देखे भोगेका अनुभव गरेका कुराहरूलाई नै विभिन्न कोणमा बसेर प्रस्तुत गरेका छन् ।

**अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहका कवितामा सहज, सरल र स्वभाविक भाषिक प्रयोग पाइन्छ । अलङ्कार, लय, समानन्तरता अनुप्रासको प्रयोग पनि कृतिम छैन, स्वभाविक लय उत्पन्न भएको छ । उपमा, रूपक, उपह्नुति, उत्प्रेक्षा जस्ता अर्थालङ्कार प्रयोग गरिएको छ भने अनुप्रास तथा यमक आदि शब्दालङ्कारको पनि प्राकृतिक सन्दर्भमा प्रयोग गरिएको छ भने अनुप्रास तथा यमक आदि शब्दालङ्कारको पनि प्राकृतिक सन्दर्भमा प्रयोग गरिएको देखिन्छ । यस सङ्ग्रहका कवितामा तत्सम, तद्भव, आगन्तुक र मौलिक सबै प्रकारका शब्दहरूको प्रयोग गरिएपनि आगन्तुक शब्दहरू विशेषतः चलन-चल्तीको भाषिक स्वभाविकता दिने क्रममा आएका छन् । विषयको गहिराइ समेट्न यसमा कुनै पनि भाषिक जटिलता उत्पन्न नगरी कविले स्वभाविक छरितो भाषिक प्रयोग गरेका छन् ।

## ५.४ एउटा गन्तव्यको खोजीमा कविता सङ्ग्रहका कविताहरूको विश्लेषण

### ५.४.१ परिचय

विश्वविमोहन श्रेष्ठले वि.सं. २०२४ देखि नै कविता लेख्न आरम्भ गरेका हुन् । यिनको साहित्य यात्राले चार दशक पार गरिसकेको छ । श्रेष्ठले आफ्नो साहित्य साधनाको क्षेत्र नेपाली साहित्यको विभिन्न विद्यालाई बनाए पनि मूलतः यिनले कविकै रूपमा आफ्नो प्रसिद्धि कमाएका छन् । श्रेष्ठका हालसम्म तीनवटा कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रह विश्वविमोहन श्रेष्ठको कविता यात्राको हालसम्मको अन्तिम कविता सङ्ग्रह हो । यस सङ्ग्रह ८१ पृष्ठमा संरचित छ र यसलाई साझा प्रकाशनले प्रकाशित गरेको हो । यस सङ्ग्रह भित्र जम्मा ३५ कविताहरू सङ्कलित छन् ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रह भित्र सङ्ग्रहित सबै कविता प्रगीतात्मक संरचना भएका कविताहरू हुन् । एउटै केन्द्रीय कथ्य (भाव वा विचार) को वर्तुलित विस्तार भएको कविताको बनोटलाई प्रगीतात्मक संरचना भएका कविता भनिन्छ । यस्ता कवितामा व्यक्ति विशेषको भावना र बिचारलाई विषयपरक रूपमा अभिव्यक्त गरिन्छ ।

कवि श्रेष्ठले यस कविता सङ्ग्रहमा आफ्ना निजी भावना र विचारलाई व्यक्त गरेको छन् । यस सङ्ग्रहका सबै कविता गद्यात्यमक छन् । कवितामा सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, राष्ट्रप्रेम आदि विषयवस्तुमा केन्द्रित भएकाले विषयगत विविधता भेट्न सकिन्छ ।

### ५.४.२ वस्तु : प्रमुख आधार सामग्री

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहभित्र समाविष्ट कविताहरूको मूलभाव निम्नानुसार प्रस्तुत छ -

| शीर्षक | मूलभाव |
|---|---|
| एउटा गन्तव्यको खोजीमा | समयको पदचापसँगै एउटा गन्तव्यको खोजीमा म पात्र प्रवाहित छ । जसलाई समयले निकै ठक्कर दिएको छ । ऊसँग युगका विलौनाहरू छन् तर उ एउटा सुनौलो भविष्यको खोजीमा हिँडिरहेको छ । उसलाई यात्रामा प्रसस्त बाधाहरू छन् । एउटा सिङ्गो युग नै विसङ्गतिबाट गुज्रिरहेको बेला म पात्रका चाहाना पनि विसङ्गतिपूर्ण भएका छन् तर पनि आशा लाग्दो भविष्यको लागि एक दिन गन्तव्यमा पुगिने आशामा ऊ यात्रारत छ । |
| उज्यालोको प्रतीक्षामा | उज्यालोको प्रतीक्षामा रहँदा रहँदै सामाजिक विकृति र विसङ्गतिले घाँटी अठ्याएको छ । धर्मयुद्धमा विधर्मीहरूको जीत भइरहेको छ । समाजमा सत्य र |

| | |
|---|---|
| | असल कर्ममा विश्वास गर्नेहरूमाथि अधर्मीहरूले प्रहार गरिरहेका छन् । समाजमा चेतना र जागरणको स्वर फैलन नदिएर गतिशील समयलाई रोकेर रात मात्र पार्ने र त्यसैमा ब्रह्मलुट गर्न खोज्नेहरूले जे-जति गरे पनि भोलि परिवर्तन अवश्य हुन्छ तर परिवर्तनको स्वाद चाख्न पाइन्छ पाइदैन यो भने यसै भन्न सकिन्न । |
| तिम्रो उपस्थिति | आफ्नी प्रेमिकासँगको साथ र उपस्थिति गुलावको फूल जस्तो हुने, प्रकृतिका विभिन्न उपमा दिए पनि उसको माया न देखाउन, न लेख्न सकिन्छ, केवल अनुभूत मात्रै गर्न सकिन्छ । साँच्चै आफ्नी प्रेमिकासँगको साथ जस्तो रहे पनि त्यो सप्तरङ्गी इन्द्रेणी र नौलाख तारा जस्तो हुने गर्छ । आफू एकान्तमा बस्दा आकाशमा देखिने तारा र बगैंचामा फुल्ने फूल दुबैमा आफ्नी प्रेमिकाको उपस्थिति हुने गर्दछन् । उनी औँसीको जून र आकार र निराकार बीचको ओमकार भएर मुटु भित्र पत्र-पत्र बनेर बहन सफल देखिन्छन् । |
| कसरी सम्झाऊँ | आफ्नी प्रेमिकालाई छोडेर जान पर्दाको पीडा व्यक्त छ । भोलि जसरी पनि छोडेर जानु पर्दछ । यस्तो स्थितिमा सूर्यले उज्यालो, जूनले शीतलता, माटोले सुवास र फूलले मोहकता दिए जस्तै मैले के उपहार दिऊँ? भेटिनु छुटिनु जिन्दगीको रीत हो । जसरी पनि उनीबाट टाढा हुनु पर्ने जिन्दगीको कठिन मोडमा आइपुग्दा यो छुटिनुको पीडा भएको घडीमा उसलाई के भनेर सम्झाऊँ र ऊ बाट बिदा मागौँ? भन्ने द्विविधा प्रकट गरिएको छ । |
| मेरो देश | देशको महिमागान र देशप्रतिको गौरवभाव व्यक्त, सगरमाथा जस्तो हिमाल, तराइका विशालफाँट र जहाँ कुण्ड कुण्ड पानी होइन अमृतका अजस्रधारा पाइन्छ । जहाँ इन्द्रधनुष स्वर्गबाट ओर्लन्छ त्यो देश नेपाल हो । जून देशका ढुङ्गामा शालिग्राम कुँदिएका छन् । जहाँ स्वयम् भगवान पनि पटक-पटक अवतार लिन्छन् त्यो देशको युवक हुँ म जहाँ प्रत्येक देशवासीको नशा नशामा स्वदेश प्रेम बगेको हुन्छ । म त्यो देशको युवक हुनुमा गर्व गर्दछु । |
| बुद्धः तीन आयाम | बुद्धले सधैं शान्तिको पाठ सिकाएका छन् तर युद्ध हुन छाडेको छैन । यहाँ थुप्रै महाभारतहरू रचिएका छन् । देश युद्धको अनन्त पीडा बोकेर बाँचिरहेको छ । यहाँ क्रान्तिको अनन्त पीडा होस् वा अशान्तिको धुर्मौलो वर्तमान त्यहाँ बुद्धको शान्तिको सन्देश लुकेको छ । हामी बुद्ध जन्माउने देशका नेपाली हाम्रो स्वाभिमान सगरमाथा जस्तै अटल छ । तर यहाँ भैरहेको काटमारले बुद्धले दिने सन्देश केवल भित्तामा झुन्ड्याइने पोष्टर भएको छ । बुद्ध हर युद्धको हार जीतमा आफ्नो शान्तिको सन्देश फैलाई रहेका छन् । यहाँ हर नेपालीको हर घरको चोटा अनि टोल चोक र गल्लीहरूमा बुद्ध छन् । अझ बुद्ध नेपालीको आस्थाको शिखर सगरमाथा भएर रहेका छन् । |
| नयाँ वर्ष | नयाँ वर्षले सबैको मनमा उमङ्ग लिएर आउने गर्दछ । नयाँ वर्षसँगै पुराना कुराहरू पनि नयाँ भएर आउने गर्दछन् । मानिसमा नयाँ वर्षले जोस, जाँगर र उमङ्ग देखि धन-जन, आफ्नोपन र यौवन पनि नयाँ भएको अनुभव गराउँदछ । मानिसका पुराना सपना र विपनाहरू पनि नयाँ बनेर आउँदछन् । पुरानै शैली र शिल्पलाई पनि नयाँपन दिएर त्यहाँ नयाँ रीतले गीत भर्ने कार्य हुने गर्दछ । तसर्थ जीवनमा नयाँ साज सज्जा र वस्तुमा पूर्णतया नवीनपन आभास हुने गर्दछ । |
| जय नेपाल र लाल सलाम | राष्ट्रिय भावना भन्दा जय नेपाल र लाल सलामको दलीय चिन्तनले द्वन्द्व सिर्जना गरेको छ । यहाँ संकुचित राजनैतिक आस्थाले राष्ट्रिय भावनालाई उजागर हुन दिएको छैन । एकले अर्काको अस्तित्व नस्वीकार्ने र आफू मात्रै राम्रो ठान्ने निषेधको भावनाले देशलाई विखण्डनतर्फ धकेलिँदै छ । देश र नागरिकप्रतिको दायित्व बिर्सेर आफ्नै सीमित स्वार्थमा नेताहरू लिप्त छन् । |

| | |
|---|---|
| | गरिबी विपन्नता जहाँको त्यहीँ छ । देशको सङ्कट समाधान गर्ने जिम्मेवारी जुनसुकै दलीय चिन्तन भएका व्यक्ति भएपनि बराबरी छ तर एउटै धर्तीलाई वैचारिक द्वन्द्वले विखण्डित पारेर आ-आफ्नो स्वार्थ पूर्तिका लागि नेताहरू बुर्कुसी मारिरहेका छन् । जनतालाई आ-आफ्नो मोर्चामा सामेल गराएर भाइ-भाइ बीच काटमार गराउने खतरनाक खेलमा नेताहरू लाग्नुको दुखेसो कवितामा व्यक्त छ । |
| जिन्दगीको बाटो | कविको जिन्दगीलाई हेर्ने धारणा व्यक्त, सधैँ नौलो लागिरहेन जिन्दगी उकालो-ओरालो पहाडीबाटो जस्तै छ यसले थुप्रै घुम्ती र जङ्घार तर्नुपर्छ । जसरी घाम पानी प्राकृतिक चक्र हुन् जीवनमा सुख दुःख पनि यस्तै गरेर आइपर्छन् । जिन्दगी बुझेर बुझी नसक्नु छ । यसलाई जति भोग्दै र बुझ्दै गयो उति अप्ठेरो र गहिरो लाग्दै जान्छ । जीवनको आकार एउटै छैन यो त समयानुसार परिवर्तित छ । यसलाई भोग्न त्यति सहज छैन । यहाँ प्रशस्त चुनौतिहरू छन् । बाँच्नका लागि सङ्घर्ष गर्दै अप्ठेरोसँग जुध्नु नै पर्दछ । त्यसैले जीवनको बाटो उकालो, ओरालो, घुमाउरै घुमाउरो छ । |
| नव नेपाल निर्माण गर्नुछ | पुर्खाहरूको ठूलो त्याग, तपस्या र बलिदानले आर्जन गरेको भूमिमा हामी उभिन आएका छौँ । यहाँ हामी जुन स्वतन्त्रताको आभास गदर्छौ त्यहाँ वीर पुर्खाहरूको पसिना पोखिएको छ । तसर्थ यो भूमि पुर्खाहरूको नासो हो । यसमा हाम्रो ठूलो जिम्मेवारी छ । अब मुलुकमा केही सम्भावनाका ढोकाहरू खुलेका छन् । यो घडीमा सबै मिलेर आस्थाको सगरमाथा खडा गरी अगाडि बढ्नु पर्दछ । यहाँको विविधतामा एकता खडा गरी एउटै मालामा उनिएर भत्केर खण्डहर भएका मन र उदास अनुहारहरूमा एकै पटक सयपत्री भएर फुल्नु  पर्छ । एकतामा ठूलो शक्ति हुन्छ । तसर्थ फुटेर होइन जुटेर वन नेपालको निर्माण गर्नुपर्छ । मुलुकको नव नेपाल निर्माणको अभिभारा सबै मिलेर उठायौँ भने पक्कै सफल भइन्छ र नव नेपालको निर्माण हुनेछ । |
| कुङसाङ तिमीलाई सम्झदा | उत्तरकोरियाको एक प्रसिद्ध पर्यटकीय क्षेत्रको वर्णन छ । कविलाई नेपालको जामाचो देखेर कुङसाङको सम्झना आएको छ । कुङसाङको सौन्दर्यलाई पेक्दु ( हिमाल) र टाइजोङ (नदी) ले झनै बढाएका छन् । जामाचोमा फुल्ने गुराँसले कुङसाङको प्राकृतिक शोभालाई वर्णन गरिरहेको छ । कुङसाङको काखमा खेल्ने मृग शावक अनि त्यहाँको प्राकृतिक सौन्दर्यले भगवान विष्णुले समाधि लिएको ठाउँको पवित्रताको आभास गराउँछ । यसको सौन्दर्य कुनै युवतीले चुल्ठोमा खुल्ने गुराँस जस्तै शोभायमान छ । त्यसैले त्यहाँको प्राकृतिक वातावरणले स्वर्गको आभास गराउँछ जो सबैको सपनाको सहर बनेर रहेको छ । |
| तीनजुरे | तीनजुरे भन्ने २२ थरीका गुराँस फुल्ने तेरथुम जिल्लाको मनमोहक लेकको वर्णन- तीनजुरेमा फूल्ने गुराँसले मानिसलाई स्वर्गीय आनन्द प्रदान गर्दछ । यो ठाउँसँगै जोडिएका जिरीखिम्ती, पिगुँवा, पुरून्दिन, लसुने र मैनतप्पा जस्ता विभिन्न स्थल तथा नदीनालाहरूले तीनजुरेलाई सिङ्गार्न सघाउ पुऱ्याएका छन् । तीनजुरेको सौन्दर्य चुल्ठामा थरीथरी गुराँस सिउरेर गालामा लाली, ओठमा लाली र मुहारमा ज्योति लिएर मदमस्त भै हिँड्ने सुकुमारीको बैश जस्तो देखिन्छ । यसको काखमा केवल शान्ति र आनन्द छ । यसले बादलसँग लुकामारी खेल्छ र घामको झुल्कालाई स्वागत गर्दछ । कवि आफू जहाँ रहे पनि तीनजुरेको सौन्दर्यलाई भुल्न सक्दैनन् । कविको मानसपटलमा तीनजुरे अविस्मरणीय तस्विर बनाएर बसेको छ । |
| म्याङ्लुङ | म्याङ्लुङको वरिपरि रहेका धार्मिक, सामाजिक, ऐतिहासिक स्थलको वर्णन छ । कविलाई आफू जन्मेको ठाउँ (म्याङ्लुङ) को सम्झनाले सताएको छ । कुम्भकर्ण जस्तो हिमाल, तीनजुरे जस्तो लेक निरन्तर बगिरहने तमोर नदी जस्तो |

| | |
|---|---|
| | प्राकृतिक सौन्दर्य सर्वत्र आकर्षणको केन्द्र छ । यी स्थलहरू कविलाई स्वर्ग जस्तै लाग्छ । आफ्नो गाउँठाउँ, पानी पिउने धारा, आफूले बिताएको खेतको फाँट अनि आफ्नो नाच्दै गाउँदै हिँड्ने स्थाल, त्यहाँका वृक्ष, वनस्पति, हाटबजार सबै सबै सधैं स्मृतिमा अमिट छाप बनेर रहिरहेका छन् । कविलाई पनि आफू जन्मेको ठाउँप्रति अगाध स्नेह छ । उनको मानसपटलमा ती ठाउँ स्वर्ग जस्तै बनेर सपना र विपनामा आइरहन्छन् । |
| हराउन्न कहिल्यैं म तिम्रो गहिराइमा | देख्नेहरूले जीवनलाई अपूर्ण देख्छन् गतिमा माधुर्य, प्रगतिमा गन्तव्य, प्रतिभामा आमा अनि उन्मादमा उन्मुक्ति नभए जस्तै अधुरो । तर जीवन यस्तै अधुरै अधुरा सपनाको थुप्रो जस्तो पनि छैन । यसमा केही रङ्गहरू पनि छन् । यदि जीवनमा शान्ति छ भने त्यो भित्र अशान्ति हुन सक्छ । कान्ति छ भने क्रान्ति पनि हुन सक्छ । तर यस्ता अपूर्णता र विसङ्गतिहरू रहे पनि जीवनलाई पूर्णता दिन अगाडि बढ्नु पर्छ । यसरी हिँड्दा पनि उद्देश्यमूलक यात्रामा नै कतै हराउन सकिन्छ तर गहिराइमा डुब्नु हुँदैन । यात्रामा थुप्रै अल्झनहरू छन् त्यो अल्झन हाम्रै मनसँग पनि छ तर उद्देश्यमा पुग्न यात्राजारी राख्नु पर्छ । |
| चराहरू | मानिस स्वार्थी छ, ऊ आफ्नो खुसीका लागि अरूलाई बन्दी बनाउन सक्छ । चराहरू निर्वाध आकाशमा डुल्दछन् उनीहरू स्वतन्त्रता मन पराउँछन् । पिंजडामा राखेर जति नै सुविधा दिए पनि ऊ आफ्नै संसारमा बाँच्न चाहन्छ । उसलाई एक पटक बन्धनमुक्त गरेपछि वर्षौं पिंजडामा बस्दै आएको भएपनि ऊ आफ्नो अबाध बाँच्न पाउने हक उपयोग गरेर पिंजडामा फर्केर आउँदैन । यस कवितामा कविले हरेक प्राणीको स्वतन्त्रताप्रतिको मोहलाई चराको माध्यमबाट व्यक्त गरेका छन् र मानिसले अरूलाई दुःख दिएर आफू खुसी हुने परपीडक प्रवृत्तिको पनि चित्रण गरिएको छ । |
| उही ठेगानमा आइपुगेँ | धेरै घुम्ती र मोडहरू पूरा गरे पनि मानिस आफ्नो यथार्थ भन्दा टाढा रहन सक्दैन । अन्ततः मानिस आफ्नो जुन धरातलबाट यात्रा तय गऱ्यो त्यहीँ धरातलमा आइपुग्छ । तसर्थ जति नै कोशिस गरे पनि यथार्थ धरातलभन्दा टाढा हुन नसक्ने मानिसको नियति छ । जीवन बाँच्ने क्रममा थुप्रै हण्डर खाँदै थुप्रै घुम्तीहरू पार गर्दै मानिस हिँड्दछ तर ऊ जति नै दूर जाओस् अन्ततः ऊ पहिलेकै ठाउँमा पुग्नु पर्दछ । सपना देख्नु राम्रो हो, मानिस विपनाको यथार्थमा बाँच्नु पर्छ । |
| उर्दीका सिपाही | द्वन्द्वमा परेर धेरै उर्दीका सिपाहीहरू मारिएका छन् । उनीहरू कुनै पाप वा अधर्मको सजाय भोग्दै छैनन् । उनीहरूलाई भ्रष्टाचारी, खुनी र तस्करहरूले उपयोग गरिरहेका छन् । हरेक दिन अखवारका पृष्ठहरूमा उनीहरू मारिएको खबर आइरहेछ । उनीहरूमाथि शासन गर्नेहरू उद्घाटन र भाषणमा सम्मेलनमा, विदेश भ्रमणमा छन् । उनीहरूलाई नै टि.भि., रेडियो फुकिरहेछ । अनाहकमा निरअपराध सिपाहीहरू मारिएका छन् । यहाँ आफ्नो गरिब परिवार पाल्ने सपना बोकेर रोजी रोजीका लागि नुनका लागि सिपाहीहरू ज्यान फालिरहेका छन् । यहाँ युद्ध मच्चाउने अपराधीहरू सानको जिन्दगी बाँचेर निरपराधीको बाच्ने भाग्य खोशिरहेका छन् । हुने खानेले हुँदा खाने वर्गप्रति शासन गर्दै आफ्नो निजी स्वार्थका लागि निर्दोषलाई बलिको बोका बनाइरहेको यथार्थताको चित्रण छ । |
| ॐ स्वाहा | युद्धमय परिवेशको चित्रण गरिएको छ । युद्धका लागि युद्ध मैदानमा तैनाथ सिपाही, हात्ति घोडा, बम बारूद र शन्त्रस्त परिवेश जहाँ केवल मानिसहरू त्राहिमाम् छन् । मानवताको बिजात्रा छ, महाभारतको युद्ध पनि धर्मयुद्ध थियो । जहाँ सत्यले जितेर पनि सबैको हार भएको थियो । आजसम्म भएका कुनै पनि युद्धहरूमा कसैको जीत भएको छैन । शासन गर्नेहरूले आफू जित्न आफ्नै |

| | |
|---|---|
| | बन्धुबान्धव बीच युद्ध मत्याइरहेछन् । जसमा जिते र पनि दुबै पक्षको हार हुन्छ । आफ्नै बन्धुबान्धवको सर्वनास हुन्छ । यस्तो युद्ध यहाँ सीमित स्वार्थको लागि रचिरहेका छन् जसमा सर्वसाधारण र निर्दोष मानिसहरू मारिएका छन्। |
| दुखेको मन | कर्णाली बासीको दुःखद् यथार्थ चित्रण गरिएको छ । गरिब जनता भोक, रोग अशिक्षाले ग्रस्त छन् उनीहरू प्रत्येक दिन न्यानो लुगा, सुरक्षित बासस्थान, खाने अन्नको सपना देख्छन् । तर शासकहरू उनीहरूको दुखेको घाउँमा मलम पट्टी लगाउनु सट्टा ओखती र अन्न ल्याउने ठाउँमा युद्ध मच्चाउने हतियार ओसारीरहेका छन् । पुल, बाटो, स्कुल बनाउने कुरा केवल आस्वासन मै सीमित राखेर जनतालाई घरी-घरी धोका दिइरहने कथा दोहोरी रहेको छ । जाडोमा कठ्याङ्ग्रिएर विकासको सुनौलो घाम आउने सपना देख्ने जनताहरू बिरामीपनले छटपटिएको बेलामा अस्पताल बनाइदेलान् भन्ने सोच्ने व्यक्तिहरू आफ्नै गरिबीलाई मागीखाने भाँडो बनाएर विदेशीले दिने रूपैँयाले युद्धका सामान खरिद गरेको देख्दा मन कुँडिएको छ । विपन्नताले हरेक वर्ष किचेको किच्यैँ छ, विकट भागका गरिब जनताको अभावग्रस्त जिन्दगी झन-झन् कष्टकर बन्दै गइरहेको छ । तर नेताहरू उनीहरूको दुःखलाई उछिनेर नयाँ भविष्य दिने तर्खरमा छैनन् । |
| हिंसा | हिंसाले कसैको हित गर्दैन बरू बिनास मात्रै गर्दछ । यहाँ मुखमा राम राम बगलीमा छुरा हुनेहरूको संख्या बढ्दै छ । आफूले जित्ने निहुँमा क्रान्तिको बिरूद्ध प्रतिक्रान्ति, हिंसाको बिरूद्ध प्रतिहिंसा निम्त्याइरहेका छन् । सीमित व्यक्तिको स्वार्थले निम्त्याउने काटमारले केवल लासैलाको पहाड खडा गरेको छ । साँढेको जुधाई बच्चाको मिचाई भएर धेरै बाल वनिता, बृद्धा मारिएका छन् । कुनै न कुनै उद्देश्यमूलक प्रयोजन हिंसालाई मान्नेहरूले मानवताको विनाश गरिरहेका छन् । बन्दुक र बारूदसँग तर्सिदै खुकुरीको धारमा पाइला टेकेर युग हिँडिरहेको छ । हिंसाले समाजमा भय निम्त्याउँछ, यसको स्वरूप खतरनाक छ । यसले समाजलाई रगतको आहाल बनाउँदै छ । यो काटमारमा कसैको जीत छैन सबैतिर हारैहार छ । समग्र हिंसात्मक परिवेशले भोलि के निम्त्याउला भन्ने चिन्ता व्यक्त । |
| हत्या | युद्धमय परिवेशको चित्रण गरिएको छ । यहाँ बुद्धको सन्देश फैलाउने र शान्तिको बीज रोप्ने मानिसको हत्या गरिएको छ जसले हिंसामय यथास्थितिबाट पनि बाँच्ने वातावरण छैन । अझ कविता मार्फत शान्तिको सन्देश फैलाउने सर्जकको अवस्था झनै दयनीय छ । अनाहकमा शान्तिका संवाहकहरू मारिएका छन् । आफन्तको लासैलास माथि टेकेर बाँचेको पीडा युगले भोगिरहेको छ । युद्धप्रति चासै नहुने कुनै आन्दोलनको प्रभाव नै नपर्ने केवल सद्भाव र सद्चिन्तनमा विश्वास गर्ने मानिसहरू नै विभत्स हत्या गर्दैछन् । आजको परिवेश जे छ भोलि के हुने हो अनिश्चित भविष्य बोकेर बाँचेको यथार्थतामा कतिखेर कस्को हत्या हुने हो कसैलाई थाहा छैन । |

| | |
|---|---|
| तमोर | तमोर नदीसँग कविको वार्ता प्रस्तुत छ । मानिस जन्मेपछि मर्नुपर्छ ऊ जहाँ पुगोस् धन सम्पत्ति, पद प्रतिष्ठा जे कमाओस् आखिर प्रकृतिमा लिन हुनुपर्छ । तमोर नदी कविले बाल्यकालमा देख्दादेखि हालसम्म आफ्नै गतिमा विरहको धुन सुसेल्दै बगिरहेको छ । कविले देशदेशान्तर घुमेर फर्के पनि तमोरको यात्रा उस्तै छ । उसको प्रवाह रोकिएको  छैन । मानिस निकै ठूलो सपना देख्छ अनि आफूलाई शक्तिशाली सम्झन्छ तर ऊ यति कमजोर छ की ऊ जहाँ जस्तो ठाउँमा पुगे पनि अन्ततः प्रकृतिमै मिल्नुपर्छ । तसर्थ मानिस भन्दा प्रकृति (नदी) शक्तिशाली छ । किनकि मानिसको अस्तित्व समाप्त हुन्छ तर प्रकृति बाँचिराख्छ । मानिस नदी झै जिन्दगीको प्रवाहमा हिँड्छ तर प्रकृति (नदी) शुद्धीकरणका लागि आफ्नो रफ्तारमा अगाडि बढ्छ जसले प्रकृति र जीवनलाई शुद्द पार्ने काम गर्छ । |
| झरी | झरीले धेरैलाई दुःख दिएको छ हेमकुमारी जस्ती एक पात्र छिन् जसको सपना झरीले बगाएको छ । उनका श्रीमान् र सानोबच्चा झरीमा बगेका छन् । मानिसको जिन्दगी साँच्चै अनिश्चित छ । उसका सपनाहरू क्षणभर मै भत्किन सक्छन् । पानीमाथि तैरिएको कागजको डुङ्गा जस्तो मानिसको जिन्दगी एकै पानीको झोक्काले बिलाउन सक्छ। हेमकुमारीको जीवन यस्तै भएको छ । झरीले उसलाई सताएको छ । हरेक झरीमा ऊ आफ्नो कथा सम्झन्छे र रून थाल्छे । झरी उसको जीवनमा अनिष्ठ बोकेर आइरहेको छ । |
| कवि र कविता | कविता शुन्यतालाई सिर्जनाले भर्छ, ऊ सँग अरू धेरै कुरा केही छैन, मात्र सिर्जनशीलता छ । उसको मूर्तिलाई ध्वनि दिन्छ नदीको सुसेलीलाई गीत र बोल्न नसक्नेहरूको बोली बनेर पोखिन्छ । शब्दमा ऊ हरेक वस्तुलाई पूर्णता दिन्छ, निर्जीव वस्तुमा पनि प्राण भर्छ । शब्दबाट जीवनको रङ्ग भर्ने शब्दको कुचिकार कवि आफूले धेरै कुरा जान्दैन प्रकृतिबाट नै धेरै कुरा सिक्छ र फूलसँग सौन्दर्य सापटी माग्छ र भावनाहरू पोख्छन् । मन त प्रवाह हो नदी हो जो बग्न थाल्छ । त्यसमा सौन्दर्यको रङ्ग छर्न कविले थुप्रै पटक केर मेर गर्छ र आकार दिन्छ । |
| जिन्दगी | मानिसको जीवन सोचेजस्तो छैन । यो त प्रत्येक व्यक्तिले भोगे जस्तो छ । मान्छेले धेरै महत्वाकांक्षा राख्दछ तर ती आकाङ्क्षाहरू अपूर्ण नै रहन्छन् । ऊ विसङ्गतिको बीचमा छ । उसलाई जति सम्झाए पनि कुनै अर्थ छैन । उसको जीवनको मूल्य बढेको बढ्यै छ । मानिस यति कमजोर छ की ऊ न चाहेको बेलामा रून सक्छ न चाहेको बेलामा हास्न सक्छ । प्राप्ति त यहाँ विश्वासमा भ्रम मात्रै हो । मानिसको भाग्य साँच्चै कमजोर छ ऊ त नियतिको पदचाप पछ्याउँदै अघिबढ्नु पर्छ । कही पाए पाए जस्तो लाग्ने जिन्दगीमा जति नै आदर्शका कुरा घोकाए पनि यथार्थमा भ्रम बोकेर बाँच्नु पर्ने थुप्रै बाध्यताहरू छन् । तसर्थ जीवन विसङ्गति नै विसङ्गतिले पूर्ण छ । |
| काठमाडौँ | काठमाडौँ धेरैको सपनाको सहर हो, यो अनौठो छ । यो अनेकतामा एकताको प्रतीक हो । कसैले यसलाई फोहरको थुप्रो देख्दछन् त कसैले सुन्दर । यो मौन छ, विहानमा हुस्सुले छोप्दा खास्टोले मुन्टो छोपेर मन्दिरमा घण्ट बजाउँछ, वर्षातमा बाद पन्छाएर उज्यालो छर्छ । यसलाई धेरैले गाली गर्छन् सराप्छन् यो अबोध बालक जस्तो छ, प्रतिकार गर्न सक्दैन । यो विचित्र छ, यसको एकतामा अनन्तता छ । यसलाई भोग्नेहरूले आफ्नै इच्छा अनुसार भोगिरहेका छन् यसलाई मानिसहरू केवल टुकुचा देख्छन् । रातमा हिनहिनाइरहेको घोडामा सवार मुकुट्टा देख्छन् तर गोदावारीमा फुलेको सुनगाभा देख्दैनन् । मानिस आ-आफ्नै  इच्छा अनुसार यसलाई भोगिरहेको देखिन्छ । यसको छातिमा सत्कर्म र दुष्कर्म दुबै छन् । तर काठमाडौँ दुष्कर्मलाई बडार्न खोजिरहेछ । मानिसहरू |

| | |
|---|---|
| | यसलाई प्रदूषित गरिरहेका छन् । जे होस् धेरैसँग काठमाडौं आफ्नो हुन नसकेको पीडा छ तर कविमा काठमाडौं प्रति अगाध स्नेह छ । |
| दृश्याटन | यहाँ देश निर्माताहरू आफैँ अवसरवादी बनेर देखिएका छन् । उनीहरू समाजलाई अँध्यारो बनाएर आफ्नो अनुकुल धमिलो पानीमा माछा मार्न खोजिरहेका छन् । परिवेशलाई आफ्नो अनुकुल बनाएर समाजबाट पतीत बनेका भ्रष्टाचारमा मुछिएका, व्यभिचारमा रमाएकाहरू आफूलाई कुशल राजनीतिज्ञ बनाएर समाजमा आफ्नो वर्चस्व स्थापित गरेको देखिन्छ । समाजमा चेतनाको दीप बल्न नदिएर असचेत मानिसहरू माथि राजनीति गर्दै आफूले ब्रह्लुट गरेर बाहिर चोखा चोर बनेर देखिएका छन् । नेताहरू खाली योजना बनाउन मात्रै व्यस्त देखिन्छन् । काखीमा योजनाको फाइल च्यापेर उनी आफू मस्त डकारी रहेका छन् । जनतालाई भ्रममा राखेर उज्यालोमा आफू स्वच्छ देखिदै उनीहरू माथि शासन गर्दैछन् । नेताहरू आफू-आफू बेमेल तानातानमा एक अर्कालाई धारेहात गर्दैछन् । समग्रमा कवितामा वर्तमान नेपालको राजनैतिक तस्विर छ । |
| शुभकामना | हत्या हिंसा आतंकले वर्ष बितेको छ, नेताहरू भने कुर्चीकै लुछाचुडीमा व्यस्त छन् । हिंसाले हरेकको घरमा दुःख थपेको छ । शान्तिको प्रार्थना सुन्ने कोही छैन । हामीले सिङ्गो वर्ष पाउनु भन्दा धेरै गुमाएर बिताएका छौं । समाजमा रहेको काटमारले हारे पनि हार र जिते पनि हारको स्थिति सिर्जना गरेको छ । अब यो दुःखदायी वर्ष हामीबाट टरेर गएको छ । अब यस्तो अवस्थामा के भनेर शुभकामना दिऊँ ? अब भने नयाँ वर्षमा मिलेर आपसी बैमनस्य त्यागी शान्ति र मित्रता छाओस् तब बल्ल नववर्षको शुभकामना सार्थक हुन्छ र शुभ भन्न पनि सुहाउँछ । |
| कवितासँग एकदिन | समाजमा साँच्चिकै सिर्जनशील मानिसहरूको कदर छैन । योसँग पद, पैसा र शक्ति छ उसैको पछि समाज दौडन्छ । सिर्जना गर्ने असली साधकको स्थिति जहाँको त्यहीँ छ । उनीहरू अभाव र विपन्नताबाट टाउको उठाउन सकेका छैनन् । जसले समय चिन्न सक्यो, शक्तिको पछि दौड्यो उसैको चैनपूर्ण जिन्दगी छ समाजमा । कुनै बेला कविता पढ्न गोष्ठी खोज्दै हिँड्नेहरू खुट्टा फाँटेको चप्पल र टालेको लुगा लगाउनेहरू, अहिले चिप्लो गाडीमा सवार गरेर कविताका भक्तहरूलाई नै उपहास गर्न थालेका छन् । अर्काको भजन गाएर पैसा आर्जन गर्नेहरूलाई समाजले उच्च सम्मान दिएको छ । कविता महोत्सवका अतिथि बनाइएका छन् । जो सिर्जनालाई जीवन सम्झन्छ उसको वास्ता गरिएको छैन । समग्रमा समाजमा साहित्य साधकको स्थितिको चित्रण गरिएको छ । |
| नासो | संसारमा जून, सूर्य, तारा, चन्द्रमा लगायत कुनै कुरा पनि पूर्ण छैन । ऊ त्यसको जति नै खोजी गरेपनि त्यो प्राप्त हुन सक्दैन । हामी उभिएको पृथ्वी नै आणविक शस्त्रअस्त्रले क्षत-विक्षत भएको छ । यस धर्तिमा थुप्रै अपूर्ण इच्छा भएका प्रेतात्माहरू छन् । यो पृथ्वी कहिले पड्कन्छ र स्वाहा हुन्छ भन्ने सन्त्रास छ । हामी संसारमा जुन वस्तुलाई शास्वत सत्य मान्छौं तिनै वस्तु आफैँ मा खोट बोकेर बाँचिरहेको देखिन्छ । हामीले एकले अर्कालाई कतिखेर के कुरा स्वाहा हुने हो यही शाश्वत सत्यलाई नासो उपहार दिएर बाँचेका छौं । |
| पहरा | यसमा एउटा पहराको कथा छ । मानिसहरू पहरालाई कोतरेर गोरेटो वा मूलबाटो बनाएका छन् । पहाडलाई जति कोतरे पनि आखिर ढुङ्गा नै ढुङ्गाको थुप्रो हो । यसलाई खनेर मानिसले ढुङ्गाहरूको मूर्ति बनाए, मठ मन्दिर, चौतारी बनाए । मानिसको जीवनको आवश्यकता पूरा गर्ने पहरा अहिले सकिदैं छ । ऊ आफूलाई पहाडबाट मैदान बनाउँदैछ । पहरा छिचोल्दै अगाडि बढेको बाटो निकै टाढा-टाढा सम्म पुगेको छ तर पहरा जहाँको त्यहीँ अवस्थित छ । |

| | |
|---|---|
| भएको यो एउटा देश मेरो | देशलाई विभिन्न रूचि र अवस्थाका मानिसले आ-आफ्नै तवरले उपयोग गरेका छन् । कसैका लागि देश मनोरञ्जनको साधन भएको छ त कसैलाई भोकमेट्ने रोटी वा समय काट्ने बाटो भएको छ । नेताहरू भने आ-आफ्नै स्वार्थ र कुर्चीको भागबण्डामा व्यस्त भएर जनताको आँसु गोहीको आँसु बनाएका छन् । आफू-आफू कुर्चीको खेलमा व्यस्त नेताहरू आफ्नै बेइजती भएको पनि पत्तो पाएका छैनन् । यिनीहरू न आफ्नाले भनेको मान्दछन् न बिरानोले आफ्नै भूगोल किन्दै आएको थाहा पाउँछन् । जनताको नाममा राजनीति गरेका नेताहरू मत्ताहात्ती झैं देखिन्छन् । विदेशीका सामु झुकेर आफ्नो स्वाभिमान बन्धक राखी नेताहरू आपसमा लुछाचुडी गरेको देखिन्छ । जनताको पीर मर्काको वास्ता छैन । खै यिनीहरूले कहिले चेत्ने हुन् । यिनीहरूको बुद्धि फिर्ने हो की होइन भन्ने चिन्ता व्यक्त गरेका छन् । |
| सगरमाथा | सगरमाथा सबैको आस्थाको धरोहर हो । जो युगयुगदेखि मौन खडा छ । यसलाई हामीले जे नाम दिए पनि हुन्छ तर यसप्रतिको आस्था र विश्वास जोगाई राख्नु पर्छ । सगरमाथा एउटा आदिम इतिहास हो तर यो वर्तमानमा पनि बाँचिरहेको छ । यसको अखण्डता विचित्र छ, यो त नेपालीको आस्थाको शिखर हो । यसलाई विखण्डित पारियो भने नेपालीको आस्था विखण्डित हुन्छ । तसर्थ यो त स्वयम्भुको अभेद्य शिखर हो यसलाई बाँच्नदिनु पर्छ । |
| बुद्ध | बुद्ध प्रत्येक व्यक्तिको मन मनमा छन्, मात्र ब्यूत्याउन जरूरी छ । अहिले हामी युद्धबाट आतङकित भएर बुद्धलाई सम्झिरहेका छौं । तर युद्धबाट बुद्ध प्राप्ति हुँदैन । नत यत्रतत्र खोजेर नै बुद्ध पाउन सकिन्छ । हामीले आफ्नो मनलाई नै पवित्र पाऱ्यौं भने बुद्ध त्यहीं भेटिन्छन् । जसरी बुद्धले बुद्धत्व प्राप्तिका लागि आफ्नो धन दौलत, दरबार, ऐस आराम छोड्न तयार थिए । हामीले पनि त्यसै गरी आफू भित्रको द्वेष र कपट छोड्न जरूरी छ । रगतको होली खेल्ने बानी परेकाहरूलाई मात चढेको छ । अब बुद्धको शान्ति सन्देश निरर्थक भैरहेको छ । यस्तो बेलामा मठ मन्दिर धाउनुको कुनै अर्थ छैन, आफैं भित्र भएको बुद्धलाई हामीले निष्कृय पारिरहेका छौं । अब आफू भित्रको हिंस्रक मनोवृत्ति त्यागि अगाडि बढ्नु पर्दछ । |
| कि म लेखिरहूँ कविता सधैं आफ्नै दुर्दशाको ? | यो देशमा भीमसेन थापा, भक्ति थापा र कालु पाण्डे जस्ता व्यक्तिहरू जन्मिएका छन् । उनीहरूलाई युगले संरक्षण गर्न सकेन र उनीहरू घात प्रतिघातमा परेर आत्महत्या गर्न वा प्रवासिन बाध्य भए । यो माटोले थुप्रै युग पुरूषहरू जन्माए पनि उनीहरूले यो देशको मुहार फेर्ने सपना पूरा गर्न सकेनन् । अभाव त्रासदी र सङ्कट मुलुकमा कायमै रह्यो । अब यो मुलुकमा देशका लागि मर्न सक्ने युग पुरूष जन्मलान् त ? या जन्मे पनि युगले बचाउन सक्ला त ? यो प्रपञ्च छलकपटको बीचमा दृष्ट राक्षसहरूले देशलाई लुछिरहेका छन् । त्यसको खत अझै पनि छ । देशको बर्वादीबाट बचाउन अब कालु पाडें, भीमसेन वा भक्ति थापा जस्ता व्यक्तिहरू अगाडि सर्लान यो देशलाई बचाउलान् त? अब यो दुर्दशामा कति आफ्नै बर्वादी र दुर्दशाको कविता लेखिरहूँ भन्ने कविको गुनासो छ । देशवासीको आततायी पीडा, रोग, भोक, अशिक्षा, गरिबी र युद्धमय परिवेशको पीडा व्यक्त गरिएको छ । |

विश्वविमोहन श्रेष्ठको अन्तिम कविता सङ्ग्रह एउटा गन्तव्यको खोजीमा विभिन्न विषय बोकेका कविताको समावेश गरिएको छ । कविका यस सङ्ग्रहका कविता पनि यथार्थ र कल्पनाका सम्मिश्रण हुन् । तिनमा जीवनप्रतिको आशा, समाजका विकृति विसङ्गति प्रतिको वितृष्णा भेट्न सकिन्छ । यिनी आफ्नो समाजमा देखिएको विकृतिहरूबाट अत्यन्त चिन्तित छन् । आधुनिकताका नाउँमा धर्म, राजनीति वा संस्कारका नाममा थुप्रै विकृतिहरू छन् । ती विकृतिहरूले समाजलाई

कमजोर बनाएको छ । हुनेखानेहरू मोज मस्तिमा छन्, गरिब दु:खीहरूको अवस्था दयनीय छ । यस्तो परिस्थितिमा नेतृत्व गर्नेहरू आफ्नै सत्ताप्राप्तिको खेलमा लागेका छन् । जनताको विषयमा बोलिदिने मानिस र उनीहरूको अभावका बिरूद्ध कार्यक्रमहरू छैनन् । भ्रष्टाचार, महङ्गी बढेको बढ्यै छ । आफ्ना कवितामा सामाजिक विकृति विसङ्गतिहरूको यसरी चित्रण गर्दछन्:

बाटो खन्लान्
मल ल्याउलान्
दुखेको मनलाई
यसो मलम लगाउलान् भनेको त
ज्या भसक्कै पारेछन्
यसपालिको रूप्पेले त
गोला बारूद पो ल्याएछन् । (पृ.४२)

निस्क्यो एकाएक कोठामा बत्ती
र फैलियो चारैतिर अन्धकार
अन्धकारमा पनि देखिए
केही चिरपरिचित अनुहार
साउती गरिरहेका
जोखाना हेरिरहेका
ठेलमेल गर्दै अगाडि
कोही दौडिरहेका
निस्फिक्री /निमग्न
व्यभिचारमा रमाइरहेका (पृ. ६१)

के भएको होला
यी नेताहरूलाई ?
जाबो कुर्सीका लागि
'सौता' को रिसले सधैँ
'पोइ' को नाक काटेको काट्यै छन् । (पृ. ७३)

विश्वविमोहन श्रेष्ठ समाजलाई राम्ररी नियाल्छन् र जे देख्छन् त्यसलाई घुमाउरो पाराले व्यक्त गर्दछन् । समाजमा विशेषत: शक्तिमा हुनेहरूले गरेको शक्तिको दुरूपयोग र नेताहरूको मनपरीलाई यिनले राम्रैसँग व्यक्त गरेका छन् ।

२०४६ साल पछिको राजनैतिक परिवर्तन पछि पनि जनताले सोचेको जस्तो परिवर्तन भएन । बरू हत्या हिंसा र आतङ्क बढेर आयो । जसले गर्दा समाजमा निकै सन्त्रास फैलियो । त्यसैले कवि हिंसात्मक परिवेशको चित्रण गर्दै आफ्नो शान्ति प्रतिको अगाध आस्था व्यक्त गर्दछन् । आफ्नै देश भित्र भाइ-भाइ लडेर कसैको जित हुन सक्दैन । बरू यसले नेपाल र नेपालीलाई नै नोक्सान पुऱ्याएको छ । सीमित स्वार्थको लागि युद्ध चर्काएर केही व्यक्तिले फाइदा लिएका छन् । यसबाट समाजमा झन् अविश्वासको वातावरण सिर्जना भएको छ । समाजमा शान्ति स्थापना गर्ने जिम्मा लिएकाहरू एकाथरी हिंसा रोक्न प्रतिहिंसाको बाटो रोजेर ओखतीमूलो र खाद्यन्न किन्ने राष्ट्रको पैसाहरू हातहतियार, गोलाबारूद ओसारी रहेका छन् । यो प्रवृत्तिलाई विश्वविमोहन श्रेष्ठ चर्को आलोचना गर्दैनन् तर असहमति व्यक्त गर्दछन् । विश्वविमोहन श्रेष्ठको शान्तिप्रतिको आस्था र हिंसात्मक परिवेशको चित्रण गरिएका केही कविताका अंशहरू उदाहरण स्वरूप तल प्रस्तुत गरिएको छ: -

खै कसले जित्ने हो र
लाउने हो गलामा
विजयको माला

आफ्नै बन्धु-बान्धब मारेर
रचेको थियो अर्जुनले महाभारत
सारा संसार जितेर पनि
हारेको थियो भनिन्छ
-अलेक्जेन्डर (पृ. ४०)

लासै ⁄ लासैलास
बाँच्नेको अलाप विलाप
कसले चलायो हरे
कहिल्यै अन्त नहुने
यो हिंसाको व्यापार (पृ. ४६)

रगतमा कुल्चिएर रोकिँदैन युद्ध
मानवबलि चढाएर पाइँदैन बुद्ध
बुद्ध बन्न बुद्धलाई नै किन गर्छौ घात
लागि सक्यो तिमीलाई रगतको मात (पृ. ७७)

नेपालको २०५२ सालपछि चर्किएको माओवादी सशस्त्र सङ्घर्ष र त्यो बेलामा नेपाली जनताले भोग्नु परेको दुर्दशा र कहाली लाग्दो हिंसात्मक परिवेशलाई कविले जीवन्त तवरले उतारेका छन् । कसैले नीति उपदेश नदिने विमोहन परिस्थितिद्वारा नै परिवर्तनको आवश्यकतालाई झाल्काउँछन् ।

विश्वविमोहन श्रेष्ठको यस सङ्ग्रहमा स्वदेश प्रेम र जातीयप्रेम देख्न सकिन्छ । आफू जन्मे हुर्केको वातावरण र परिवेशलाई माया गर्ने कवि शान्तिको सन्देश दिने गौतम बुद्ध र सर्वोच्च शिखर सगरमाथाको देशको नागरिक भनेर चिनाउनुमा गर्व गर्दछन् । तर देशमा भइरहेको व्यथिति र विसङ्गतिहरूले समाजलाई तहसनहस पारेकोमा दुःखी छन् । देशलाई शासकहरूले आ-आफ्नो इच्छानुसार प्रयोग गरेका छन् तर यो देश वीर सपुतहरको नासो हो यसमा सर्वभौमसत्ता सम्पन्न नेपाली भएर बाँच्न पाउनुपर्छ । तर देशमा फैलिएको हिंसाले नेपालीको मन कुँडिएको छ । जसले कविलाई दुःखी बनाएको छ । यिनी विकास निर्माणका ठाउँमा युद्ध चलेको देशको कथा कविता सुनाउँदा यिनका कवितामा राष्ट्रप्रेम यसरी झल्कन्छ :

जहाँ स्वयम् गौरी-शङ्कर
राष्ट्र-देव भएर पुजिन्छ
जहाँ स्वयम् भगवान विष्णु
पटक - पटक अवतार लिएर जन्मन्छ
म त्यस देशको युवक हुँ
जसको नशा-नशामा हरदम
राष्ट्रकै माया बगेका छ । (पृ. १४)

सधैंभरि सपनीमा देखिने त्यो ठाउँ
मेरै जन्मभूमि रैछ, म हुर्केको गाउँ (पृ. ३१)

आदिम छ त्यसको इतिहास
खोतलेर पत्रपत्रमा पुगे
खण्ड-खण्डमा विभक्त हुनुपर्छ
कति गर्बिलो र गहिरो छ
त्यसको जग

हल्लाउने हो भने त्यसलाई
पत्र-पत्रमा चुँडिनु पर्छ ।          (पृ. ७५)

यसरी विमोहन यो कविता सङ्ग्रहमा आफ्नो स्वदेश प्रेमको भावनाको उजागर गर्दछन् ।

जीवनको परिभाषा शब्दमा होइन, जीवनभित्र खोज्नु पर्दछ भन्ने कवि प्रेमलाई बहुमूल्य ठान्छन् । आफूलाई प्रेम गर्ने प्रेमिकाको उपस्थिति पनि निकै सुखद् हुन्छ । तर प्रेयसीको आँखाको गहिराइमा कहिल्यै नहराउने बरू आफ्नो मनमा उसलाई सजाएर राख्न रूचाउँछन् । जीवनमा प्रेमको निकै ठूलो अर्थ छ । छोडेर टाढा हुने प्रेयसी वा प्रेमीलाई नै यसको पीडा धेरै थाहा हुन्छ । यिनी आफ्ना प्रेमका भाव कवितामा यसरी व्यक्त गर्दछन् ।

पतझरमा पनि
म बगैंचामा गएर
बस्ने गरेको छु
त्यसैले पतझरमा पनि
मैले तिमीलाई देखेको छु ।          (पृ. ९)

सूर्यले उज्यालो दिन्छ
र जूनले शीतलता
माटोले सुवास दिन्छ
र फूलले आफ्नो मोहकता
तर म तिमीलाई
के दिएर जाऊँ ?
तिमी नै भन
मेरी प्रियतमा
तिमीलाई कसरी सम्झाऊँ ?          (पृ. १२)

विश्वविमोहन श्रेष्ठ प्रेमका कविता कम लेख्छन् तर उनी प्रेमले जीवन सिङ्गार्न सक्छ भन्ने कुरामा विश्वास गर्छन् ।

विश्वविमोहन आफ्ना कविताहरूमा प्रकृतिका विभिन्न पक्षहरूको वर्णन गर्छन् । प्रकृति चित्रणका क्रममा कोरा प्रकृति वर्णन भने पाइदैंन । यिनी जीवन र प्रकृति र समाज र प्रकृतिलाई जोडेर हेर्छन । खासगरी प्रकृतिलाई मानवीकरण गरेर हेर्न रूचाउँछन् । जसको उदाहरण यसप्रकार छ -

धेरै पछि यसपालि फेरि
जम्काभेट भयो ऊ सँग
म माथि माथि गुड्दै थिएँ
ऊ तल तल लमतन्न
सुसेल्दै विरहकको धुन
बग्दै थियो परसम्म
मैले निर्निमेष यसो हेरैँ
सोध्यो उसले - सन्चै छ ?          (पृ. ५०)

यस्तै कवि प्रकृतिलाई प्रेम गर्छन् र यसको मोहलाई कवितामा यसरी व्यक्त गर्छन् ।

आहा ! कस्तरी खुलेको छ आकाश
नीलो नीलो समुन्द्रको
विशाल छाति जस्तो
माथि माथि तीनजुरेको
म अवाक् टोलाएर हेरिरहेछु ।          (पृ.२८)

विश्वविमोहन श्रेष्ठका यस सङ्ग्रहका कविता समसामयिक परिवेशका तस्विर हुन् । यिनका कवितामा युग जीवन बोलेको छ । देशमा वर्तमान अवस्थामा भइरहको द्वन्द्व, राजनैतिक

खिचातानी, सामाजिक द्वन्द्व र अन्य विषम परिस्थितिलाई यिनले कवितामा उतारेका छन् । जसको उदाहरण यसप्रकार छ -

लाग्छ, म अचेल धर्मको युद्धमा
पराजित भएको छु
र आजित भएर
विधर्मीहरूको बीचमा
म कुजिँदै गइरहेछु (पृ. ५)

समसामयिक परिवेशले हरेका स्रष्टालाई प्रभाव पारे जस्तै कविलाई पनि युगको अवस्थितिबाट प्रभाव पारेको छ । त्यसैले यिनको कवितामा समसामयिक परिवेशको चित्र देख्न सकिन्छ । तर जे जस्तो युगको भोगाइ छ त्यसमा निरन्तर अगाडि बढ्न सकियो भने अवश्य सफल भइन्छ भन्ने आशावादी स्वर समेत यिनका कवितामा पाइन्छ । त्यसैले यिनी जीवनवादी कवि हुन् । निराशामा पनि सम्भावना देख्ने यिनी युगको अवस्था यथार्थ र कल्पना मिसाएका कविता लेख्छन् ।

समग्रमा विश्वविमोहन श्रेष्ठको **एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताहरुमा सामाजिक, राजनैतिक, विकृति, विसङ्गति, देशप्रेम, शान्तिप्रतिको आस्था, हिंसाको चित्रण, प्रकृति, चित्रण प्रणयचेत र समसामयकि परिवेशको चित्रण पाइन्छ । यिनका यस सङ्ग्रहका कवितामा विषयगत विविधता पाइन्छ तर यिनले विषय भने आफ्नै परिवेश र भोगाइबाट लिएका छन् ।

### ५.४.३ सहभागी

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताहरूमा विभिन्न सहभागीहरूको प्रयोग गरिएको छ । सहभागीहरू केही मानवीय तथा कि मानवेतर छन् । यी विभिन्न सहभागीहरूको माध्यमवाट कविले सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रको विषयवस्तु बनाउँदै उक्त क्षेत्रको विकृति विसंङगति एवं वस्तु यर्थाथको प्रस्तुति गरेको देखिन्छ । यसैगरी यस सङ्ग्रहरूका कवितामा सहभागीहरूले समाजको वस्तुयथार्थलाई प्रतिनिधित्व गर्दै यथास्थितिबाट परिवर्तन र स्वस्थ समाजको परिकल्पना समेत गरेका छन् । **एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहभित्र प्रयुक्त सहभागीहरूको प्रयोग निम्नानुसार गरिएको छ -

| **क्र.सं.** | **कविताको शीर्षक** | **सहभागीहरू** |
|---|---|---|
| १. | एउटा गन्तव्यको खोजीमा | म, नदी |
| २. | उज्यालोको प्रतीक्षामा | म, ऊ |
| ३. | तिम्रो उपस्थिति | म, तिमी |
| ४. | कसरी सम्झाऊँ | म प्रियतमा |
| ५. | मेरो देश | म, देश |
| ६. | बुद्धः तीन आयाम | म, बुद्ध, तिमी |
| ७. | नयाँ वर्ष | नयाँ वर्ष |
| ८. | जय नेपाल र लाल सलाम | जेठो छोरो कान्छो छोरो र बाबु |
| ९. | जिन्दगीको बाटो | जिन्दगी |
| १०. | नव नेपाल निर्माण गर्नु छ | तिमी |
| ११. | कुङसाङ तिमीलाई सम्झदा | कुङसाङ, टाईजोङ, पेक्दु |
| १२. | तीनजुरे | तीनजुरे, म, पिगुवा, जिरीखिम्ती |
| १३. | म्याङ्लुङ | म, म्याङलुङ, सिंहदेवी पाथीभरा, तीनकुवा, मानधरा, छब्कीदाई, नागदह |
| १४. | हराउन्न कहिल्यैं म तिम्रो गहिराइमा | म |
| १५. | चराहरू | म, चरा |

| | | |
|---|---|---|
| १६. | उही ठेगानमा आइपुगेँ | म |
| १७. | उर्दीका सिपाही | पुलिस, नेता, पुलिसपरिवार |
| १८. | ॐ स्वाहा | बर्दीका जवान, मन्त्री |
| १९. | दुखेको मन | कर्णालीबासी, नेताहरू,म |
| २०. | हिंसा | हिंसा |
| २१. | हत्या | म, कविता |
| २२. | तमोर | तमोर, म |
| २३. | झरी | हेमकुमारी, झरी |
| २४. | कवि र कविता | कवि |
| २५. | जिन्दगी | जिन्दगी |
| २६. | काठमाडौँ | काठमाण्डौं |
| २७. | दृश्याटन | भ्रष्टनेताहरू |
| २८. | शुभकामना | हामी, नयाँवर्ष |
| २९. | कवितासँग एकदिन | म, कविता |
| ३०. | नासो | बाबु, छोरा |
| ३१. | पहरा | म, पहरा |
| ३२. | भएको यो एउटा देश मेरो | देश, नेताहरू |
| ३३. | सगरमाथा | सगरमाथा |
| ३४. | बुद्ध | बुद्ध |
| ३५ | कि म लेखिरहूँ कविता सधैं आफ्नो दुर्दशाको? | भीमसेन, अमरसिंह, कालुपाँडे, म |

**गन्तव्यको खोजीमा** कविता सङ्ग्रहमा प्रयुक्त फरक फरक बैशिष्ट्य बोकेका विभिन्न सहभागीहरू मध्ये 'म' प्रस्तुत कविताहरूको प्रमुख सहभागी तथा वक्ता प्रषेक वा सम्बोधक पनि हो । कविताका प्रयुक्त अन्य अधिकांश सहभागीहरू मुक्त सम्बोधनका रूपमा प्रयोग भएको छन् । कवितामा प्रयोग भएका सबै सहभागीहरूको भूमिका प्रमुख छैन त्यसैले केही प्रमुख त केही गौण सहभागीको रूपमा प्रस्तुत भएका छन् । **एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका रचनाहरू सरसर्ती हेर्दा विभिन्न सहभागीहरू देखिए पनि वास्तवमा 'म' कै भूमिका केन्द्रीय छ । 'म' ले व्यक्त गरेका घटना आफ्नो अनुभव र चिन्तन आजका सबै मानवहरूले भोगिरहेका घटनाहरू नै हुन् । समाजमा रहेको वस्तु सत्य, अन्याय अत्याचार, विकृति, विसङ्गति, प्राकृतिक सुन्दरता, मानवीय दुर्बलता, देश प्रेम आदि विभिन्न कुराहरूको खोलुवा उपर्युक्त सहभागीहरूको प्रयोगबाट भएको देखिन्छ । यस सङ्ग्रहका कवितामा कविले प्रयोग गरेको सहभागीहरूले विषयवस्तुलाई अझै सशक्त र बोधगम्य बनाएका छन् । आवश्यक र स्वभाविक रूपमा सहभागीहरू प्रस्तुत भएकाले कविले अझ जीवन प्राप्त गरेको देखिन्छ । कविले कवितामा सहभागीहरूको प्रयोग जथाभावी गरेका छैनन् । यसमा प्रयोग भएका मानवेतर पात्रहरूलाई पनि श्रेष्ठले सजीव रूपमा उभ्याएका छन् । उनीहरूको दुःख कष्ट एवम् मोहकता दुवैलाई राम्रैसँग अनुभूत गर्दै ती मानवेतर पात्रभित्र पनि मानवीयता संञ्चार गरेका छन् ।

यसरी समग्रमा हेर्दा यस सङ्ग्रहका कविताहरू एकालापीय ढङ्गले कथानकका घटनावलीहरूलाई अघि बढाउने 'म' पात्र प्रमुख सहभागी हो भने अरू कथानकका विषय सन्दर्भले आएका सहभागीहरू हुन् । यसर्थ 'म' लाई कविले समग्र मानिसहरूको प्रतिनिधि पात्रका रूपमा प्रयोग गरेका छन् । यसरी यस सङ्ग्रहका सहभागीहरूले सिङ्गो मानवजातिले वर्तमान युगमा भोग्नु परेका पीडा, दुरवस्था, समाज प्रकृति र जीवन जगत साथमा यसका विकृति विसङ्गति र यथार्थ अवस्थितिलाई समेत जीवन्त र प्रभावकारी रूपमा कविले सहभागीको माध्यमद्वारा व्यक्त गरेका छन् ।

### ५.४.४ परिवेश

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कवितामा परिवेशलाई जनाउने स्थान, समय र वातावरणसँग सम्बद्ध विभिन्न तथ्याङ्कहरू भेटिन्छन् । यस सङ्ग्रहका कवितामा सामाजिक, आर्थिक राजनैतिक, प्राकृतिक, प्रशासनिक र समसामायिक परिवेशको चित्रण गरिएको छ । यस क्रममा समयगत र स्थानगत सार्वभौमिकता र सार्वकालिकता प्रकट भएको पाइन्छ । यस भित्रका कवितामा आएको परिवेशको अत्यन्त सहज स्वभाविक जीवन्त र प्रभावकारी किसिमले चित्रण गरिएको छ । परिवेशलाई वर्णन भन्दा पनि विषय प्रस्तुतिका क्रममा परिवेश आएको छ । जसले विषयलाई स्वभाविकता थप्न सघाएको देखिन्छ ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताहरूमा विभिन्न स्थानगत परिवेश आएका छन् । स्थानगत परिवेशले विषयलाई अझै प्रभावकारी बनाएको छ । यस सङ्ग्रहका कवितामा स्थानगत परिवेशलाई जनाउने तथ्याङ्कहरूलाई हेर्दा देश, कुङसाङ, तीनजुरे, म्याङलुङ, पेक्दु, तमोर, टाईजोङ, जामाचो, काठमाडौं, पहरा, सूर्य, जून, सगरमाथा, गणेस्थान, आदि विभिन्न स्थानहरूको प्रयोगबाट स्थानगत परिवेश प्रस्तुत गरिएको देखिन्छ । यस सम्बन्धी केही उदाहरणहरू निम्न लिखित छन् :-

म माथि जामाचोतिर फुलेको
गुराँसलाई हेर्छु
र कुङसाङ तिमीलाई सम्झन्छु (पृ. २६)

आहा ! कस्तरी खुलेको छ आकाश
नीलो नीलो समुन्द्रको
विशाल छाति जस्तो
माथि तिर जुरेको
म आकाश टोलाएर हेरिरहेछु (पृ. २८)

असरल्ला फोहर थुप्रो हो
काठमाडौं
र त्यही फोहोर माथि फुलेको
कमलको सुन्दरता पनि हो
काठमाडौं (पृ. ५८)

के फेरि एक पटक आत्महत्या गरून्
भीमसेन थापाले
बन्द कोठामा
काँचका टुक्राहरूले सेरिएर ?
कि फेरि एक पटक निर्वासनमा जाऊन्
अमरसिंह थापा
गोसाईकुण्डको निर्जनतामा
आत्मग्लानीले छट्पटिएर ? (पृ. ७८)

यी विविध तथ्याङ्कहरूले स्थानगत सार्वभौमिकताको अन्यन्त सबल र सक्षम भूमिका निर्वाह गरेको पाइन्छ । यहाँ आएका परिवेश ग्रामीण सहरिया, भौगोकिल तथा विदेशी भूमि विभिन्न प्राकृतिक महत्वका स्थल परिवेशका रूपमा आएका छन् । परिवेश सूचक स्थलहरू सामान्यत सहभागीको कार्यस्थल वा सम्झनाको रूपमा आएर प्रस्तुत भएका स्थलहरू छन् । तमोर, म्याङलुङ, पहरा, गणेशस्थान, तीनजुरे, काठमाडौं जस्ता ठाउँहरू घरेलु, स्थलका रूपमा आउका छन् भने कुङसाङ, पेक्दु, टाइजोड आदि विदेशी भूमिका रूपमा आएका छन् । यसमा केही

ग्रामीण तथा सहरिया परिवेशको पनि चित्रण गरिएको छ । नेपाली जीवन पद्धति र शैलीको चित्रण भएकाले अधिकांश परिवेश भने ग्रामीण नै देखिन्छ । समग्रमा कवितामा विषयगत विविधता भएकाले स्थानगत पनि विविधता भेटिन्छ । विशेषतः कवितामा युगको पीडा आफ्नो जीवनका अनुभूति, केही प्राकृतिक चित्रण भएकाले स्थानहरू यही हो भनेर सीमित गर्न भन्दा अधिकांश स्थान फराकिलो भएर आएको छ ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कवितामा प्रयुक्त समयगत परिवेशलाई जनाउने तथ्याङ्कहरू हेर्दा शून्य रात, उज्यालो, औंसी, नयाँ वर्ष, न्यानो घाम, सूर्यास्त, साँझ, ढल्दो उमेर, वसौं, शिशिर, आधादिन, घाम, बिहान, यसपालि, पोहोर अन्धकार, अस्ति, भर्खरै, आदि समयसूचक तथ्याङ्कका रूपमा प्रयोग भएको पाइन्छ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छ :-

तर अहँ फर्किएनन् तिनीहरू
वर्षौं पछि पनि
फेरि त्यो पिंजडामा (पृ. ३४)

यो मौसम पनि रोइरहेछ
कठाङ्ग्रिएर जाडोले
आधादिन सम्म
घाम खुलेको छैन (पृ. ४२)

निभ्यो एकाएक कोठामा बत्ती
र फैलियो चारैतिर अन्धकार (पृ. ६१)
के भयो भने अस्ति भरखरै
एक्कासी भेट भयो कवितासँग
बिना कार्यक्रम
त्यो गणेशस्थान छ नि
त्यसैको मोडमा (पृ. ६५)

कवितामा वर्णित घटनाक्रम र समय आपसमा अन्योन्याश्रित भएका आएका छन् । कविताहरू वर्णित समयावधि कै व्याख्याका रूपमा नआएर घटनाक्रमको सामान्य अवसरको रूपमा आएको देखिन्छ । यस सङ्ग्रहका अधिकांश कवितामा वर्णित समय सार्वभौमिक छन् । ती कुनै निश्चित घटनावली घटित समयका रूपमा आएका छैनन् । २०६२ सालमा प्रकाशित कविता सङ्ग्रह भएपनि यस सङ्ग्रहमा समाविष्ट कविताहरू अधिकांशले तत्काललाई मात्र नभएर सार्वकालिकतालाई अभिव्यञ्जित गर्दछन् । कवितामा प्रस्तुत समयले कवितालाई अझै स्वभाविक र जीवन्त बनाएको देखिन्छ । केवल रूखो समयको व्याख्या नभएर विषयको सजीवताका लागि आएको समयावधि भएकाले कविता पढ्दा कविले साँच्चै आफ्नो जीवन अनुभूति सुनाएको भान पर्दछ । समग्रमा समयगत परिवेश स्वाभाविक र प्रभावकारी नै देखिन्छ ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कवितामा प्रयुक्त वातावरणगत परिवेशलाई हेर्दा प्रस्तुत कविताहरू विलाप, हिक्का, ग्लानी, शान्ति, क्रान्ति, हर्ष, जोस, जाँगर, पीडा, कञ्चन, माधुर्य, मदहोस्, शोकमग्न, उन्मुक्त, जस्ता वातावरण झल्काउने तथ्याङ्कहरूको प्रयोग भएको छ । यसमा विशेषतः २०४६ साल पछिको राजनैतिक परिवर्तन र त्यसपछिको अवस्थालाई झल्काउने वातावरणको प्रस्तुति छ । केही कवितामा कविले बाल्यकालमा आफूले बिताएको परिवेशको पनि चित्रण गरेका छन् । यसरी प्रयुक्त कविता सङ्ग्रहमा समाष्टि केही वातावरण तथ्याङ्कहरू यस प्रकार प्रस्तुत गरिएको छ :-

मलाई विलाप सुनाए
बाबुहरूले हिक्का छोडेर

छातिको घाउ देखाए (पृ. ३)

वर्ष नयाँ
हर्ष नयाँ
जोस् जाँगर र उमङ्ग नयाँ (पृ. १८)

नाथे यो आँसुको
के नै पैसा पर्छ
मरे पनि डुमैराजा
सित्तैमा बग्ने हो
बगिरहन्छ । (पृ. ४४)

धेरै पछि यसपालि फेरि
जम्का भेट भयो ऊ सँग
म माथि माथि गुड्दै थिएँ
उ, तलतल लमतन्न
सुसेल्दै विरहको धुन
बग्दै थियो परसम्म (पृ. ५०)

प्रस्तुत कविता सङ्गहका कविताहरुमा वातावरणगत परिवेशलाई हेर्दा निकै प्रभावकारी प्रस्तुति छ । जीवन वा समाज अनि त्यससँग सम्वन्धित अनुभवलाई कविले टपक्क प्रस्तुत गर्दा वातावरणगत परिवेशले समय वा सन्दर्भलाई प्रष्टयाएको छ । जसले कविताको संवेद्यताको लागि पनि सहयोग पुऱ्याएको छ र कविताहरू प्रत्येकको आफ्नो संवेदना जस्तो भएर पोखिएका छन् ।

यसरी यस सङ्ग्रहले नेपालको समसामयिक परिवेशको चित्र उतारेको छ । यहाँ आएको कविताको परिवशेले ग्रामीण सहर तथा प्राकृतिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, सामाजिक, आदि नेपालको परिवेशलाई बोल्दछन् । अझ आफ्नो शोक, हर्ष, पीडा, क्रोध, गुनासो, उन्मुक्ति, रोमाञ्च, निराशा, जस्ता वातावरणीय परिवेशले कविताहरू एक व्यक्तिको अनुभूति जस्तो नभएर प्रत्येकको आफ्नो अनुभव जस्तो भएर पोखिएका छन् । जसले कविताहरू सबैले महत्वको विषय बनेका छन् । कवितामा प्रस्तुत परिवेश स्वभाविक र प्रभावकारी देखिन्छ । यहाँ प्रस्तुत परिवेशले कविको विषयलाई सशक्त आधार प्रदान गर्न सफल भएको छ ।

### ५.४.५ उद्देश्य

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहको प्रमुख उद्देश्य समसामयिक परिवेशको चित्रण नै रहेको छन् । अहिले समाजका मानिस-मानिस बीच एक अर्को प्रति निषेधको भावना विकास नै रहेको छ । जसले द्वन्द्व सिर्जना गरेर देश युद्धमय बनिरहेका छ । मानिसहरू आ-आफ्नै दाजुभाइ बीच लुछाचुडी गरेर जसले जिते पनि दुबैको हार हुने खेल खेल्दैछन् । यस्तो कठिन घडीमा समाजमा झन् विकृति विसङ्गति बढ्दो छ। आपसमा मेल भएर सामाजिक विकृतिको अन्त्य गर्नुपर्ने बेलामा फुटको स्थितिले झन् समाज पतन तर्फ जाँदैछ । त्यसैले समाजका अहिले आपसी मेलमिलापको लागि सद्भावको वतावरण फैलनु जरूरी छ तर देश अगुवाहरूले अभाव पछौटेपन र अशिक्षालाई अरू अगाडि मागी खाने भाँडो बनाएका छन् । मानिसको जीवन परिस्थितिको परिबन्धमा छ । यहाँ अनेक प्रपञ्च रचिदै छन् । समाज यसबेला दुई कित्तामा विभक्त भएको छ । अहिले देश र समाज भन्दा अगाडि व्यक्तिका वैचारिक चिन्तनहरू हावी भएर आएका छन् । मानिसले आफ्नो भूगोल भन्दा, दर्शन र आस्थालाई सर्वप्रिय ठान्न थालेको देखिन्छ । जुन देशमा गौतम बुद्ध विश्वभरि शान्तिको सन्देश छर्दछन् जुन देशको प्रकृतिले शान्तिको गीत गाउँछ, जहाँ एउटा सुनौलो राष्ट्रिय इतिहास छ, जहाँ मानिस सत्यको पक्षमा मर्न तयार हुन्छन् । आज वर्तमान

फेरिएको छ । समाजमा प्रशस्त विकृति विसङ्गतिहरू छन् । मानिस भित्र स्वार्थी प्रवृत्ति बढेको छ ।

विश्वविमोहन श्रेष्ठले यस कविता सङ्ग्रहमा कसैलाई नीति उपदेश दिनुलाई आफ्नो उद्देश्य राखेका छैनन् । समाज र यसको धरातलीय यर्थाथलाई जे छ त्यही प्रस्तुत गर्न पुगेका छन् । नव नेपालको निर्माणको सपनादेखि आफ्नो बाल्यकालमा विताएको परिवेश (तमोर, म्याङ्लुङ, तीनजुरे) को प्रस्तुति गरेका छन् । कविले यस कविता सङ्ग्रहमा आजको यर्थाथलाई स्वच्छन्दतावादी भावधारामा मुछेर कवितामा नवयथार्थ धरातलको प्रस्तुत गरेका छन् । राष्ट्रिय भावधार र सकारात्मक कोणबाट पनि अहिलेको सामाजिक विसङ्गतिलाई कसरी छर्लङ्ग्याउन र जीवनको सुल्टो पाटोलाई देख्न सकिन्छ त्यसको एउटा झलक यस सङ्ग्रहका कवितामा पाइन्छ । कवि वर्तमानको द्वन्द्व र यसले निम्त्याएको हिंसाबाट उकुसमुकुस बनेका छन् र युग निसास्सिएको देख्न पुग्दछन् । जीवनको सार र निस्सारता पनि आफ्नै प्रकारको छ । यसलाई कतै आशावादी भएर त कतै निराशावादी भएर हेर्न पुग्दछन् । प्रेम र यसको हार्दिकताबाट निस्कने मीठो उच्छवास र बिछोडले निम्त्याउने वेदनालाई लहरलाई पनि श्रेष्ठले कवितामा जीवन सँगै जोडेर उतारेका छन् । अहिले युद्धको पीडा नेतृत्वको रजाई र गरिखाने वर्गको दयनीय स्थिति, खुकुरीको धारमा बाँचेको जीवन आदिलाई कविले कवितामा राम्रै सँग प्रस्तुत गर्ने उद्देश्य राखेका छन् ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताहरुमा आदर्शको कामना गरिएको छैन तर विसङ्गत परिवेशको चित्रण गरिएको छ । समाजमा जीवनमा जे घटछन्, त्यो भन्दा परिवर्तन शान्ति सद्भाव र भातृत्वको कामना गर्दै स्वच्छन्द भावको यथार्थ प्रस्तुति नै कविको उद्देश्य देखिन्छ । समग्रमा भन्नुपर्दा विश्वविमोहन श्रेष्ठले वर्तमान युगीन परिस्थितिमा समाज प्रकृति र जीवनको यथार्थलाई प्रस्तुत गर्नु नै उद्देश्य राखेका छन् ।

## ५.४.६ दृष्टिबिन्दु

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहभित्र सङ्ग्रहित कविताहरूमा विषयगत विविधता भेट्न सकिन्छ । हरेक कवितामा कविका आफ्नो निजी भावना र विचार प्रकट भएका छन् । कविका आफ्ना अनुभूतिहरू कवितामा प्रस्तुत भएकाले तिनलाई जसरी प्रस्तुत गरेपनि ती कविका आफ्ना भाव र विचार भएर आएका छन् । यस सङ्ग्रहका ३५ कविता मध्ये १९ कविता प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कविले आफूलाई भने हेरक कवितामा उभ्याएका छन् । कतै आफू भएर बोलेका छन् त कतै विषयमात्रै प्रस्तुत गरेका छन् । अधिकांश कवितामा कतै केन्द्रीय कतै परिधीय रूपमा आफ्नो उपस्थिति देखाउनाले कविताको विषय झनै सान्दर्भिक विश्वसनीय भएको छ । यसबाट के स्पष्ट हुन्छ भने प्रस्तुत सङ्ग्रहका धेरै कवितामा 'म' पात्र समाख्याताको रूपमा प्रस्तुत भएको छ । यसभित्रका कवितामा 'म' वक्ता प्रेषक सम्बोधक वा वर्णनाकर्ताको भूमिका आएको स्पष्ट हुन्छ भने पाठकहरू श्रोता, प्रापक वा सम्बोधितको भूमिकामा आएका छन् ।

यस सङ्ग्रहमा कतै 'म' द्वारा प्रत्यक्षरूपमा त कतै कुनै सहभागीको माध्यमद्वारा कविले आफूले देखेको, भोगेको, अनुभव गरेको परिवेशको आर्थिक, राजनैतिक, प्राकृतिक, सामाजिक परिवेश र तिनका सङ्गति, बिसङ्गतिलाई प्रस्तुत गरेका छन् । यस कविता सङ्ग्रह विचार र भावनाको मिश्रण भएको युगीन परिवेशको चित्रण गरिएको सङ्ग्रह हो । यसमा जति कविताहरू समावेश छन् ती कविताका विषय कविको आफ्नै नेरोघेरोको क्षितिज भित्रैका छन् । कति प्रसङ्ग त कविको आफ्नो जीवनका पूर्व अनुभव पनि पूर्व स्मृति रूपमा आएका छन् । हरेक कवितालाई कविले आफू अर्थात 'म' पात्रको माध्यमद्वारा प्रस्तुत नगरी आफूले निर्माण गरेको पात्र वा तृतीय पुरूष दृष्टिबिन्दुद्वारा प्रस्तुत गर्दा पनि कविको विषयप्रतिको वैचारिकता हार्दिकता र संवेदनशीलता कायम देख्न सकिन्छ । सबै कवितामा प्रथम पुरूष केन्द्रीय दृष्टिकोण प्रयोग छैन तर पनि पात्रको माध्यमद्वारा ती प्रभावकारी र अनुभूतिजन्य भएर आएका छन् । यस सङ्ग्रहका कतिपय कवितामा

मानवेतर पात्रहरूको प्रयोग गरिएको छ तर ती मानवेतर पात्रहरूको अनुभूतिलाई कविले 'म' को माध्यमद्वारा व्यक्त गरेका छन् ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रह भित्र रहेका कविताहरूमा प्रयोग गरिएका दृष्टिबिन्दुका केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रथम पुरूष दृष्टिबिन्दुका केही उदाहरणहरू यसप्रकार छन् -

अविश्रान्त अनवरत
म बगिरहेछु
नदी भएर
एउटा गन्तव्यको खोजीमा (पृ. १)

लाग्छ, म अचेत धर्मको युद्धमा
पराजित भएको छु
र आजित भएर
विधर्मीहरूका बीचमा
म कुजिदै गइरहेछु । (पृ. ५)

न ओर्लिएँ न उक्लिएँ
धेरै दिनको यात्रापछि
उही ठेगानामा आइपुगें । (पृ. ३६)

तृतीय पुरूष दृष्टिविन्दुका केही उदाहरणहरू निम्नानुसार छन् -

लास । लासैलास
बाँच्नेको अलाप । विलाप
कसले चलायो हरे
कहिल्यै अन्त नहुने
यो हिंसाको व्यापार (पृ. ४५)

कति चढेको
कति बढेको
नाथे जिन्दगीको
कति भाउ बढेको
जति सम्झाए पनि
जति बुझाए पनि टसमस केही नभएको
नाथे जिन्दगीको
भाउ कति बढेको । (पृ. ५६)

असरल्ल फोहोरको थुप्रो हो
काठमाडौं
र त्यही फोहर माथि फुलेको
कमलको सुन्दरता पनि हो
काठमाडौं
हिउँदमा बिहान हुस्सुले छोप्दा
खास्टोले मुन्टो छोपेर
मन्दिरहरूमा घण्ट बजाइरहन्छ काठमाडौं । (पृ. ५८)

यसरी यस सङ्ग्रहका कवितामा कविले विभिन्न कोणमा बसेर आफ्ना र विचारलाई व्यक्त गरेका छन् । कतै कविले आफ्नो विषय आफ्नै केन्द्रीय भूमिकामा 'म' द्वारा व्यक्त गरेका छन् त कतै अरूको भावना र विचारलाई आफैं ले प्रस्तुत गरिदिएका छन् ।

## ५.४.७ भाषाशैलीय विन्यास

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहभित्र रहेका ३५ कविताहरू गद्य संरचना भएका कविताहरू हुन् । कविले कवितामा आफ्नो भावनात्मक तथा विचारात्मक अभिव्यक्तिलाई सरल तवरले व्यक्त गरेका छन् । अधिकांश कवितामा अनुप्रास संयोजनमा खासै ध्यान दिइएको छैन । लेखनका क्रममा ती कतै स्वभाविक रूपमा मिलेर आएका छन त कतै छननन् । जसको केही उदाहरण तल प्रस्तुत गरिएको छ :-

सधैं घाम पानी सधैं आँसु हाँसो
लाग्छ कहिले तुच्छ कसैको यो नासो । (पृ. २२)

सधैंभरि सपनीमा देखिने त्यो ठाउँ
मेरै जन्मभूमि रैछ म हुर्केको गाउँ । (पृ. ३१)

भर्खरै हो यताबाट गएको थियो बुद्ध
भन्दै थियो हामीलाई चाहिदैन युद्ध । (पृ. ७७)

यस सङ्ग्रहका कवितामा कविले अनुप्रास संयोजनका लागि शब्द खर्चेको देखिदैन तर स्वाभाविक अनुप्रास र लय उत्पन्न भएका कविताहरू भएकाले अझैं कवितामा मिठास थपिएको छ । यस सङ्ग्रहका कवितामा छन्दोबद्ध कवितामा जस्तो नियोजित भाषिक विन्यास तथा पुनरावृत्ति र समानान्तरता कायम गरिएको छैन तर स्वभाविक रूपमा कतै कतै समानन्तरता भेट्न सकिन्छ । जसको केही उदाहरण निम्नानुसार प्रस्तुत छ :-

गति छ माधुर्य छैन भन्छन् भन्नेहरू
प्रगति छ गन्तब्य छैन भन्छन् भन्नेहरू
प्रतिभा छ आभा छैन भन्छन् भन्नेहरू
उन्माद छ उन्मुक्ति छैन भन्छन् भन्नेहरू (पृ. ३२)

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहलाई हेर्दा यसमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएको छ । अलङ्कारको प्रयोग पनि सुनियोजित देखिँदैन । विचार भावको प्रस्तुति क्रममा अलङ्कार स्वाभाविक रूपमा आएको देखिन्छ । यस सङ्ग्रहका कविताहरूका शब्दालङ्कारका भेदमध्ये छेकानुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास, यमक, र अर्थालङ्कारमा भने रूपक उपमा अतिशयोक्ति दृष्टान्त, सन्देह, तुल्ययोगिता, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोग देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा प्रयोग भएको अलङ्कारले कवितालाई प्रभावकारी एवं जीवन्ता समेत प्रदान गरेको छ । यस सम्बन्धी केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ -

अनुप्रास
गीत नयाँ
रीत नयाँ
शीत, मीत र प्रीत नयाँ (पृ. १८)

उपमा
आकार र निराकार बीचको
ओँकार जस्तो
तिम्रो उपस्थिति
मात्रै
गुलाफको फूल जस्तो । (पृ. ९)

रूपक
जिन्दगी त केवल
टुटेका सपनाहरूको

| | | |
|---|---|---|
| | एक थुप्रो रास हो । | (पृ. १२) |
| अतिशयोक्ति | जहाँ स्वयम् इन्द्रधनुष<br>स्वर्गबाट धरतीमा ओर्लन्छ<br>र नौलाख तारा भएर सजिन्छ । | (पृ. १४) |
| सन्देह | मुहारमा ज्योति छ गुराँसको<br>मद मस्त<br>मदहोस्<br>म सोचिरहेछु<br>त्यो बैंस सुकुमारीको हो कि गुराँसको । | (पृ. ३०) |

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहभित्र सरल भाषाको प्रयोग पाइन्छ । यसमा विशुद्ध नेपालीपनले भरिएका शब्दहरूको प्रयोग गरिए पनि केही पारिभाषिक र प्राविधिक शब्दावलीको पनि प्रस्तुति छ । यस सङ्ग्रहभित्र कविले तत्सम, तद्भव, आगन्तुक र मौलिक सबै प्रकारका शब्दहरूको प्रयोग गरेका छन् । भाषिक हिसाबले सरल र स्वस्फूर्त भए पनि केही परिष्कृत भाषा शैलीको प्रयोग छ । कुनै-कुनै कवितामा भने अन्त्यानुप्रास संयोजनका लागि अनादरार्थी शब्दको समेत प्रयोग गरेका छन् । जस्तै :-

भर्खरै हो यताबाट गएकोथ्यो बुद्ध
भन्दै थियो हामीलाई चाहिँदैन युद्ध ।        (पृ.७७)

गद्यात्मक संरचना बोकेका यिनका कवितामा अनुप्रासको संयोग सबै कवितामा नभए पनि कविता भित्र स्वस्फूर्त लयको संयोजन देख्न सकिन्छ ।

वित्यो एउटा रक्ताम्मे
सिङ्गै वर्ष हिजोसम्म
पाए भन्दा बढी गुम्यो
सिकौं हामी त्यसै बाट
हारेमा त हारै हुने
जितेको मा पनि हार भो
के गऱ्यौं हामीले त्यस्तो
सिङ्गै वर्ष रात भो        (पृ. ७७)

विषयगत विविधता बाकेका श्रेष्ठका कविता अझै जीवन्त बनाउन कविले बिम्ब प्रतीकको पनि राम्रै संयोजना गरेका छन् । यिनी कवितालाई सोझै भन्नु भन्दा प्रतीकहरूको माध्यमद्वारा व्यक्त गर्दछन् । भाषिक शिल्पका हिसावले सरल भाषकै प्रयोग गर्ने श्रेष्ठ व्यवहारिक भाषिक प्रयोग गर्न रूचाउँछन् । भाषिक प्रयोगका हिसावले यस सङ्ग्रह सफल देखिन्छ ।

## ५.४.८ उपसंहार : व्याख्या तथा निष्कर्ष

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रह (२०६२) विश्वविमोहन श्रेष्ठको हाल सम्मको साहित्यिक यात्राको अन्तिम चरणको कृति हो । यसमा सङ्कलित ३५ कविताहरू मुक्त छन्दमा संरचित छन् । यी कविताहरूमा निजी भावना र विचार तथा समाजका तिता मिठा अनुभवहरूलाई व्यक्त गर्ने प्रयास गरिएकाले यससङ्ग्रहका सबै कविताहरू प्रगीतात्मक संरचना भएका कविताहरू हुन् । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राकृतिक, प्रशासनिक आदि विषयवस्तुमा संरचित भएकाले यस सङ्ग्रहका कवितामा विषयवस्तुगत विविधता पाइन्छ ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कवितामा संरचनात्मक विविधता पाइन्छ । यस सङ्ग्रहका कविता एक पङ्क्ति पुञ्ज देखि छ पङ्क्ति पुञ्ज सम्म रहेका छन् । यी कवितालाई प्रसङ्ग र पङ्क्ति पुञ्जद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभाजन गरिएको पाइन्छ । प्रत्येक कविताको अन्त्यमा थोप्लो चिन्ह दिइएको छ । तर बुद्धः तीन आयाम कवितामा पङ्क्ति पुञ्जको विभाजनमा १, २, ३ अंङ्क दिइएको छ । यसैगरी प्रत्येक कविताको एक पङ्क्तिपुञ्जका बीचमा

अलिकति खाली ठाउँ छाडी विभाजनको सङ्केत गरिएको छ । यसरी हेर्दा यससङ्ग्रह कवितामा विभाजनगत विविधता पाइन्छ ।

यस कवितामा सङ्ग्रहभित्र सङ्कलित अधिकांश कवितामा आदि, मध्य र अन्त्यको श्रृङ्खला सशक्त देखिदैंन आंशिक रूपमा भने आदि मध्य अन्त्यको सङ्गठन पाइन्छ । अधिकांश कविताहरू सामसामयिक युगबोध, जीवनबोध र समाजमा घट्ने यथार्थ घटनाहरूको प्रतिबिम्बन गर्न सफल छन् । समाजमा व्याप्त असङ्गतिहरूले कविको प्रकृति प्रेम, जीवन बोध अनि मानिस बीचको निषेधको भावना र द्वन्द्वलाई कविले सरल तवरले व्यक्त गरेको देखिन्छ । सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, प्राकृतिक आदि पक्षमा देखिएका विकृति एवं भ्रष्ट पक्षको पर्दाफास गर्दै समाजसुधार तथा मानवीय कल्याण उन्नति र प्रगतिमा जोड दिएका छन् । यस सङ्ग्रहका माध्यमद्वारा कविले समाज सुधार र नैतिक आर्दशको प्रसार गर्ने उद्देश्य नराखे पनि सुखद शान्त समाजको स्थापना गर्ने आकाङ्क्षा व्यक्त गरेका छन् । कविको यस सङ्ग्रहका कवितामा आफ्ना जीवनका घटना भोगाइ, आफ्ना अनुभव र समाजको पीडा अभिव्यक्त भएको पाइन्छ ।

यस कविता सङ्ग्रहका कवितामा म, तिमी, प्रियतमा, वृद्ध, जेठो छोरो, कान्छो छोरा, पुलिस, नेता, हेमकुमारी, भ्रष्टनेताहरू हामी, भीमसेन, अमरसिंह, कालु पाण्डे जस्ता मानवीय पात्रहरूको प्रयोग गरिएको छ भने कविता तमोर म्याङलुङ, नदी, सगरमाथा, पहरा, काठमाडौं, झरी, एटलान्टा, तीनजुरे आदि मानवेतर पात्रहरूको प्रयोग भएको देखिन्छ । यी विविध बैशिष्ठ्य बोकेका सहभागीको माध्यमद्वारा समाज तथा समग्र देश भित्रको विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूको पर्दाफास गर्दै समाजसुधार मानवता भातृत्व तथा विश्वबन्धुत्वमा आवद्ध हुन समेत सबैलाई घुमाउरो पाराले आग्रह गरिएको छ । यी कवितामा प्रयुक्त 'म' प्रमुख पात्र वक्ता वा प्रेषक सहभागी हो भने तिमी श्रोता वा सम्बोधितको भूमिका आएको देखिन्छ । उपयुक्त सहभागीहरूका माध्यमद्धारा व्यक्त गरिएका घटनाहरू आजका सबै मानवहरूले भोगिरहेका घटनाहरू नै छन् । यसरी हेर्दा आजको युग, मानिसले भोग्नु परेको पीडा, जीवनको क्षीणता, प्रकृतिको अवस्थिति र सामाजको तस्विरको कविले सहभागीको माध्यमद्वारा जीवन्त र प्रभावकारी रूपमा व्यक्त गरेका छन् ।

यस कविता सङ्ग्रहका कवितामा सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक र समसामायिक परिवेशको चित्रण पाइन्छ । त्यसैगरी प्राकृतिक, ग्रामीण, सहरिया तथा घरेलु परिवेशको पनि अत्यन्त सहज, स्वभाविक, जीवन्त र प्रभावकारी किसिमले चित्रण गरिएको पाइन्छ । यस सङ्ग्रहका कवितामा स्थानगत समयगत तथा वातावरगत परिवशेलाई जनाउने तथ्याङ्कहरूमा क्रमशः म्याङ्लुङ नदी, सगरमाथा, पहरा, काठमाडौं, झरी, एटलान्टा, तीनजुरे, न्यानोघाम, सूर्यास्त, साँझ, ढल्दो उमेर बषौं, शिशिर, आधादिन, हिक्का, ग्लानी, शान्ति, क्रान्ति, उन्मुक्त, जोस, जाँगर, पीडा, आदिको प्रयोग गरिएको छ । वि.सं. २०४६ पछिको राजनैतिक, सामाजिक, वातावरणलाई यसमा विशेष रूपमा प्रस्तुत गरिएको छ तर यसका केही कविका निजी जीवन र त्यसका विगतका सम्झनाहरू पनि आएका छन् ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताको उद्देश्य कवितामा सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, समसामयिक, आदि विविध क्षेत्रमा देखिएको विकृति विसङ्गति प्रस्तुत गर्दै नेपालको युगीन यर्थाथको प्रकटीकरण गर्नु रहेको देखिन्छ । यसैगरी मानिसको निरीहता विवशता, बाध्यता, अभावग्रस्तता, जस्ता विसंङ्गत यथार्थको माझबाट सङगतिको खोजी गर्ने प्रयास पनि यस सङ्ग्रहका कविताको उद्देश्य रहेको पाइन्छ । मानिसको जीवन निरीह छ तर पनि सभवनाको बीचमा छ । एक अर्का बीच यहाँ द्वन्द्व चर्किएका छ । देशको अगुवाहरू सत्ता लोलुपमा छन् । उनीहरू केवल जनताको गरिबीलाई मागीखाने भाँडो बनाउँदै छन् । यस्तो बेलामा जनताको दुःख पीडा बुझ्ने कोही छैनन् यो यर्थाथलाई प्रस्तुत गर्दै दिगो शान्तिप्रतिको प्रेम पनि यहाँ व्यक्त गर्ने उद्देश्य राखेको देखिन्छ ।

यस सङ्ग्रहका अधिकांश कविताहरूमा कविताको निजी भावना र विचारको प्रकटीकरण भएको पाइन्छ । यहाँ 'म' पात्र समाख्याताको रूपमा प्रस्तुत भएकाले 'म' नै वक्ता, प्रेषक,

सम्बोधक वा वर्णनाकर्ताका रूपमा आएको छ । पाठकहरू श्रोता, प्रापक वा सम्बोधितको भूमिका आएका छन् । जसरी हेर्दा यो कविता सङ्ग्रहमा प्रथम पुरूष र तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग देखिन्छ । तर कविले जुन कोणमा बसेर आफ्नो भाव र चिन्तन राखे पनि ती कविका आफ्ना चिन्तन र भावना अनि अनुभव भएर आएका छन् ।

**एउटा गन्तव्यको खोजीमा** कविता सङ्ग्रहका कविताहरू मुक्त छन्दका कविताहरू हुन् । उक्त कविताहरूमा प्रयुक्त भाषा, सरल सहज र सुबोध्य हुनका अतिरिक्त केही पारिभाषिक र प्राविधिक शब्दहरूको पनि प्रयोग पाइन्छ । यसमा उपमा रूपक, अतिशयोक्ति, सन्देह, दृष्टान्त तथा अर्थालङ्कार र अनुप्रास यमक जस्ता शब्दालङ्कार को पनि फाटफुट प्रयोग गरिएको छ । अलङ्कारको प्रयोग समग्रमा भन्दा स्वभाविक र सहज किसिमले भएको छ । बिम्ब प्रतीक पनि प्राकृतिक र स्वभाविक छन् । यसमा कृतिम लय नभएर स्वाभाविक प्राकृतिक लयको सिर्जना भएको देखिन्छ जुन रचना पढ्दा पनि स्वतः लय उत्पन्न हुन्छ ।

# छैटौँ परिच्छेद

# उपसंहार

विश्वविमोहन श्रेष्ठको जन्म वि.सं. २०१३ बैशाख १६ गते शनिबारका दिन कोसी अञ्चलको तेरथुम जिल्ला, म्याङ्लुङ नगरपालिका अन्तर्गत वडा नं.१ म्याङ्लुङ बजारमा भएको हो । यिनका पिता चन्द्रमान श्रेष्ठ र माता मङ्गलादेवी जोशी हुन् । स्नातकोत्तर तहसम्म अध्ययन गरेका विश्वविमोहन श्रेष्ठ साहित्यिक पत्रकार संङघ, प्रेसकाउन्सिल नेपाल, एपेक नेपाल, तेरथुम साहित्य समाज, युवा साहित्य जमात, कृष्णमोहन नुडुप स्मृति प्रतिष्ठान, साझा प्रकाशन लगायतका विभिन्न संघ संस्थाहरूमा सहभागिता जनाउँदै आएका छन् । यिनले विभिन्न साहित्यिक कार्यक्रमको दौडानमा नेपालका ५० भन्दा बढी जिल्लाको भ्रमण गरेका छन् भने अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा नेपाल र नेपाली टोलीको प्रतिनिधित्व गर्दै सहभागिता जनाएका छन् । हाल यिनको बसोबास संरचना मार्ग, कलंकी-१४, काठमाडौँमा रहेको छ । विश्वविमोहन श्रेष्ठले **तीनजुरे, सोपान, स्पन्दन, नवरत्न, सिर्जना** जस्ता पत्रिकाको सम्पादन समेत गरेका छन् । २०२४ सालदेखि लेखन कार्य सुरु गरेका श्रेष्ठले रत्नश्री सुवर्ण पदक (२०४४), युवा वर्ष मोति पुरस्कार (२०४४), व्यथित काव्य पुरस्कार (२०४४) र बाबु स्मृति पुरस्कार (२०६२) प्राप्त गरेको देखिन्छ । २०२४ साल भाद्र ४ गते बालदिवसका दिन आयोजित कविता प्रतियोगितामा प्रथम भएपछि लेख्न हौसिएका श्रेष्ठको २०२७ सालमा तीनजुरे त्रैमासिक साहित्यिक पत्रिकामा प्रथम पटक कविता प्रकाशित भएको थियो । २०२४ सालदेखि हालसम्मको कवितायात्रामा यिनका जम्मा तीन कविता सङ्ग्रहहरू प्रकाशित छन् । ती हुन्: **विश्वविमोहन श्रेष्ठका केही कविताहरू (२०४४), अङ्गारका धमिला धर्साहरू (२०६२) र एउटा गन्तव्यको खोजीमा (२०६२)** । यसका अतिरिक्त यिनले केही गीत, लघुकथा र फुटकर कविताहरू समेत लेखेका छन् । विश्वविमोहन श्रेष्ठका कृतिहरू संख्यात्मक हिसाबले धेरै छैनन् तर गुणात्मक हिसाबले महत्वपूर्ण छन् । साहित्य यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

पहिलो चरण (२०२४-२०४४)- २०२४ सालबाट कविता लेखेर औपचारिक रूपमा अगाडि आएका श्रेष्ठको यो कालमा जम्मा एउटा कविता सङ्ग्रह विश्वविमोहनका केही कविताहरू प्रकाशित भएको छ । यस चरणमा यिनले केही गीतहरू पनि लेखेका छन् । यो चरणका यिनका कवितामा तत्तकालीन समसामयिक परिस्थितिको चित्रण, विद्रोहात्मक तथा क्रान्तिधर्मी चेत, विकृति विसङ्गतिको चित्रण, शान्तिप्रतिको आस्था, स्वतन्त्रताप्रतिको मोह, जीवनप्रतिको आशावादी स्वर तथा अस्तित्ववादी विसङ्गतिवादी धारणा देख्न पाइन्छ । २०४६ सालको परिवर्तनको संघारमा लेखिएको यो कृतिमा कवि अलि बढी क्रान्तिकारी भएर देखिएका छन् र यथास्थितिको व्यापक असन्तुष्टि कवितामा महसुस गर्न  सकिन्छ ।

दोस्रो चरण (२०४४-हालसम्म)- विश्वविमोहन श्रेष्ठका दुई कविता सङ्ग्रह **अङ्गारका धमिला धर्साहरू** र **एउटा गन्तव्यको खोजीमा** प्रकाशित भएका छन् भने फुटकर रूपमा कविता, गीतहरू, लघुकथा विभिन्न पत्रपत्रिकामा छापिएका छन् । यस कालमा पनि यिनले साहित्यको उत्थान र सम्बर्द्धनका लागि विभिन्न संस्थाको माध्यमबाट कार्य गरेको देखिन्छ । पूवार्द्ध चरणमा केही जोसिला र क्रान्तिकारी भएर देखिएका कवि यो चरणमा आएपछि केही शालिन रूपमा प्रस्तुत भएका छन् । समाजको यथार्थ र आफ्नो कल्पनाको सम्मिश्रणबाट कृतिको रचना गर्ने श्रेष्ठले यस समयका कवितामा युद्धमय परिवेशको वर्णन गर्दै शान्तिप्रतिको आस्था प्रकट गरेका छन् । त्यसैगरी

देशप्रिय, सामाजिक राजनैतिक क्षेत्रमा देखिएको विकृति विसङ्गतिको चित्रण, प्रणयजन्य स्वर, प्रकृति चित्रण र छोटा कविता लेखनमा सक्रियता देखाएको पाइन्छ । साहित्य साधनाको हिसाबले २०२४ सालदेखि २०४४ को २० वर्षे अवधिमा एक कविता सङ्ग्रह प्रकाशित गरेका कविले त्यसको १८ वर्षपछि एकैसाल दुई कविता सङ्ग्रह प्रकाशित गरेका परिणामका हिसाबले पनि यो चरण उर्वर देखिन्छ । आभ्यासिक चरण पार गरी काव्यिक शिल्प निर्माण भैसकेकोले पनि कविताहरू परिपक्कता भटिन्छ । अघिल्लो चरणमा जस्तै यो चरणमा पनि विश्वविमोहन श्रेष्ठ समसामयिक परिवेशबाट प्रभावित छन् ।

करिव ४३ वर्षे लामो साहित्य साधनाद्वारा नेपाली कविताको अभिवृद्धिमा अहम् भूमिका खेलेका श्रेष्ठका समाज सुधारको चाहाना, समसामयिक युगबोध, अस्तित्वबोध, वर्तमान विकृति-विङ्गति विरुद्ध असन्तोष एवम् क्रान्तिचेत, मानवतावाद, राष्ट्रप्रेम, प्रकृति चित्रण, विषयगत विविधता, हिंसाको चित्रण, शान्तिप्रतिको आस्था तथा गद्यलयको सुन्दर प्रयोग जस्ता प्रकृतिगत विशेषताहरू पाइन्छन् । छोटा कवितादेखि मझौला आकारसम्मका कविता लेखेर नेपाली साहित्यलाई योगदान दिने श्रेष्ठका कृतिहरू परिणामका हिसाबले कम रहे पनि गुणात्मक हिसाबले उच्च छन् । आफ्नो देशलाई प्रेम गर्ने र यहाँका विसङ्गतिहरूले दिक्क हुने कवि कसैले कविताका माध्यमबाट नीति उपदेश वा आध्यात्मिक चेतना दिँदैनन् । बरु यथार्थको प्रकटीकरण गरेर व्यक्तिलाई स्वयम् त्यसमा चनाखो हुन झकझकाई दिन्छन् । यिनी जीवनलाई आशाले हेर्छन् तर थुप्रै विसङ्गति पाउँछन् तर आशा मार्दैनन् । समाजमा भएका विकृतिहरूले दिक्क बनेका कवि कसैलाई गाली गर्दैनन् तर उनीहरूको प्रवृत्तिमाथि तिखो प्रहार गर्दछन् र परिवर्तनको आशा राख्दछन् । यिनका सबै कविताहरू प्रगीतात्मक संरचना भएका कविताहरू हुन् ।

**विश्वविमोहनका केही कविताहरू** (२०४४) कविता सङ्ग्रहमा जम्मा ३५ वटा मझौला आकारका कविताहरू समावेश गरिएको छ । यसमा सङ्कलित सबै कविताहरू गद्यलयमा लेखिएका छन् । कविका निजी भावना र विचार तथा समाजका तिता-मिठा अनुभवहरूलाई व्यक्त गरिएका यस सङ्ग्रहका कवितामा सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रहरूमा देखिएका विभिन्न खराबीहरूको चित्रण गरिएको छ । मझौला आकारका कविता रहेको यस सङ्ग्रहका कविताहरूको पङ्क्ति पुञ्जको बीचमा अलिकति खाली ठाउँ छोडिएको छ । अधिकांश कवितामा आदि मध्य र अन्त्यमा त्यति राम्रो सङ्गठन गरिएको छैन । तत्कालीन यथार्थको प्रकटीकरण गरिएका यसका अधिकांश कविताहरूमा समाजमा व्याप्त विकृति, विसङ्गति, अनि जनताले भोग्नु परेको पीडा, नेताहरूको मनोमालिन्य र जनतामा उर्लिएको क्रान्तिको भावनालाई उजागर गरिएको छ । प्रमुख समाख्याता 'म' रहेको यस सङ्ग्रहका धेरै कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । तत्तकालीन नेपालको परिस्थिति, सामाजिक, राजनैतिक, आर्थिक, प्राकृतिक, प्रशासनिक आदि परिवेशको चित्रण गरिएका कवितामा यिनै परिस्थिति देखाउन म, तिमी, ऊ, उनी, छोरो, छोरी, स्वास्नी, पहाड, सगरमाथा, पानी आदि सहभागीको प्रयोग गरिएको छ । यी सहभागीहरू आफैँ स्वतन्त्र र जीवन्त छन् । जसले भोगेका भोगाइहरूलाई जस्ताको तस्तै प्रस्तुत गरेकाले कविताहरू स्वभाविक छन् ।

आफ्नौ गाउँ ठाउँ नेरोघेरोको परिवेश टिप्ने विश्वविमोहन स्थान समयगत र वातावरणगत परिवेश देखाउन नदी, करेसाबारी, दोबोटो, डाँडा, गल्ली, सहर, वर्षा, तुसाँरो, चिसो, घाम, सूर्य, शान्त, उखर्माउलो हर्ष अल्छी हतास आदि तथ्याङ्कहरूको प्रयोग गर्दछन् । हरेक कृति रचनाको पछाडि कुनै न कुनै उद्देश्य हुने नै गर्दछ, त्यसैले **विश्वविमोहनका केही कविताहरू** कविता सङ्ग्रहमा तत्कालीन नेपालको आर्थिक, सामाजिक, राजनैतिक परिवेशको यथार्थ चित्रण गर्दै त्यसको परिवर्तनका लागि सबै जुट्न सबैलाई आव्हान गर्ने उद्देश्य राखेको देखिन्छ । कविता शिल्पका दृष्टिले पनि कवितामा केही भाव र भाषाको सुन्दर प्रयोग छ । शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोग गरिएका कवितामा विशेषतः उपमा, रूपक, दृष्टान्त, अपह्नुति, अतिरायोक्ति आदि अलङ्कारको शसक्त प्रयोग गरिएको छ । समानन्तरता र पुनरावृत्तिको प्रयोग पनि गरिएका कवितामा तत्सम, तद्भव, आगन्तुक सबै भाषिक प्रयोग छ । प्राविधिक शब्दावली र पारिभाषिक शब्दको कलात्मक प्रयोग गरिएको कवितामा बिम्ब प्रतीकको उचित संयोजन पनि

कविले राम्रैसँग गरेका छन् । सामान्यतः कविता सहज, सरल र सुबोध्य छन् तर कुनै कुनै कवितामा जटिलता पाइन्छ । समग्रमा यो सङ्ग्रह कविका प्रगीतात्मक कविताहरूको सङ्गालो र कविता यात्राको प्रथम कृति हो ।

**अङ्गारका धमिला धर्साहरू** (२०६२) विश्वविमोहन श्रेष्ठको कविता यात्राको दोस्रो चरणमा प्रकाशित कृति हो । यस कृतिमा ३ हरफदेखि १८ हरफसम्म लम्बाई भएका कविताहरूको सङ्कलन गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित ७५ वटा कविता गद्यलयमा लेखिएका छन् । जसमा कविको निजी भाव, विचार र चिन्तन प्रस्तुत गर्ने प्रयास गरिएको छ । साना आकारका कविता रहेको यस कविता सङ्ग्रहमा संरचनागत विविधता पाइन्छ । कवितामा आदि, मध्य र अन्त्यको उतिसारो ख्याल गरिएको छैन । विशेषतः समसामायिक युगबोध, अस्तित्वबोध, जीवनबोध झल्काउने र समाजमा घट्ने विभिन्न घटना सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा देखिएको विकृतिको चित्रण गर्न कवि सफल छन् । यस सङ्ग्रहका कवितामा पनि कल्पना र यथार्थका सम्मिश्रण छन् । सामाजिक, राजनैतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रका विकृतिहरूको चित्रण गर्दै कवि शान्ति, मानवीय कल्याणका पक्षमा जोड दिन्छन् । **अङ्गारका धमिला धर्साहरू** कविता सङ्ग्रहमा मानवीय तथा मानवेतर दुबै पात्रको प्रयोग गरिएको छ । धेरै कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ । यसमा म, सुकुमार, ऊ, तिमी, हामी, युवती, आकाश, अरुण जस्ता सहभागीको प्रयोग पाइन्छ । सहभागीहरू अधिकांश कवितामा स्वतन्त्र रूपमा आएका छन् । सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, आर्थिक तथा समसामयिक परिवेशको चित्रण गरिएको यस सङ्ग्रहका कवितामा स्थानगत, समयगत तथा वातावरणगत परिवेशलाई जनाउने देश, चोक, स्टेशन, बगर, घाम, रात, फागुन, चैत, प्रभात, आकाश, दुःख उत्तेजना, सुख, उन्मुक्त, सन्त्रास आदि एकरूपताको प्रयोग गरिएको छ । २०४६ साल पछिको राजनैतिक परिवेशलाई समेटिएका कवितामा विशेषगरी २०५२ पछिको परिवेशलाई लिइएको छ । परिवेश चित्रणका हिसाबले यसमा ग्रामीण, सहरिया तथा विशेषतः देश भित्रकै परिवेशलाई लिइएको छ । हरेक कृति रचनाको पछि कृतिकारले कुनै न कुनै उद्देश्य राख्दछ त्यसले यस कृतिमा पनि सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, समसामयिक र प्रशासनिक आदि विविध क्षेत्रमा देखिएका विकृति-विसङ्गति, कुरीति, कुसंस्कार प्रति व्यङ्ग्य गर्दै तत्कालीन नेपालको यथार्थको प्रकटीकरण गर्नु नै मूल उद्देश्य राखिएको छ । देशमा चलिरहेको द्वन्द्व, गरिबी, भष्टाचार, महङ्गीले जनतालाई आकुल व्याकुल पारेको बेला समाज जे-जस्तो छ र यिनले जे देखेका छन् त्यसलाई कवितामा उतारेका छन् । अधिकांश कवितामा 'म' को प्रयोग गरिएको यस सङ्ग्रहमा 'म' प्रेषक वक्ता वा सम्बोधक पाठक श्रोता वा सम्बोधितको भूमिकामा आएका छन् । पात्र भने कतै परिधीय त कतै केन्द्रीय भूमिकामा आएको देखिन्छ ।

सरल स्वभाविक भाषिक प्रयोग गरिएको यस सङ्ग्रहका कवितामा अलङ्कार र लय सामानन्तरता अनुप्रासको प्रयोग पनि स्वभाविक छ । प्राकृतिक विम्ब प्रतीकको प्रयोग गरिएको यस सङ्ग्रहका कवितामा गद्यलयको प्रयोग छ । संरचनागत छोटो आकार भएकाले कविले भाव छोटकरीमा उद्घाटन गरेर छोडिदिएका छन् । यसमा विशेषतः उपमा, रूपक, अप्रेक्षा, अपह्नुति जस्ता अर्थालङ्कार र अनुप्रास यमक जस्ता शब्दालङ्कारको प्रयोग गरिएको छ । समग्रमा विश्वविमोहन श्रेष्ठको यस सङ्ग्रहमा छरितो र मितव्ययी भाषिक प्रयोग छ ।

**एउटा गन्तव्यको खोजीमा** (२०६२) कविता सङ्ग्रह विश्वविमोहन श्रेष्ठको कविता यात्राको दोस्रो चरणको कृति हो । यसमा सङ्कलित ३५ वटा कविता मुक्त छन्दमा लेखिएका छन् । कविले यसमा आफ्ना निजी भावना र विचार तथा समाजका तिता-मिठा अनुभवहरूलाई व्यक्त गर्ने प्रयास गरेका छन् । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राकृतिक तथा प्रशासनिक आदि विषयवस्तुमा संरचित रचनामा संरचनागत तथा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहका कविता एक पङ्क्ति पुञ्जदेखि छ पङ्क्ति पुञ्जसम्म रहेका छन् । पङ्क्ति पुञ्जको विभाजनमा १,२,३ अङ्क दिइएको छ । आदि, मध्य र अन्त्यको श्रृङ्खला त्यति सुगठित छैन । समाजमा व्याप्त असङ्गति, कविको जीवन बोध, प्रकृतिप्रेम, मानिस-मानिसको निषेधको भावना, आपसी द्वन्द्व र हिंसालाई कविले राम्रै तवरले प्रस्ट्याएका छन् । समाजमा रहेका विकृति, विसङ्गतिले गाडेको

बेला अब सुधारको लागि आव्हान गरिएको छ । मानवीय तथा मानवेतर पात्रको प्रयोग गरिएको यस सङ्ग्रहका कवितामा म, तिमी, प्रियतमा, बुद्ध, जेठो छोरो, पुलिस, हेमकुमारी, हामी भीमसेन, अमर सिंह, कालु पाण्डे, नदी, सगरमाथा, पहरा, झरी, एटलान्टा जस्ता पात्र छन् । अधिकांश कवितामा भने केन्द्रीय वा परिधीय रूपमा 'म' पात्रको प्रमुख भूमिका रहेको छ । आ-आफ्नो वैशिष्ट्य बोकेका पात्रहरूको यसमा प्रयोग गरिएको छ । प्राकृतिक, घरेलु, ग्रामीण तथा सहरिया परिवेशको चित्रण गरिएका कावितहरूमा स्थानगत, समयगत तथा वातावरणगत परिवेशलाई जनाउने विभिन्न तथ्याङ्कहरूको प्रयोग गरिएको छ । जस्तैः बुङसाङ, तीनजुरे, म्याङ्लुङ, पेक्दु, काठमाडौँ, पहरा, सूर्य, जून, शून्यरात, उज्यालो, औँसी, नयाँवर्ष, न्यानो घाम, सूर्यास्त, ग्लानी, शान्ति, क्रान्ति, उन्मुक्त, जोस, जाँगर आदि । कविले आफ्नो नेरोघेरो र आफूले देखेको, सुनेको वा भोगेको परिवेशको चित्रण गरेका छन् । परिवेश योजनाको हिसाबले कृति निकै सशक्त छ । एउटा गन्तव्यको खोजीमा कविता सङ्ग्रहको प्रमुख उद्देश्य सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, समसामयिक, प्रशासनिक आदि विविध क्षेत्रमा देखिएका विकृति विसङ्गतिको चित्रण गर्दै नेपालको युगीन यथार्थको प्रकटीकरण गर्नु नै रहेको देखिन्छ । कवि जीवनप्रति अत्यन्त आशावादी छन् तर यसका निरीहता बाध्यता विवशता र अभावग्रस्तता र परिस्थितिले निर्माण गरेको जटिलताको पनि राम्रैसँग चित्रण गर्दछन् । विशेषत जनताको गरिबी, विपन्नतालाई मागी खाने भाँडो बनाएर समाजमा द्वन्द्व चर्काउनेहरूप्रति खेद प्रकट गर्दै दीगो शान्तिको कामना गरिएको छ । एउटा गन्तव्यको खोजीमा कविता सङ्ग्रहका अधिकांश कवितामा 'म' अर्थात प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने केही कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । कविले आफ्नो भावलाई जुन कोणमा बसेर व्यक्त गरे पनि ती जीवन्त छन् कविका आफ्ना निजी भोगाई अनुभवहरू नै कवितामा सार्वजनिक महत्त्वका भएर आएका छन् । आजको यथार्थको प्रकटीकरण गर्ने क्रममा कविले निकै सजगता अपनाएर भावलाई भाषाले प्राण भरेका छन् । मुक्तछन्दमा रचिएका कवितामा सरल, सहज र सुबोध्य भाषिक संयोजन पाइन्छ । यसमा उपमा, रूपक, अतिशयोक्ति सन्देह, दृष्टान्त जस्ता अर्थालङ्कार र अनुप्रास यमक जस्ता शब्दालङ्कारको प्रयोग गरिएको छ । प्राकृतिक लयको सिर्जना भएकाले पाठक तथा श्रोतालाई कविताहरूले मिठो झङ्कार पनि प्रदान गर्दछन् । तद्भव, तत्सम, आगन्तुक तथा मौलिक सबै प्रकारको भाषिक प्रयोग देखिए पनि जनजिब्रोमा चल्ती शब्दलाई कविले प्रस्तुत गरेका छन् । भावगत विशिष्ठताका लागि कविले शिल्पसञ्जा भन्दा कवितामा आफ्नो भाव र चिन्तन व्यक्त गर्न मै समय खर्चिएका छन् तर कतै-कतै भने कविले अनादरार्थी शब्दको प्रयोग गरेका शब्ददोष समेत देखिन्छ । यसमा विशेषगरी नेवारी समुदायमा प्रयुक्त भाषाले प्रभावित भएकाले भावगत सम्प्रेषणमा स्वभाविकता वा अनुप्रास संयोजनकै लागि पनि कतै-कतै यस्तो भेटिन्छ तर समग्रमा यस सङ्ग्रहमा भाषामा परिष्कृत र शैलीको सुन्दर प्रयोग भेट्न सकिन्छ ।

प्रगीतात्मक कविता कृतिको रचना गर्ने विश्वविमोहन श्रेष्ठ नेपाली कविताको समसामायिक धारामा कलम चलाउने कवि हुन् । यिनले सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, सांस्कृतिक, प्रशासनिक, आध्यात्मिक तथा जीवनबोधलाई आफ्नो कृति रचनाको विषय बनाउँछन् । मूलतः युगीन विकृति, विसङ्गति, राजनैतिक बेइमानी तथा जनताको दयनीय अवस्थाप्रति चिन्ता व्यक्त गर्ने श्रेष्ठ परिवर्तनका लागि आव्हान गर्दछन् । आफ्नै नेराघेराबाट विषय टिपेर कविता लेख्ने विश्वविमोहनका धेरै कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ । जसले कवितालाई कविको भोगाइ जस्तो बनाएको छ र रचनाको विश्वसनीयता थपेको छ । हालसम्म तीन वटा कृतिमात्र प्रकाशन गरेका श्रेष्ठको नेपाली साहित्यमा मात्रात्मक हिसाबले भन्दा गुणात्मक हिसाबले उल्लेख्य योगदान छ । यिनी अहिले पनि आफूले सिर्जना गर्ने मात्र नभएर सिर्जनात्मक विकासका लागि भाषा साहित्य प्रबर्द्धनका लागि विभिन्न संघ संस्थाको माध्यमबाट जुटिरहेका छन् । श्रेष्ठको कृतिगत योगदान मात्र नभएर संस्थागत योगदान पनि महत्वपूर्ण छ । यिनी साहित्य लेखनमा कुनै समय सक्रिय, कुनै समय निष्क्रिय रहेपनि कुनै न कुनै हिसाबबाट भने सिर्जनाको बाटो छोडेको देखिदैन । हाल पनि यिनी लेखन तथा साहित्यिक गोष्ठी, सेमिनार, सभा, सम्मेलनमा व्यस्त भइरहेका हुन्छन् ।

# परिशिष्ट
# विश्वविमोहन श्रेष्ठसँग लिइएको लिखित अन्तरवार्ता

**१. तपाईंको जन्म कहिले र कहाँ भएको थियो ?**

मेरो जन्म २०१३ साल वैशाख १६ गते शनिबार, (२८ अप्रिल १९५६) कोशी अञ्चल, तेरथुम जिल्ला म्याङ्गलुङ्ग गा.वि.स. वडा नं. १ म्याङ्लुङ बजारमा भएको हो ।

**२. पिताको नाम, थर, र गोत्र एवं प्रवर, जन्म थलो कहाँ हो ?**

पिताको नाम श्री चन्द्रमान श्रेष्ठ, काश्यप गोत्र, कोशी अञ्चल, तेरथुम जिल्ला, म्याङगलुङग गा.वि.स. वडा नं. १ म्याङलुङ बजार हो ।

**३. माताको नाम, पहिलो थर, गोत्र एवं प्रवर, जन्म थलो को बारेमा केही जानकारी दिनुहोस् न ?**

मेरी माताको नाम मंगलादेवी जोशी हो । उनी काश्यप गोत्र, कोशी अञ्चल, धनकुटा, हुलाक टोलकी हुन् । मेरो मावलका हजुर वुवाको नाम कृष्णराज जोशी र हजुरआमाको नाम देवदेवी जोशी हो

**४. तपाईं मातापिताको कतियौं सन्तान हुनुहुन्छ ?**

म माता पिताको चौथो सन्तान हुँ, पहिले दिदी, त्यस पछि २ दाई अनि म क्रमश जन्मेका हौं ।

**५. तपाईंका दाजुभाइ र दिदीबहिनीहरूको क्रमशः नाम पनि बताउनुहोस् न ?**

१. ज्ञानकुमारी श्रेष्ठ -दिदी (स्व.)
२. भगवानमान श्रेष्ठ जेठा दाइ (जीवित)
३. जगन्नाथमान श्रेष्ठ माइला दाइ (जीवित)

**६. पितामाताको पेसा र शिक्षा र शिक्षा के थियो ?**

पिता नेपाली अंग्रेजीमा साक्षर व्यापारी (कपडा तथा खुद्रा) हुनुहुन्थ्यो । माता निरक्षर (गृहिणी) हुनुहुन्थ्यो आमा तर्फ ५ भाई एक बहिनीमा ५ जना भाइहरू सबै उच्च शिक्षा प्राप्त गरेका र बाँकी परिवार तथा व्यवहार पनि सन्तोषजनक रहेको तर आमा चाहिं किन निरक्षर भएको होला, मलाई सधैं ठूलो कौतुहल लागिरहन्छ ।

**७. पितामाताको स्वभाव, व्यवहार र रुचि कस्ता थिए ?**

पिता भद्र, मिलनसार नयाँ वस्तु सङ्कलन गर्ने र हार्मोनियम, तबला बजाउने गर्नुहुन्थो । माता दयालु, मिलनसार, ख्यालठ्टा गरिरहने र गीत, सङ्गीतमा रुचि राख्ने खालका हुनुहुन्थ्यो ।

**८. तपाईंको जन्म, जन्मस्थल, पितामाता र परिवारसँग सम्बन्धित उल्लेखनीय घट्ना केही छन् कि ?**

मेरो जन्म हुनु भन्दा अघि २ भाई छोराहरू भएतापनि पुनः मेरा आमाबुवाले अर्को छोराको पनि इच्छाराखि काशी, बनारसको भगवान विश्वनाथको आरधना गर्नु भएको रहेछ । सोही अनुसार मेरो जन्म भएपछि उनै भगवानका नाममा मेरो नाम पनि विश्वनाथमान श्रेष्ठ राखिएको थियो । पछि कक्षा ४ मा पुगेपछि प्राइमरी स्कूलबाट हाईस्कुलमा सर्दा नाम लेखाउने समयमा हेडमास्टर श्री टीकाराज जोशीले, (जो नाताले मेरो मामा पनि पर्नुहुन्थ्यो) नयाँ नाम विश्वविमोहन श्रेष्ठ राखिदिनु भयो ।

**९.तपाईंको न्वारनको नाम, बोलाउने नाम वा उपनाम के हो ?**

न्वारनको नामः युगेन्द्रमान

बोलाउने नामः विश्वनाथमान श्रेष्ठ (पछि चार कक्षा पुगेपछि नाम परिवर्तन गरी विश्वविमोहन श्रेष्ठ राखेको)

उपनामः छैन

राशिः वृश्चिक

**१०. तपाईंको पितामहको आर्थिक स्थिति र परिवेश कस्तो थियो ?**

बुढाबाजे श्री कीर्तिमान श्रेष्ठ पाटन, इखालुखुबाट व्यापारको सिलसिलामा पूर्व धनकुटा हुदै तेरथुम पुगेको र त्यही बन्दव्यापार गरी बसेकोले राम्रो अवस्था रहेको थियो । विशेष गरी तेरथुम जिल्लाभरि अहिले पनि बाजे श्री लोकमान श्रेष्ठको नामबाट सबैले लोकमान खलक भनेर चिन्ने तथा आदर गर्ने गर्दछन् ।

**११. तपाईंको एक वर्षदेखि सात वर्षसम्मको बाल्यकाल कसरी बित्यो ? त्यसपछिको ८ देखि १५ वर्षको अवस्था कस्तो रह्यो ?**

७ वर्ष सम्मको बाल्यकाल जानेसम्म सुखसयलपूर्वक बितेको थियो । घरको आम्दानी र व्यवसाय पनि राम्ररी चलेको हुनुपर्छ । घरमा परिवारका सदस्यहरू बाहेक २ महिला र १ पुरुष व्यापार र घरको कामका लागि राखिएको थियो । बुवा कपडा र खुद्रा दुवै थरीको व्यापार गर्नुहुन्थ्यो । म ८ वर्षको उमेरमा पुग्दा २०२१ साल बैशाखमा बुवाको प्रेसर र सुगरको कारणले ५१ /५२ वर्षको उमेरमा देहवसान भयो । त्यस बेला बुवा पछिको जेठो दाई भर्खर एस.एल.सी. उत्तिर्ण गरि कलेज पढ्न जाने तयारीमा हुनुहन्थ्यो । माइला दाइ ५ र म ३ कक्षामा पढिरहेका थियौं । त्यसो हुदाँ बुवा पछि व्यापार हेर्ने, कारोबार अगाडि बढाउने मानिस नभएर पारिवारिक व्यवसाय बिस्तारै घट्दै, छुट्दै झण्डै झण्डै बन्द जस्तै हुदैं गयो । केवल खेतीपाती र आमाले हेर्नुहुने सानो व्यापारको भरमा घरको कारोबार चल्न थाल्यो । फलस्वरूप पहिले जस्तो घरको व्यवसाय राम्रो नभए पनि, त्यसै बीचमा ठूल्दाइले जागिर खान थाल्नु भयो, हामी दुई भाइ पढिरहेका थियौं । म पढाईका अतिरिक्त कविता आदि लेखनमा पनि रमाउने भएकाले भावनात्मकरूपमा पूर्ण हुँदै थिए, फलतः ८ वर्ष देखि १५ वर्षसम्मको उमेर सन्तोषजनक रूपमै बित्यो । १६ वर्ष अर्थात् २०२८ साल माघ महिनामा एस.एल.सी. दिएर २०२९ साल जेष्ठमा रिजल्ट आए पछि (दोस्रो श्रेणीमा उत्तिर्ण) कलेज पढ्न काठमाडौं आएकोले त्यसपछि यतै पढ्दै, यतै बस्दै २०३५ साल देखि काठमाडौंमै एक प्रकारले स्थायी बसोबास गर्दै आएको छु ।

**१२. उपर्युक्त अवस्थाका आराम, विराम, रोग भोक र शोकसम्बन्धी केही उल्लेखनीय घटना छन् ?**

त्यस्तो ठूलो रोग विरामको बारेमा खासै जानकारी छैन तर प्राय परीक्षाको समयमा म कान दुखेर विरामी हुन्थें भनेर ठूल्दाइ भनिरहनु हुन्छ । त्यस बाहेक मलाई पेट पनि दुखिरहन्थ्यो भन्नुहुन्छ । पछि २०४३ सालमा मेरो एपेन्डीक्स साइडको अपरेशन भयो, टिचिङ हस्पिटलमा डा. अन्जनीकुमार शर्माबाट भयो म  एक हप्ता बसेर घर फर्किए । २०३० साल मङ्सिरमा म धनकुटा डिग्री कलेजमा आइ.ए. दोस्रो  वर्षमा  पढिरहेको समयमा  मुमाको देहावसन भयो । धनकुटाबाट तेरथुम आशौचका लागि म तेस्रो दिन पुगें । पहिले बुबाको देहावसनमा व्रतबन्ध नभएकोले म कोरामात्र बसे । मुमाको देहावसनमा पनि म कान्छो छोरो भएकाले सबै काम ठूल्दाइबाट भयो । शोकको कुरा गर्दा मलाई यी दुई कुराले सधैं बिझिरहन्छ ।

**१३. तपाईंको आफन्तबाट पाएका माया, दया, दुःख र सुखका कुरा केही छन् कि ?**

घरको कान्छो छोरा भएकोले मातापिताबाट, दाजुभाइमा कान्छा भएकोले दाजुहरूबाट र मामाली तर्फ पनि एक मात्र चेलीबेटीतर्फको कान्छो भानिज भएकोले सबैबाट माया र स्नेह

पाएको तथा साहित्यमा लागेर पुरस्कृत हुदै गएको तथा पढाइ पनि राम्रो भएकोले थप माया, प्रेम पाएको अनुभूति भएको थियो । विशेष गरी आमाले विछट्टै माया गर्ने गरेको र ठूलो हुँदाँ सम्म पनि सबैले आमाको पुच्छर भन्ने गर्थे । सायद घरमा चेलीबेटी नभएर घरको काममा आमालाई पूर्णरूपमा सघाउनु पर्ने भएको र सघाउने गरेकोले पनि आमासँग बढी आत्मीयता बढेको अनुमान गरेको ।

**१४. तपाईंको बाल्यावस्थाका विलक्षणता, स्वभाव, कल्पना, चाहना, रुचि, उद्देश्य र सपनाहरू केही थिए कि, केही पूरा भए ?**

अवश्य थिए । विद्यार्थी जीवनमा साहित्यको अतिरिक्त नाटकहरूमा भाग लिने, लेख्ने, निर्देशन गर्ने वादविवाद प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगीता आदिमा नियमित भाग लिने, पुरस्कृत हुने जस्ता कारणहरूले गर्दा मेरा सपनाहरू अनगिन्ती थिए र छन् पनि । त्यसैगरी ममाथि पनि विशेष गरी परिवारको, शिक्षकहरूको, समाजको र अझ खुलेर भन्ने हो भने पुरै जिल्लाको आकाङ्क्षा र भरोसा थियो तर ती थोरै मात्र पूरा भए धेरै अझ बाँकी छन् । अहिले पनि तेरथुम जाँदा र काठमाडौं मै अग्रजहरू भेटहुँदा उहाँहरूबाट यस प्रकारको भावना पटक पटक प्रकट भइरहन्छ । आफूलाई यस विषयमा ग्लानी त छैन तर सकेको पनि कतिपय कारणले गर्न नसक्दा पछुतो चाहिँ लागिरहन्छ ।

**१५. बाल्यावस्थामा तपाईंलाई राम्रा लाग्ने कुरा, व्यक्ति र खेलहरू केही थिए ?**

बाल्यवस्थामा मलाई खेल्नु र घुम्नु भन्दा पनि बढी बौद्धिक कार्यहरू नै बढी मनपर्थ्यो । फुर्सदमा म पुस्तक पढ्न नै ज्यादा रुचाउथे त्यसैले स्कुल र कलेजको समयमा प्राय त्यस बेलाका सबै साहित्यिक कृतिहरू एकसरो भ्याए भन्दा पनि हुन्छ । यसै गरी व्यक्तिहरूमा पनि बौद्धिक र राजनीतिक व्यक्तित्वहरू मनपर्थ्यो । विशेष गरी प्रगतिशील विचारको प्रभाव ज्यादा रहेकोले त्यसै किसिमको व्यक्तित्व र कृतिहरू तर्फ बढी रुचि थियो । खेलकुद तर्फ भलिबल, फुटबल र ब्याटमिन्टन खेलिन्थ्यो तर खासै खेलकुदमा रुचि थिएन ।

**१६. तपाईंले संस्कृत, नेपाली र अंग्रेजी भाषाको शिक्षा कसको प्रभाव र प्रेरणामा कसरी कसरी प्राप्त गर्नुभयो ?**

म जन्मेको तेरथुम जिल्ला भौतिक विकासका हिसाबले दुर्गम भए पनि राजनीतिक चेतना र शैक्षिक विकासका हिसाबले निकै अगाडि थियो । त्यहाँ २००४ साल देखि स्कुलहरू खुलेका थिए भने २००८ साल देखि कलेजहरू खुलिसकेका थिए । त्यसो हुदाँ आधुनिक शिक्षा लिनु पर्छ भन्ने भावना घर घरै जसो थियो । मेरै परिवारमा पनि म भन्दा माथिका दाइहरू सबै उच्चशिक्षा पाएका थिए । त्यस माथि सदरमुकामको श्री सिंहबाहिनी मा.वि. मेरो बाजेले २००४ सालमा आफैंले स्थापना गरी संचालन गरेको र त्यस स्कुलको पहिलो हेडमास्टर मेरा आफ्नैं ठूलो कान्छा बा भएकोले सायद संस्कृत, नेपाली र अंग्रेजी पढ्न लाई अतिरिक्त प्रभाव र प्रेरणाको आवश्यकता थिएन कि ?

**१७. आफूले पढेका स्वदेशी वा विदेशी विद्यालय र महाविद्यालयहरू कुन कुन हुन् ?**

प्राथमिक: श्री सरस्वती प्रा.वि., तेरथुम
माध्यमिक: श्री सिंहबाहिनी मा.वि., तेरथुम
कलेज: श्री धनकुटा डिग्री कलेज, धनकुटा, आइ.ए.
श्री महेन्द्र बहुमुखी क्याम्पस, धरान, बि.ए. अर्थशास्त्र, नेपाली
त्रि.वि. एम.ए. नेपाली (प्राइभेट, अपुरो)

वि.सं. २०२९ (सन् १९७२) मा शिक्षा मन्त्रालयबाट कोलम्बो प्लान अन्तर्गत छात्रवृत्ति पाएर भारत उत्तर प्रदेशको फैजावाद स्थित इन्जिनियरीङ कलेजमा अध्ययन गरेको तर स्वास्थ्यको कारणले अध्ययन अपूरो गरी फर्कनु परेको थियो । त्यसपछि नेपाल फर्किएर २०३० सालमा

धनकुटा कलेजमा एकैपटक आइ.ए. दोस्रो वर्षमा प्रवेश गरी अध्ययन गर्न थालेको थिएँ । बीचमा २०३४ सालमा पत्रकारिता अध्ययनको लागि शिक्षा मन्त्रालयबाट कोलम्बो प्लान अन्तर्गत तत्कालीन सोभियत संघ (रुस) मा छात्रवृत्ति पाएको तर १ वर्ष सम्म पर्खदा पनि एम्बेसीबाट कन्फरमेसन नआएकोले जान नपाएर अध्ययन टुटेको तर पछि बुझ्दा मेरो सिटमा २ नं. मा नाम निक्लेको व्यक्ति अध्ययनार्थ गएको थाहा भएकोले पुनः शिक्षा मन्त्रालयमा सम्पर्क राख्दा अर्को सालको कोटामा पठाउने भनेकोमा पनि आलटाल आलटाल गर्दै नपठाइएको थियो । । मलाई अध्ययनको कुरा गर्दा गुरुहरू टीकाराम जोशी, जगदिश श्रेष्ठ, प्रा. हेमप्रसाद पोखेल, प्रा.डा. दयाराम सम्भव र प्रा. मणिकलाल श्रेष्ठको खुब सम्झना हुन्छ ।

**१८. आफूले पढेका पहिलो साहित्यिक कृति ? आफूलाई मनपर्ने विषय, विधा र कवि लेखकहरू बारे केही बताउनुहोस् ?**

**नेपालीः** देवकोटाको मुनामदन, भूपिको घुम्नेमेच माथि अन्धो मान्छे

**विदेशीः** पिता और पुत्र (कक्षा ६ मा कवितामा प्रथम हुदा पुरस्कारमा पाएको उक्त पुस्तक पहिलो पल्ट पढेको विदेशी साहित्य)

**मनपर्ने विधाः कविता**

**कवि /लेखकः** कवि शिरोमणि लेखनाथ देखि महाकवि देवकोटा, राष्टकवि माधव घिमिरे हुदै हरिभक्त, भूपि, पारिजात, तुलसी दिवसका साथ उषा शेरचन, श्रवण मुकारुङ, कृसु क्षेत्री हुदैं मेरा समकालीन र यता नयाँ छिमलका धेरै कविहरू मन पर्छन् ।

**गद्यतर्फः** कृष्णचन्द्र, तारानाथ, शंकर लामिछाने, धच गोतामे, विजय मल्ल, कमलमणिदेखि धराबासी, नयाँघरे लगायत यतिधेरै छन् कि औलामा गन्न सकिदैन ।

**१९. तपाईंको पितृमातृ वंशमा कुनै साहित्यिक र राजनीतिक व्यक्तित्वहरू थिए कि ?**

शैक्षिक एवं प्राज्ञिक क्षेत्रमा अग्रजहरू निकै अघिदेखि सामेल थिए तर विशद्ध साहित्यिक सृजनामा सम्भवत म पहिलो हुँ । तर अहिले आएर साहिला काका का छोराहरू श्री विशेश्वरमान श्रेष्ठ र श्री सिद्धिश्वरमान श्रेष्ठ तथा ठूलो कान्छा काका का छोराहरू श्री बसन्त श्रेष्ठ र श्री हेमन्त श्रेष्ठ पनि साहित्य सृजनामा संलग्न छन् । मातृवंश तर्फ साहिला मामा श्री लक्ष्मणराज जोशीको केही नाटक र कथाहरू प्रकाशित छन् । कान्छा मामा श्री हरिहरराज जोशी साहित्य, संस्कृति र पत्रकारितामा स्थापित नाम हो । उहाको २ दर्जन भन्दा बढी कृतिहरू प्रकाशित छन् । नेपाली /अंग्रेजी अनुवादमा उहाको विशेष दखल छ ।

**२०. तपाईंले सिर्जना गरेको पहिलो साहित्यिक कृति के हो ? प्रकाशित प्रथम कृति र त्यसको शीर्षक र विधा को वारे जानकारी दिनुहोस् न ?**

पहिलो रचनाः कविता, २०२४ साल भाद्र चार गते बालदिवस प्रथम पुरस्कृत ।

पहिलो प्रकाशितः कविता २०२७ तीनजुरे, त्रैमासिक साहित्यिक पत्रिका, तेरथुम ।

पहिलो कृतिः विश्वविमोहनका केही कविताहरू, कविता संग्रह, २०४४ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

**२१. तपाईंका प्रकाशित फुटकर तथा ग्रन्थाकार कृतिहरूको कालक्रम विवरण दिनुहोस् ?**

१. विश्वविमोहनका केही कविताहरूः २०४४ ने. रा. प्र. प्र.

२. अंगारका धमिला धर्साहरू २०६२, एपेक नेपाल

३ एउटा गन्तव्यको खोजीमा २०६२ साझा प्रकाशन ।

४. यस बाहेक २०४०/४१ साल तिर तत्कालीन रत्न रेकर्डिङ संस्थानले उत्पादन गरेको आदिकवि भानुभक्त, युवाकवि मोतीराम, कविशिरोमणि लेखनाथ आदिको कविताको

क्यासेटमा स्वराङ्कन गरेको तथा साहित्यिक पत्रकार सङ्घबाट उत्पादन गरेको नेपालकै पहिलो र दोस्रो कविता क्यासेटमा स्वराङ्कन गरेको छु ।

५. वि.सं.२०३६ यता झण्डै २०४४/४५ सम्म प्राय काठमाडौंमा हुने गरेका साहित्यिक एवं सास्कृतिक कार्यक्रमहरूमा उद्घोषण गर्ने गरेको थिए । त्यस समयमा सबैले उद्घोषणमा बेजोडमानेर नक्कल पनि गर्ने गर्थे ।

६. रेडियो नेपाल र नेपाल टेलिभिजनका लागि केही साहित्यिक कार्यक्रमहरू पनि उत्पादन गरेको छु ।

७. २०५७ सालदेखि हाल सम्म मेट्रो एफ.एम. मा प्राज्ञिक गतिविधि नामक कार्यक्रम सचालन गरी आएको छु ।

८. साहित्यिक र साँस्कृतिक कार्यक्रमको शिलशिलामा चीनको ल्हासा प्रदेशमा २० सदस्यीय टोलीको नेतृत्व गर्दै २०५१ सालमा र अमेरिकाको एट्लान्टामा अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलनमा नेपालको प्रतिनिधित्व २०५७ मा गरेको थिए ।

९. साहित्यिक कार्यक्रमकै शिलशिलामा नेपालको ५५ भन्दा बढी जिल्लाको भ्रमण गर्ने अवसर पाएको छु ।

**२२. लिखित तथा अप्रकाशित कृतिहरू छन् भने तिनको बारेमा केही जानकारी दिनुहोस्?**

१. लघु कथा
२. गीत
३. जीवनी
४. फुटकर लेख

हरूको अलग अलग सङ्ग्रह प्रकाशन सोचमा छु । तर कतिपय रचनाका पाण्डुलिपि नै हराएकोले समस्या पनि छ ।

**२३. तपाईंले आफ्ना जीवनको कति वर्षदेखि साहित्य सिर्जना गर्नुभएको हो ?**

एघार वर्षको उमेर देखि । २०२४ साल भाद्र महिनाको बालदिवसमा पहिलो पटक कविता लेखेर भाग लिएको र प्रथम पुरस्कार पाएको थिए त्यहाँ देखि अहिले सम्म लेखिरहेको छु ।

**२४. तपाईंको विवाह कति वर्षमा भयो, विवाहको समयमा कति पढ्नु भएको थियो र विवाह कुन ठाउँका कुन वंशका कुन थरी व्यक्तिको छोरीसँग भयो ?**

एक्काइस वर्षको उमेरमा, स्नातक अध्ययन गर्दै थिए त्यसै बेला सुनसरी जिल्ला, धरान नगरपालिका वडा नं. ४, लक्ष्मी सडक स्थित श्री गोविन्दकृष्ण पालिखे तथा श्रीमती सुशिलादेवी पालिखे का माहिली छोरी सुश्री ज्योतस्ना (ज्योति) पालिखेका साथ विहे भयो ।

२५. विवाहपश्चात यहाँको जीवनमा परेको सकारात्मक वा नकारात्मक प्रभाव ?

मूख्यतः विवाहपश्चात पारिवारिक दायित्व बढ्ने, फुर्सद कम हुने, काम र आम्दानी दुवै तर्फ व्यक्तिगत दायित्व बहन गर्नुपर्ने । दुई परिवारका बीच रहेको दुई संस्कृतिलाई मिलाएर दुवै परिवारको पुरानो साखलाई माथी उठाउनुपर्ने दायित्व हुदो रैछ । यसलाई सकारात्मक रूपमा लिदा विवाहपश्चात जीवन धेरै चुनौतीपूर्ण रहेको तर जीवन संगीनीबाट पाउने सहयोग, समर्थन र उत्सर्गले त्यो पनि सहज, रमाइलो हुदै गयो ।

**२६. आफ्ना पिता, माता वा पतिपत्नीको स्वभाव र त्यसले तपाईंमा पारेको प्रभाव केही छ कि ?**

पिताको कुरा भैहाल्यो । माताबाट सायद साहित्य र कलाको प्रभाव ममा पऱ्यो कि ? किनभने मावली पट्टि साहित्य र सङ्गीतको निकै रुचि थियो । पत्नीका तर्फबाट जीवनमा धैर्य गर्ने र आफ्नै आर्जनमा उभिनुपर्ने जस्ता कुराहरूले मलाई प्रभावित तुल्यायो ।

**२७. तपाईंको अहिलेको आर्थिक अवस्था ?**

सन्तोषजनक । म एपेक नेपाल नामक एउटा व्यवसायिक संस्था संचालन गरेर बसेको छु । श्रीमती र एउटा सहयोगीले गृहस्थीको काम सम्हाल्छन् । जेठो छोरो बेलायतबाट एम.बि.ए. सकेर अहिले बेलायतमै बैकमा कार्यरत छ । उसको २०६४ साल माघमा विवाह भयो । बुहारी उसंगै बेलायतमा ए.सी.सी.ए. अध्ययन गरिरहेकी छन् । उसले नेपालमा त्रि.वि. बाट एम.बि.एस. सकेर गएको हो । कान्छा छोरा पनि अहिले बेलायतमै रिडिङ यूनिभरसिटीमा आर.डी. मास्टर गर्दै छ । उसले त्रि.वि.बाट आर.डी. मै मास्टर सकेर गएको हो ।

**२८. तपाईंको कार्य र व्यवहारप्रति तपाईंकी श्रीमतीको कस्तो धारणा र दृष्टि रहेको छ वा रहन्थ्यो** ?

कतिपय व्यवसायिक कार्यलाई थाती राखेर साहित्यिक र सांस्कृतिक कार्यमा बढी समय दिदाँ श्रीमतीले गुनासो गर्नु स्वभाविकै हो । त्यस माथि अर्थ भार पनि व्यहोर्नु पर्दा असन्तुष्टि पोख्ने नै भयो । यो अरुले जस्तै मैले पनि व्यहोरेको छु । २०३७ साल देखि २०५७ सालसम्म साहित्यिक पत्रकार संङ्घ संग प्रत्यक्ष संलग्न रहेर भाषा, साहित्य, काला, संस्कृति र साहित्यिक पत्रकारिताको विकास मा अनेका अनेक कार्यहरू गरियो । २०४४ देखि २०५७ सम्म त्यस संस्थाको अध्यक्ष भएर राष्टिय जीवनमै प्रभाव पार्ने अनेक कामहरू गरियो । त्यस बेला आफ्नो काम जति रोकेर संघको लागि समय मात्र गएन, अनेक किसिमको हण्डर लान्छना र आर्थिक भार पनि व्यहोर्नु पऱ्यो । त्यस्तोमा पत्नीको दृष्टि सकारात्मक नहुने नै भयो ।

**२९. तपाईं कुन धर्ममा विश्वास गर्नुहुन्छ र आफ्नो प्रातःकालीन धार्मिक नियम कसरी कसरी सम्पादन गर्नुहुन्छ** ?

म हिन्दूधर्म मान्छु नित्य प्रातः तथा सन्ध्या सामान्य पूजापाठ तथा आरति र फुर्सदमा साइ भजन एवं प्रजापिता ब्रम्हकुमारीको ॐ शान्ति, मुरलीश्रवण तथा योगध्यान गर्छु ।

**३०. तपाईं धर्म र संस्कृतिलाई कस्तो रूपमा हेर्नुहुन्छ** ?

म जीवनमा धर्म र संस्कृति दुवैलाई प्राधान्यता दिन्छु । संस्कृतिले जीवनलाई जीवन्त तुल्याउँछ भने धर्मले त्यसलाई मार्गदर्शन गर्दछ । धर्म र संस्कृति बिना जीवन निरस, उदण्ड र गतिहीन हुन्छ भन्ने म ठान्दछु ।

**३१. यहाँले कति अध्ययन गरेपछि जागिरमा प्रारम्भ गर्नुभएको हो** ?

२०३४ सालमा पत्रकारिता पढ्नलाई रुसको छात्रवृत्तिमा छनौट भएपछि समयमा कन्फरमेशन नआएर एक साल त्यसै बस्नु परेको कुरा माथि कुनै प्रश्नको उत्तरमा आएको छ । त्यसरी किन खाली बसिराख्ने भनेर २०३५ साल श्रावण महिनातिर बालाजु औद्योगिक क्षेत्रमा रहेको नेबिको विस्कुट कम्पनीमा प्रवेश गरियो । त्यसैबाट २०५७ सालमा वरिष्ठ प्रशासन प्रबन्धक हुदै स्वच्छिक अवकास लिए र २०५५ देखि संचालन गरेको आफ्नै व्यवसायिक संस्था एपेक नेपालमा पूर्णरूपमा कार्यरत छु ।

**३२. तपाईं कुन कुन देवता, कुन कुन धर्मग्रन्थ र कुन कुन संस्कृतिलाई बढी रुचाउनु हुन्छ र किन** ?

म सबै धर्म, सबै संस्कृति र सबै देवीदेवता लाई मान्छु । यात्रामा वा बाटोमा कुनै मन्दिर, मस्तिज, गुम्बा वा चर्च जे आए पनि म श्रद्धाले नमन गर्छु । त्यसमध्ये म धर्ममा हिन्दू र ग्रन्थमा गीतालाई बढी रुचाउँछु किनभने ती दुवै मेरो आस्था र आदर्शको ज्यादै सन्निकट छ ।

# सन्दर्भसामग्री सूची


कार्की, तारा, 'स्रष्टालाई सम्मान गरे आफैँ सम्मानित होइन्छ' **दायित्व,** वर्ष ३, अङ्क १०, २०४४ पौष, पृ. १ ।

गौतम, धर्मराज, **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि. कीर्तिपुर, २०६३ ।

गौतम, लक्ष्मण, समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौं : पैरवी प्रकाशन, २०६६ ।

जैन, नरेन्द्र, **नेपाली कविता एक विश्लेषण,** काठमाडौं : भारतीय दुतावास, सन् १९८२ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार र परिचयकोष,** काठमाडौं : नेसनल रिसर्च एसोसियसन, २०५१ ।

लमजेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास,** नेपाल : रत्न माया दलित साहित्य संरक्षण समिति, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** विद्यावारिधि शोध प्रबन्ध, ने.के.वि. कीर्तिपुर, २०५८

................................, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

................................ 'विश्वविमोहन श्रेष्ठको कवित्व', **गरिमा**, वर्ष २४ अङ्क ८, २०६३ साउन, पृ. २४-२६ ।

शर्मा, तारानाथ (सम्पा.), समसामयिक साझा कविता, ललितपुर : साझा प्रकाशन, २०४० ।

श्रेष्ठ, विश्वविमोहन, **विश्वविमोहनका केही कविताहरू**, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४ ।

................................, **अङ्गारका धमिला धर्साहरू,** काठमाडौँ : एपेक नेपाल, २०६२ ।

................................, **एउटा गन्तव्यको खोजीमा**, ललितपुर : साझा प्रकाशन, २०६२ ।